# रामग्राम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल

# नगर विकास गुरुयोजना



## प्रतिवेदन २०७७

# दुई शब्द



बि सं २०७२ को नेपालको संविधानले संघीय, प्रादेशिक र स्थानीय गरी तीनतहको सरकारको व्यवस्था गरेको छ । केन्द्र वाहेक प्रदेश र स्थानीय सरकारको संरचना र संचालन प्रकृयामा खासै तयारी नगरीकन २०७४ सालदेखि सबै तहका सरकार संचालन गर्ने जमर्को गरियो जसले गर्दा स्थानीय सरकारहरूले आफ्ना संरचना मिलाउँदा, प्रकृया बुझ्दा र कर्मचारीको पदपूर्ति कुर्दा नै धेरै समय व्यतित गर्नुपरेको यथार्थ सबैलाई प्रष्टै छ । केन्द्रबाट स्थानीय सरकार संचालन ऐन २०७४ र केही ऐन कानूनका नमूनाहरू प्राप्त भयो । यसको साथसाथै नगरपालिकाले पनि स्थानीय स्तरमा आवश्यक नीति नियमहरू तर्जुमा गर्न सफल भयो । त्यसपछि मात्र नगरपालिकाले आफ्ना गतिविधिहरू अगाडि बढाउन सकेको यथार्थ पनि सबैका अगाडि छर्लङ्ग नै छ ।

यी सबै कानून र नीति निर्देशनहरूबाट स्थानीय स्तरको विकास निर्माणका सबै चरणहरूमा स्थानीय सरकार जिम्मेवार छ भन्नेकुरा बिस्तारै स्पष्ट हुँदै गएको अवस्था छ । फलस्वरुप स्थानीय स्तरको स्रोत साधनको पहिचान गर्दै जनचाहना अनुसारका योजना छनौट गर्ने, कार्यान्वयन गर्ने, अनुगमन तथा सुपरीवेक्षण गर्ने जिम्मेवारी स्थानीय सरकारको हुन आएको यथार्थ स्पष्ट हुन आएको छ । यसै व्यवस्था अनुरूप रामग्राम नगरपालिकाले नगरपालिकाको गुरु योजना तर्जुमा गरी सबै सचेत जनसमुदाय सामु पुऱ्याउने प्रयास गरेको छ ।

यस योजना निर्माणका लागि तथ्य तथ्यांक संकलन गर्ने काममा सहयोग पुऱ्याउने पूर्णिमा परियोजनालाई धन्यवाद दिन चाहन्छु साथै उक्त संस्थाले योजना तर्जुमाका सबै प्रक्रिया तथा चरणहरू पूरागरी यस नगरपालिकाको गुरु योजना तर्जुमा गर्नका लागि आवश्यक सबै जानकारीहरू संकलन गरी एउटा निश्चित ढाँचामा राखी गुरु योजनाको दस्तावेज तयार गर्ने काम सम्पन्न गरिएको छ । नगरपालिकाको समन्वयमा संस्थाका तर्फबाट परिचालित विषयगत विज्ञहरूले यो जोजना निर्माण गर्ने क्रममा विभिन्न कार्यक्रमहरू मार्फत चरणबद्ध छलफलहरूको आयोजना गरी यस नगरपालिका भित्रका सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, शैक्षिक, प्राकृतिक लगायत विभिन्न पक्षहरू र नगरपालिकाको प्राथमिकतालाई उजागर गरी यस योजनामा समावेश गर्ने प्रयास गरेको छ ।

प्रस्तुत योजना तयार गर्ने क्रममा सूचना तथा तथ्याङ्क उपलब्ध गराउने, आ-आफ्ना धारण राख्ने, योजनाका प्राथमिकता तोक्ने एवं योजना तर्जुमा प्रकृयामा सहभागी हुनुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, स्थानीयबासीहरू, सरोकारवाला व्यक्तिहरू र सम्बन्धित विषयगत शाखाका कर्मचारीहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, सम्पूर्ण विद्धत वर्ग र परामर्शदाता विज्ञहरूप्रति नगरपालिका परिवार हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछ ।

**नरेन्द्र कुमार गुप्ता**
नगर प्रमुख

# शब्द शुभेच्छा



नेपालको संविधानको भावना र व्यवस्था अनुसार निर्वाचित स्थानीय सरकारले "जनताको घरदैलोमा सरकार" को मुल मर्म अनुसारका सेवा प्रवाह तथा विकास निर्माणका क्रियाकलापहरूलाई अगाडी बढाउनु पर्ने हुन्छ । हामी निर्वाचित भएर आए पश्चात् जनताद्वारा निर्वाचित प्रतिनिधीहरूले जनताको विकास र समृद्धिको चाहनालाई मूर्तरूप दिनका लागि योजनाबद्ध विकासको खाका प्रस्तुत गरी चरणबद्ध विकास गर्दै जानुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै यस रामग्राम नगरपालिका गुरु योजना तयार गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

नेपालमा संघीयता कार्यान्वयन भएपश्चात्को पहिलो जननिर्वाचित सरकारले तयार पारेको यो गुरु योजनाले यस नगरपालिकाको विकासको वर्तमान अवस्थालाई समेत चित्रित गरी वृद्धि हुने जनसङ्ख्यालाई ध्यानमा राखी विकास र सेवा प्रवाहका कार्यक्रमहरूलाई आवश्यकता, सम्भाव्यता, महत्व, उपलब्ध साधन स्रोतको अवस्था आदिलाई मध्यनजर गरी योजनाहरूलाई प्राथमिकीकरण गरिएको छ । योजना विकास गर्ने चरणमा यो नगरपालिकाका सबल पक्ष, दुर्बल पक्ष, सम्भावना र चुनौतीहरूलाई मिहिन रूपमा विश्लेषण गरिएको छ । साथै नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा दिगो विकास लक्ष्यले तय गरेका विकास लक्ष्य प्राप्तीलाई प्राथमिकता दिई यो गुरु योजना तयार पारिएको छ । विकास योजना निर्माण गर्दा विकासका लक्ष्य, उद्देश्य, रणनीतिहरू, तार्किक ढाँचा, कार्यक्रम, अपेक्षित उपलब्धी, सूचक तथा प्रमाणिकरणका आधारहरू समेतलाई निर्क्योल गरिएको छ । मैले यस गुरु योजनाले हामीसँग उपलब्ध सीमित साधन श्रोतको अधिकतम सदुपयोग गरी नगरपालिकावासीको विकासको चाहनालाई मूर्त रूप दिई नगरपालिकावासीलाई आगामी ५ वर्षमा मध्यम आय भएका मुलुकका बासिन्दाको स्तरमा पुर्‍याउन अवश्य पनि सहयोग पुर्‍याउने आशा तथा विश्वास लिएको छु ।

योजनावद्ध विकासको आधारको रूपमा रहेको यस योजना तयार पार्ने क्रममा अमूल्य सहयोग गर्ने नगरपालिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका कर्मचारीहरू, शिक्षक, वुद्धिजिवी, स्थानीय राजनैतिक दलका नेता, पत्रकार, सामाजिक कार्यकर्ता उद्योगी, व्यवसायी, व्यापारी लगायत नगरपालिकावासी सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्त्यमा यस गुरु योजनाले तय गरेका विकास योजनाहरूको शीघ्र तथा प्रभावकारी कार्यान्वयन गरी नगरपालिकाको आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक लगायत सर्वाङ्गीण विकास गरी दीर्घकालीन समृद्धिको बाटोमा अगाडी बढ्न यो योजना कोशेढुङ्गा सावित होस भन्ने शुभेच्छा समेत प्रकट गर्दछु ।

**रम्भा कुँवर**

नगर उप-प्रमुख

# मेरो भन्नु



संघीय शासन व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले समृद्धी र सुशासनको जनआकांक्षा पुरा गर्ने प्रयासलाई दिशानिर्देश गर्न गुरु योजना तर्जुमाको आवश्यकता रहेको छ । साथै नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि गुरु विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ । नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई मनन् गरी संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःस्थापना पश्चात स्थानीय सरकारको रुपमा स्थापित यस रामग्राम नगरपालिकाले पहिलो प्रयास स्वरुप यस प्रथम गुरु विकास योजना तर्जुमा गरेको छ ।

वस्तुस्थिति विश्लेषण विवरणको आधारमा नगरपालिकाको विकासको वर्तमान अवस्था, संभावना, अवसर, समस्या तथा चुनौती विश्लेषण गरी नगरपालिकाको प्रथम गुरु विकास योजना तर्जुमा गरिएको छ । गुरु विकास योजना तयारीको क्रममा सो सँग सम्बन्धित अभिमुखीकरण, तथ्याङ्क संकलन, विश्लेषण र प्रस्तुती, दीर्घकालिन सोच निर्धारण एवं वस्तुस्थिति विश्लेषण कार्यशाला, गुरु योजना तर्जुमा विस्तृत कार्यशाला, मस्यौदा प्रस्तुती र सुझाव संकलन कार्यशाला चरणबद्ध रुपमा संचालन गरी सहभागितामूलक प्रक्रिया मार्फत यो गुरु विकास योजना तर्जुमा गरिएको छ । गाउँ सभा तथा कार्यपालिका पदाधिकारी, कार्यालयका कर्मचारी, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरू तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरी गुरु योजनालाई सहभागितामूलक, समावेशी र नतिजामूलक बनाउने प्रयास गरिएको छ । योजना तर्जुमा प्रक्रियामा जस्तै बार्षिक योजना र बजेट मार्फत कार्यान्वयनमा समेत सम्बन्धित सबैको सहयोग प्राप्त हुने र योजनामा प्रस्तावित श्रोत प्रक्षेपण अनुसार स्रोत परिचालन हुने अपेक्षा राखिएको छ ।

गुरु योजना तर्जुमा प्रक्रियामा नगरपालिकाको विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी नगरपालिकाको समष्टिगत विकास लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ । यस योजनाले नगरपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा नतिजा अनुगमन र प्रभाव लेखाजोखाको लागि आधार प्रदान गर्नुका साथै विकासको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ । यस योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र मध्यमकालिन खर्च संरचनाको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी निर्धारित प्रक्रिया अनुसार बार्षिक योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गरी योजना कार्यान्वयन सुनिश्चित गरिनेछ ।

अन्त्यमा, रामग्राम नगरपालिकाको यस प्रथम गुरु योजना तर्जुमा कार्यमा सहयोग गर्नु हुने गाउँ सभा तथा कार्यपालिकाका पदाधिकारी एवं कर्मचारी, विषयगत समिति, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरू, सम्बन्धित सरोकारवाला तथा सम्बद्ध कर्मचारी र परामर्शदाता संस्थाका विषयविज्ञलाई धन्यवाद व्यक्त गर्दछु ।

**राजेश पन्थी**

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


परिच्छेद १ - भूमिका १

१.१ पृष्ठभूमि १

१.२ बृहत् नगरपालिका गुरुयोजनाको उद्देश्य २

१.३ बृहत् गुरुयोजना निर्माणका आधारहरू २

१. विद्यमान ऐन तथा वैधानिक रूपमा प्राप्त आधारहरू २

२. विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू ३

३. संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू ४

४. दिगो विकासका लक्ष्यहरू ११

१.४ योजना तर्जुमाका सीमाहरू १३

१.५ योजना तर्जुमा विधि र प्रक्रिया १३

परिच्छेद २ - नगरपालिकाको समष्टिगत वस्तुस्थिति १५

२.१ जनसांख्यिक विश्लेषण १५

२.२ स्थानिक विश्लेषण (Spatial Analysis) १७

२.२.१ पहुँच (Accesibility) १७

२.२.२ भू-उपयोगका क्षेत्रहरु १८

२.२.३ माटोको बनावट (Soil Type) २०

२.२.४ जमिनको भिरालोपन (Slope) २०

२.२.५ जमिनको मोहडा (Aspect) २१

२.३ सेवा प्रवाह र सेवा क्षेत्रको वितरण २१

परिच्छेद ४ - विषयक्षेत्रगत योजना २३

४.१ पृष्ठभूमि २३

४.२ बृहत गुरुयोजनाका परिमाणात्मक लक्ष्य तथा सूचकहरु २३

परिच्छेद ५ - भौतिक विकास योजना ४६

५.१ पृष्ठभूमि ४६

५.२ भौतिक विकासका उपक्षेत्रगत योजनाहरू ४६

५.२.१ भू-उपयोग ४६

५.३.२ आवास ५४

५.३.३ सडक तथा यातायातको विद्यमान वस्तुगत अवस्था ६१

५.३.४ पिउने पानीको विद्यमान वस्तुगत अवस्था ७४

५.३.५ सिँचाईको विद्यमान वस्तुगत अवस्था ८०

५.३.६ विद्युत तथा ऊर्जाको विद्यमान वस्तुगत अवस्था ८८

५.३.७ सूचना तथा सञ्चारको विद्यमान वस्तुगत अवस्था ९४

परिच्छेद ६ - आर्थिक क्षेत्र विकास योजना १००

६.१ पृष्ठभूमि १००

६.२ आर्थिक विकासका उपक्षेत्रगत योजना १००

६.२.१ कृषि, जडिबुटी तथा पशुपंक्षी पालनको वस्तुगत अवस्था १००

६.२.२ पर्यटनको विद्यमान वस्तुगत अवस्था १२२

६.२.३ उद्योग तथा वाणिज्यको विद्यमान वस्तुगत अवस्था १३२

६.२.४ बैङ्क, वित्तीय संस्था तथा सहकारीको विद्यमान वस्तुगत अवस्था १४४

**परिच्छेद ७ - सामाजिक विकास योजना** १४९
**७.१ पृष्ठभूमि** १४९
**७.२ सामाजिक विकासका उपक्षेत्रगत योजना** १५०
७.२.१ शिक्षाको विद्यमान वस्तुगत अवस्था १५०
७.२.२ स्वास्थ्यको विद्यमान वस्तुगत अवस्था १६७
७.२.३ संस्कृतिको विद्यमान वस्तुगत अवस्था १८५
७.२.४ लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल-प्रवाहिकरणको विद्यमान वस्तुगत अवस्था १९४
७.२.५ युवाको विद्यमान वस्तुगत अवस्था २०८
७.२.६ शान्ति सुरक्षाको विद्यमान वस्तुगत अवस्था २२०
७.२.७ खेलकुद तथा मनोरञ्जनको विद्यमान वस्तुगत अवस्था २२६
७.२.८ शवदाह स्थल तथा चिहान व्यवस्थापनको विद्यमान वस्तुगत अवस्था २३३
**परिच्छेद ८ : वातावरण तथा विपद् व्यवस्थापन योजना** २३७
**८.१ पृष्ठभूमि** २३७
**८.२ वातावरण तथा विपद् व्यवस्थापनका उपक्षेत्रगत योजनाहरू** २३८
८.२.१ वन, जलाधार तथा भू-संरक्षणको विद्यमान वस्तुगत अवस्था २३८
८.२.२ जलाधार संरक्षणको विद्यमान वस्तुगत अवस्था २४८
८.२.३ वातावरण संरक्षणको विद्यमान वस्तुगत अवस्था २५३
८.२.४ जलवायु परिवर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापनको विद्यमान वस्तुगत अवस्था २५९
८.२.५ फोहरमैला व्यवस्थापनको विद्यमान वस्तुगत अवस्था २६९
**परिच्छेद ९: संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन योजना** २७८
**९.१ पृष्ठभूमि** २७८
**९.२ संस्थागत विकास सेवा प्रवाह तथा सुशासनका उपक्षेत्रगत योजनाहरू** २७८
९.२.१ संस्थागत विकास सेवा प्रवाह तथा सुशासनको विद्यमान वस्तुगत अवस्था २७८
९.२.२ राजश्व संकलन तथा परिचालनको विद्यमान वस्तुगत अवस्था २८७
**अनुसूचिहरू** २९३
**अनुसूचि १ : विश्वका केही विकास मोडलहरूको तुलनात्मक अध्ययन** २९३
(क) एसियन टाइगर्स (Asian Tigers) २९३
(ख) दक्षिण कोरिया २९४
(ग) सिङ्गापुर २९६
(घ) ताइवान र हङ्कङ २९८
(ङ) मलेसिया २९९
(च) स्विजरल्याण्ड ३००
(छ) चीनको विकास मोडेल ३०१
(ज) विकासको भारतिय मोडेल (केरला र गुजरात) ३०३
(झ) रुवान्डाली मोडेल ३०५
(ञ) इथियोपियाली मोडेल ३०६
**अनुसुचि २ : नमुना नगरपालिकाका प्रस्तावित मानकहरू** ३०८
**अनुसूची ३ : विकास योजना प्राथमिकिकरण** ३११
विकास योजना प्राथमिकीकरण गर्दा अवलम्बन गर्नु पर्ने आधारहरू ३११

**अनुसूची ४ – दिगो विकासका लक्ष्यहरू** **३१४**
दिगो विकास ३१४
दिगो विकास लक्ष्यका पाँच स्तम्भ ३१४
दिगो विकासका लक्ष्यहरू ३१५
**अनुसूची ५ : अनुगमन तथा मूल्याङ्कन** **३१६**
क) अनुगमन ३१६
**अनुसूची ६ : रामग्राम नगरपालिका वडास्तरका विषयक्षेत्रगत कार्यक्रमहरूको विवरण** **३१९**
(क) भौतिक पूर्वाधार विकास कार्यक्रमहरू ३१९
(ख) आर्थिक विकासका कार्यक्रमहरू ३३४
(ग) सामाजिक विकास योजना ३३८
(घ) वातावरण तथा विपद् व्यवस्थापन योजना ३४५
**अनुसूची ७ - बृहत् गुरूयोजना तयारी वडा भेलाका माइन्युटिङ्गहरू** **३४९**
**अनुसूची ८ - वडा भेलाका केही तस्वीरहरू** **३६५**

# परिच्छेद १ - भूमिका

## १.१ पृष्ठभूमि

नेपालको इतिहासमा लामो समयसम्म निरङ्कुश शासनको रूपमा रहेको राणा शासनको अन्त भएर वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएको बिन्दुदेखि वि. सं. २०७२ सालमा संविधान सभाद्वारा जारी गरिएको जनता निर्मित नेपालको संविधानको घोषणासम्म आइपुग्दा नेपालले प्रजातन्त्रको स्थापना पश्चात् समेत ६५ वर्ष लामो राजनैतिक तथा सामाजिक सङ्क्रमणबाट गुज्रन परेको यथार्थ हाम्रो सामु छ । समग्र विकासको दृष्टिकोणबाट हेर्दा बितेका करिब ६५ वर्ष राजनैतिक अधिकार प्राप्तिका संघर्षमा मात्र केन्द्रित भएका छन् । हामी भन्दा पछि स्वतन्त्र भई आर्थिक विकासतर्फ पाइला चालेका पूर्वी तथा मध्य एसियाका धेरै मुलुकहरू विकासमा हामीभन्दा कैयौँ गुणा अगाडि लम्किसकेका छन् । कुनै समयमा नेपालले आर्थिक, भौतिक तथा सैन्य सहयोग गर्ने हाम्रा छिमेकी राष्ट्रहरू भारत र चीनले समेत विकासको नयाँ उचाई हासिल गरेका छन् तर नेपाल भने अविकासको एउटा दुश्चक्रमा फँसेको जस्तो प्रतित हुन्छ । नेपालको यस्तो अवस्था रहनुका विभिन्न कारणहरू हुन सक्दछन् । ती कारणहरूमध्ये प्रमुख कारणहरू हाम्रा विकास प्रयासहरू अवैज्ञानिक, आत्मगत, एकाङ्गी, अव्यवहारिक हुनु र पर्याप्त खोज तथा अनुसन्धानबिनै विकास योजना अगाडि बढाउनु समेत हो ।

जनताको संविधान जारी भैसके पश्चात्को निर्वाचनबाट नयाँ सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरू गठन भएका कारण नयाँ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुरूपको राज्यको पुनर्संरचना समेत भैसकेको छ । तीन तहका सरकारले जनतालाई सेवा तथा सुविधा प्रदान गरिरहेको यस ऐतिहासिक कालखण्डमा सम्पूर्ण राष्ट्र नै समग्र विकास र आर्थिक समृद्धिको मूलमन्त्र लिएर अगाडि बढी रहँदा वर्षौंदेखि व्याप्त अविकास, गरीबी, रोगव्याध, पछौटेपन, अशिक्षा, असुविधा र अन्यायको दुश्चक्रमा पिल्सिएका आम स्थानीयवासीमा नयाँ परिवर्तन र राज्य व्यवस्थाले आशाको सञ्चार गराएको छ ।

मूलतः **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले **नेपालको संविधान**को **अनुसूची ८** मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीय स्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ । ऐनको **परिच्छेद -३ दफा ११** को **उपदफा २ (छ) (१) मा** स्थानीय स्तरका विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन साथै **बुँदा नं. २** मा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस नगरपालिकाको समग्र नगरपालिका विकास गुरुयोजना तयार पारिएको छ ।

कुनै पनि स्थानको समग्र विकासको ढोका खोल्ने महत्वपूर्ण भूमिका भौतिक तथा आर्थिक विकासले खेल्ने भएकोले विकास गुरुयोजना निर्माण गर्दा भौतिक विकास र आर्थिक विकासको आधार खाका तयार पार्नु एकदमै महत्वपूर्ण हुन्छ । यो गुरुयोजनाले नगरपालिकाको वस्तुगत भौतिक अवस्थाको यकिन तथ्याङ्क सहितको

आधार नक्सा तथा अन्य विषयगत तथ्यहरूको विवरण तयार पारी सोको आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना र रणनीतिहरू तयार पारेको छ । एकातर्फ अव्यवस्थित र योजना विहीन विकास क्रियाकलापले हामीलाई सही दिशा निर्देश गर्दैन भने अर्कोतर्फ समय र स्रोतको समेत उच्चतम सदुपयोग हुन सक्दैन । तसर्थ निर्दिष्ट समय सीमाभित्र रही निश्चित प्रकारका विकास योजनाहरूलाई निर्दिष्ट उपलब्धीहरू हासिल गर्ने हेतुले निर्माण गर्दा विकासका क्रियाकलापहरू व्यवहारिक, समय सान्दर्भिक र उच्च प्रतिफलमुखी हुन जान्छन् । तसर्थ यस नगरपालिकामा उपलब्ध साधन र स्रोतको उच्चतम सदुपयोग गरी निर्दिष्ट समय सीमाभित्र, निर्दिष्ट उद्देश्य हासिल गर्न यस प्रकारको विकास गुरुयोजनाको आवश्यकता परेको हो ।

## १.२ बृहत् नगरपालिका गुरुयोजनाको उद्देश्य

यस गुरुयोजनाको मूल उद्देश्य नगरपालिकाको बृहत् गुरुयोजना निर्माण गर्नु हुनेछ, जस अन्तर्गतः

- दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्य योजना तयार पार्ने
- सो कार्यका लागि नगरपालिकाको स्पष्ट आधार नक्सा तयार पार्ने
- भौतिक पूर्वाधार विकास योजना तयार पार्ने
- सामाजिक-सांस्कृतिक विकास योजना तयार पार्ने
- आर्थिक विकास योजना तयार पार्ने
- वातावरण तथा विपद् व्यवस्थापन योजना तयार पार्ने
- सेवा प्रवाह तथा संस्थागत विकास योजना तयार पार्ने
- व्यापक जनसहभागितामा क्षेत्रगत लक्ष्य, उद्देश्य, अपेक्षित परिणाम र कार्यक्रमहरूको निर्धारण गर्ने

## १.३ बृहत् गुरुयोजना निर्माणका आधारहरू

कुनै पनि विकास गुरूयोजना निर्माण गर्नका लागि आधारहरू आवश्यक पर्दछन् । मुख्यतया कुनै पनि स्थान विशेषको योजना निर्माण गर्दा वैधानिक र नीतिगत आधारहरू स्पष्ट हुनु आवश्यक भएकोले यो नगरपालिका नेपालको संघीय गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरू रहेकोमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत तहको स्थानीय निकाय हो । नेपालको संविधानले स्थानीय तहहरूलाई एक प्रकारको पूर्ण स्थानीय सरकारको रूपमा स्थापित गरेकोले स्थानीय स्तरका विकास योजनाहरू तर्जुमा गर्ने र ती योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने सम्पूर्ण अधिकार स्थानीय तहलाई नै प्राप्त भएको छ । मुलतः यसै वैधानिक आधारको पृष्ठभूमिमा रहेका थप निम्न आधारहरूमा रहेर यो बृहत गुरुयोजना तयार पारिएको छ ।

### १. विद्यमान ऐन तथा वैधानिक रूपमा प्राप्त आधारहरू

#### (क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

**नेपालको संविधान**को **अनुसूची ८** तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को **दफा ११** को **उपदफा २(छ)** बमोजिम नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भए पश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा,

कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार सङ्घीय तथा प्रादेशिक कानून तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकोले सो वैधानिक व्यवस्थाबमोजिम यो गुरुयोजना निर्माण गरिएको छ। साथै संविधानको मर्मअनुरूप सङ्घीय, प्रादेशिक तथा स्थानीय स्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधानअनुरूप गुरुयोजनालाई अन्तिम रूप दिइएको छ।

### (ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

**नेपालको संविधान**को **धारा ५९** बमोजिम विभिन्न तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व श्रोतको बाँडफाँट गर्न बनेको यस ऐनले आकर्षित गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू गरेकोले यी पक्षहरूलाई यो योजना निर्माण गर्दा आधार बनाइएको छ।

### (ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

**नेपालको संविधान**को **धारा ६०** को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय श्रोत र धारा २५१ अन्तर्गत देशभर छरिएर रहेका प्राकृति श्रोतहरूको परिचालनबाट प्राप्त राजश्व वा श्रोतको प्रयोग गर्दा अपनाउनु पर्ने प्रावधानहरू रहेको यस ऐनलाई यस गुरुयोजना निर्माणमा एक आधारको रूपमा लिएको छ।

## २. विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

सबैभन्दा महत्वपूर्ण राष्ट्रिय नीतिहरूमध्ये संविधानको धारा ५१ मा रहेका नीतिहरूलाई मूल आधार मानेर योजना निर्माण गर्नु उपयुक्त हुन्छ। यी मध्ये पनि स्थानीय तहहरूले निम्न नीतिहरूलाई प्रमुख आधार मान्नु उपयुक्त रहेकोले सोही आधारमा यो योजना निर्माण गरिएको छ।

| | |
|---|---|
| राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति | विकाससम्बन्धी नीति |
| सामाजिक र साँस्कृतिक रूपान्तरणसम्बन्धी नीति | सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति |
| अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति | नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति |
| कृषि र भूमि सुधारसम्बन्धी नीति | श्रम र रोजगारसम्बन्धी नीति |
| प्राकृतिक साधन श्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति | |
| राष्ट्रिय भू-उपयोग नीति, २०६८ | पर्यटन नीति, २०६५ |
| वन नीति, २०७१/तथा वातारण संरक्षण, | राष्ट्रिय युवा नीति,२०७२/ राष्ट्रिय खेलकुद नीति,२०६७ |
| राष्ट्रिय कृषि नीति,२०६१ | लैङ्गिक समानता तथा सामाजिक समोवेशीकरण नीति, २०६३ |
| औद्योगिक नीति, २०६७ | सिंचाई नीति, २०७० |
| जलाधार नीति | राष्ट्रिय शिक्षा नीति |
| जलवायु परिवर्तन नीति, २०६७ | जैविक विविधता संरक्षण नीति,२०६३ |
| राष्ट्रिय सहकारी नीति, २०६९ | स्वास्थ्य नीति, २०४८ |
| वाणिज्य नीति, २०६५ | स्थानीय पूर्वाधार विकास नीति, २०६१ |

| | |
|---|---|
| श्रम तथा राष्ट्रिय रोजगार नीति,२०७१ | सूचना प्रविधि नीति, २०६७ |
| आपूर्ति नीति, २०६९ | कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ |
| जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ | विकास सहायता परिचालन नीति |
| सार्वजनिक-निजी साझेदारी नीति, २०७२ | बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ |
| अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति,२०७३ | राष्ट्रिय रोजगार नीति, २०७१ |
| नवीकरणीय उर्जा अनुदान नीति, २०६९/राष्ट्रिय यातायात नीति, २०५८ | राष्ट्रिय जनसंख्या नीति, २०७१ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम नीति | राष्ट्रिय बीउ विजन नीति,२०५६ |
| कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१ | संस्कृति नीति, २०६८ |
| राष्ट्रिय शहरी नीति, २०६४ | जलविद्युत विकास नीति, २०५८ |

लगायत प्रादेशिक तथा स्थानीय सरकारका सान्दर्भिक नीतिहरूलाई योजना निर्माणको आधार बनाइएको छ ।

## ३. संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

कुनै पनि स्थानीय तहले योजनाको दीर्घकालीन, सोच, लक्ष्य र उद्देश्य तय गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग सामञ्जस्यता कायम गरी गर्नुपर्ने भएकोले यस योजनाले निम्न सोचहरूलाई आधार बनाएको छ ।

### (क) दीर्घकालीन सोच वि.सं. २१००

लामो राजनैतिक संक्रमण पश्चात राजनैतिक स्थायित्वको जगमा उभिएर तीव्र आर्थिक विकास र समृद्धिको लागि आयमा वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण तथा आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्दै वि.सं. २०७९सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दै वि सं. २०८७ सम्मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै उच्च मध्यम आयस्थर भएको मुलुकमा रूपान्तरण हुने गरी यस दीर्घकालीन सोच तयार पारिएको उल्लेख छ ।

यस सोचको मूल लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने हो । यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधनलगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनमार्फत् रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो । यसर्थ नारामा दीर्घकालीन सोचलाई “समृद्ध नेपाल सुखी नेपाली” तय गरिएको छ । यस सोचको अपेक्षित उपलब्धीमा “समुन्नत, स्वाधीन र समाजवाद उन्मख अर्थतन्त्रसहितका समान अवसार प्राप्त, स्वस्थ, शिक्षित मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक” मा नेपाललाई रूपान्तरण गर्ने रहेको छ ।

### दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीति

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने र
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

## रूपान्तरणका प्रमुख संवाहक

दीर्घकालीन सोचका रणनीति कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हासिल गर्न देहायबमोजिम सामाजिक-आर्थिक रूपान्तरणका संवाहक अवलम्बन गरिएको छ । यी संवाहकलाई दीर्घकालीन सोचको प्राथमिकताका क्षेत्रका रूपमा समेत लिई तदनुरूप साधन-स्रोतको व्यवस्था गरिनेछ । आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा राष्ट्रिय आवश्यकताअनुसार प्राथमिकताहरूमा समयानुकूल परिमार्जन गरिनेछन् ।

१. गुणस्तरीय एकीकृत यातायात, प्रणाली सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत् सञ्जालीकरण,

२. गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग,

३. जल विद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन,

४. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,

५. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,

६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र वस्ती विकास,

७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार,

८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र

९. शासकीय सुधार र सुशासन अभिवृद्धि ।

## सहयोगी क्षेत्र

दीर्घकालीन सोचका लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका सम्भाव्य क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छ ।

१. संविधान लोकतन्त्र र विकासप्रतिको राजनीतिक प्रतिबद्धता,

२. जनसांख्यिक लाभ र नागरिक सचेतना,

३. भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,

४. सामाजिक-सांस्कृतिक विविधता तथा मौलिक पहिचान,

५. सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय,

६. स्वच्छ र नवीकरणीय ऊर्जा,

७. मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्भाव र

८. संघीय शासन प्रणाली र वित्तीय संघीयता ।

## दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरू

दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्यहरू प्राप्तिको लागि उच्च आर्थिक वृद्धिदर आवश्यक हुन्छ । यस अवधिमा वार्षिक औषत १०.५ प्रतिशत आर्थिक वृद्धिदरको प्रारम्भिक लक्ष्य अनुमान गरिएको छ । यसमध्ये कृषि क्षेत्रमा औषत ५.५ प्रतिशत, उद्योग क्षेत्रमा औषत १३ प्रतिशत र सेवा क्षेत्रमा वार्षिक औषत १०.९ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ ।

दीर्घकालीन सोचको अवधिको आर्थिक वृद्धिदरको लक्ष्यअनुरूप यस सोच अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हालको २७ प्रतिशतबाट घटेर ९ प्रतिशत, उद्योग क्षेत्रका अंश हालको १५.२ प्रतिशतबाट वृद्धि भई ३० प्रतिशत र सेवा क्षेत्रको अंश हालको ५७.८ प्रतिशतबाट ६१ प्रतिशत पुग्ने अनुमान छ । यसबाट कृषि क्षेत्रमा रहेको ठूलो जनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुनेछ । आगामी २५ वर्षमा उद्योग र सेवाको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवम् गुणात्मक परिवर्तन हुने अनुमान छ ।

दीर्घकालीन सोचको आधार वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति आय १ हजार ४७ अमेरिकी डलर रहेको छ । वि.सं. २०७९ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने र वि.सं. २०८७ मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुनेछ । वि.सं. २१०० मा १२ हजार १ सय अमेरिकी डलर प्रतिव्यक्ति आयसहित नेपाल उच्च आयस्तर भएको मुलुकमा स्थापित हुनेछ ।

माथि उल्लेखित लक्ष्यहरू हासिल गर्न माथि उल्लेखित रूपान्तरणका संवाहक तथा सहयोगी क्षेत्रका अतिरिक्त देहायका तत्वलाई प्रमुख आधार लिइएको छ ।

१. संविधानका राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धि आवश्यक रहेको ।

२. राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धितर्फ उन्मुख अवस्था सिर्जना भएको ।

३. समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण निर्माण भएको ।

४. जनसांख्यिक लाभ र प्राकृतिक स्रोत-साधनको महत्तम उपयोग गरिने ।

५. ज्ञान, सीप, पूँजी र प्रविधि तथा पूर्वाधार र ऊर्जा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

६. वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता रहेको ।

७. विकास कार्यक्रमको कार्यान्वयनमा तीव्रता प्रदान गर्न आयोजना बैंक, आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ बनाइने ।

८. अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक र उत्पादनशील बनाइने ।

९. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अपनाइने ।

१०. ज्ञानमा आधारित अर्थतन्त्र विकास गरी समृद्धि हासिल गर्ने ।

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औषत) | प्रतिशत | ६.८ | १०.५ |
| २. | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान | प्रतिशत | २७.० | ९ |
| ३. | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | ३० |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६१ |
| ५. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १०४७ | १२१०० |
| ६. | गरिबीको रेखामुनि रहेको जनसंख्या ( निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ० |
| ७. | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ३ |
| ८. | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Plamaratio) | अनुपात | १.३ | १.१ |
| ९. | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.२५ |
| १०. | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ |
| ११. | बेरोजगारी दर | प्रतिशत | ११.४ | ३ |
| १२. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ७० |
| १३. | जलविद्युत तथा नवीकरणीय ऊर्जा उत्पादन (जडित क्षमता) | मेगावाट | १,०७४ | ४०,००० |
| १४. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | १०० |
| १५. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | १९७ | ३,५०० |
| १६. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९९ |
| १७. | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मि. | ६,९७९ | ३३,००० |
| १८. | द्रुत मार्ग (भूमिगत मार्गसमेत) | कि.मि. | ० | २,००० |
| १९. | रेलमार्ग | कि.मि. | ४२ | २,२०० |
| २०. | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | ५५.४ | १०० |
| २१. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ८० |
| २२. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | २० |
| २३. | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३९ | ८ |
| २४. | ४ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | २७ | २ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| २५. | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९८ |
| २६. | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ९५ |
| २७. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | ४० |
| २८. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २० | ९५ |
| २९. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | १०० |
| ३० | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९२५ | १ |
| ३१. | मानव विकास सूचकांक | सूचकांक | ०.५७४ | ०.७६० |

स्रोतः १. राष्ट्रिय लेखा, आ.व. २०७५/७६; २. बहुआयामिक गरिबीको प्रतिवेदन २०१८; ३. नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६; ४. राष्ट्रिय जनगणना, २०६८; ५. मानव विकास प्रतिवेदन २०१८

नोटः (i) दीर्घकालीन सोचको मार्गचित्र र रणनीति, २५ वर्षमा नेपाल उच्च आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य र अन्य देशहरूको विकासको अनुभवका आधारमा प्रारम्भिक अनुमान गरिएको छ।

(ii) शून्य प्रतिशत गरिबीले १ प्रतिशत भन्दा कम गरिबी रहेको अवस्थामा बुझाउँछ।

(iii) आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा माथि उल्लेखित लक्ष्यहरू समयानुकूल पुनरावलोकन गरिनेछन्।

## (ख) पन्ध्रौं आवधिक योजना (२०७६/७७- २०८०/८१)

"समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा पन्ध्रौं योजनालाई लिइएको छ। तसर्थ यो योजनाको राष्ट्रिय लक्ष्य समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्थर भएको मुलुकमा स्तरोन्नति गर्ने आधार निर्माण गर्ने हो।

## (ग) प्रदेश नं. ५ को आवधिक योजना (२०७६/७७- २०८०/८१)

### प्रादेशिक दीर्घकालीन सोच

"समृद्ध प्रदेश: खुशी जनता"

उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता।

### प्रादेशिक लक्ष्य

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु।

## प्रादेशिक योजनाको उद्देश्य

सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन गरिबी निवारण गर्नु ।

## परिमाणात्मक लक्ष्य

यस योजनामा ५ वर्षभित्र देहायबमोजिम उपलब्धि हासिल गर्नेगरी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ जुन तलको तालिकामा देखाएको छ ।

**प्रदेश नं. ५ को आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू (आ.व. २०८०/८१ सम्म)**

| राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | आ.व. २०७५/७६ | आ.व. २०८०/८१ |
|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत) | ७.४ | ९.५ (५ वर्षको औसत) |
| उपभोक्ता मूल्य वृद्धिदर (प्रतिशत) | - | ६.० (५ वर्षको औसत) |
| निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत) | १८.२ | १०.० |
| बहुआयामिक गरिबीको दर (प्रतिशत) | २९.९ | १५ |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | ८०३ | १६०० |
| बेरोजगारीको दर (प्रतिशत) | ११.२ | ६.० |
| जन्मदाको अपेक्षित आयु (वर्ष) | ६९.३ | ७२.० |
| साक्षरता दर १५ वर्षमाथि (प्रतिशत) | ५८ | ८५ |
| बाल मृत्युदर (प्रति हजारमा) | ४५ | २५ |
| माध्यमिक तह (९-१२) मा कुल भर्ना दर (प्रतिशत) | ७४.७ | ९३ |
| खानेपानी सुविधा पुगेका घरपरिवार (प्रतिशत) | ८९.८३ | १०० |
| विद्युत सेवा पुगेका जनसंख्या (प्रतिशत) | ८१.०३ | १०० |
| सिंचित क्षेत्र (प्रतिशत) | ५१ | ७० |
| सडकको लम्बाइ (कि.मि.)* | ११२३३ | १२५०० |
| पक्की सडकको अंश प्रतिशत | १७ (१,९३८ कि.मि.) | २८ (३५००० कि.मि.) |
| इन्टरनेटको पहुँच भएका घरपरिवार (प्रतिशत) | ४९.४ | ८५ |

* यस तथ्याङ्कमा स-साना शहरी तथा स्थानीय तहभित्रका सडकको तथ्याङ्क समावेश छैन ।

## अन्य केही लक्ष्यहरू

१. प्रदेश भित्रै प्रादेशिक विश्वविद्यालय स्थापना हुनुका साथै प्राविधिक उच्च शिक्षाको सहज उपलब्धता भएको हुने ।

२. सबै नागरिकको स्वास्थ्य सेवा तथा बीमामा पहुँच भएको हुने । प्रदेशभित्र सबै किसिमको विशेषज्ञ सेवासहित स्तरीय सेवा उपलब्ध भएको हुने ।

३. नगर क्षेत्रहरूमा फोहोर संकलन तथा प्रशोधन केन्द्र स्थापना भएको हुने ।

४. सबै नागरिकलाई आधारभूत आवासको उपलब्धता भएको हुने ।

५. प्रदेशका रणनीतिक सडक र गाउँ तथा नागरपालिकाका केन्द्रमा पुग्ने सडक कालोपत्रे भएको हुने ।

६. सबै गाउँ तथा नगरपालिकामा खेल मैदान र बहुउद्देश्यीय भवन स्थापना भएको हुने ।

७. मुख्य शहरहरूमा आधुनिक यातायात प्रणाली (विद्युतीय बस सञ्चालन तथा रेल्वे निर्माण) शुरु भएको हुने ।

८. खाद्यान्न, माछामासु, दूध, फलफूल र तरकारी उत्पादनमा आत्मनिर्भर भई पूर्ण खाद्य सुरक्षा कायम गरी निर्यात गर्नसक्ने स्थिति बन्ने ।

९. बुटवल-भैरहवा-लुम्बिनी, घोराही-तुलसीपुर र कोहलपुर-नेपालगञ्ज गरी तीन शहरी कोरिडरमा व्यवस्थित शहरीकरण विकास भएको हुने ।

१०. कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान करिब २० प्रतिशत पुगेको हुनेछ ।

११. मुख्य पर्यटन केन्द्रको रूपमा विकास भई वार्षिक न्यूनतम १५ लाख बाह्य पर्यटक आगमन भएको हुने ।

## योजनाको रणनीति

योजनाको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्यहरू हासिल गर्न देहायका रणनीति अवलम्बन गरिनेछ ।

### १. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने ।

कृषि, उद्योग र पर्यटनलाई आर्थिक समृद्धि र रोजगारीको आधारको रूपमा लिई आधुनिकीकरण र व्यावसायीकरण गर्दै सरल नियमन प्रक्रिया, सहयोगी भौतिक पूर्वाधारको उपलब्धता र कार्यकुशलता अभिवृद्धि गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिदर कायम गरिने छ । (दिगो विकासका लक्ष्य १, २, ८, ९, १०, १२)

### २. आवश्यक भौतिक पूर्वधार निर्माण तथा विस्तार गर्ने ।

व्यवस्थित शहरीकरण, यातायात पूर्वाधार, सिंचाई, खानेपानी, उर्जा र आवासजस्ता आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गरिनेछ । भौतिक पूर्वाधारको विस्तारलाई उत्पादनसँग आवद्ध गरिनेछ । (दिगो विकासका लक्ष्य ६, ७, ९, ११)

### ३. गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने ।

शिक्षा र स्वास्थ्यको पहुँच विस्तार र गुणस्तर सुधारका साथै प्राविधिक शिक्षामा सहज पहुँच बढाई जीवनोपयोगी, उद्यमशील र व्यावसायिक सिप विकास गरी मानव पूँजी निर्माण गरिनेछ । (दिगो विकासका लक्ष्य ३, ४)

### ४. सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने ।

सामाजिक समावेशितामा जोड दिँदै भाषा कला धर्म र संस्कृतिको संरक्षण, अन्धविश्वास, कुरीति र हिंसाको अन्त्य गर्नुका साथै लैङ्गिक समता तथा महिला सशक्तीकरणमा जोड दिइनेछ । (दिगो विकासका लक्ष्य १३, १५)

### ५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास गर्ने ।

वातावरण संक्षण गर्दै उपलब्ध प्राकृतिक साधनहरूको समुचित उपयोगका साथै आर्थिक सामाजिक क्षेत्रका गतिविधिहरूलाई जलवायु परिवर्तन अनुकूलित र सम्भावित विपद्प्रति सचेत रही सञ्चालन गरिनेछ । (दिगो विकासका लक्ष्य १६, १७)

### ६. विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने ।

विधिको शासन, सदाचार, पारदर्शिता तथा जबाफदेहिताको मान्यतालाई सरकारी कामकाज र सेवा प्रवाहमा संस्थागत गरी जनअपेक्षा-अनुकूल सुशासन प्रणाली प्रत्याभूत गरिनेछ । (दिगो विकासका लक्ष्य १६, १७)

### केही मूल नीतिहरू

१. भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन क्षेत्रलाई समेट्ने गरी बढीमा दशवटा प्रादेशिक गौरवका आयोजना छनौट गरी कार्यान्वयन गर्ने । निर्माणाधीन र विभिन्न कारणबाट अधकल्चो अवस्थामा रहेका पूर्वाधारका आयोजनाहरूलाई शीघ्रातिशीघ्र सम्पन्न गर्न प्राथमिकता दिने ।

२. सन्तुलित विकास गर्ने ध्येयअनुरूप प्राथमिकताका आधारमा आयोजनाहरू छनोट गर्ने ।

३. भू-उपयोग नीति तथा प्रचलित ऐन बमोजिम भूमिको वर्गीकरण गरेर कृषि, उद्योग र आवास क्षेत्र छुट्याई भूमिको उपयुक्त उपयोग गर्ने ।

४. युवाहरूलाई प्राविधिक शिक्षा र व्यावसायिक सिप वृद्धिका विभिन्न कार्यक्रममार्फत् क्षमता विकास गरी स्वरोजगारी र रोजगारीका अवसर सिर्जना र आय आर्जन वृद्धि गर्ने र स्वदेशमा नै रोजगारी उपलब्ध गराई बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जानुपर्ने स्थिति अन्त्य गर्ने ।

५. प्रदेशको समग्र आर्थिक समुन्नतिका लागि नयाँ नयाँ सम्भावना, स्रोत र समस्याहरूको पहिचान गरी तिनको सदुपयोग गर्न वा समाधान खोज्न नव-प्रवर्तन, अध्ययन र अनुसन्धानमा लगानी गर्ने ।

६. उपलब्ध साधन श्रोतको अधिकतम प्रयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गरी नागरिकको स्वास्थ्य रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने ।

७. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय महिला तथा बालबालिकालाई आवश्यक सहयोग उपलब्ध गराई सम्मानजनक जीवनयापन गर्न सक्ने स्थिति सिर्जना गर्ने ।

८. सामाजिक मूल्य मान्यता, धर्म, संस्कृति, कला, भाषा र साहित्यको संरक्षण, सुधार सम्बर्द्धन गर्दै सामाजिक सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्ने ।

९. प्रदेशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थित ढंगले उत्खनन् तथा सदुपयोग गर्ने र जलस्रोतको बहुआयामिक प्रयोगलाई जोड दिई एकीकृत व्यवस्थापन गर्ने ।

१०. निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक संस्थाहरू, गैरआवासीय नेपाली र वैदेशिक लगानी आकर्षित गर्न अनुकूल वातावरण तयार गर्ने ।

११. भौतिक पूर्वाधारको विकासलाई समग्र आर्थिक सामाजिक विकाससँग तादाम्यता मिलाउँदै जनप्रतिनिधिहरूको संलग्नतासहित जनसहभागितामूलक विकास प्रक्रिया अवलम्बन गर्ने ।

१२. यस आवधिक योजनामा राखिएको आर्थिक वृद्धि तथा समृद्धिका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी संघ तथा स्थानीय तहबाट यस प्रदेशमा साधन विनियोजन एवम् लगानी केन्द्रित गर्ने र कार्यान्वयन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने ।

## ४. दिगो विकासका लक्ष्यहरू

सन् २०१५ मा संयुक्त राष्ट्र संघमा आवद्ध सम्पूर्ण राष्ट्रहरूद्वारा अनुमोदन गरी समग्र विश्व र मानवजातिको दीर्घकालीन सुरक्षा, सुख र समृद्धिका लागि तय गरिएका साझा वैश्विक लक्ष्यरूलाई दिगो विकास लक्ष्य

भनिन्छ । संसारभरका सबै मुलुकले सन् २०३० सम्म यी लक्ष्यहरू हासिल गर्नु पर्नेछ । नेपालले समेत अनुमोदन गरेका यी लक्ष्यहरू नेपालका योजना तथा विकासका उद्देश्यहरू हासिल गर्न अति सान्दर्भिक छन् । तसर्थ तल उल्लेखित यी लक्ष्यहरूलाई यो योजना तर्जुमाको आधार बनाइएको छ। कुल सत्रवटा लक्ष्यहरूमध्ये भू-परिवेष्ठित मुलुक भएकोले लक्ष्य १४ नेपालसँग प्रत्यक्ष सम्बन्धित छैन। यी लक्ष्यहरूका १६९ परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू थपेर कुल ४७९ सूचकहरू निर्धारण गरेकोले यस नगरपालिकासँग सम्बन्धित लक्ष्य र सूचकहरूलाई समेत यो योजनाले समेट्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ।

### दिगो विकासका लक्ष्यहरू

१. सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।
२. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।
३. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने ।
४. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने ।
५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।
६. सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।
७. सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।
८. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।
९. उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।
१०. मुलुकभित्र तथा मुलुकहरूबीच असमानता घटाउने ।
११. शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने ।
१२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।
१३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने ।
१४. दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने ।
१५. स्थानीय पर्यावरणीयको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।
१६. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने ।
१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

## ५. राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू

यस नगरपालिकाको योजना निर्माणका दौरान नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक-पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ।

### ६. अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखिएको उदाहरणका लागि मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकारसम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) आदि ।

### ७. स्थानीय तहमा सहभागी राजनैतिक दलहरूको घोषणापत्रहरू

यो गुरुयोजना निर्माणको दौरान यस नगरपालिकामा रहेका राजनैतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा नगरपालिकावासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

### ८. नगरपालिकाको विद्यमान वस्तुगत अवस्था

नगरपालिकाको वस्तुगत अवस्था स्थानीय आवश्यकता, समस्या र संभावनाहरू यस अन्तर्गत वडा भेला, स्थलगत अध्ययन तथा नगरपालका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालारूबाट प्राप्त सुझावका आधारमा नगरपालिकाको प्रमुख समस्या चुनैती, सम्भावना र आवश्यकता पहिचान गरी सो को SWOT विश्लेषण गरे पश्चात आवश्यक योजनाहरू निर्माण गरिएको हो ।

## १.४ योजना तर्जुमाका सीमाहरू

संघीय शासन प्रणालीअन्तर्गत स्थापना भएको स्थानीय सरकारको रूपमा रहेको यो नगरपालिका देशका अन्य स्थानीय तहहरू जस्तै नयाँ अभ्यास र संघीय शासन प्रणाली कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेकोले योजना निर्माणका लागि आवश्यक पूर्ण आधारभूत सूचनाको कमी रहेको छ । कतिपय सूचनाहरू संकलन र प्रशोधन गर्न पर्याप्त बजेट, प्राविधिक तयारी र दक्ष जनशक्तिको आवश्यकता पर्ने र सोको तत्काल व्यवस्था गर्न सहज नभएको परिस्थितमा उपलब्ध सूचना, समय र बजेटका केही सीमाहरू भित्र रहेर यो योजना तयार पारिएको हो । तसर्थः

- दिगो विकासलगायत नगरपालिकाले तय गरेका अन्य विकासका क्षेत्रहरूसँग सम्बन्धित परिमाणात्मक लक्ष्यहरूको आधार वर्षका तथ्याङ्कहरूको उपलब्धता तत्काल हुन नसकेको र सोको व्यवस्था भविष्यमा गर्न सके ती लक्ष्य पुनः निर्धारण गर्न सक्ने ।
- नगरपालिकाद्वारा गर्नु पर्ने अत्यन्त आधारभूत सेवा प्रवाह जस्तै, पिउने पानी खाद्यान्न, शिक्षा, स्वास्थ्य, रोजगार, सडक, सामाजिक सुरक्षा आदिका लागि तय गरिएका कार्यक्रमहरूमा तत्काल बजेटको अभाव हुनेहुँदा वित्तीय सन्तुलनका हिसाबले कतिपय कार्यक्रमका लागि तत्काल बजेट अभाव भए तापनि भविष्यमा बजेटको श्रोत पहिचान र व्यवस्था गर्ने हेतुले आयोजना बैंकमा अभिलेख रहने गरी भएपनि त्यस्ता कार्यक्रमहरूलाई अनिवार्यताका आधारमा प्रस्ताव गरिएको ।

## १.५ योजना तर्जुमा विधि र प्रक्रिया

यो योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित “स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५” र शहरी विकास विभागद्वारा प्रकाशित Planning Norms and Standards 2015 लाई आधार मानिएको छ । दुवैका मार्गदर्शनका अलावा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा योजना निर्माण गर्दा

अवलम्बन गरिएका असल अभ्यासहरूसमेत अनुशरण गरिएको छ । तसर्थ क्रमशः निम्न चरण पुरा गरी यो योजना तयार गरिएको छ ।

## १. योजना तुर्जमा तयारी प्रारम्भिक छलफल

नगर कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, विषयगत शाखाका प्रमुखहरू, स्थानीय राजनीतिक दलका अगुवाहरू, बुद्धिजीवी तथा सरोकारवालाहरूको सहभागितामा विज्ञहरूको समेत उपस्थितिमा समग्र गुरुयोजना तयारीका प्राविधिक पक्षहरूको बारेमा बृहत् छलफल र जिम्मेवारी बाँडफाँट गर्ने कार्य सम्पन्न गरियो ।

## २. स्थानीयस्तरमा नगरपालिकाको समग्र वस्तुस्थिति अध्ययन तथा द्वितीय स्रोतका सूचना संकलन

यसअन्तर्गत विज्ञ समूह तथा अध्ययनकर्ताको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति, मुख्य संभावना, अवसर र चुनौती पहिचान गर्ने हेतुले वडाध्यक्षको संयोजकत्वमा वडाका सम्पूर्ण सरोकारवाला सम्मिलित वडाभेला, छलफल र अन्तरक्रियामार्फत प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना संकलन गरियो ।

## ३. नगरपालिकाको आधार नक्सासम्बन्धी सूचना संकलन

विषय विज्ञद्वारा प्रत्येक वडाबाट भू-सूचना प्रणालीको प्रयोग गरी आधार नक्सा तयार गर्न आवश्यक भौतिक, आर्थिक, सामाजिक, वातावरणलगायत सम्पूर्ण भू-संकेत र सचना संकलन गरियो ।

## ४. वडाभेलामार्फत् प्राप्त सूचनाहरूको विश्लेषण

वडा भेला र अन्तरक्रिाबाट प्राप्त सूचनाहरूको तालिकीकरण, प्रशोधन पश्चात् समग्र वस्तुस्थितिको SWOT विलेषण गरी नगरपालिकाका सबल पक्ष, दुर्बल पक्ष, सम्भावना र अवसरहरू पहिचान गर्ने कार्य सम्पन्न गरियो ।

## ५. सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको मस्यौदा तयारी

समग्र वस्तुस्थिति विश्लेषण पश्चात् राष्ट्रिय र प्रादेशिक लक्ष्य, योजना र उद्देश्यसँग तादातम्यता हुनेगरी स्थानीय आवश्यकता सम्बोधन हुने गरी नगरपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरू सहितको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो ।

## ६. मस्यौदा योजना उपर सरोकारवालासँग अन्तरक्रिया छलफल

सम्पूर्ण सरोकारवाला तथा नगर कार्यपालिकाको सम्पूर्ण पदाधिकारीहरूको उपस्थितिमा योजना मस्यौदा उपर छलफल तथा अन्तरक्रिया गरेपश्चात् थप सल्लाह र सुझावसहित परिमार्जनका लागि मस्यौदा पेश गरि वितरण गरियो ।

## ७. एकीकृत दस्तावेज तयारी संशोधन, परिमार्जन पश्चात अन्तिम योजना तयारी तथा स्वीकृति र प्रकाशन

मस्यौदा उपर छलफल तथा सुझाव संकलनपश्चात् योजनालाई विषयक्षेत्रगत हिसाबले एकीृत गरी अन्तिम रूप दिएर नगरसभामार्फत् प्रक्रिया पुऱ्याई अनुमोदन गरी सर्वसाधारणका लागि प्रकाशन गर्ने निर्णय नगर कार्यपालिकाले गऱ्यो ।

# परिच्छेद २ - नगरपालिकाको समष्टिगत वस्तुस्थिति

## २.१ जनसांख्यिक विश्लेषण

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) का अनुसार सन् १९९५ देखि नेपालको जनसाङ्ख्यिक प्रवृत्तिमा सारभूत भिन्नताहरू देखापरेका छन् । यस प्रकारको भिन्नता देखापर्नुका पछाडि घट्दो जन्मदर र मृत्युदर, बढ्दो औसत आयु, पहिलो विवाह गर्दाको बढ्दो उमेर र शहर केन्द्रित तथा सुविधाहरू केन्द्रित बसाइसराइहरू मुख्य कारणहरू रहेको विश्लेषण छ । कम विकसित राष्ट्रको तहबाट मध्यम आय भएका मुलुकहरूको स्तरमा पुग्न राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यअनुरूप राखेको परिमाणात्मक लक्ष्य हासिल गर्न जनसाङ्ख्यिक चरहरूमा (Variables) सकारात्मक सङ्केतहरू देखा पर्नु आवश्यक रहेको परिप्रेक्ष्यमा माथिको जनसाङ्ख्यिक विश्लेषण सकारात्मक दिशातर्फ नै उन्मुख देखिन्छ । केन्द्रिय तथ्याङ्क विभागले सन् २०१४ मा प्रकाशन गरेको Population Monograph of Nepal (Vol. 1)मा समेत सन् १९९१-२००१ को औसत जनसङ्ख्या वृद्धिदर २.२५% प्रतिशतबाट घटेर सन् २००१-२०११ मा १.३५ प्रतिशतमा कायम हुनुका पछाडि जनसाङ्ख्यिक चरहरू (Variables) जस्तै : ठूलो सङ्ख्यामा युवाहरू विदेसिनु, जनचेतनामा भएको सकारात्मक परिवर्तन, एकात्मक परिवारको सङ्ख्यामा वृद्धि आदिलाई ठानेको छ । अर्कोतर्फ आन्तरिक बसाइ सराइको प्रवृत्तिलाई हेर्दा हिमाल र पहाडबाट तराईतर्फ र ग्रामीण भेगहरूबाट शहरी केन्द्रहरूतर्फ बसाइसराइ गर्ने र एकात्मक परिवारको सङ्ख्या बढ्दै गएको देखिन्छ । यस प्रकारको बसाइसराइको प्रवृत्तिले गर्दा काठमाडौँ उपत्यका, तराई तथा देशका अन्य शहरी केन्द्रहरूमा जनसङ्ख्या वृद्धिको अत्यधिक चाप हुने र हिमाली तथा पहाडी जिल्लाहरू र विकट ग्रामीण क्षेत्रहरूमा जनसङ्ख्या वृद्धिदर ऋणात्मक समेत देखिन थालेको छ । यो प्रवृत्तिले निम्त्याएको अर्को पक्ष हो अनुपस्थित जनसङ्ख्या अर्थात् काम वा रोजगारीको सिलसिलामा ६ महिना वा सो भन्दा बढी समय आफ्नो मूल थलो छोडेर बाहिरिने जनसङ्ख्या सन् २००१ मा कुल ७,६२,१८१ हुँदा सन् २०११ को तथ्याङ्कमा १९,२१, ४९४ देखिन्छ । यो क्रम पछिल्ला वर्षहरूमा थप वृद्धि भएको अनुमान गर्न सकिन्छ ।

तसर्थ नेपालमा जनसङ्ख्या वृद्धिदरको प्रवृतिलाई हेर्दा विगतका दशकहरूमा उच्च वृद्धिदरबाट प्रवृत्ति परिवर्तन भई हाल जनसङ्ख्या वृद्धिदर घटिरहेको अवस्थामा छ । अर्कोतर्फ कुनै पनि स्थानको जनसङ्ख्या वृद्धिदरलाई प्रभाव पर्ने मुख्य तत्वहरूमा जैविक, सामाजिक तथा आर्थिक कारणहरू, प्रजनन् स्वास्थ्यको अवस्था, मृत्युदर, उपलब्ध श्रोत साधन तथा सुविधाको उपलब्धता तथा अभावका कारण हुने बसाइँसराई आदि हुन् । नेपालको जनसाङ्ख्यिक प्रवृतिलाई हेर्दा विगतमा जनचेतना अभावका कारण जनसङ्ख्या वृद्धिदर उच्च रहेको र क्रमश: जनचेतनामा आएको सकारात्मक परिवर्तनका कारण शहरी क्षेत्रहरूमा एकल परिवारको सङ्ख्या बढिरहेको र समग्र जनसङ्ख्या वृद्धिदरमा कमी आएको छ । साथै तराई क्षेत्रमा औलो (मलेरिया) उन्मुलन पश्चात् वि.सं. २०२० को दशकबाट बसाइँसराई गर्ने परिपाटी तीव्र भएको पाईन्छ । सो क्रम हाल समेत कायमै छ । त्यसैगरी ग्रामीण क्षेत्रबाट व्यापकरूपमा शहरी केन्द्रतर्फ बसाइँसराई गरी शिक्षा, स्वास्थ्य, रोजगार जस्ता सुविधा केन्द्रित भएका स्थानमा जनघनत्व बढी भएको र सोका कारण ग्रामीण विकट क्षेत्रहरूमा जनसङ्ख्या घटिरहेको पाइन्छ । जनसङ्ख्या वृद्धिदर कम हुँदै जानुमा वैदेशिक रोजगारमा गएका ठूलो सङ्ख्यामा युवाहरू अनुपस्थित हुनु समेत एक प्रमुख कारक तत्व हो ।

**तालिका नं. १ :** रामग्राम नगरपालिकाको आगामी १५ वर्षको जनसङ्ख्याको प्रवृत्ति विश्लेषण

| वर्ष (सन्मा) | २००१ | २०११ | २०२० | २०२५ | २०३० | २०३५ | औषत वार्षिक वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| **प्रक्षेपित जनसङ्ख्या** | ५०६७६ | ५६८४५ | ५९८३१ | ६१३८२ | ६२९७४ | ६४६०७ | ०.५१% |




यस प्रवृतिको दृष्टान्त रामग्राम नगरपालिका समेत भएकोले भौतिक पूर्वाधारको कमजोर अवस्था जस्तै : सडक पूर्वाधारको कमजोर अवस्था, बेरोजगारी, अन्य मानवीय सुविधाहरूको अपर्याप्तता, आर्थिक गतिविधिमा न्यूनता आदि कारण विकट र मानवीय सुविधाहरूको शुलभता नहुँदा रामग्राम नगरपालिकामा जनसङ्ख्याको वृद्धिदर देशका अन्य शहरी केन्द्रहरूमा जस्तो व्यापक र तीव्र नभएतापनि जनचेतना अभावका कारण धेरै सन्तान जन्माउने प्रवृत्ति यस नगरपालिकामा कायम नै छ। राष्ट्रिय जनगणना २०६८ का अनुसार यो नगरपालिकाको जनसङ्ख्या वृद्धिदर १.१६ प्रतिशतको हाराहारीमा छ। जसअनुसार सन् २००१ अर्थात् वि.सं. २०५८ सालमा रामग्राम नगरपालिकाको जनसङ्ख्या ५०,६७६ रहेकोमा सन् २०११ अर्थात् वि.सं. २०६८ सालमा यो जनसङ्ख्या बढेर ५६,८४५ संख्या पुगेको देखिन्छ भने घरधुरी तथ्याङ्क संकलन २०७६ मा जनसंख्या वृद्धि भई अनुपस्थित सहित अक्सर बसोबास गर्ने जनसंख्या ५९८३१ पुगेको छ । सोही जनसङ्ख्यालाई आधार मानी अगामी १५ वर्षको जनसङ्ख्या प्रक्षेपण गरिएको हो। यसरी जनसङ्ख्या प्रक्षेपण गर्दा विगतको वृद्धिदरको प्रवृतिलाई आधार मानिएको छ। जनसङ्ख्याको प्रवृति हेर्दा रामग्राम नगरपालिकाको औषत वार्षिक जनसङ्ख्या वृद्धिदरमा ह्रास आई औषतमा ०.५१ प्रतिशतको दरमा बढ्ने देखिन्छ। यसो हुँदा अगामी १५ वर्षमा नगरपालिकाको जनसङ्ख्या ६४,६०७ पुग्ने अनुमान गर्न सकिन्छ।

रामग्राम नगरपालिकामा क्रमशः आधारभूत मानवीय सेवा र सुविधाहरूको विकास हुँदा हालको जनसङ्ख्यामा तीव्र बृद्धि नभएपनि स्वाभाविक बढोत्तरी हुने देखिन्छ। यसका अतिरिक्त पर्यटन, कृषि र अन्य आर्थिक क्रियाकलापहरूमा योजनाअनुसार अपेक्षाकृत वृद्धि भएमा यी गतिविधिहरू सञ्चालन हुँदा बसाइँसराइ गरी स्थायी वा अस्थायी प्रकारको बसोबासका लागि आउने मानिसहरूका कारण शहरी क्षेत्र र राजमार्ग केन्द्र

वरपर जनसङ्ख्या वृद्धि उच्च हुन सक्ने देखिन्छ । तथापि शिक्षा, स्वास्थ्य, जनचेतना र समानतामा वृद्धि हुँदा परिवार नियोजनको प्रयोगमा वृद्धि हुन गई बच्चा जन्माउने दरमा उल्लेख्य कमी आउने विश्वास गर्न सकिन्छ । यो अवस्थालाई मध्यनजर गरी नगरपालिकामा विद्यमान र भविष्यमा बढ्न सक्ने जनसङ्ख्याको मागहरूलाई आँकलन गरी योजनाद्वारा सम्बोधन गर्ने तयारी गर्नु आवश्यक छ ।

## २.२ स्थानिक विश्लेषण (Spatial Analysis)

भू-सतहको अवस्था हेर्दा यो नगरपालिका नेपालको मध्य तराई खण्डको भू-भागको रुपमा रहेको छ । यो भू-भाग हिमालय पर्वतमा उत्पति भएर बग्ने गङ्गा नदीको प्रणालीका शाखा प्रशाखाहरूको निरन्तर बहाव तथा हजारौं वर्षदेखि भू-सतहमा भएका प्राकृतिक क्रियाकलापहरू जस्तै : मौसमी प्रक्रिया, जलवायुका कारण हुने प्राकृतिक परिवर्तनबाट निर्मित विशाल गङ्गाको समथर भूभागमध्ये सबैभन्दा उत्तरी खण्डमा रहेको एउटा निम्न अंशको रुपमा रहेको छ । तसर्थ यो नगरपालिका मुख्यतया गंगाको समथर फाँटको अंश हो । तराईको भूभाग भएकोले सामान्यतया यहाँ उर्वर माटोको तह रहेको छ । पहाडी थुम्का नभएको र जङ्गलको अंश समेत नगन्य मात्र रहेकोले यो नगरपालिका पूर्णतः समथर खेतियोग्य फाँटको रुपमा रहेको छ । किसानहरूले लगाएका छिटफुट निजी वन र सामुदायिक वन बाहेक सरकारी र संरक्षित वनहरू छैनन् ।

यो नगरपालिकाको प्राकृतिक जल निकास प्रणाली र मुख्य जलाधारको रुपमा भलुही नदी, रामखण्ड खोला, पुसहा खोला, तुरीया खोला, पिडुरा खोला, भलुवा खोला र साम्नेमाई पथ पोखरी, इटहीया पोखरी, गाँउले पोखरी, कटैया पोखरी, तिवारी पोखरी, पूर्नीहा पोखरी, लिखीहैया पोखरी, बोउडा पोखरी, सगडा पोखरी, डाँडे पोखरी, बेलवा पोखरी, कसिया पोखरी, इरहीया पोखरी, कुनवार पोखरी आदि रहेका छन् । महाभारत पर्वत श्रृङ्खलाबाट सुरु भएका खोलाहरूमा वर्षात्को समयमा पहाडी क्षेत्रमा पानी पर्दा समेत बाढी आउँछ । यी नदी तथा खोलाहरूले नदी किनारका क्षेत्रहरूमा कटानको समस्या सिर्जना गर्दछन् ।

### २.२.१ पहुँच (Accesibility)

- वडा केन्द्रलाई नगरपालिकाको केन्द्रसम्म सहज पहुंच र आवगमनको व्यवस्था गर्न वडाका सडक स्तरोन्नती गरी सम्पूर्ण सडकमा ढल तथा नालाको व्यवस्था गर्ने ।
- योजना/आयोजना संचालनलाई व्यवस्थित, बैज्ञानिक र पूर्वानुमानयोग्य बनाउन नगरका सवै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माण गर्नु अघि DPR तयार गर्ने ।
- अव्यवस्थित सवारी पार्किङलाई व्यवस्थित गर्दै ट्राफिक चेतनालाई प्रभावकारी बनाइने ।
- सबै वडा कार्यालयहरुलाई सुरक्षित भवन निर्माण मापदण्ड अनुरुप निर्माण गरिने ।
- अत्याधुनिक सुविधासम्पन्न बसपार्क निमार्ण कार्यलाई निरन्तरता दिइने छ ।
- वितरण मुखी कार्यक्रमलाई निरुत्साहित गरिने ।
- परासी बजार र विभीन्न चोकमा नियमित रुपमा सि.सि.टिभिका माध्यमबाट सुरक्षा निगरानी बढाई बुद्ध चोकमा डिजिटल बोर्ड मार्फत सुचना प्रवाह गरीने ।
- पाल्ही बहुमुखी क्याम्पसको भवन निर्माण कार्यलाई निरन्तरता दिई बस खरीद तथा निर्माणाधिन खेलमैदानलाई निरन्तरता दिइने ।
- दुरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिने ।
- नगरपालिकावाट संचालित विविध विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरिने ।
- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकास गर्न संचार माध्यमहरुसंग समन्वय गरी आवश्यक कार्यक्रमहरु संचालन गरिने ।

## (ग) समाजिक विकास नीति तथा कार्यक्रमः

- विद्यालयमा संचालन हुने विभिन्न तहका परीक्षाहरुलाई आर्थिक अनुदान मार्फत नगरस्तरीय परीक्षा संचालन गरी नतिजामा एकरुपता ल्याइने ।
- तालिम तथा कम्प्युटर शिक्षा मार्फत विद्यालय व्यवस्थापन र शिक्षण सिकाईमा सुधार गर्ने ।
- विभिन्न सीपमुलक कार्यक्रम र अभ्यास मार्फत स्वरोजगार र रचनात्मक कार्यमा लाग्न युवाहरुलाई प्रोत्साहित गरिनेछ । विभिन्न खेलकुदका कार्यक्रमको माध्यमबाट युवाहरुमा रहेको खेल सीपको विकासमा जोड दिइने ।
- बाल बिकास केन्द्रलाई थप प्रभावकारी बनाइने ।
- कोभिड-१९ प्रभावित विद्यार्थीहरुलाई वैकल्पिक विधी मार्फत सिकाइ सहजीकरण गरिने ।
- विद्यालय तहमा उत्कृष्ट नतिजा प्राप्त  गरिब तथा विपन्न वर्गका छात्र छात्राहरुलाई **"मेयर छात्रवृत्ति कार्यक्रम"** मार्फत प्रोत्साहन गरिने र गरिव तथा विपन्न परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा हासील गर्नका लागि छात्रवृत्ति मार्फत प्रोत्साहन गर्ने नीति लिईने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिइने ।
- विद्यालयहरुको अनुगमनलाई नियमित गरीने छ ।
- छात्राहरुको समस्या तथा गुनासो सुनुवाइका लागि प्रत्येक विद्यालयहरुमा लैङ्गिक फोकल पर्सन अनिवार्य गरी उनीहरुका लागि आवश्यक तालिम र किशोरीहरुको महिनावारी स्वच्छताका निम्ति प्रत्येक विद्यालयमा निशुल्क स्यानिटेरि प्याड वितरणको कार्यक्रमलाई निरन्तरता गरिने ।
- दाईजो, तिलक, बालबिवाह, छुवाछुत जस्ता सामाजिक कुरीति कुप्रथा अन्त्य गर्न सचेतनामुलक सामाजिक जागरण कार्यक्रम कार्यान्वयन गरिने ।
- कोभिड - १९ तथा अन्य सरुवा रोग सम्बन्धि जनचेतना मुलक कार्यक्रम समुदाय स्तरमा सञ्चालन गरिने ।
- कोभिड-१९ को रोकथाम क्रियाकलाप सञ्चालानार्थ कोभिड कोषको स्थापना गर्ने नीति लिइने ।
- सुत्केरी व्यथा लागेको गर्भवति महिलालाई निःशूल्क एम्बुलेन्स सेवा उवलब्ध गराउने नीति लिइने ।
- **"जनताको स्वास्थ्य समस्यामा नगरको चासो"** अन्तर्गत नगरपालिकामा आफ्नै स्वामित्वमा एम्बुलेन्स खरीद गरि सञ्चालन गरिने ।
- नगरपालिका क्षेत्रमा स्वास्थ्य सेवाको क्षमता अभिवृद्धि गरिदै लगिने ।
- नगरपालिका भित्रका सम्पूर्ण बासिन्दाहरुमा वडा स्तरमा नै आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्दै स्वास्थ्य सेवाको पहुच सहज गराइने ।
- स्वास्थ्य सुरक्षा सबलिकरणका लागि नगर क्षेत्र भित्रका सुत्केरी महिलालाई **उपमेयर पोषण झोला** वितरण गर्ने कार्यक्रम सञ्चालन गरिने ।
- प्रत्येक स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण, औषधि, खोप समूचित रुपमा उपलव्ध गराइने ।
- स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गर्न विभिन्न स्वास्थ्य संस्थाहरुसंग सहयोग, समन्वय र साझेदारीको नीति अवलम्बन गरिने ।
- विभिन्न संक्रामक रोगको रोकथामको लागि गुणस्तर स्वास्थ्य सेवा आगामी वर्ष देखि थालनी गर्ने नीति लिइने ।

- **"सुरक्षित मातृत्व, सुरक्षित भविस्य"** को कार्यक्रम मार्फत नगर क्षेत्र भित्र रहने गर्भवति महिलाको कम्तिमा पनि चार पटक गर्भवति परीक्षण सुनिश्चित गर्ने नीति लिइने ।
- नगर क्षेत्र भित्रका स्वास्थ्य केन्द्रहरुमा विद्यमान रहेको सेवालाई विस्तार गर्दै प्रसुति सेवालाई थप सेवाको रुपमा बिकास गर्दै लगिने ।
- नगरबासीहरुको स्वास्थ्य उपचारका क्रममा आवश्यक पर्ने रगतको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाइने छ । महिला जेष्ठ नागरिक, विपन्न वर्ग लगायतलाई प्राथमिकता दिदै नगरबासिहरुलाई निशुल्क रगत उपलब्ध गराउन अनुदान दिने नीति लिइने ।
- **"छोरी बचाऊ, छोरी पढाऊ"** प्रोत्साहन कार्यक्रम सञ्चालनको गरिने ।
- ६५ बर्ष भन्दा माथिका जेष्ठ आमा बुवाहरुको निशुल्क र नियमित स्वास्थ परीक्षण गरी विभिन्न प्रकारका रोगको निशुल्क औषधी वितरणको समेत व्यवस्था गर्न **"जेष्ठ नागरिक संग मेयर"** घर दैलौ कार्यक्रम आगामी बर्ष देखि संचालन गरिने ।
- बालक्लब र बाल मिलन कार्यक्रमको सञ्चालन गरिने जसको लागि आवश्यक पर्ने भौतिक संरचना निर्माणको लागि समेत नगरको उपयुक्त स्थानमा नगर स्तरका **"बाल उद्यान"** निर्माण कार्यक्रम अगाडि बढाइने ।
- बालमैत्री स्थानीय शासन रणनीतिक योजनाले अवलम्बन गरेका कार्यक्रमहरु कार्यान्वयन गरिने ।
- महिला सशक्तिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रमका साथै लैंगिक हिंसा तथा सामाजिक कुरिति विरुद्धको सचेतना कार्यक्रमलाई कार्यान्वयन गर्न **"महिलासंग उपमेयर कार्यक्रम"** अभियानको रुपमा संचालन गरिने ।
- सामाजिक विभेदीकरण र बहिष्करणमा परेका तेस्रो लिङ्गी र फरक क्षमता भएका नागरिकलाई विकासको मुलधारमा समाहित गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने ।
- कोभिड-१९ का कारण विद्यार्थी, गर्भवति महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेसनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराइने ।
- टोल विकास तथा सामुदायिक संघ संस्थाहरुको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम संचालन गरिने ।
- सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संस्थागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरुहरुलाई निरन्तरता दिइने ।
- टोल विकास संस्थालाई क्रियाशिल बनाई सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रबर्द्धन गरिने ।
- रामग्राम नगर भित्र तोकिएको मापदण्ड पुरा नगरी सञ्चालनमा रहेका गुटखा तथा सुर्तीजन्य,पदार्थ र अवैध मदिरा बेचबिखन गर्ने व्यवसायलाई नियमन गरि प्रयोगलाई निरुत्साहित गरिने ।

### (च) वातावरण तथा विपद् व्यवस्थापन नीति तथा कार्यक्रमः

- दिगो विकासको अवधारणालाई मुर्त रुप दिन वन तथा वातावरण संरक्षणमा जोड दिईने ।
- **"पर्यावरण नै हाम्रो जिवन हो"** भन्ने नीतिलाई कार्यान्वय गर्न वातावरण संरक्षण, व्यवस्थापन, भूक्षय नियन्त्रण , नदी मुहान तथा किनाराहरुको संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । साथै सार्बजनिक क्षेत्रमा रहेको हरीयाली क्षेत्रलाई **"हरित क्षेत्र"** घोषणा गरि संरक्षण गरिने ।

- **"स्वच्छ हावा, हरियो परिवेश"** भन्ने नारालाई मूर्तरुप दिइ नगर क्षेत्रको हरियाली वृद्धिका लागि हरित सडक, खोला खोल्सामा वृक्षारोपण गरिने ।
- नगर क्षेत्रको सडकमा हुने धुलो न्युनीकरण र सरसफाई गर्न अत्याधुनिक सफाई मेशिन (ब्रुमर) र एक्साभेटर लोडरको व्यवस्था गरिने ।
- जैविक र अजैविक प्रकृतिका फोहरहरुको उचित व्यवस्थापन गर्ने नीति अनुरुप एकिन गरिएको ल्याण्डफिल साइटलाई व्यवस्थित गर्दै फोहरलाई अलग गरी **"फोहोरबाट मोहर"** अभियानलाई अगाडि बढाइने ।
- दैनिक प्रयोजनमा रहेका प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै लगी वातावरण मैत्री झोलाको प्रयोगलाई प्रोत्साहन दिइने ।

### (झ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन नीति तथा कार्यक्रम :

- सुशासन स्थापनाको लागि आवश्यक ऐन कानूनको तर्जुमा गरिने ।
- दैनिक सेवा प्रवाह गर्दा पहिला आउनेलाई पहिलो प्राथमिकताका आधारमा सेवा प्रवाह गरिने ।
- नगरकार्यपालिका कार्यालय र मातहतका कार्यालयहरुमा विद्युतिय कर प्रणाली तथा सूचना पाटीको प्रयोग गरिने ।
- रामग्राम नगरकार्यपालिका र मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरी जडान गरी प्रयोगमा ल्याइने छ ।
- सार्वजनिक खरिद प्रक्रिया विद्युतीय बोलपत्र आह्वान मार्फत गरिने ।
- न्यायिक प्रणालीलाई व्यवस्थित बनाउनका लागि न्यायिक समितिको क्षमता विकास गरिने ।
- वडा तहमा मेलमिलाप समिति गठन तथा व्यवस्था गरि न्यायमा नागरिकको पहुँचलाई सुनिश्चतता प्रदान गरिने ।
- आन्तरिक आयको वृद्धि तथा दिगो आर्थिक विकास गर्ने नीति अनुरुप राजश्व प्रशासनलाई व्यवस्थित बनाइनेछ जसको लागि आगामी आर्थिक बर्षबाट राजश्व संकलनलाई वडा कार्यालयबाट नै कम्प्युटर प्रणालीबाट संचालन गरिने ।
- नगरपालिकाबाट असुल गरिने राजस्व र प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन मोवाइल एप्स जारि गरि बिद्युतीय सेवा सञ्चनलमा ल्याइने ।
- राजश्वको विद्यमान दरलाई नियमित गर्दै दायरालाई फराकिलो गराउने नीति अनुरुप राजश्वका विभिन्न क्षेत्रहरु पहिचान गरि दायराहरुमा सामान्य परिवर्तन गरि राजश्व असुली प्रकृयालाई थप सुदृढ गरिने ।
- कृषियोग्य भूमिको भूमि करमा ८०% छुट दिने नीतिलाई आगामी बर्ष पनि निरन्तरता दिइने ।
- राजश्व मैत्री नगरको सपनालाई साकार पार्ने नीति अनुरुप कोभिड-१९ को बिशेष परिस्थितीका कारण तिर्नुपर्ने राजश्व चालु आर्थिक बर्षमा तिर्न नसक्ने करदाताहरुलाई आगामी आर्थिक बर्षको पौष मसान्तसम्म जरिवाना नलिने गरि कानुनमा नै व्यवस्था गरीने ।
- सम्पत्ति कर प्रणालीलाई समयानुकुल व्यवस्थित गर्दै आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।
- कर तथा गैर कर राजस्व सुधार ल्याउने नीति अनुरुप राजश्व सुधार कार्यशाला सञ्चालन गरी राजस्व प्रशासनलाई समयानुकुल प्रभावकारी बनाइने ।

- नगर क्षेत्रका व्यवसायहरुलाई दर्ता गरेर मात्र संचालन गर्ने नीति अनुरुप नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने सबै प्रकृतिका व्यवसायहरुलाई नगरपालिकामा अनिवार्य रुपमा दर्ता गराउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ । उपभोक्तका हित संरक्षणका लागी नियमित बजार अनुगमन गरिने ।
- नगर क्षेत्र भित्रका आन्तरिक आम्दानीका श्रोतहरुलाई पहिचान र व्यवस्थित गर्न नगरपालिका क्षेत्र भित्र रहेका आय स्रोतका सम्भावित सबै क्षेत्रहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याई आन्तरिक आयलाई बढाइने ।
- कर मैत्री नगरको अभियानलाई सार्थक बनाउने नीति अनुरुप उत्कृष्ट करदाता व्यवसायीलाई प्रोत्साहन गर्दै सम्मान गरिने ।

# परिच्छेद ५ - भौतिक विकास योजना

## ५.१ पृष्ठभूमि

नगरपालिकाको समग्र विकासका लागि भौतिक विकास योजना निर्माण र त्यसको सफल कार्यान्वयन अत्यन्त आधारभूत र पहिलो अनिवार्य कदम हो । आर्थिक तथा भौतिक विकासको चरण सम्पन्न भएपश्चात् मात्र सामाजिक तथा आर्थिक विकासका समग्र आयामहरूको विकास गर्न सम्भव हुने भएकोले भौतिक पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिएर विकास योजना निर्माण गर्नु जरुरी हुन्छ । यद्यपि आर्थिक, भौतिक, सामाजिक र सांस्कृतिक विकास एक अर्कामा अन्योन्याश्रित हुन्छन् । यसका लागि भौतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका सबै आयामहरूमा फड्को मारी सुशासनको प्रत्याभूति गराउनु अति आवश्यक छ । यस नगरपालिकामा भौतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका प्रशस्त सम्भावनाहरू रहेको भए तापनि शताब्दीयौँदेखिको केन्द्रिकृत शासनव्यवस्था, विकासमा असन्तुलन र दशकौँदेखिको राजनैतिक अस्थिरताको इतिहास रहेकोले नगरपालिका विकासको गतिमा अघि बढ्न नसकिरहेको यथार्थलाई हृदयङ्गम गरी यस नगरपालिकाको समग्र विकासका लागि निम्नअनुसारका उपक्षेत्रगत भौतिक विकासका योजना तथा कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

भौतिक विकास योजनाले निम्न उपक्षेत्रहरूलाई समेट्छ ।

- ✓ भू-उपयोग
- ✓ आवास
- ✓ सडक
- ✓ यातायात
- ✓ पिउने पानी
- ✓ सिँचाइ
- ✓ विद्युत तथा उर्जा
- ✓ सञ्चार

## ५.२ भौतिक विकासका उपक्षेत्रगत योजनाहरू

### ५.२.१ भू-उपयोग

कुल १२८.३२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको करिब ८७ प्रतिशत भू-भाग कृषियोग्य जमिनको रूपमा रहेको छ । वगैँचा सहित रुख बुट्यानले यस नगरपालिकामा ३.७४ प्रतिशत जमिन ओगटेको छ । रामग्राम नगरपालिकामा कृषि आधुनिकीकरण गरी वैज्ञानिक तरिकाले उपयोग गरेको खण्डमा कृषि उत्पादन र मुख्यतया कृषिमा आधारित उद्योगको विकासबाट दीर्घकालीन समृद्धि हासिल गर्ने देखिन्छ । भने वनजंगल विस्तारका लागि प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

नगरपालिकामा उपलब्ध जमिनलाई आवासीय क्षेत्र, कृषि क्षेत्र, व्यावसायिक क्षेत्र, संस्थागत सेवा प्रवाह क्षेत्र, जलाधार तथा वातावरण क्षेत्र, धार्मिक तथा पर्यटकीय क्षेत्र, ल्याण्डफिल साइट आदि क्षेत्र निर्धारण गरी विकास गर्ने

तालिका नं. १: भू-उपयोगसम्बन्धी विवरण

| भू-उपयोग | प्रतिशत |
|---|---|
| कृषि क्षेत्र | ८७.२३ |
| बाँझो क्षेत्र | ०.४९ |
| निर्माण क्षेत्र | ५.१९ |
| वन क्षेत्र | ०.४५ |
| उद्योग क्षेत्र | ०.४० |
| बगैंचा क्षेत्र | ३.२९ |
| बालुवा | ०.११ |
| जल क्षेत्र | २.८३ |
| **जम्मा** | १००.०० |

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | भू-उपयोग |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ झरही खोला, रामखण्ड खोला, भलुही खोला, तुरिया, नाउ लगायतका खोलाहरू रहेका | |
| ✓ नगरपालिका क्षेत्रमा ३.७४% प्रतिशत बगैंचा सहित वनजंगल रहेको | |
| ✓ नगरपालिकाको सम्पूर्ण क्षेत्रफलको ठूलो भू-भाग कृषियोग्य जमिन रहेको | |
| ✓ नगरपालिका क्षेत्रमा विभिन्न पोखरी तथा खोलाहरु रहेका | |
| **दुर्बल पक्षहरू** | |
| ✓ नगरपालिकाको भू-उपयोग सम्बन्धी नीति नभएको | |
| ✓ बस्तीहरु छरिएको अवस्थामा रहेका | |
| ✓ जमिनको प्रकृति अनुसार त्यसको सदुपयोग गर्न नसकिएको | |
| ✓ उपलब्ध कृषियोग्य क्षेत्रलाई वैज्ञानिक तवरले सदुपयोग गर्न नसकिएको | |
| ✓ उपलब्ध जलस्रोतको पूर्ण सदुपयोग हुन नसकेको | |
| ✓ नगरपालिकाभर रहेको हरित क्षेत्रलाई व्यवस्थित ढंगले विस्तार गर्न सदुपयोग गर्न नसकिएको | |
| **सम्भावना र अवसरहरू** | |
| ✓ समथर कृषियोग्य जमिनको वैज्ञानिक रूपमा सदुपयोग गरी कृषि उत्पादनमा वृद्धि गर्न सकिने | |
| ✓ खोला किनारको पाँगो मिश्रित बलौटे माटोमा उपयुक्त बालीनालीहरूको व्यावसायिक खेति गर्न सकिने | |
| ✓ पाउटिकर कञ्चनखोला, तुरिया खोला, भूमही खोला, पुसाहा खोला, झरही खोला, विर्ताटोल पोखरी लगायतका जलस्रोतको पूर्ण उपयोग गर्न सकिने | |
| ✓ सामूहिक तथा एकीकृत खेती प्रणालीको विकास गर्न सकिने | |
| ✓ उपयुक्त र डुबानबाट सुरक्षित स्थानहरू पहिचान गरी एकीकृत तथा सुरक्षित बस्तीहरू विकास गर्न सकिने | |
| ✓ भू-उपयोग योजना बनाई लागू गर्न सकिने | |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ विभिन्न वडाहरूमा रहेका पोखरीहरूबाट आय आर्जन तथा वैकल्पिक सिँचाई गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
|---|
| ✓ तराईको होचो र समतल धरातल भएका कारण नदी कटान तथा बाढीको जोखिम रहेको |
| ✓ वडा नं. १ देखि हाटबजार क्षेत्रसम्म नदी कटानको समस्या रहेको |
| ✓ वन क्षेत्र एकदमै कम रहेको र उपलब्ध वन क्षेत्रको समेत वैज्ञानिक रूपमा संरक्षण र व्यवस्थापन हुन नसकेको |
| ✓ उर्वर भूमिमा घडेरी विकास गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने |
| ✓ बाँझो जमिन सदुपयोगको लागि योजना नबनेको |
| ✓ खोला तथा नदीले वर्षेनी जमिन कटान गर्ने गरेका |
| ✓ नगरपालिका क्षेत्रभित्र रहेका भूमीहीन सुकुम्बासीको पहिचान गरी व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने |
| ✓ भूधरातल र जलवायु अनुकुलन हुने बालीनाली, फलफूल उत्पादन र पशुपालन गर्नुपर्ने |
| ✓ वडा नं. ५ को ड्राइभर टोलमा डुवान हुने गरेको |
| ✓ वडा नं. ३ को संगम टोल डुवान हुने गरेको । |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

नगरपालिकामा उपलब्ध भू-स्रोतको वैज्ञानिक उपयोग मार्फत दिगो विकास हासिल गर्ने

### लक्ष्य

वैज्ञानिक भू-उपयोग योजना कार्यान्वयन मार्फत भू-श्रोतको दिगो र पूर्ण सदुपयोग गरी पर्यावरणमैत्री समृद्धि हासिल गर्ने

### उद्देश्यहरू

- ✓ वैज्ञानिक तथा एकीकृत भू-उपयोग योजना निर्माण गरी त्यसको पूर्ण कार्यान्वयन गर्ने
- ✓ उपलब्ध जमिनको विस्तृत नक्साङ्कन गरी वैज्ञानिक र दिगो व्यवस्थापन गर्ने
- ✓ झाडी तथा खेर गैरहेको जमिनको उच्चतम उपयोग हुने गरी जमिनको व्यवस्थापन साथै हरित क्षेत्र विस्तार गर्ने

### रणनीतिहरू

- ✓ जनसहभागितामा आधारित वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी यथाशीघ्र पूर्णत: कार्यान्वयनमा ल्याउने प्रयोजनका लागि जनसहभागिता सुनिश्चित गरी असल अभ्यासको अध्ययन तथा अनुसरण गर्ने
- ✓ वर्गीकृत जमिनको प्रकृतिअनुरूपको पूर्ण सदुपयोग सुनिश्चित गर्न नगरपालिकाले कडा व्यवस्था लागू गर्ने ।
- ✓ आगामी पाँच वर्षमा सम्पूर्ण खेतीयोग्य जमिन शत् प्रतिशत उत्पादनमा प्रयोग भएको सुनिश्चित गर्न जमिन बाँझो राख्ने घरधुरीलाई प्रत्येक वर्ष नगरपालिकाद्वारा लिइने कर र दस्तुरहरू दोब्बर गर्दै जाने व्यवस्था लागु गर्ने
- ✓ छरिएर रहेको जमिनलाई एकीकृत गरी उपयोग गर्ने नीति बनाउने । यसका लागि आफैले जमिनको प्रयोग नगर्ने जग्गाधनीसँग जमिन भाडामा लिई व्यावसायिक किसानहरूलाई भाडामा दिने

## ३. भू-उपयोग विकास योजनाको Logical Framework Approach (LFA)

### कार्यक्रमहरू

| कार्यक्रमहरु | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) भू-उपयोग** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ नगरपालिकाभित्रको जग्गा जमिनको विस्तृत, वैज्ञानिक र व्यवस्थित नक्साङ्कन गर्ने | १५ | नगरपालिका | संघीय र प्रादेशिक सरकार | नगरपालिका , निजी क्षेत्र (उद्योगी, निर्माण व्यवसायी) |
| ▪ सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण तथ्याङ्क तयार पार्ने | ५ | नगरपालिका | संघीय र प्रादेशिक सरकार | नगरपालिका |
| ▪ सम्पूर्ण बाँझो जमिनको तथ्याङ्क तयार पार्ने | ५ | नगरपालिका | संघीय र प्रादेशिक सरकार | नगरपालिका |
| ▪ नगरपालिका विकास गुरुयोजनाले तय गरेको भू-उपयोग योजनाको नक्सा नगरपालिकामा सबैले देख्ने गरी टाँस गर्ने | २ | नगरपालिका | संघीय र प्रादेशिक सरकार | स्थानिय उद्योग वाणिज्य संघ |
| ▪ खुला क्षेत्र, झाडी बुट्यान क्षेत्रलाई पुनरुत्थान गरी फलफूल तथा जडीबुटी उत्पादन गर्न वडागत रूपमा नमुना क्षेत्रको घोषणा तथा उत्पादन समूह निर्माण गर्ने | ४ | नगरपालिका | संघीय र प्रादेशिक सरकार | नगरपालिका |
| ▪ जग्गा चक्ला बन्दी गर्न कृषक समूह निर्माण गरी आपसी समझदारी कायम गर्न प्रत्येक वडामा नगरपालिकाले समन्वय गरी वडागत कार्यक्रम सञ्चालन गर्ने | १५० | नगरपालिका | संघीय र प्रादेशिक सरकार | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | १८१ | | | |

| कार्यक्रमहरु | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकाभर रहेका सार्वजनिक जग्गाको पूर्ण लगत तयार पार्ने र नगरपालिकाभर रहेका सार्वजनिक जग्गाको पूर्ण उपयोग भएको सुनिश्चित गर्न निश्चित स्थानलाई तलकामध्ये नगरपालिकालाई उपयुक्त कार्यक्रम सञ्चालन वा विकास गर्ने | २,५०० | नगरपालिका | संघीय र प्रादेशीक सरकार, स्थानीय क्लबहरू, उद्योग वाणिज्य संघ, कृषक समूह, व्यवसायीहरू | नगरपालिका, स्थानीय क्वलहरू, उद्योग वाणिज्य संघ, कृषक समूहहरू, पर्यटन व्यवसायी, दान दातव्य |
| ▪ हरित क्षेत्र वा पार्कमा विकास गर्ने | | | | |
| ▪ पिकनिक स्थलको रूपमा विकास गर्ने | | | | |
| ▪ प्रदर्शनी स्थलको रूपमा विकास गर्ने | | | | |
| ▪ हाट बजार स्थलको रूपमा विकास गर्ने | | | | |
| ▪ उद्योगका लागि लिजमा लिने | | | | |
| ▪ खुल्ला स्थानको रूपमा (विपद्को बेला भेला हुने) विकास गर्ने | | | | |
| ▪ टहरा तथा सेड निर्माण गरी बहाल विटौरी कर लागु गर्ने | | | | |
| ▪ पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने | | | | |
| ▪ नर्सरी स्थापना गर्ने | | | | |
| ▪ स्मारकहरू निर्माण गर्ने | | | | |
| ▪ मठ मन्दिरहरू स्थापना गर्ने | | | | |
| ▪ शवदाहस्थल तथा चिहान व्यवस्थापन गर्ने | | | | |
| ▪ सार्वजनिक भवन, सांस्कृतिक केन्द्र तथा नाचघर निर्माण गर्ने | | | | |
| ▪ नाट्यशाला तथा सङग्रहालय निर्माण गर्ने | | | | |
| ▪ रंगशाला/खेलकुद मैदान निर्माण गर्ने | | | | |

| कार्यक्रमहरु | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ व्यायामशाला निर्माण गर्ने | | | | |
| ▪ पोखरीहरुको निर्माण गर्ने | | | | |
| ▪ चिडियाखाना निर्माण गर्ने | | | | |
| ▪ तारे होटलहरूलाई लिजमा दिने | | | | |
| ▪ सुकुम्बासी तथा भूमिहीनहरूलाई व्यवस्थापन गर्ने | | | | |
| ▪ अन्तराष्ट्रिय उद्योगहरूलाई लिजमा दिने | | | | |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **२५००** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ वन तथा हरित क्षेत्र संरक्षण र विस्तार गर्न एकीकृत वन तथा जलाधार संरक्षण कार्यक्रमहरू अन्तर्गत वडागत रुपमा हरित क्षेत्र घोषणा गरी व्यापक वृक्षारोपण कार्यक्रम लागु गर्ने | ६०० | नगरपालिका | जिल्ला वन कार्यालय | जिल्ला वन कार्यालय |
| ▪ सिमसार क्षेत्रको नक्साङ्कन तथा विवरण तयार गरी त्यस्ता क्षेत्रहरुमा सिमसार संरक्षण कार्यक्रम लागु गर्ने | १०० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | ७०० | | | |
| **भू-उपयोगको जम्मा बजेट** | **३१८१** | | | |

## अपेक्षित उपलब्धिहरू

- खेतियोग्य, आवास, औद्योगिक, वनजङ्गल लगायत विभिन्न प्रकारको जमिनको वैज्ञानिक रूपमा वर्गिकरण गरी त्यसै अनुरूप उपयोग, व्यवस्थापन र संरक्षण गरिएको हुनेछ ।
- उपलब्ध जमिनको वैज्ञानिक भू-उपयोग नीति अनुरूप सदुपयोग गरी दिगो विकासको अवधारणा अनुरूप अगाडि बढेको हुनेछ ।

- भूमिहीन तथा आवास विहीन जनता तथा परिवारलाई आवासको प्रबन्ध भएको हुनेछ ।
- सार्वजनिक सम्पत्तिको अभिलेखाङ्कन गरी तिनको सुरक्षा एवं उत्पादनमूलक क्षेत्रमा उपयोग गरिएको हुनेछ ।
- भू-उपयोग योजना कार्यान्वयनमा नगरपालिका नमूना सावित हुनेछ ।

### सूचकहरू

| भू-उपयोगका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ भू-स्रोतको प्रकृतिअनुसार वर्गीकरण सम्पन्न भएको हुनेछ । | | ✓ | | |
| ▪ वैज्ञानिक भू-उपयोग योजना पूर्ण रूपमा कार्यान्वयन भएको | | ✓ | | |
| ▪ भूमि बैंकको स्थापना भएको हुनेछ । | | ✓ | | |
| ▪ करार खेतीका लागि जमिन उपलब्ध भएको | | ✓ | | |
| ▪ वन तथा हरित क्षेत्रले ओगटेको क्षेत्र (प्रतिशतमा) | ३.७४ | | ४० | ४० |
| ▪ खेतीयोग्य तर बाँझो जमिन आधार वर्षको तुलनामा सदुपयोग भएको (प्रतिशतमा) | | १० | ५० | १०० |
| ▪ झाडी बुट्यान तथा खेर गैरहेको जमिन आधार वर्षको तुलनामा कमी (प्रतिशतमा) | | १० | ५० | १०० |
| ▪ चक्लाबन्दी भएको खेतीयोग्य जमिन (प्रतिशतमा) | | ५ | १५ | २५ |
| ▪ जलक्षेत्रले ओगटेको जमिन (प्रतिशतमा) | २.८३ | - | ५ | ५ |
| ▪ माटोमा रहेको जैविक पदार्थको मात्रा (प्रतिशतमा) | | - | ३० | १०० |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट

- अपेक्षित सूचकमा आएको सकारात्मक परिर्वतनबाट
- नगरबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- रणनीतिक कार्यक्रमहरूको कार्यान्वयन पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै आर्थिक गतिविधि, व्यापार तथा वाणिज्यमा वृद्धि, पर्यटक आवागमनमा वृद्धि, रोजगारी श्रृजना, वातावरण संरक्षण, संस्थागत विकास र मानव जीवनमा आएको गुणस्तरीय परिवर्तनहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनीपश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

## ५.३.२ आवास

विगतको जनसङ्ख्या वृद्धिदरको उतार चढावलाई हेर्दा आगामी १५ वर्षमा रामग्राम नगरपालिकाको जनसङ्ख्यामा उल्लेख्य वृद्धि हुने देखिदैन। औसत्मा ०.५१ प्रतिशतको वृद्धिदर रही यस नगरपालिकको जनसङ्ख्या वि.सं. २०९१ सालमा ६४,६०७ पुग्ने अनुमान गर्न सकिन्छ। आवास योजना निर्माण गर्दा यो जनसङ्ख्यालाई पर्याप्त हुने हिसाबले आवासको योजना निर्माण गर्नुपर्ने देखिन्छ। साथसाथै अहिले विद्यमान आवासको स्तरमा व्यापक सुधार गर्नुपर्ने अवस्थामा रहेकोले यसको स्तर वृद्धि समेत गर्नुपर्ने देखिन्छ। यसरी आवास योजना निर्माण गर्दा मुख्यतया दुई तरिका अवलम्बन गर्नुपर्ने हुन्छ।

(क) हाल रहेका बस्ती वरपर थप आवास बिस्तार कार्यक्रम सञ्चालन गर्ने जसले गर्दा पूर्वाधार विकास भैसकेका क्षेत्ररूमा थप लगानी गर्नु पर्ने रकमलाई विकासका अन्य क्षेत्रमा प्रयोग गर्न सकियोस्। यसरी आवास बिस्तार गर्दा अन्य पूर्वाधारको अवस्थालाई समेत ध्यान दिनु आवश्यक हुन्छ।

(ख) एकीकृत आवास निर्माण गरी नयाँ स्थानहरूमा आवास क्षेत्र विकास गर्ने। यस्ता क्षेत्रहरूमा आवास निर्माण गर्दा सम्पूर्ण मानवीय सेवा सुविधाहरू तथा पूर्वाधारहरू केन्द्रित गर्ने। यसरी एकीकृत आवास निर्माण गर्दा भू-उपयोग वर्गीकरणमा उल्लेख भएका प्रस्तावित व्यावसायिक र आवासक्षेत्रभित्र रहेका प्रमुख बजार केन्द्रबाट सुगम हुने गरी प्राकृतिक विपद्को जोखिम न्यून रहेका क्षेत्रहरूमा एकीकृत आवास योजना निर्माण गर्न सकिन्छ।

आवास योजना निर्माण गर्दा नगरपालिकामा

(क) एकल परिवार बसोबास इकाई (Single Family Dwelling Unit)

(ख) होचो आवास संरचना निर्माण (Low Rise Housing 5 Storey) गरी अपार्टमेन्ट प्रणालीमा समेत जान सकिन्छ।

नयाँ आवास योजना निर्माण गर्दा एकीकृत, पूर्वाधारयुक्त, सुविधा सम्पन्न र सुरक्षित आवासका योजना निर्माण गर्नु जरुरी छ। यसका अलावा विद्यमान आवासको अवस्थालाई मध्यनजर गरी छुट्टिएर रहेका पूर्वाधार र सुविधाविहिन अवस्थाका बस्तीहरूलाई एकीकृत गरी सुरक्षित र पूर्वाधारयुक्त आवासको क्षेत्रहरूमा स्थानान्तरण गर्नु अत्यन्त आवश्यक देखिन्छ।

### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | आवास |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ समथर भूभाग भएकाकारण नगरपालिकामा छरिएर रहेका वस्तीलाई एकत्रित गरी प्रमुख आवास क्षेत्रको रुपमा विकास गर्न सकिने अवस्था रहेको | |
| ✓ स्थानीय सरकारलाई एकीकृत आवास योजना निर्माण गर्ने अधिकार प्राप्त भएको | |
| ✓ स्थानीयस्तरमा आवास निर्माण सामग्रीहरू जस्तैः गिट्टी, बालुवा, ढुङ्गाको उपलब्धता भएको र सडक सञ्जालको विस्तारका कारण ढुवानी समेत सहज रहेको | |

| |
|---|
| ✓ तराईको समथर भूमि भएकाले एकीकृत बस्ती विकास गर्न सजिलो |
| ✓ प्राय: बस्तीहरूमा कच्ची भएपनि सडक सञ्जाल पुगेको |

| दुर्बल पक्षहरू |
|---|
| ✓ अहिले पनि थुप्रै घरहरु छाप्राको रुपमा रहेका |
| ✓ भवन तथा सुरक्षित आवास निर्माणका लागि गाउँमै प्राविधिक र दक्ष जनशक्तिको पर्याप्तता नभएको |
| ✓ सुरक्षित घर निर्माणको लागि जनचेतना अभाव रहेको |
| ✓ मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको |
| ✓ टायल, टिन र झुप्रोको रूपमा रहेका कच्ची घरहरू सुरक्षित नभएका |
| ✓ माटोका घरहरू तथा झुपडीहरू बाढी तथा अन्य प्राकृतिक प्रकोपको जोखिमबाट प्रभावित रहेका |
| ✓ व्यवस्थित ढलको निकास नभएको |
| ✓ विपन्न तथा आर्थिक रुपले पिछडिएका परिवारका निम्ति नगरपालिकाको आवास निर्माण सम्बन्धी स्पष्ट योजना निर्माण हुन नसकेको |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ नगरपालिकावासीको व्यापक जनसहभागितामा स्वयम् नगरपालिकाले आफ्नो वस्तुगत अवस्था अनुरूप आवास योजना निर्माण गर्ने अधिकार रहेको |
| ✓ प्रत्येक वडामा रहेका खुल्ला क्षेत्रलाई सम्भाव्यता अध्ययन गरी व्यवस्थित आवास निर्माण गर्न सकिने |
| ✓ मौलिक प्रकृतिको वास्तुकलाको जगेर्ना गरी मौलिक पहिचान कायम गर्न आवास निर्माण अनुमति दिँदा विशेष प्रोत्साहन दिन सकिने |
| ✓ आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, ध्यानयोग केन्द्र, महिला सामुदायिक भवन स्थापना गर्न सकिने |
| ✓ स्थानीय स्रोत र साधनको प्रयोग गरी सुरक्षित घरहरू निर्माण गर्न सकिने |
| ✓ खेर गएका बाँझो जमिनहरूलाई आवास योजना निर्माण गरी सुरक्षित घडेरी विकास गर्न सकिने |
| ✓ वर्तमानमा बिस्तार भइरहेका बजार केन्द्रलाई आवास क्षेत्र अनुकूल हुने गरी विकास गर्न सकिने |
| ✓ निर्माण सामाग्रीहरूको उपलब्धता र ढुवानी गर्न सजिलो हुने हुँदा वैज्ञानिक ढङ्गले सुरक्षित घरहरू निर्माण गर्न सकिने |
| ✓ सडक नालीको व्यवस्थापन गरी पूर्ण सरसफाईयुक्त बस्ती निर्माण गर्न सकिने |
| ✓ बाढी र डुवानबाट सुरक्षित घरहरू निर्माण गरी नमुना बस्तीको रूपमा विकास गर्न सकिने |
| ✓ छरिएको बस्तीलाई व्यवस्थित गर्न उपयुक्त स्थानको छनौट गरी एकीकृत बस्ती विकास गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
|---|
| ✓ समथर भू-धरातलको कारण बस्तीमा बाढी तथा कटान जस्ता प्रकोपको जोखिम रहेको |
| ✓ छरपष्ट रहेका बस्तीहरूलाई एकीकृत गर्न जटिल |
| ✓ अधिकांश कच्ची र परम्परागत शैलीमा बनेका झुप्रोहरू असुरक्षित रहेका |
| ✓ नगरपालिकाको भू-उपयोग योजना बनिनसकेको |
| ✓ भू-स्खलन र बाढी, डुबान, कटान आदिको जोखिम रहेको |

## चुनौती तथा जोखिमहरू

- ✓ खोला किनारका बस्तीहरू वढी जोखिममा रहेको
- ✓ आर्थिक विपन्नता, जनचेतनाको कमी र अशिक्षाको कारणले सुरक्षित आवासको सुनिश्चितता नभएको
- ✓ वडा नं. १२ पचगावामा तटबन्ध निर्माण तथा वृक्षारोपण गर्नुपर्ने

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

सम्पूर्ण नगरबासीलाई पूर्ण सुरक्षित आवासको सुनिश्चितता गर्ने

### लक्ष्य

आगामी १० वर्षभित्र सम्पूर्ण नगरबासीलाई सुरक्षित र न्यूनतम् सुविधायुक्त आवासमा समेट्ने

### उद्देश्यहरू

- ✓ आवास जस्तो अत्यावश्यकीय पूर्वाधारलाई विकास गरी जनतालाई सुरक्षित र न्यूनतम् सुविधा सम्पन्न एकीकृत आवासको सुनिश्चितता गर्ने
- ✓ आवासविहीन जनतालाई मध्यनजर गरी यथासक्य शिघ्र सुरक्षित आवास निर्माण गर्ने
- ✓ संविधानको मौलिक हक अन्तर्गत रहेको सुरक्षित आवासको हक सम्पूर्ण जनतालाई सुनिश्चित गर्न नगरपालिकाले स्थानीय श्रोत र साधनमा आधारित आवास योजना निर्माण गरी कार्यान्वयन गर्ने

### रणनीतिहरू

- ✓ हाल रहेका वस्ती वरपर थप आवास बिस्तार कार्यक्रम सञ्चालन गर्ने जसले गर्दा पूर्वाधार विकास भैसकेका क्षेत्ररूमा थप लगानी गर्नु पर्ने रकम कम गर्न सकियोस ।
- ✓ एकीकृत आवासका योजना निर्माण गरी वडास्तरमा उपयुक्त स्थानहरू पहिचान गरी आवास क्षेत्र विकास गर्ने । यस्ता क्षेत्रहरूमा सम्पूर्ण मानवीय, सुविधाहरू केन्द्रित गर्ने । भू-उपयोग वर्गीकरणमा हाल व्यवसायिक र आवास क्षेत्रभित्र रहेका प्रमुख बजार केन्द्रबाट सुगम हुनेगरी प्राकृतिक विपद्को जोखिम न्यून रहेका क्षेत्रहरूमा एकीकृत आवास योजना निर्माण गर्ने ।
- ✓ सम्पूर्ण नागरिकलाई सुरक्षित आवासको प्रत्याभूति गर्न दीर्घकालीन र एकीकृत बस्ती विकास गर्ने
- ✓ नगरपालिकाको लागि आवश्यक बहुउद्देश्यीय हल तथा सभाहलहरू निर्माण गर्ने
- ✓ आवास निर्माणमा आवश्यक स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग हुने प्रविधि विकास गर्न विज्ञहरूको सहयोग लिई डकर्मीहरूलाई नियमित तालिम संचालन गर्ने ।
- ✓ एकीकृत वस्ती विकासका लागि प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार निकायहरू, दातृ राष्ट्र, जनसाधारण, दान-दातव्य आदिबाट बजेट जुटाउनका लागि नगरपालिकाले नियमित अन्तरक्रिया तथा भेटघाट गर्ने

## ३. आवास योजनाको Logical Framework Approach (LFA)

कार्यक्रमहरू

| कार्यक्रमहरु | अनुमानित लागत (लाखमां) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) आवास तथा सार्वजनिक भवन निर्माण** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ सम्पूर्ण अति विपन्न र आवासविहिन परिवारको बस्तुगत लगत तयार पार्ने | १० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ नगरपालिकामा रहेका धार्मिक, ऐतिहासिक, पुरातात्वीक महत्वका स्थल, संरचना तथा भवनहरूको Inventory तयार गर्ने | १० | नगरपालिका | संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार | संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार |
| ▪ विगतमा निर्माण भएका सम्पूर्ण सार्वजनिक पोखरीहरूको पुनरुद्धार गर्नका लागि डि.पि.आर तयार पार्ने | १० | नगरपालिका | संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार | संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार |
| ▪ नगरपालिका भवन तथा सबै वडा कार्यालयहरूको मर्मत तथा भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ५० | नगरपालिका | संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार | आन्तरिक राजश्व, संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान |
| ▪ नगरपालिकामा आवश्यक सबै स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाई, खोप केन्द्रहरूको भवन तथा शौचालय निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ३५ | नगरपालिका | संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार | संघीय तथा प्रदेश सरकारको अनुदान, निजी लगानी, बैङ्क ऋण |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **१३२.५** | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ एकीकृत वस्ती विकासका लागि सम्भाव्य स्थलको सम्भाव्यता अध्ययन गरी डि.पि.आर तयार पार्ने | ५० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |

| कार्यक्रमहरु | अनुमानित लागत (लाखमां) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ नगरपालिकामा एक बाल-गृह भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ५ | नगरपालिका | संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र | संघीय तथा प्रदेश सरकारको अनुदान, निजी लगानी, बैङ्क ऋण |
| ▪ नगरपालिकामा एक बाल-गृह भवन निर्माण गर्ने | ६० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ नगरपालिकामा एक महिला सुरक्षा तथा आश्रय केन्द्र भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ५ | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ नगरपालिकामा एक महिला सुरक्षा तथा आश्रय केन्द्र भवन निर्माण गर्ने | ६० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकामा एक ज्येष्ठ नागरिक सुरक्षा तथा मिलन केन्द्र भवन निर्माण गर्नका लागि डि.पि.आर गरी तयार पार्ने | ५ | | | |
| ▪ नगरपालिकामा एक ज्येष्ठ नागरिक सुरक्षा तथा मिलन केन्द्र भवन निर्माण गर्ने | ५० | | | |
| ▪ विगतमा निर्माण भएका सम्पूर्ण सार्वजनिक पोखरीहरूको पुनरुद्धार गर्ने | १०० | | | |
| ▪ नगरपालिकामा एक अपाङ्गता केन्द्र भवन निर्माण गर्ने | ५० | | | |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | ३८५ | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ प्रत्येक वडामा रहेका ऐतिहासिकता दर्शाउने पाटी, पौवा तथा चौताराहरूको पुनर्निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ३०० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ प्रत्येक वडामा रहेका ऐतिहासिकता दर्शाउने पाटी, पौवा तथा चौताराहरूको पुनर्निर्माण गर्ने | ३०० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार, गैर आवासीय नेपाली | नगरपालिका, गैर आवासीय नेपाली |
| ▪ नगरपालिकामा एक अपाङ्गता केन्द्र भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | ५ | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |

| कार्यक्रमहरु | अनुमानित लागत (लाखमां) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक वडामा एक सामुदायिक भवन निर्माण गर्नका लागि डि.पि.आर तयार पार्ने | १,२०० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ प्रत्येक वडामा एक सामुदायिक भवन निर्माण गर्ने | ५० | | | |
| ▪ जीर्ण अवस्थामा रहेका धार्मिक, ऐतिहासिक, पुरातात्विक महत्वका स्थल, संरचना तथा भवनहरुको लगत तयार गर्ने | ३०० | | | |
| ▪ आवासविहिन अति विपन्न परिवारका लागि एकीकृत वस्ती निर्माण गरी सुरक्षित आवासको व्यवस्था गर्ने | ३,००० | | | |
| ▪ नगरपालिका भवन तथा सबै वडा कार्यालयहरूको मर्मत तथा भवन निर्माण गर्ने | १,००० | | | |
| ▪ नगरपालिकाको बहुउद्देश्यीय हल निर्माण गर्नका लागि डि.पि.आर. तयार पार्ने | १५ | | | |
| ▪ नगरपालिकाको बहुउद्देश्यीय हल निर्माण गर्ने | १०० | | | |
| ▪ नगरपालिकामा आवश्यक सबै स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाई, खोप केन्द्रहरूको भवन तथा शौचालय निर्माण गर्ने | ७०० | | | |
| ▪ परासी अस्पताललाई आधुनिक सुविधासम्पन्न बहुविशेषज्ञतायुक्त अस्पतालको रूपमा विकास गर्ने | १,००० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | ७९७० | | | |
| **आवास तथा सार्वजनिक भवनमा जम्मा बजेट** | ८,४८७.५० | | | |

### अपेक्षित उपलब्धिहरू

- सम्पूर्ण गाउँबासीहरूलाई सुरक्षित आवासको सुनिश्चितता भएको हुनेछ ।
- भूमिहीन, सुकुम्बासी तथा आवासविहीन जनता तथा परिवारलाई उचित आवासको प्रबन्ध भएको हुनेछ ।
- स्थानीय सरकार सञ्चालनार्थ आवश्यक सम्पूर्ण प्रशासनिक भवनहरूको निर्माण सम्पन्न भएको हुनेछ ।

### आवास योजनाका सूचकहरू

| सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ आधारभूत सुविधा सम्पन्न तथा सुरक्षित आवासमा समेटिएको सम्पूर्ण विपन्न र आवास विहिन परिवार | | ✓ | | |
| ▪ सम्पूर्ण भूमिहीन तथा सुकुम्बासीहरूलाई आधारभूत सुविधा सम्पन्न आवास तथा आश्रय भूमिको व्यवस्था | | | ✓ | |
| ▪ सम्पूर्ण नगरबासीहरूलाई बाढी, ढुवान तथा भूकम्पबाट सुरक्षित र सुविधायुक्त आवासको प्रबन्ध | | | | ✓ |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिकाबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- घर तथा आवास निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै मानव जीवनमा आएको गुणस्तरीय परिवर्तनहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

### ५.३.३ सडक तथा यातायातको विद्यमान वस्तुगत अवस्था

#### (अ) सडक

सडक पूर्वाधार विकासलाई कुनै पनि स्थानको भौतक विकासको पहिलो शर्तका रूपमा लिन सकिन्छ । रामग्राम नगरपालिकाका सबै वडाहरूलाई सडक सञ्जालले जोडेको भएतापनि सडकको स्तर भने अत्यन्त कमजोर अवस्थामा रहेको छ । अधिकांश सडकहरू कच्ची, धुलाम्मे, साँघुरा र न्यून गुणस्तरका छन् । यो नगरपालिकामा ७३ कि.मि. सडक कालोपत्रे, बाँकी सडक ग्राभेल, कच्ची तथा मौसमी सडक रहेको छ । तसर्थ नगरपालिका सडक यातायात गुरुयोजना तैयार गरी त्यसै अनुरूप प्राथमिकताका आधारमा सडकहरूको विकास र स्तरोन्नति गर्नु आवश्यक देखिन्छ ।

शहरी विकास तथा भवन निर्माण विभागले तयार पारेको Planning Norms and Standard 2015 ले नगरपालिका स्तरमा ९० प्रतिशत वा सोभन्दा बढी घरधुरीहरू मोटरबाटोको २ कि.मी. भित्रको पहुँचमा हुनुपर्ने उल्लेख गरेको छ । यहाँका अधिकांश सडकको गुणस्तर अत्यन्त कमजोर अवस्थामा रहेकोले सबै सडकहरूको गुणस्तर वृद्धि गरी यो नगरपालिकालाई सहज, सुरक्षित र भरपर्दो सडक यातायातको सञ्जालमा जोड्नुपर्ने हुन्छ ।

रामग्राम नगरपालिकालाई आगामी १५ वर्ष भित्रमा गुणस्तरीय भौतिक पूर्वाधारयुक्त नगरपालिका बनाउन गर्नुपर्ने प्रमुख काम नै नगरपालिकाभित्रको सडक सञ्जालको स्तरोन्नति गरी राष्ट्रिय मापदण्ड अनुरूप विकास गर्नु र सबै सडकहरू पक्की तथा कालोपत्रे गर्नु हो ।

सडक विभाग र शहरी विकास तथा भवन निर्माण विभागले देशका सडकहरूलाई दुई प्रकारले वर्गीकरण गरेका छन् ।

**(क) प्रशासनिक हिसाबले गरेको वर्गीकरण**

- राष्ट्रिय राजमार्ग : 50m ROW अंग्रेजी 'H' अक्षरले चिनिने
- फिडर सडक : 30 m ROW अंग्रेजी 'F' अक्षरले चिनिने
- शहरी सडक : नगरपालिकाभित्र रहेका सडकहरू (रामग्राम नगरपालिका सडक यातायात गुरुयोजनाले तय गरेअनुसार स्थानीय सडकहरूलाई विभिन्न वर्गमा विभाजन गरिने)

**(ख) सवारी चापका हिसाबले गरेको वर्गीकरण**

यस अन्तर्गत सडकहरूलाई ADT (Average Daily Traffic) का हिसाबले “क”, “ख”, “ग”, “घ” अर्थात् I, II, III, IV वर्गमा बाँडिएको छ ।

सडक यातायात गुरुयोजना निर्माण गरी उक्त गुरुयोजनाले तय गरी नगरपालिका परिषद्ले अनुमोदन गरेका सडकहरूलाई प्राथमिकताको आधारमा क्रमश: स्तरोन्नति गर्दै कालोपत्रे तथा पक्की गर्दै जानु आवश्यक देखिन्छ ।

### (आ) यातायात

सार्वजनिक सडक यातायातका दृष्टिकोणले रामग्राम नगरपालिका सडक सञ्जाल विकासको प्रारम्भिक अवस्थामा रहेको छ । समथर तराईको भू-भाग भैकन पनि यो नगरपालिकामा सडक तथा यातायातको विकासमा प्रसस्त काम गर्न बाँकी छ । पूर्व पश्चिम राजमार्गदेखि नजिकै रहेको र बुटवल, भैरहवा, नारायणघाट, सुनवल जस्ता बजार क्षेत्रहरू अत्यन्त निकट दुरीमा रहेको भए तापनि अधिकांश सडकहरू कच्ची मात्र भएकोले विशेषतः वर्षायाममा यी सडकहरू हिलाम्य हुने र खाल्डाखुल्डी बढ्ने हुँदा आवागमन जटिल हुन जान्छ। हिउँदमा यी सडकहरू धुलाम्मे हुन्छन्। अर्कोतर्फ अधिकांश रुटहरूमा यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था समेत कमजोर रहेको छ । यसर्थ समग्र यातायात क्षेत्रको सुधारका लागि सर्वप्रथम सडक गुरुयोजना निर्माण गरी सो अनुसार सडकको स्तरोन्नति गरी कालोपत्रे तथा पक्की गर्ने र त्यस पश्चात् सार्वजनिक यातायात सञ्चालन हुने रुट तय गरी आवश्यक सङ्ख्यामा सवारी साधनहरू थप गरी यातायात व्यवस्था नियमित गर्न नगरपालिकाले निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्ने देखिन्छ । साथै नगरपालिकाले समेत आवश्यक लगानीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**हाल नगरपालिकामा सञ्चालित सार्वजनिक यातायातका रुटहरू निम्नानुसार छन् :**

- परासी - बडेरा सम्म
- लोकतान्त्रीक टोल देखी बुद्ध टोलसम्म
- झरही पूल देखि थाना सम्म
- परासी देखी महेशपुर
- महेशपुर देखी परासी
- परासी देखी नर्सही सम्म
- रामखण्ड पुलदेखि नदवा सम्म
- परासी सडक खण्ड
- परासीदेखि त्रिवेणी सडक खण्ड
- बैकुण्ठपुर चोकदेखि वडा नं. १२ महामाया चोकसम्म
- कसिया शसस्त्र क्याम्पदेखि थामचोकसम्म
- पचगावा देखि कुनवारसम्म
- अमहादेखि सुर्कोलीसम्म
- बासादेखि महेश्वर पुरसम्म
- धरमपुरदेखि महेशपुरसम्म
- धरमपुरदेखि ज्यामिरेसम्म
- धरमपुरदेखि भैरहवासम्म
- धरमपुरदेखि बुटवलसम्म

नगरपालिकामा हाल परासी बसपार्क र मंगलबारे बजारमा मात्र दुईवटा वसपार्कहरू सञ्चालित छन् । सार्वजनिक यातायातलाई सहज, सुरक्षित र भरपर्दो बनाउन थप नयाँ बसपार्क बनाउन आवश्यक देखिन्छ ।

त्यसैगरी वडा नं १ को सन्डा र सव टिकरमा, वडा नं १२ को शान्तिचौर, वडा नं १४ को अहिरौली, पर्सावल र पत्थर देवा लगायतका ठाउँहरूमा तथा बजार केन्द्रहरूमा यात्रु प्रतिक्षालय र सार्वजनिक शौचालय रहेका छन् ।

यसका साथै यातायात सञ्चालन हुने विभिन्न स्थानहरूमा क्रमशः प्रतिक्षालय, यात्रु विश्रामस्थल, सार्वजनिक शौचालयको निर्माण गर्नुपर्ने देखिन्छ । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलदेखि नजिकै अवस्थित रहेका कारण हवाइ यातायातको थप आवश्यकता नभएतापनि आकस्मिक उद्धार तथा औषधोपचारका लागि प्रत्येक वडाका कम्तिमा एक उपयुक्त स्थानमा हेलीप्याडहरूको निर्माण गर्नुपर्ने देखिन्छ । मुख्य सडकहरूको निर्माण गर्दा अनिवार्य फुटपाथ निर्माण गर्ने र सम्भाव्यता तथा आवश्यकताका आधारमा साइकल लेनको समेत निर्माण गर्नुपर्दछ । । सार्वजनिक यातायातको रुट तय गर्दा निम्न विषयमा ध्यान पुऱ्याउनु पर्दछ ।

- ✓ विभिन्न रुटमा चल्ने सार्वजनिक सवारी साधनहरूको प्रकार (जस्तैः बस, मिनीबस, जीप, माइक्रोवस, विद्युतीय रिक्सा आदि) अनुसारका छुट्टाछुट्टै रुटहरू कायम गर्ने
- ✓ रुटको बीच बीचमा आवश्यक बस स्टप, रिफ्रेसिङ सेन्टर, सार्वजनिक शौचालय, सव वे, यात्रु प्रतिक्षालयहरू निर्माण गर्ने
- ✓ सामान्यतया प्रत्येक २ कि.मि. पछि बसस्टप राख्दा उपयुक्त हुने भएतापनि स्थानीय आवश्यकता अनुसार बसस्टप तथा यात्रु प्रतिक्षालयहरूको उपलब्धता भएको हुनुपर्ने
- ✓ रुट सुरु हुने र अन्त्य हुने स्थानहरूमा बस टर्मिनल तथा पार्कहरूको उपलब्धता हुनुपर्ने
- ✓ सबै सडकहरूमा सडक जानकारी, सङ्केतहरू र माइलस्टोनहरूको व्यवस्था गर्नुपर्ने
- ✓ आवश्यकता अनुसार ट्राफिक प्रहरी युनिटहरूको व्यवस्था गर्नुपर्ने
- ✓ सडकको जोखिम क्षेत्रहरू तथा सडकको अवस्थाका बारे डिजिटल डिस्प्लेको व्यवस्था गर्नुपर्ने

रामग्राम नगरपालिका लुम्बिनी प्रदेश को प्रमुख औद्योगिक तथा व्यावसायिक शहरहरू बुटवल, भैरहवा, सुनवल लगायतका शहरहरूसँग जोडिएको भएतापनि यो नगरपालिकालाई राजमार्ग तथा ती शहरकेन्द्रहरूसँग जोड्ने रणनैतिक सडकहरूको गुणस्तर कमजोर छ । यी रणनैतिक सडकहरूको स्तरोन्नतिलाई प्राथमिकतामा राखेर नगरपालिका सडक यातायात गुरुयोजनाले तय गरेका सडकहरूको प्राथमिकताका आधारमा स्तरोन्नति गर्नु श्रेयष्कर देखिन्छ ।

## १. SWOT विश्लेषण

| सबल पक्षहरू |
|---|
| ✓ नगरपालिकाका सम्पूर्ण वडाहरूलाई सडक सञ्जालले छोएको |
| ✓ समथर भू-बनावट भएकोले सडक यातायात विस्तार गर्न सहज हुने |
| ✓ सडक फराकिलो पार्ने र स्तरोन्नति गर्ने कार्यको प्रारम्भ भएको |
| ✓ नगरपालिकाभित्रका धार्मिक स्थल, विद्यालय तथा पर्यटकीय स्थल जोड्ने सडकहरूको स्तरोन्नति भइरहेको |

| सबल पक्षहरू |
| --- |
| ✓ लोकप्रिय सिटी रिक्साको व्यापक प्रयोगले नगरपालिकावासीको आवागमनलाई सहज बनाएको |
| ✓ नगरपालिका केन्द्र रामग्राम बजार पूर्व पश्चिम राजमार्गबाट ५ कि.मि.को दुरीमा रहेको |
| ✓ हुलाकी राजमार्ग र अन्य जिल्लास्तरीय रणनैतिक सडकहरूले जोडेका कारण नगरपालिकामा राम्रो सडक सञ्जाल विस्तार भएको |
| ✓ जिल्ला सदरमुकाम परासी बजार तथा वरिपरिका गाउँपालिका, नगरपालिका सडक सञ्जालले जोडिएका |
| ✓ कच्ची अवस्थामै भएपनि नगरपालिका क्षेत्रमा सडक सञ्जालको विकास भएको |
| ✓ नन्दन कृषि सडक (वडा नं. १६), कर्मैनी कृषि सडक (वडा नं. ९) लगायतका कृषि सडकहरु रहेको |
| ✓ कतिपय सडकहरु ग्राभेल तथा पक्की भएका |
| ✓ कच्ची अवस्थाकै भएपनि वडा नं. ४ मा परासी बसपार्क र वडा नं. १८ मा मङ्गलबारे बसपार्क रहेका |
| ✓ नगरपालिका क्षेत्रमा केही ट्राफिक बिटहरु रहेका |
| ✓ सबै वडाका सबै बस्तीहरुमा मौसमी ग्रामीण सडकको उपलब्धता रहेको |

| दुर्बल पक्षहरू |
| --- |
| ✓ नगरपालिकाभित्रका अधिकांश सडकहरू ग्रामीण सडकको रुपमा ग्राभेल अथवा कच्ची अवस्थामा रहेका |
| ✓ अधिकांश सडकहरू पर्याप्त चौडाइको अभावमा साँघुरो अवस्थामा रहेका |
| ✓ समथर भू-बनौटका कारण वर्षायाममा कच्ची अवस्थाका सडक डुबान र कटानको समस्यामा पर्ने जोखिम |
| ✓ कच्ची सडकका कारण सार्वजनिक गाडीको सङ्ख्या र रुटको कमी रहेको |
| ✓ साँघुरा सडकका कारण दुर्घटनाको जोखिम उच्च रहेको |
| ✓ आवश्यक स्थानमा पुल, कल्भर्ट र नाली निर्माण नभएको |
| ✓ सडकको स्तरोन्नति नभएका कारण उद्योगधन्दा, कृषि, बन्द व्यापार, पर्यटन लगायतका क्षेत्रहरूको यथोचित विकास हुन नसकेको |
| ✓ सडक पूर्वाधारको विकास गर्दा योजनाबद्ध ढङ्गले काम नभएको |
| ✓ वर्षात्को पानीको सहज निकासको अभावमा डुबानका कारण सडक कालोपत्रे गर्ने चुनौती रहेको |
| ✓ सडकमा गाई वस्तु बाँध्ने समस्याका कारण दुर्घटनाको जोखिम बढेको |
| ✓ यात्रु प्रतिक्षालयहरु जीर्ण अवस्था तथा न्यून सङ्ख्यामा रहेका |
| ✓ अधिकांश सडकहरु ग्रामीण सडककोरुपमा कच्ची अवस्थामा रहेका |
| ✓ वर्षामा हिलाम्य हुने सडकहरू अन्य समयमा धुलाम्य हुँदा सडक वरपर वायु प्रदुषण वृद्धि र फोहर हुने गरेको |
| ✓ नगरपालिका स्तरीय चक्रपथ नभएको |

| दुर्बल पक्षहरू |
| --- |
| ✓ सडकको स्थिति कमजोर हुँदा अन्य गतिविधिहरू जस्तै उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय, पर्यटन, कृषि जस्ता क्षेत्रहरू चलायमान हुन नसकेको |
| ✓ मापदण्ड अनुसारका चौडाइ भएका सडकहरू नरहेको |
| ✓ धेरै स्थानहरूमा थप सडक बिस्तार एवम् भएका सडकहरुको स्तरोन्नति गर्नुपर्ने स्थिति रहेको |
| ✓ आवश्यक सम्पूर्ण स्थानमा कल्भर्ट र पुल निर्माण हुन नसकेको |

| सम्भावना र अवसरहरू |
| --- |
| ✓ विभिन्न बजार केन्द्रहरुमा सडक सौर्य बत्ती जडान गरी उज्यालो नगरपालिका बनाउन सकिने |
| ✓ ट्राफिक युनिटहरु स्थापना गरी सडक यातायातलाई व्यवस्थित बनाउन सकिने |
| ✓ यो नगरपालिकादेखि पूर्वपश्चिम राजमार्ग जोड्ने तथा जिल्ला सदरमुकाम परासी जोड्ने सडकहरु स्तरोन्ती गरी पहुँच बढाउन सकिने |
| ✓ सडक सञ्जालको पूर्ण विकास हुँदा नगरपालिकामा कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना रहेको |
| ✓ सबै वडाहरु जोड्ने चक्रपथ निर्माण गरी जिल्ला सदरमुकाम परासी र अन्य गाउँपालिका, नगरपालिकासँग सहज पहुँच पुऱ्याउन सकिने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ थुप्रै सडकहरू कच्ची अवस्थामा रहेका कारण स्तरोन्नतिका लागि प्रशस्त बजेटको व्यवस्था गर्नुपर्ने |
| ✓ सञ्चालनमा आएका सडकहरुमा ढल तथा नाली व्यवस्थापन गर्नुपर्ने |
| ✓ नगरपालिका क्षेत्रभित्र आधुनिक बसपार्क निर्माण गर्नुपर्ने |
| ✓ नगरपालिकाबासीहरुको आवागमनलाई सहज हुने गरी विभिन्न रुट निर्धारण गरी नगर बस सेवा सञ्चालन गर्नुपर्ने |
| ✓ धेरै संख्यामा यात्रु प्रतिक्षालयहरु निर्माण गर्नुपर्ने |
| ✓ सडक नपुगेका टोल एवम् बस्तीहरुमा नयाँ ट्र्याक खोल्नुपर्ने |
| ✓ सडक स्तरोन्नति गर्न ठुलो आकारको बजेट आवश्यक पर्ने |
| ✓ कच्ची सडकका कारण धुलोको प्रदुषण वृद्धि भई जनस्वास्थ्य र सरसफाइमा नकारात्मक प्रभाव परेको |
| ✓ सडकको Right of Way कडाइका साथ कायम गराउनु पर्ने |
| ✓ आवश्यकता र प्राथमिकताका आधारमा पक्की तथा कल्भर्ट पुल बनाउनु पर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

| सोच |
| --- |
| नगरपालिकालाई सडक तथा यातायातका दृष्टिले पूर्ण पूर्वाधारयुक्त नगरपालिका बनाउने |
| **लक्ष्य** |
| नगरपालिका भित्रको सडक तथा यातायात आवागमनलाई सुरक्षित, सहज र भरपर्दो बनाउने |

## उद्देश्यहरू

- ✓ दिगो, सहज पहुँच र पूर्ण पूर्वाधारयुक्त नगरपालिका निर्माण गरी नगरपालिकावासीको भौतिक जीवनस्तरमा व्यापक सकारात्मक सुधार ल्याउने,
- ✓ "**रामग्रामको आवश्यकता स्तरीय पूर्वाधार- हामी बनाउँछौं समृद्धिको आधार**" कार्यक्रमलाई अभियानको रूपमा विकास गर्ने
- ✓ पूर्ण सडक तथा यातायात पूर्वाधारयुक्त नगरपालिका निर्माण गरी नगरपालिकाबासीको जीवनस्तरमा सकारात्मक सुधार ल्याउने
- ✓ सडकको स्तरोन्नति, विकास र बिस्तार गरी सहज, भरपर्दो र सुरक्षित आवागमनको व्यवस्था मिलाउने
- ✓ नगरपालिकाको समग्र विकासका लागि लाइफलाइन सडकको पहिचान गरी तिनीहरूलाई पहिलो प्राथमिकतामा राखी विकास गर्ने
- ✓ सबै वडा कार्यालयदेखि नगरपालिका केन्द्रसम्मको सडकलाई प्राथमिकतामा राखी पक्की गर्ने
- ✓ नगरपालिकाका सबै वडा, बस्ती, विद्यालय, अस्पताल, धार्मिक तथा पर्यटकीय क्षेत्र, प्रस्तावित आर्थिक क्षेत्र समेतलाई सहज र भरपर्दो सडक सञ्जालले जोड्नका लागि नगरपालिका यातायात गुरुयोजना निर्माण गरी त्यसै अनुसार प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने
- ✓ नगरपालिकाको सडक सञ्जाललाई राष्ट्रिय राजमार्ग प्रणालीमा सहज रूपमा जोड्ने गरी विकास गर्न विद्यमान सडकहरूको स्तरोन्नति गर्ने र आवश्यकताका आधारमा नयाँ सडकहरूको निर्माण गर्ने
- ✓ नगरपालिकामा माग भए बमोजिमको यातायात सेवा प्रदान गर्न सार्वजनिक यातायातलाई सहज, जिम्मेवार, भरपर्दो र सुविधा सम्पन्न बनाउन हाल सञ्चालन भइरहेका रुटहरूलाई व्यवस्थित गरी आवश्यकताअनुसार नयाँ यातायात रुट निर्धारण गरी निजी क्षेत्रसँग साझेदारी गर्ने साथै आवश्यकता अनुसार नगरपालिकाले समेत लगानी गर्ने

## रणनीतिहरू

- ✓ निर्माण योजनामा रहेका सडकको यथाशिघ्र निर्माण सम्पन्न गरी सञ्चालन गर्न ठेकेदारलाई प्रोत्साहन तथा दण्डको व्यवस्था कडा रूपमा गर्ने
- ✓ हाल सञ्चालनमा रहेका प्रमुख सडकहरूको पहिलो प्राथमिकता तोकि स्तरोन्नति, बिस्तार र कालोपत्रे वा पक्की गर्ने
- ✓ सडक यातायात गुरुयोजना निर्माण गरी यसले तय गरेका नयाँ रूटहरूको ट्र्याक खोल्ने
- ✓ नयाँ ट्र्याक खुलेका रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी प्राथमिकताका आधारमा निर्माण गर्ने
- ✓ सम्पूर्ण वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य-मुख्य सडकहरूलाई उच्च प्राथमिकतामा राखी शिघ्र स्तरोन्नति तथा कालोपत्रे वा पक्की गर्ने
- ✓ प्रस्तावित औद्योगिक, व्यावसायिक तथा कृषि क्षेत्रहरूको यकिन गरी ती स्थानहरूलाई जोड्ने सुविधासम्पन्न सडकको निर्माण गर्ने
- ✓ भवन निर्माण मापदण्डअनुरूप सम्पूर्ण सडकको RoW (Right of Way) कायम गर्न स्थानीयवासीहरूलाई सहमत गराउने
- ✓ प्रत्येक धार्मिक तथा पर्यटकीय क्षेत्रमा पुग्ने सडक निर्माणलाई उच्च प्राथमिकता दिने

- ✓ आवश्यकता हेरी थप सडकका नयाँ ट्र्याक खोल्ने र यसो गर्दा वस्तीको सघनताका आधारमा मात्र गर्ने
- ✓ रुटमा चल्ने सवारी साधनहरूको प्रकार (जस्तै बस, मिनीबस, जीप, माइक्रोवस आदि) अनुसारका रुटहरू तय गर्न यातायात व्यवसायीहरू तथा निजी क्षेत्रसँग अर्न्तकृया गर्ने
- ✓ रुटको बीच बीचमा आवश्यक बस स्टप, रिफ्रेसिङ सेन्टर, सार्वजनिक शौचालय, बस बे यात्रु प्रतिक्षालयहरू सामान्यतया प्रत्येक २ कि.मि. पछि बसस्टप राख्दा हुने भएतापनि स्थानीय आवश्यकताअनुसार निर्धारण गर्ने
- ✓ रुट सुरु हुने र अन्त्य हुने स्थानहरूमा बस टर्मिनलहरू तथा सूचना कक्षहको निर्माण गर्ने
- ✓ मुख्य सडकहरूमा सडक संकेत र माइलस्टोनहरूको व्यवस्था गर्ने
- ✓ आवश्यकताअनुसार ट्राफिक प्रहरी युनिटहरूको व्यवस्था गर्ने
- ✓ सडकको जोखिम क्षेत्रहरू तथा सडकको अवस्था बारे डिजिटल डिस्प्लेको व्यवस्था गर्ने

## ३. सडक तथा यातायात विकास योजनाको Logical Framework Approach (LFA)

कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) सडक** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ सबै सडकहरूका आवश्यक स्थानहरूमा कल्भर्ट र पुलहरूको निर्माण गर्न डि.पि.आर तयार पारी निर्माण गर्ने | ५० | नगरपालिका | प्रदेश सरकार संघीय सरकार | नगरपालिका |
| ▪ सबै वडाकेन्द्रहरुलाई नगरपालिका केन्द्रसम्म जोड्ने सडकलाई स्तरोन्नति र पक्की तथा कालोपत्रे गर्ने | १०,००० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ प्रत्येक वडाको एक टोलदेखि अर्को टोल जोड्ने सहायक सडकहरूको कम्तीमा २५ प्रतिशत सडकहरू अनिवार्य रूपमा जैविक इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी निर्माण गर्न डि.पि.आर गर्ने | २,००० | नगरपालिका | प्रदेश सरकार संघीय सरकार | नगरपालिका |
| ▪ सम्पूर्ण प्राथमिकता प्राप्त सडकको दायाँ बायाँ खाली रहेका जग्गाहरुमा हरित क्षेत्र विकास गर्न डि.पि.आर तयार पार्ने | १० | नगरपालिका | प्रदेश तथा संघीय सरकार | प्रदेश तथा संघीय सरकार |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **२०६०** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने सडक विस्तार गर्ने कार्यलाई पहिलो प्राथमिकता दिई सम्पन्न गर्ने | १०,००० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| ▪ नगरपालिका भित्रका मुख्य बजार केन्द्रहरूलाई एक आपसमा जोड्ने सडकहरूलाई तेस्रो प्राथमिकता दिई स्तरोन्नती र कालोपत्रे गर्ने | ७,५०० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ नगरपालिकाद्वारा पहिचान भएका सम्पूर्ण कृषि सडकहरूलाई चौथो प्राथमिकता दिई स्तरोन्नती र कालो पत्रे गर्ने | २,५०० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ प्रत्येक वडाको एक टोलदेखि अर्को टोल जोड्ने सहायक सडकहरूको कम्तीमा २५ प्रतिशत सडकहरू अनिवार्य रूपमा जैविक इन्जिनियरिङ प्रविधिको प्रयोग गरी निर्माण गर्न प्रारम्भिक सर्वे गर्ने | २० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ सबै सडकहरूका आवश्यक स्थानहरूमा पुलहरूको निर्माण गर्ने | ३,००० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ सुविधासम्पन्न नगरपालिका चक्रपथ निर्माण गर्ने | १०,००० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **सडकको जम्मा बजेट** | | | | |
| **(आ) यातायात** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ सार्वजनिक यातायातलाई सहज, व्यवस्थित र सबै नागरिकको पहुँचमा पुऱ्याउनका लागि नगरपालिकाका प्रमुख बस्तीदेखि नगरपालिका केन्द्र, जिल्ला सदरमुकाम लगायत अन्य शहरहरूसम्म जोड्ने यातायातका रुटहरू तय गर्ने | २० | नगरपालिका | यातायात व्यवसायी/ निजी क्षेत्र | यातायात व्यवसायी उद्योग वाणिज्य संघ |
| ▪ सडक तथा यातायातको अवस्था स्पष्ट हुने गरी नगरपालिकाका विभिन्न सार्वजनिक स्थान अर्थात् प्रस्थान विन्दुहरूमा डिजिटल डिस्प्ले जडान गर्ने | १० | नगरपालिका | यातायात व्यवसायी/ निजी क्षेत्र | नगरपालिका/यातायात व्यवसायी संघ |
| ▪ नगरपालिका भित्र हाल सञ्चालनमा रहेका प्रमुख यातायातका रुटहरूमा आवश्यक सम्पूर्ण Road Furniture को निर्माण गर्ने | ५० | नगरपालिका | यातायात व्यवसायी/ निजी क्षेत्र | नगरपालिका/यातायात व्यवसायी संघ |

| | | | | |
|---|---|---|---|---|
| ▪ नगरपालिका भित्र हाल सञ्चालनमा रहेका यातायातका प्रमुख रुटहरूमा आवश्यक सार्वजनिक शौचालयहरूको सर्वे तथा डिपीआर गर्ने | १० | नगरपालिका | यातायात व्यवसायी उद्योग वाणिज्य संघ | यातायात व्यवसायी उद्योग वाणिज्य संघ |
| ▪ नगरपालिका भित्र हाल सञ्चालनमा रहेका यातायातका रुटहरूमा आवश्यक बस बिसौनी तथा प्रतिक्षालय (यात्रु चढ्ने र ओराल्ने) को सर्वे तथा डि.पी.आर. गर्ने | १० | नगरपालिका | जिल्ला ट्राफिक कार्यालय | जिल्ला ट्राफिक कार्यालय |
| ▪ नगरपालिकामा आवश्यकताको आधारमा विभिन्न स्थानमा ट्राफिक युनिट स्थापना गर्ने | १०० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ नगरपालिकाका व्यस्त बजार क्षेत्र, बसपार्क तथा सडकहरूका विभिन्न स्थानहरूमा आवश्यकताका आधारमा यात्रुका लागि सहज, अपाङ्ग लैङ्गिकमैत्री प्रतिक्षालय, स्नानघर साथै यात्रुलाई चाहिने सूचना, जानकारी सहित सहयोग कक्षहरूको निर्माण गर्न आवश्यक सर्वे गर्ने | १० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **२१०** | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | नगरपालिका | | |
| ▪ हाल सञ्चालनमा रहेका प्रमुख सार्वजनिक यातायातका रुटहरूमा आवश्यक सङ्ख्यामा बस स्टप, यात्रु प्रतिक्षालय, सार्वजनिक शौचालय, सडक सङ्केत र माइलस्टोनको निर्माण गर्ने | ५०० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार, यातायात व्यवसायी | नगरपालिका , यातायात व्यवसायी |
| ▪ नगरपालिका भित्र हाल सञ्चालनमा रहेका यातायातका रुटहरूमा आवश्यक बस बिसौनी तथा प्रतिक्षालय (यात्रु चढ्ने र ओराल्ने) को निर्माण गर्ने | ५०० | नगरपालिका | स्थानीय क्लवहरू | स्थानीय क्लवहरू |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **१०००** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | नगरपालिका | | |
| ▪ अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन हिसाबले यात्रुको चापलाई मध्यनजर गर्दै सार्वजनिक यातायातका विभिन्न नयाँ रुटको अध्ययन | ५ | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका यातायात व्यवसायी |

| | | | | |
|---|---|---|---|---|
| गरी विस्तृत प्रतिवेदन तयार पार्ने र सोही अनुसार नयाँ रुटहरू सञ्चालन गर्ने । | | | यातायात व्यवसायी | |
| ▪ सवारी साधनको सङ्ख्या बढाउन र सार्वजनिक यातायातलाई नियमित र भरपर्दो बनाउन यातायात व्यवसायी तथा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक परेमा नगरपालिकाले समेत लगानी गर्ने | २०० | | | |
| ▪ नगरपालिका भित्र हाल सञ्चालनमा रहेका यातायातका प्रमुख रुटहरूमा आवश्यक सार्वजनिक शौचालयहरूको निर्माण गर्ने | १०/युनिट | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **यातायातको जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- नगरपालिकाका समग्र बस्तीहरू जोड्ने पक्की तथा कालोपत्रे सडक सञ्जालको विकास भएको हुनेछ ।
- समग्र नगरपालिकाका सडकहरूको स्तरोन्नति भई नगरपालिका सहज ढङ्गले राष्ट्रिय राजमार्ग प्रणालीमा जोडिएको हुनेछ ।
- नगरपालिकाका सबै वडाहरू पक्की सडकसहित राष्ट्रिय तथा जिल्लास्तरीय सडक सञ्जालमा जोडिएका हुनेछन् ।
- रामग्राम चक्रपथ निर्माण सम्पन्न भई सञ्चालन भएको हुनेछ ।
- नगरपालिका पूर्व पश्चिम राजमार्गसँग सहजरूपमा जडिएको हुनेछ ।
- सार्वजनिक यातायातको सहज व्यवस्थापन र नियमित आवागमन भएको हुनेछ ।
- सम्पूर्ण बस्तीलाई सहज हुने गरी सार्वजनिक यातायातको रुट तय भई यातायात सञ्चालन भएको हुनेछ ।
- सबै रुटहरूमा सार्वजनिक सवारी साधनहरूको पर्याप्तता भएको हुनेछ ।
- सबै सडकका आवश्यक स्थानमा पुल, कल्भर्ट तथा रिटेनिङ् वालहरूको निर्माण भएको हुनेछ ।
- सार्वजनिक यातायात सुरक्षित र न्यून जोखिमयुक्त भएको हुनेछ ।
- नगरपालिकाका सबै स्थानहरूमा आवश्यक मात्रामा बसपार्क, बसस्टप, बसवे, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालयहरूको व्यवस्था भएको हुनेछ ।
- विद्युतीय सवारी साधनहरू सञ्चालनमा आई वातावरणीय संरक्षणमा टेवा पुग्नका साथै विदेशी मुद्रा सञ्चिती तथा व्यापार घाटा कम गर्न योगदान पुग्नेछ ।
- नगरपालिका भित्र आवास क्षेत्र, कषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यावसायिक क्षेत्र, रङ्गशाला, खेलकुद, मनोरञ्जन पार्क, पिकनिक स्थल, फूलबारी, योगा तथा ध्यान केन्द्र, पुस्तकालय लगायतका संरचना आदिका लागि आवश्यक जमिनको व्यवस्थापन गरी पूर्वाधार विकासको सम्पूर्ण काम सम्पन्न भइसकेको हुनेछ ।
- नगरपालिकाका सम्पूर्ण सडक सञ्जालमा आवश्यक ढल, नाला निर्माण तथा व्यवस्थापन भएको हुनेछ ।

### सूचकहरू

| सडक तथा यातायातका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ कालोपत्रे वा पक्की सडकमा सिधा पहुँचभएका घरधुरी (प्रतिशत) | ४०.८० प्रतिशत | | | |
| ▪ नगरपालिका राष्ट्रिय राजमार्ग प्रणालीमा वैकल्पिक सडकहरू तथा विस्तारित कालोपत्रे सडक | | | | |
| ▪ सार्वजनिक यातायातका मुख्य बस्ती जोड्ने रुट तयार भैसकेको र यातायात संचालन सुरु भएको | | | | |
| ▪ प्रत्येक सार्वजनिक यातायातका रुटहरूमा सवारी साधनको पर्याप्तता भएको | | | | |
| ▪ सडक यातायात गुरुयोजनाले प्राथमिकतामा राखेका सडकहरूमा नाला निर्माण ( प्रतिशत) | | | | |
| ▪ वडाले प्राथमिकता तोकेका पुल तथा कल्भर्ट निर्माण (प्रतिशत) | | | | |
| ▪ सार्वजनिक यातायातका सम्पूर्ण बस्ती जोड्ने रुटहरू संचालनमा आएका | | | | |
| ▪ ३० मिनेटसम्मको दुरीमा सार्वजनिक यातायातको पहुँच भएका घरधुरी संख्या ( प्रतिशतमा) | | | | |
| ▪ ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका घरधुरी संख्या (प्रतिशतमा) (प.दि.वि.ल. १.४.१) | | | | |
| ▪ बाह्रै महिना सञ्चालन योग्य सडकबाट २ कि.मी.को दुरी भित्र बसोबास गर्ने घरपरिवारको संख्या (प्रतिशत) (प.दि.वि.ल. ९.१.१) | | | | |
| ▪ सडक घनत्व (कि.मी./प्रति वर्ग कि.मी.) (प.दि.वि.ल. ९.१.२) | | | | |
| ▪ आफ्नै निजी सवारी साधनमध्ये साइकल भएको घरधुरी संख्या (प्रतिशत) | १८.७८ प्रतिशत | | | |
| ▪ आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएका घरधुरी संख्या (प्रतिशत) | ८.३२ प्रतिशत | | | |
| ▪ आफ्नै निजी सवारी साधन मध्ये कार, जीप, भ्यान भएका घरधुरी संख्या (प्रतिशत) | ०.३२ प्रतिशत | | | |
| ▪ सार्वजनिक यातायातमा २ कि.मी.को पैदलयात्रा पछि पहुँच भएको घरपरिवार संख्या | | | | |

## प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- सडक यातायात पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै आर्थिक गतिविधि, व्यापार तथा वाणिज्यमा वृद्धि, पर्यटक आवागमनमा वृद्धि, रोजगारी श्रृजना, वातावरण संरक्षण, संस्थागत विकास र मानव जीवनमा आएको गुणस्तरीय परिवर्तनहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

## ५.३.४ पिउने पानीको विद्यमान वस्तुगत अवस्था

नेपालको संविधानले पिउने पानीलाई मौलिक हकमा उल्लेख गरेको भएतापनि रामग्राम नगरपालिकामा पिउने पानीको अवस्था सन्तोषजनक छैन । अधिकांश बासिन्दाहरूको पिउने पानीको प्रमुख स्रोत हाते पम्प (नल) हो । हाते पम्प (नल) को पानी आर्सेनिकयुक्त तथा दुषित हुन सक्ने भए पनि यसको उचित परीक्षण तथा व्यवस्थापन हुन सकेको छैन । सफा, स्वच्छ र सुरक्षित पिउने पानीको अभावमा यहाँका वासिन्दाहरू विभिन्न रोगबाट ग्रसित हुन्छन् । खासगरी बर्षायाममा पानीका स्रोतहरू दुषित हुने हुनाले मानिसहरूमा झाडापखाला, टाइफाइड, आउँ, हैजा जस्ता विभिन्न प्रकारका सरुवा रोगको प्रकोप बढ्दछ । पानीका स्रोतहरूको उचित संरक्षण र व्यवस्थापन हुन सकेमा यहाँ पिउने पानीको ठूलो समस्या हुने देखिँदैन । त्यसकारण पिउने पानीलाई प्रमुख प्राथमिकतामा राखी योजनाबद्ध रूपमा पिउने पानीका आयोजनाहरू निर्माण गरी कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ । प्रतिव्यक्ति पिउने पानीको आवश्यकतालाई निम्नानुसार उल्लेख गरिएको छ ।

**Water Supply Requirements**

Asuming,

Exiting Water Supply = 1.2 MLD

Required Water Supply for Project Population =2.0 MLD

Unit = 2.0-1.2= 0.8 MLD

Minimum Requirement (Per Person Per Day) = 100 lit.

हाल नगरपालिकामा विभिन्न खानेपानी आयोजनाहरू सञ्चालित भएका भए तापनि तिनीहरूको नियमित मर्मत सम्भार हुन सकेको छैन ।

प्रतिव्यक्ति पिउने पानीको आवश्यकतालाई मध्यनजर गर्दा यो नगरपालिकामा दैनिक लगभग ७५ लाख लिटर पानीको आवश्यकता छ। तर हाल यो नगरपालिकामा आवश्यकता अनुसार शुद्ध पिउने पानी आपूर्ति हुन सकेको छैन । यहाँको पानीको प्रमुख स्रोत भनेकै भूमिगत पानी भएता पनि उचित पूर्वाधार र व्यवस्थापनको अभावमा यहाँका अधिकांश बासिन्दाहरू स्वच्छ पिउने पानी पाउनबाट वञ्चित छन् । नगरपालिकाले सबै वडाका विभिन्न स्थानहरूमा आवश्यकताका आधारमा ओभरहेड ट्याङ्की निर्माण गरी भूमिगत पानीको सङ्कलन गरी घरघरमा शुद्ध पिउने पानीको सहज आपूर्ति गर्नुपर्ने देखिन्छ ।

### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | पिउने पानी |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ नगरपालिका क्षेत्रमा प्रशस्त मात्रामा भूमिगत जलश्रोत रहेको | |
| ✓ केही उल्लेख्य खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका | |
| ✓ वडा नं. १ मा नेपाल सरकार खानेपानी संस्थानले सञ्चालन गरेको आयोजनाबाट ५०० घरधुरी लाभान्वित भएका | |
| ✓ पोखरापाली खानेपानी आयोजना (वडा नं. ६), सुक्रौली खानेपानी आयोजना (वडा नं. १५-१६), पट्खौली खानेपानी (वडा नं. १७) लगायतका खानेपानीका आयोजनाहरु सञ्चालनमा रहेका | |

| दुर्बल पक्षहरू |
| --- |
| ✓ भूमिगत पानीको प्रशस्त स्रोत भएतापनि पिउने पानीको समस्या रहेको |
| ✓ पानीका यी प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको |
| ✓ फोहोर व्यवस्थापन योजना नभएको |
| ✓ कतिपय खानेपानी आयोजनाहरु जिर्ण अवस्थामा रहेका |
| ✓ खानेपानीका पाइप यत्रतत्र छरिँदा बस्तीको सौन्दर्यमा नकारात्मक असर परेको |
| ✓ खानेपानीका पाइपहरु फुट्दै गएका |
| ✓ अधिकांश वडाहरूमा हाते पम्पको प्रयोग हुने गरेको |
| ✓ नगरपालिका भित्र आर्सेनिक युक्त पानी हुने गरेको |
| ✓ पानी शुद्धिकरण नगरिकन सेवन गर्ने गरेको |
| ✓ दुषित पानीले धेरै मौसमी रोगको समस्या बढ्दो |
| ✓ पिउनेपानी आयोजनाहरू, स्रोत एवम् सामग्रीको नियमित मर्मत सम्भार नभएको |
| **सम्भावना र अवसरहरू** |
| ✓ भूमिगत जलस्रोतका हिसाबले समृद्ध रामग्राम नगरपालिकामा पानीका स्रोत संरक्षण गरी दिगो रूपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने |
| ✓ नगरपालिकाले सम्पूर्ण वडाहरुमा पानी परीक्षण प्रविधि विस्तार गर्न सक्ने |
| ✓ टुक्रे योजनाको साटो एकीकृत खानेपानी आयोजना सञ्चालन गर्न सकिने |
| ✓ पिउने पानीको गुणस्तर मापन गर्ने प्रयोगशाला सञ्चालन गरी सुरक्षित पिउने पानी प्रदान गर्न सकिने |
| ✓ पिउने पानीको व्यवस्थित वितरण प्रणाली विकास गर्न एकीकृत आयोजना सञ्चालन गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ जलस्रोत संरक्षण सम्बन्धी ठोस कार्यक्रम निर्माण नहुँदा पानीका स्रोतहरू सुक्ने वा खेर जाने जोखिम रहेको |
| ✓ विभिन्न वडा तथा वस्तीहरुमा खानेपानीका ट्याङ्कीहरु राख्नुपर्ने |
| ✓ फोहोर व्यवस्थापनका लागि व्यवस्थित योजना निर्माण गर्नुपर्ने |
| ✓ जीर्ण अवस्थामा रहेका खानेपानी आयोजनाहरुको स्तरोन्नति गर्नुपर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

| सोच |
| --- |
| नगरपालिकालाई दिगो जलश्रोत व्यवस्थापनको नमूना क्षेत्रको रूपमा विकास गर्ने |

| लक्ष्य |
| --- |
| उपलब्ध जलश्रोतको संरक्षणमार्फत जल पर्यावरणीय प्रणालीलाई सन्तुलनमा राख्ने |

## उद्देश्यहरू

- ✓ जलश्रोतको दिगो व्यवस्थापनमार्फत भावी पुस्तालाई पानीका मुहानहरू सुरक्षित राख्ने
- ✓ सबै नगरबासीहरूलाई घरघरमा सफा र सुरक्षित पिउने पानीको प्रबन्ध गर्ने
- ✓ "एक घर एक धारा अभियान" कार्यान्वयन गर्ने
- ✓ नगरपालिकाभर रहेका सिमसार क्षेत्रहरूको संरक्षण गरी जलश्रोतमा आत्मनिर्भर बनाउने

## रणनीतिहरू

- ✓ स्थानीय जनसहभागितामा नगरपालिकामा उपलब्ध सम्पूर्ण पानीका मुहानहरू संरक्षण गर्न सामुदायिक स्तरमा संयन्त्रण निर्माण गर्ने
- ✓ नगरबासीलाई घरघरमा सफा र सुरक्षित पिउने पानीको प्रबन्ध गर्न खानेपानी आयोजनाको डि.पि.आर गरी प्रदेश र केन्द्र सरकारसँग समन्वय गर्ने
- ✓ खानेपानीका श्रोतहरूको संरक्षण गर्न हरित क्षेत्र संरक्षण तथा विस्तार गर्नसमुदाय स्तरमा कार्यक्रमहरू सञ्चालन गर्ने

## ३. खानेपानी विकास योजनाको Logical Framework Approach (LFA)

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) पिउने पानी** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकाभर पिउने पानीको पहुँच नपुगेको घरपरिवारको तथ्याङ्क तयार पार्ने | ५ | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ नगरपालिकाभर रहेका सम्पूर्ण पानीका स्रोतहरूको Profile तयार गर्ने | १० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ "एक घर एक धारा" अभियान सम्पन्न गर्न नगरपालिकाभर थप सम्पन्न गर्नुपर्ने खानेपानी आयोजनाको विस्तृत परियोजना प्रतिवदेन तयार पार्ने | १० | नगरपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| ▪ नगरपालिकालाई आगामी १५ वर्षका लागि आवश्यक पर्ने खानेपानी आयोजनाहरूको अध्ययन गरी आपूर्ति व्यवस्था मिलाउन प्राथमिकताका आधारमा विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने | २० | नगरपालिका | परामर्शदाता | आन्तरिक राजश्व |
| ▪ "एक घर एक धारा" अभियान सम्पन्न गर्न नगरपालिकाभर थप सम्पन्न गर्नुपर्ने खानेपानी आयोजनाको प्राथमिकिकरण गरी निर्माण गर्ने | ५,०१० | नगरपालिका | वडा कार्यालय, स्वास्थ्य समिति तथा शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| ▪ प्रत्येक घरमा पुग्ने पिउनेपानीको स्वच्छता कायम गर्न आपूर्ति प्रणालीमा प्रभावकारी शुद्धिकरण विधिको प्रयोग गर्ने | ५० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **५१०५** | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकाभर सञ्चालनमा रहेका सम्पूर्ण खानेपानी आयोजनाहरूको आवश्यकता अनुसार आपूर्ति प्रणाली स्तरोन्नती र मर्मत सम्भार गर्ने | ६०० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **पिउनेपानीको जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- **"एक टोल- एक ट्याङ्की", "एक घर एक धारा"** अभियान सफल भई हरेक नागरिकलाई स्वच्छ र सुरक्षित पिउने पानीको प्रबन्ध भएको हुनेछ ।
- नगरपालिकाभर रहेका पानीका स्रोत, खोला, पोखरी, ताल तलैया तथा जलाधार क्षेत्रको वस्तुगत पार्श्वचित्र (Profile) तयार भई पानीका स्रोतहरूको संरक्षणका लागि ठोस कार्यक्रमहरू लागु भएका हुनेछन् ।

### सूचकहरू

| खानेपानीका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ खानेपानी आयोजना मार्फत आफ्नै घरको कम्पाउण्डमा सुरक्षित पिउने पानी पुगेको घरधुरी (प्रतिशत) | ८७.७१ प्रतिशत | | | |
| ▪ नगरपालिका भर रहेका सम्पूर्ण पानीका श्रोतहरूको प्रोफाइल तयार भई श्रोतहरूको संरक्षण योजना लागू भएको (प्रतिशतमा) | | | | |
| ▪ सुरक्षित खानेपानी प्रयोग गर्ने घरधुरी संख्या (उमालेर वा किटाणु मुक्त गर्ने उपायद्वारा) (प.दि.वि.ल. ६.१.१) | ४४.५६ प्रतिशत | | | |
| ▪ पाइपबाट वितरण गरिएको पानीको घर आँगनमै पहुँच भएका परिवार संख्या ( प्रतिशतमा) (प.दि.वि.ल. ६.१.१) | ३०.११ प्रतिशत | | | |
| ▪ आधारभूत खानेपानी सेवामा पहुँच पुगेका परिवारको संख्या (प्रतिशतमा) (प.दि.वि.ल. ६.१.१) | ९३.५३ प्रतिशत | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिकाबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- पिउने पानीको पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै गुणस्तरीय जीवनमा आएको परिवर्तनहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

### ५.३.५ सिँचाईको विद्यमान वस्तुगत अवस्था

मुख्य तराईको समथर भूभागमा अवस्थित यो नगरपालिकाको २.४८ प्रतिशत जमिनमा खेती गरिएको छ । यस नगरपालिकामा धान, मकै, गहुँ, आलु, तोरी साथै रहर, मुसुरो जस्ता दलहन र तरकारीबाली तथा उखु, जुट जस्ता नगदेबालीहरूको उत्पादन गर्न सकिन्छ । यहाँका अधिकांश बासिन्दाहरूको प्रमुख पेशा कृषि व्यवसाय भएतापनि कृषकहरूले परम्परागत हिसाबले स्थानीय प्रविधिमा निर्माण गरेका स-साना कुलोहरू बाहेक वैज्ञानिक हिसाबले आधुनिक प्रविधियुक्त नहर तथा सिँचाई प्रणालीको विकास नभएको र सिंचित जमिनको अनुपात एकदमै कम भएकोले कृषकहरूले कृषि पेशाबाट अपेक्षित परिणाम हासिल गर्न सकेका छैनन् । यो नगरपालिकाको कृषि उत्पादनका लागि अपरिहार्य सिँचाई प्रणालीको आधारभूत तहबाट नै विकास गर्नुपर्ने देखिन्छ । यहाँ खासगरी कुलो तथा नहर सिँचाई, भूमिगत सिँचाई (डिप बोरिङ), बर्षात्को पानी सङ्कलन, थोपा सिँचाई तथा फोहरा सिँचाई प्रणाली विकास गर्न सकिन्छ । यो नगरपालिकामा भुमही, झरही, रामखण्ड, पुसाह, तुरिया खोलाहरू बाहेक धेरै ठूला नदी तथा खोलानालाहरू नभएका कारणले भूमिगत सिँचाई आयोजनाहरू बढी प्रभावकारी देखिन्छन् । तथापी भूमिगत पानीको स्रोत सिमित हुने भएकोले डिप बोरिङ सिँचाई प्रणालीमार्फत् यसको दिगो उपयोगमा ध्यान दिनु अति आवश्यक हुन्छ । वर्षात्को पानी सङ्कलन गर्न प्लाष्टिक पोखरीहरू निर्माण गरी सिँचाइका लागि प्रयोग गर्न सकिन्छ ।

नगरपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रममा उत्पादनमुखी विकासलाई विशेष महत्व दिई कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राखिएको साथै दीर्घकालीन विकासका दृष्टिकोणले समेत कृषि क्षेत्रको विकास नै आर्थिक क्रान्तिको आधारको रुपमा रहेको हुनाले सिँचाईलाई समेत कृषि विकासको अभिन्न अङ्गको रूपमा विकास गर्नुपर्ने हुन्छ । तसर्थ नगरपालिकाको सिँचाई प्रणाली विकासका लागि निम्नानुसारका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- ✓ नगरपालिकाभर रहेका पानीका मुख्य स्रोतहरू तथा जलाधार क्षेत्रको विस्तृत नक्साङ्कन गरी त्यसको अभिलेख तयार पार्ने
- ✓ यो नगरपालिका भएर बग्ने खोलानाला तथा पोखरी, तालतलैयाहरू र तिनका जलाधार क्षेत्रसम्मको विस्तृत विवरण (Inventory Profile) तयार गर्ने
- ✓ पोखरी, खोला तथा स्रोत संरक्षणका लागि स्थानीयवासीहरूको सहभागिता सुनिश्चित गर्ने
- ✓ ती खोला, पोखरी तथा पानीका स्रोतहरूले सिंचित गर्न सक्ने सम्भाव्य खेतीयोग्य क्षेत्रफलको सर्भेक्षण गर्ने
- ✓ हाल सञ्चालित कुलो, नहर, पोखरी र सिँचाई प्रणालीको वस्तुगत विवरण तयार गर्ने
- ✓ हाल सञ्चालनमा रहेका परम्परागत कुलो, ताल तलैया, पोखरी, तथा नालाहरूको समयमै मर्मत सम्भार गर्न प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने
- ✓ प्राथमिकताका आधारमा नयाँ सिँचाई प्रणालीको निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने
- ✓ भूमिगत सिँचाई (डिप बोरिङ) आयोजनालाई बिस्तार गर्नका लागि विद्युतीकरणमा समेत विशेष ध्यान दिने
- ✓ समुदायले छनोट गरेका प्राथमिकता प्राप्त सिँचाई आयोजनाको निर्माण कार्य थालनी गर्ने
- ✓ यो नगरपालिकामा अवस्थित विभिन्न पोखरी तथा तालतलैयाहरूको मर्मत संभार, संरक्षण, प्रबर्द्धन र स्तरोन्नति गर्ने

- ✓ सम्भाव्यता अध्ययन गरी प्रत्येक वडामा कम्तिमा ५ वटाका दरले नयाँ पोखरीहरू निर्माण गर्ने
- ✓ वैकल्पिक सिँचाई जस्तै: थोपा सिँचाई, फोहरा सिँचाई, वर्षात्को पानी सङ्कलन, प्लाष्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याउने
- ✓ नगरपालिकामा सञ्चालनमा रहेका कुलोहरूको मर्मत संभार, स्तरोन्नति तथा निर्माण गर्नु साथै आवश्यकता अनुसार थप सिँचाई कुलोको सम्भाव्यता अध्ययन गरी परियोजना अगाडि बढाउने

यस नगरपालिकाको सबै खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउनका लागि निम्नानुसारका कुलो, नहर तथा सिँचाई आयोजनाहरू प्रस्तावित गरिएको छ :

हाल यस नगरपालिकामा सञ्चालित रामखण्ड, लहोशडा, पत्थरदेवा, नलकुप लगायतका कुलो, नहर तथा सिँचाई आयोजनाहरू रहेका छन् । यी कुलो, नहर तथा सिँचाई आयोजनाहरूको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गरी निम्नानुसारका थप स्थानहरूमा आयोजनाहरू निर्माण गर्नुपर्दछ :

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | सिँचाई |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ नगरपालिका क्षेत्रमा झरही, रामखण्ड, भलुही, पुसाहा, भुमही, तुरिया, पिडुरा, माउघोला लगायतका खोलाहरु रहेका | |
| ✓ बेलही पोखरी, उजैनी पोखरी, जोकबार पोखरी, मधौलिया, लक्ष्मीपुर, भगरही, पचगावा, कसिया, हडैया, नन्दन, हडौरी, सगरा, खाना, दुनियानी पोखरी, कहरौरी, मटिहिया, हकुइ, मस्होया, लालपारी, बेलदुया, करबलैया, देवगावा, झरैया, पुर्नहवा, तेलीहवा, धरमपोखरी लगायतका पोखरीहरु रहेका | |
| ✓ वडा नं. ८ मा डिपट्युवेल रहेको | |
| ✓ वडा नं. १८ मा नलकुप बोरिङ रहेको | |
| ✓ वडा नं. ९ मा किसानहरुले ट्युबवेलबाट आफ्नो खेतबारीमा सिँचाई गर्ने गरेको | |

| दुर्बल पक्षहरू |
|---|
| ✓ उपलब्ध जलस्रोतको सही सदुपयोग हुन नसकेको |
| ✓ व्यवस्थित र वैज्ञानिक सिँचाई योजनाको निर्माण हुन नसकेको |
| ✓ परम्परागत प्रविधिमा आधारित कुलो तथा नहरहरूको मर्मत सम्भार नियमित हुन नसकेको |
| ✓ नगरपालिका क्षेत्रमा ठूला नदी तथा खोलाहरु नभएको |
| ✓ पोखरी र परम्परागत तलाउहरूमा बढ्दो अतिक्रमण |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ नगरपालिकाका विभिन्न स्थानमा रहेका नदी, खोला, नाला, पोखरी तथा पानीका मुहानहरूलाई संरक्षण गरी सिँचाई योजना निर्माणमार्फत कृषि उत्पादनमा व्यापक वृद्धि गर्न सकिने |
| ✓ प्रत्येक वडामा रहेका परम्परागत सिँचाई कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने |

| सम्भावना र अवसरहरू |
| --- |
| ✓ कृत्रिम जलाशयहरू निर्माण गरी जल पर्यावरणीय प्रणालीको विकास र जल पर्यटन समेत विकास गर्न सकिने |
| ✓ खेतीयोग्य उर्वर क्षेत्रको पहिचान गरी संभाव्य स्थानबाट सिँचाईको प्रबन्ध गर्न सकिने |
| ✓ थोपा तथा फोहरा सिँचाई प्रणालीको विकास गर्न सकिने |
| ✓ एकीकृत सिँचाई कार्यक्रमको सम्भाव्यता अध्ययन गरी स्रोतको बहुउपयोग गर्न सकिने |
| ✓ आकाशे/वर्षे पानीलाई प्लाष्टिक पोखरी/ढलान पोखरीको माध्यमबाट जम्मा गरी हिँउदमा प्रयोग गर्न सकिने |
| ✓ पर्याप्त सिँचाई सुविधा बिस्तार गर्न सके विभिन्न स्थानहरूलाई कृषि पकेट क्षेत्रको रूपमा बिकास गर्न सकिने |
| ✓ पोखरीहरूको मर्मत सम्भार गरी माछापालन र सिँचाई गर्न सकिने |
| ✓ बृहत् पोखरी निर्माण गरी सिँचाईलाई सुविधायुक्त बनाउन सकिने |

| चुनौती तथा जोखिमहरु |
| --- |
| ✓ पानीको स्रोतहरू संरक्षण अभावले सुक्ने जोखिम |
| ✓ खेतीयोग्य जमिनको खण्डीकरण र छरिएर रहेका कारण लगानी उच्च भई प्रतिफल अपेक्षाकृत हुन नसक्ने |
| ✓ वैज्ञानिक जलस्रोत संरक्षण योजनाको अभाव |
| ✓ सार्वजनिक पोखरी तथा तलाउहरू अतिक्रमणको मारमा |
| ✓ स्रोतको सही सदुपयोग र व्यवस्थापनमा कमी |
| ✓ योजनाबद्ध सिँचाई कार्यक्रम नहुँदा व्यवस्थापनमा समस्या भएको |
| ✓ लिफ्ट आयोजनाका सामानहरू बिग्रिएमा दक्ष जनशक्तिको अभाव |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

| सोच |
| --- |
| नगरपालिकाको सम्पूर्ण खेतीयोग्य जमिनलाई पूर्ण सिंचाइयुक्त बनाउने |

| लक्ष्य |
| --- |
| सम्पूर्ण खेतीयोग्य जमिनलाई उच्च प्रतिफलयुक्त दिगो उत्पादन क्षेत्रका रूपमा परिणत गर्ने |

| उद्देश्यहरू |
| --- |
| ✓ जलाधार संरक्षणका वैज्ञानिक योजना सहित परम्परागत कुलो तथा नहरको मर्मत सम्भार तथा नयाँ सिँचाई प्रणालीको निर्माण गरी खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउने र वैकल्पिक सिँचाईका उपायहरू अवलम्बन गर्न प्रविधिको खोज तथा कार्यान्वयन गर्ने |

- ✓ परम्परागत सिँचाई प्रणाली नरहेका क्षेत्रमा वैकल्पिक सिँचाइका उपायहरू अवलम्बन गर्न प्रविधिको खोज तथा कार्यान्वयन गर्ने
- ✓ सम्पूर्ण खेतीयोग्य जमिनमा एक वा अर्को प्रकारले सिंचाई सुविधाको विस्तार गर्ने

## रणनीतिहरू

- ✓ यो नगरपालिका भएर बग्ने खोलानाला तथा पोखरी, तालतलैयाहरू, पानीका मुख्य स्रोतहरू र तिनका जलाधार क्षेत्रको नक्साङ्कन गरी विस्तृत विवरण (Inventory Profile) तयार गर्ने
- ✓ पोखरी, खोला तथा मुहान संरक्षणका लागि स्थानीयवासीहरूको सहभागिता सुनिश्चित गर्ने
- ✓ सम्भाव्यता अध्ययन गरी प्रत्येक वडास्तरमा नमूना पोखरीहरू निर्माण गर्ने
- ✓ वैकल्पिक सिँचाई जस्तै थोपा सिँचाई, फोहरा सिँचाई, वर्षात्को पानी सङ्कलन, प्लाष्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याउने
- ✓ नगरपालिकाभर रहेका सम्पूर्ण जलाधार क्षेत्रहरूमा नगरपालिकाको समन्वयमा समुदायस्तरीय बृहत् जलाधार क्षेत्र संरक्षण कार्यक्रम लागू गर्ने
- ✓ मुहान तथा जलाधार संरक्षणका लागि प्रत्येक घरपरिवारको सहभागिता सुनिश्चित गर्न "हामी जोगाउँछौ हाम्रा मुहान" कार्यक्रमलाई अभियानको रूपमा वडास्तरमा जागरण कार्यक्रम संचालन गर्ने
- ✓ प्रत्येक पोखरीहरूको डि.पि.आर तयार पार्दा पूर्ण रूपमा जैविक इन्जिनियरिङ प्रविधि प्रयोग भएको सुनिश्चित गर्ने

## ३. सिँचाई योजनाको Logical Framework Approach (LFA)

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) सिँचाइ** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ नगरपालिकाभर रहेको खेतीयोग्य जमिन मध्ये हाल सिँचित जमिनको वस्तुगत तथ्याङ्क निकाल्ने | १० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ नगरपालिकाभर रहेको खेतीयोग्य जमिन मध्ये हाल असिँचित जमिनको वस्तुगत तथ्याङ्क निकाल्ने | १० | नगरपालिका | सघिय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ नगरपालिकाभर रहेका सिँचाइका मुख्य स्रोतहरू तथा जलाधार क्षेत्रको विस्तृत नक्साङ्कन गरी त्यसको अभिलेख तयार पार्ने | १० | | | |
| ▪ खोला, पोखरी तथा पानीका अन्य स्रोतहरू संरक्षण गर्ने वस्तुगत योजना निर्माण गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ जलाधार क्षेत्र तथा खोलाहरूको संरक्षणका लागि वडास्तरमा सरोकारवालाहरुलाई तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | ५ | नगरपालिका | सघिय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ ती खोला तथा पानीका स्रोतहरूले सिंचित गर्न सक्ने सम्भाव्य खेतीयोग्य क्षेत्रफलको सर्भे गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ हाल सञ्चालित परम्परागत कुलो लगायतका अन्य सिँचाइ प्रणालीको वस्तुगत विवरण तयार पार्ने | ५ | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ प्राथमिकताका आधारमा सम्भावित सिँचाइ प्रणालीको निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने | २० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ हाल सञ्चालनमा रहेका परम्परागत कुलोहरूको क्रमशः मर्मत सम्भार र स्तरोन्नति गर्ने | ५०० | | | |
| ▪ पानीका स्रोत तथा जलाधार संरक्षणका लागि प्रत्येक घरपरिवारको सहभागिता सुनिश्चित गर्न "हामी जोगाउँछौ जलाधार क्षेत्र" कार्यक्रमलाई अभियानको रुपमा वडास्तरमा जागरण कार्यक्रम संचालन गर्ने | ७५ | | | |
| ▪ प्रत्येक वडामा नमुनाको रूपमा बृहद बहुउद्देश्यीय सिँचाइ पोखरीहरू निर्माण गर्न डि.पि.आर तयार पार्ने | १० | | | |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **६००** | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ वैकल्पिक सिँचाइ जस्तैः थोपा सिँचाइ, फोहरा सिँचाइ, वर्षात्को पानी सङ्कलन, प्लाष्टिक पोखरी सिँचाइ आदिको वडास्तरमा सम्भाव्यता अध्ययन गर्ने | ५०० | MT | | |
| ▪ प्रत्येक वडामा नमुनाको रूपमा बृहद बहुउद्देश्यीय सिँचाइ पोखरीहरू निर्माण गर्ने | १५० | | | |
| ▪ सम्भाव्यताका आधारमा वडास्तरमा सोलार सिँचाई पम्प जडान गर्न डि.पि.आर तयार पार्ने | ५० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **७००** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकामा निर्माण हुने सिँचाइ प्रणालीहरु मध्ये कम्तीमा ४० प्रतिशत कुलो तथा नहरहरुको जैविक प्रविधि अपनाई डि.पि.आर निर्माण गर्ने | १,२०० | | | |
| ▪ समुदायले छनोट गरेका प्राथमिकता प्राप्त सिँचाइ आयोजनाको निर्माण सम्पन्न गर्ने | ३,००० | | | |
| ▪ आवश्यकता र सम्भाव्यताका आधारमा वडास्तरमा सोलार सिँचाई पम्प जडान गर्ने | १,५०० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक पोखरीहरुको पूर्ण रुपमा जैविक इन्जिनियरिङ प्रविधि प्रयोग गरी डि.पि.आर तयार पर्ने | | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **सिँचाइको जम्मा बजेट** | **३११** | | | |

## अपेक्षित उपलब्धिहरू

- शत प्रतिशत खेतीयोग्य जमिनमा एक वा अर्को तरिकाले सिँचाई सुविधा पुगेको हुनेछ ।

## सूचकहरू

| सिँचाइका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ कूल खेतीयोग्य भूमिमध्ये वर्षभरी सिँचाई सुविधा पुगेको भूमि (प्रतिशतमा) ( प.दि.वि.ल. २.४.१) | ०.३४ प्रतिशत | | | |
| ▪ कूल खेतीयोग्य भूमिमध्ये वर्षभरी वैकल्पिक सिँचाई प्रविधि जस्तै थोपा सिँचाई, फोहरा सिँचाइ वा लिफ्ट प्रविधिबाट सुविधा पुगेको भूमि (प्रतिशतमा) | | | | |

## प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिकाबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- सिँचाई पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै कृषि उत्पादनमा वृद्धि तथा वातावरण संरक्षणमा आएको गुणस्तरीय परिवर्तनहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

## ५.३.६ विद्युत तथा ऊर्जाको विद्यमान वस्तुगत अवस्था

२०७६ सालको घरधुरी सर्वेक्षण अनुसार रामग्राम नगरपालिकामा लगभग ९८ प्रतिशत घरधुरीहरूमा विद्युतीकरण गरिएको छ । यस अनुसार घरायसी उपयोग, औद्योगिक उपयोग, व्यापारिक उपयोग, कृषिमा उयोग, सिँचाइ तथा खानेपानी आयोजनामा उपयोग र सामाजिक तथा सांस्कृतिक प्रयोजनमा उपयोग भएको पाइन्छ । यसको अलावा यस नगरपालिकामा १८ वटा ट्रान्सफर्मर सङ्ख्या रहेको छ । विद्युतिकरण भएका कुनै स्थानहरूमा समेत केही घरधुरीहरूमा मिटर जडान हुन सकेको छैन । विद्युतीकरण भएका क्षेत्रहरूमा समेत विद्युत्को गुणस्तर एकदमै कमजोर रहेको छ । व्यवसाय सञ्चालन तथा औद्योगिकीकरणका लागि आवश्यक क्षमताको विद्युत् लाइन जडान हुन सकेको छैन । घरायसी प्रयोजनका लागि समेत Low Voltage प्रमुख समस्याको रूपमा रहेको छ । त्यसकारण नगरपालिकाका सबै वडाहरूमा उच्च क्षमताको Three Phase विद्युतीकरण बिस्तार गर्ने योजनालाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । यसका साथै प्रशारण लाइनको सुदृढीकरणका लागि समेत धेरै काम गर्नुपर्ने देखिन्छ । विद्युत् प्रसारण लाईनमा सुधार गर्नुपर्ने देखिन्छ भने Low Voltage हुने स्थानहरूमा ट्रान्सफर्मर स्तरोन्नति तथा नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ ।

विद्युत् सेवा बिस्तारका साथसाथै वैकल्पिक र नवीकरणीय उर्जा प्रवर्द्धनका लागि समेत ठोस कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । पशुपालन हुने क्षेत्रमा गोबरग्याँस निर्माणमा प्रोत्साहन र अनुदान दिने र अन्य दुर्गम तथा सुगम दुवै क्षेत्रमा सौर्य उर्जा जडान गर्न सके त्यसबाट उर्जाको नियमित आपुर्ती हुनुको साथै थप विकासका क्रियाकलापहरूलाई उर्जाको सदुपयोग मार्फत् गति दिन सकिन्छ । सौर्य उर्जाबाट भूमिगत सिँचाई आयोजनाका साथै पिउने पानी  आयोजना सञ्चालन गर्न वा घरायसी उपभोगका निम्ति प्रयोग गरी बढी भएको उर्जालाई राष्ट्रिय प्रसारण लाइनमा विक्रि समेत गर्न सकिन्छ ।

सामान्यतया एउटा सामान्य परिवारले दैनिक २ किलोवाट विद्युत् खपत गर्दछ । त्यसमा पनि यो उपभोगको मात्रा ग्रामीण भेगहरूमा त्यो भन्दा न्यून हुन्छ । १७.६ वर्ग फिटको सोलार Pannel ले २५० वाट विद्युत उत्पादन गर्दछ । दिनभर करिब ६.८ घण्टा सूर्यको किरणबाट 250 watt X 6.8 hours गर्दा १.७ किलोवाट विद्युत निस्कन्छ । १.७कि. वा.×३० दिन गर्दा महिनामा ५१ कि.वा. विद्युत उत्पादन हुन सक्दछ ।

यसको अर्थ ६०० वर्ग फिट ओगट्ने घरबाट

५१ कि.वा. $\times \frac{600}{17.6} = 1738$ KW

यसको अर्थ ६०० वर्गफिट ओगट्ने घरमा सौर्यउर्जा जडान गर्दा सो घरलाई पुग्ने उर्जा उत्पादन गर्न सकिन्छ । यद्यपि ग्रामीण घरहरू सौर्य उर्जा उत्पादन मैत्री बनाउनुपर्ने हुन्छ ।। यो नगरपालिकामा हालसम्म समेत खाना पकाउनका लागि काठदाउरा र गुइँठालाई नै मुख्य इन्धनको रूपमा प्रयोग गर्ने घरपरिवार धेरै भएकोले काठदाउरा विस्थापन गर्न गोबरग्याँस, विद्युत् तथा सौर्य उर्जाले सहयोग पुर्‍याउन सक्दछ । खाना पकाउनका लागि वैकल्पिक उर्जाको प्रयोगबाट वातावरण संरक्षणमा सहयोग पुग्नका साथै मानव स्वास्थ्यमा समेत टेवा पुग्दछ । वैकल्पिक तथा नवीकरणीय उर्जाले एल.पि.जी. ग्याँसलाई विस्थापन गर्न सकेमा ठूलो रकम बाहिरिनबाट समेत जोगाउन सकिन्छ । तसर्थ नगरपालिकाका विभिन्न वडामा नियमित रूपमा नयाँ विद्युत् प्रसारण लाईन, विद्यमान विद्युत् प्रसारण लाईन मर्मत सम्भार तथा सुधार, ट्रान्सफर्मर मर्मत तथा जडान, वैकल्पिक तथा नवीकरणीय उर्जा प्रवर्द्धनका कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | विद्युत तथा उर्जा |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ औद्योगिक तथा व्यवसायिक प्रयोजनका निम्ति पनि विद्युत खपत हुने गरेको | |
| ✓ अधिकांस घरधुरीमा विद्युतीकरण भइसकेको | |
| ✓ कतिपय परिवारले गोबरग्यास प्रयोग गर्ने गरेको | |
| ✓ वडा नं. ९ कर्मैनीमा ३० घरधुरीले बायोग्यास प्रयोग गर्ने गरेको | |
| ✓ वडा नं. २, ४, १०, ११ र १७ मा सौर्य उर्जाको प्रयोग भएको | |

| दुर्बल पक्षहरू |
|---|
| ✓ विभिन्न वडाका कतिपय घरधुरीमा विद्युतिकरण हुन बाँकी रहेको |
| ✓ उर्जा सङ्कट कायम रहेको |
| ✓ नगरपालिकामा कुनै पनि जलविद्युत् परियोजना नरहेको |
| ✓ पर्याप्त मात्रामा ट्रान्सफर्मरको अभाव रहेको |
| ✓ लो भोल्टेजको समस्या रहेको |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जालाई उचित व्यवस्थापन गर्न सकिने |
| सौर्य नवीकरणीय तथा जैविक उर्जाको वैज्ञानिक व्यवस्थापन गर्न सकिने |
| ✓ इलेक्ट्रिक रिक्सा, इलेक्ट्रिक साइकलको बिस्तार गरी वातावरण मैत्री नगरपालिकाको रूपमा बिस्तार गर्न सकिने |
| **चुनौती तथा जोखिमहरू** |
| ✓ पूर्वाधार विकासको दरिलो पक्ष विद्युतको थप क्षमता विकास गर्नुपर्ने |
| ✓ विद्युतीकरणको निम्ति लगानी गर्नुपर्ने |
| ✓ निम्न जीवनस्तर तथा न्यून आय भएका घरधुरीहरूले विद्युत जडान गर्न नसक्ने अवस्था रहेको |
| ✓ विद्युतिकरण वा वैकल्पिक उर्जामा थप लगानी गर्नुपर्ने |
| ✓ पुराना, जीर्ण र काठका पोललाई सिमेन्टका पोलले विस्थापन गर्नुपर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

| सोच |
|---|
| उर्जामा पूर्ण पूर्वाधारयुक्त नगरपालिका बनाउने |
| **लक्ष्य** |
| नगरबासीलाई आगामी १० वर्षमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने |

## उद्देश्यहरू

- ✓ सडक तथा सार्वजनिक स्थानहरूमा सौर्यबत्ती जडान गर्ने
- ✓ नगरपालिकाभर पूर्ण विद्युतीकरण गरी वितरण प्रणालीलाई सुदृढ बनाउने
- ✓ उद्योग कलकारखाना सञ्चालनका लागि आवश्यक उच्च क्षमताको विद्युत् प्रसारण लाईन विस्तार गर्ने
- ✓ माग अनुसारको विद्युत्को भोल्टेज परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गर्ने
- ✓ घरायसी तथा व्यावसायिक प्रयोगको लागि सौर्य उर्जा, बायोउर्जा (बायोग्याँस) र अन्य वैकल्पिक उर्जाको विकास र प्रयोगलाई प्रोत्साहन गर्ने
- ✓ इन्धनको रूपमा दाउराको प्रयोगलाई वैकल्पिक उर्जाले क्रमशः विस्थापन गर्ने

## रणनीतिहरू

- ✓ विद्युतिकरण तत्काल उपलब्ध हुन नसक्ने घरधुरीमा वैकल्पिक उर्जा जस्तै सौर्य उर्जा तथा गोबर ग्याँस आदिको प्रयोगलाई अनुदान प्रदान गर्ने तथा प्रोत्साहन गर्ने
- ✓ दाउरा र गुइँठाको प्रयोगलाई पूर्ण रूपमा वैकल्पिक उर्जा तथा विद्युतीय उपकरणको प्रयोगले विस्थापन गर्न दाउरा र गुइँठाको प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने
- ✓ नगरपालिकामा वैकल्पिक उर्जा उत्पादनको सम्भाव्यता हेरी निजी क्षेत्रलाई आर्कषण गर्ने नीति अवलम्बन गर्ने
- ✓ वातावरण मैत्री विद्युतीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्दै लाने ।
- ✓ विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने
- ✓ विद्युत् प्रसारण लाइन सुधार गर्न विद्युत प्राधिकरणसँग समन्वय गर्ने

## ३. विद्युत तथा उर्जा विकास योजनाको Logical Framework Approach (LFA)

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) विद्युत र उर्जा** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ नगरपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, विषयगत कार्यालय आदि लगायत सार्वजनिक कार्यालयमा सौर्य उर्जा जडान गर्ने | ३५० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ प्राथमिकताका साथ प्रत्येक वडामा पूर्ण विद्युतीकरण गर्ने र विद्युत् प्रसारण लाइन सुधार गर्ने | १०० | नगरपालिका | विद्युत प्राधिकरण | विद्युत प्राधिकरण |
| ▪ तत्काल विद्युतीकरण उपलब्ध नहुने स्थानमा वैकल्पिक उर्जा जस्तै: बायोग्याँस, सौर्य उर्जा जडान तथा निर्माण गर्ने परिवारलाई आर्थिक अनुदान दिने | १०० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| ▪ कम्तीमा दुईवटा ठूला चौपाया रहेका घरहरूमा गोबर ग्याँस सञ्चालन गर्न प्रोत्साहन अनुदान दिने | ५० | नगरपालिका | संघीय एवं प्रादेशिक सरकार | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **६५०** | | | |
| **विद्युत र उर्जाको जम्मा बजेट** | **६५०** | | | |

### अपेक्षित उपलब्धिहरू

- हरेक घरमा विद्युत्को सहज पहुँच वा अन्य वैकल्पिक उर्जाको पहुँच पुगेको हुनेछ ।
- खाना पकाउन प्रयोग हुने काठ, दाउरा वा गोबर गुँइठालाई गोबरग्याँस, विद्युत् तथा सोलार इन्धनद्वारा पूर्ण रूपमा विस्थापन गरिएको हुनेछ ।
- **"उज्याला घर- रामग्रामको रहर"** कार्यक्रम साकार भएको हुनेछ ।

**सूचकहरू**

| विद्युत तथा उर्जा विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ राष्ट्रिय प्रशारण लाइनमा आबद्ध भई विद्युतको पहुँच पुगेको घरधुरी संख्या (प्रतिशतमा) | ९७.८८% | | | |
| ▪ वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार वा वायोग्याँस प्रयोगकर्ता घरपरिवारको संख्या (प्रतिशतमा) | ०.११% | | | |
| ▪ खाना पकाउनका निम्ती उर्जाको प्राथमिक श्रोतका रूपमा कोइला, दाउरा, गुइँठा लगायत ठोस इन्धन प्रयोग गर्ने घर परिवारको (संख्या प्रतिशतमा) | ५२.९५% | | | |
| ▪ उर्जा खपतमा नविकरणीय उर्जा खपत गर्ने परिवारको हिस्सा (प्रतिशतमा) (बढाउँदै लैजाने) | | | | |
| ▪ विद्युतिय सामाग्रीमा हिटर, पंखा, Air Conditioner, Washing Machine प्रयोगकर्ता घरपरिवारको संख्या | १.०४% | | | |

**प्रमाणीकरणका आधारहरू**

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- विद्युत तथा ऊर्जाको पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै आर्थिक गतिविधि, उद्योग, व्यापार तथा वाणिज्यमा वृद्धि, रोजगारी श्रृजना, वातावरण संरक्षण, संस्थागत विकास र मानव जीवनमा आएको गुणस्तरीय परिवर्तनहरूबाट

**मूलभूत मान्यता र जोखिम अनुमान**

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।

- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

### ५.३.७ सूचना तथा सञ्चारको विद्यमान वस्तुगत अवस्था

रामग्राम नगरपालिकाको मुख्य बजारक्षेत्रमा ल्याण्डलाईन टेलिफोनको सुविधा भएतापनि अधिकांश स्थानमा ल्याण्डलाईन टेलिफोनको सुविधा छैन । तर पनि नगरपालिकाका बस्तीहरू भएका अधिकांश क्षेत्रहरूमा नेपाल टेलिकम तथा एनसेलजस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले मोबाइल फोन सेवा प्रदान गरेका छन् । मोबाइल फोनको प्रयोग मार्फत् सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भएको छ । तथापि ल्यान्डलाइन टेलिफोन बिस्तार, मोबाइल टावरहरूको क्षमता वृद्धि, टावरहरूमा निरन्तर रूपमा पावर (विद्युत्) को व्यवस्था, इन्टरनेट प्रविधिको बिस्तार र गुणस्तर सुधारमा थप लगानी गर्नुपर्ने देखिन्छ । यस नगरपालिकामा परासी एफ एम र रेडियो स्याटलाइट सञ्चालित छन् । यसका साथै राष्ट्रिय रुपमा प्रसारित रेडियो, टेलिभिजनका साथै निकटवर्ति शहरहरूबाट प्रसारित रेडियो तथा टेलिभिजनहरूले सूचना तथा जानकारीको प्रसारण गरी सेवा पुऱ्याई यस क्षेत्रको सूचना, समाचार, जानकारी तथा मनोरञ्जनका क्षेत्रमा उल्लेख्य भूमिका निर्वाह गरेका छन् । यसका साथै अन्य निकटवर्ती शहरहरूबाट प्रशारण हुने एफ. एम. रेडियोको पहुँच र स्याटलाईट टेलिभिजन च्यानलको पहुँचले यहाँका बासिन्दाहरूलाई सूचना, समाचार, जानकारी तथा मनोरञ्जनका लागि सहज भएको छ । यसमा डिस होम लगायतका कम्पनीहरूले सेवा प्रदान गरिरहेका छन् । तर विद्युतीकरण नभएका क्षेत्रमा सञ्चार क्षेत्र निकै नै प्रभावित रहेको छ । नगरपालिकाका सम्पूर्ण क्षेत्रमा इन्टरनेटको सुविधा पुग्न सकेको छैन साथै स्थानीय स्तरमा कुनै पनि टेलिभिजनको स्थापना हुन सकेको छैन । यसका अलावा नगरपालिका स्तरमा परासी पत्र, रामग्राम सन्देश लगायतका स्थानीय पत्रिकाको प्रकाशन भएको छ । यसका साथै राष्ट्रियस्तरका पत्रपत्रिका समेत उपलब्ध हुन्छन् । तथापी यी पत्रपत्रिकाहरू नियमितरूपमा उपलब्ध हुन नसकेका कारण नगरपालिकावासीहरू राष्ट्रियस्तरका सूचना, समाचार, जानकारी तथा मनोरञ्जनबाट विमुख भएका छन् । यस नगरपालिकाको सूचना र सञ्चारको विकासको लागि निम्न कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ ।

- सबै वडाहरूमा Optical Fiber बिस्तार गर्ने
- मोबाइल फ्रिक्वेन्सी राम्रो नभएको स्थानहरूमा मोबाइल टावरको स्थापना गर्ने
- मोबाइल टावरहरूमा विद्युत्‌को नियमित आपूर्ति गर्ने
- ल्याण्डलाईन टेलिफोन सेवाको बिस्तार गर्ने
- इन्टरनेट प्रदायक कम्पनीहरूलाई आकर्षण गर्ने
- स्थानीय एफ.एम रेडियो तथा टेलिभिजनको स्थापना तथा प्रसारण गर्ने
- राष्ट्रिय दैनिकहरू समयमा नै नगरपालिकाका विभिन्न स्थानमा पुग्ने संयन्त्रको विकास गर्ने
- स्थानीयस्तरमा पत्रपत्रिकाहरूको प्रकाशन र वितरण गर्ने
- सुचनाकेन्द्रको स्थापना गर्ने
- मोबाइल Network Coverage को थप विकास र बिस्तार गर्न पहल गर्ने
- नगरपालिकाका बस्ती, केन्द्र, वडा कार्यालय, सार्वजनिक स्थल तथा नगरपालिकाका केन्द्रमा Free Wifi को व्यवस्था गर्ने

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | सूचना तथा सञ्चार |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ वडा नं. ३ सङ्गमटोलमा परासी एफ.एम. र वडा नं. ६ विर्ताटोलमा रेडियो स्याट्लाइट सञ्चालनमा रहेका | |
| ✓ मोबाइल सेवाको सुविधा विस्तार भएको | |
| ✓ बजार क्षेत्रमा इन्टरनेट सेवाको सुविधा भएको | |
| ✓ स्थानीय स्तरमा प्रशारण हुने एफ.एम रेडियो सुन्न तथा स्याटलाइट टेलिभिजन हेर्न सकिने | |
| ✓ इन्टरनेट र मोबाइलका कारण खबर आदानप्रदान सहज भएको | |
| ✓ नगरपालिकामा स्थानीय दैनिक पत्रिकाहरु लुम्बिनी, बुटवल टुडे तथा स्थानीय साप्ताहिक परासी पत्र, रामग्राम सन्देश रहेका | |
| **दुर्बल पक्षहरू** | |
| ✓ ईन्टरनेट सेवाको Network Coverage कम हुँदा प्रभावकारिता नभएको र सबै स्थानमा पहुँच नभएको | |
| ✓ सार्वजनिक स्थानहरूमा नि:शुल्क wifi को व्यवस्था नभएको | |
| ✓ टेलिफोन तथा मोबाईल फोनको नेटवर्क कभरेज सन्तोषजनक नरहेको | |
| ✓ सञ्चार क्षेत्रको क्षमता अभिवृद्धिको काम नभएको | |
| **सम्भावना र अवसरहरू** | |
| ✓ जनताहरुले माग गरेको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरूलाई सेवा बिस्तारमा आकर्षण गर्न सकिने | |
| नगरपालिकाभित्र सामुदायिक रेडियोको स्थापना गरी स्थानीयहरुलाई मनोरञ्जन र सूचना प्रदान गर्न सकिने | |
| ✓ इन्टरनेटको सुविधा बिस्तार गरी ई-लाइब्रेरीको व्यवस्था गर्न सकिने | |
| ✓ हुलाक कार्यालयलाई व्यवस्थित र सहज पहुँच पुग्ने गरी व्यवस्थापन गर्न सकिने | |
| ✓ जनताहरुले माग गरेको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरूलाई सेवा बिस्तारमा आकर्षण गर्न सकिने | |
| **चुनौती तथा जोखिमहरू** | |
| ✓ व्यापक रुपमा शहरी विकास र बिस्तार नभएकोले सञ्चार क्षेत्रको विकास र बिस्तार गर्न कठिनाइ रहेको | |
| ✓ सञ्चार माध्यमको नकारात्मक प्रभावका कारण सामाजिक व्यवहार तथा संरचनामा नकारात्मक असर पर्न सक्ने | |
| ✓ सञ्चारको सुविधा नहुँदा जनचेतना अभिवृद्धिमा कठिनाइ हुने | |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ ल्याण्डलाइन टेलिफोन सेवा विस्तार गर्नुपर्ने आवश्यकता रहेको |
| ✓ सबै वडा कार्यालयहरुमा निःशुल्क WIFI सेवा विस्तार गर्नुपर्ने |
| ✓ विद्यालय तथा सार्वजनिक स्थलमा इन्टरनेट सुविधा विस्तार गर्नुपर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

| सोच |
| --- |
| सूचना तथा संचारमा पूर्ण पूर्वाधारयुक्त नगरपालिका बनाउने |
| **लक्ष्य** |
| नगरबासीलाई सूचना र संचारको सहज पहुँच मार्फत विश्वग्राममा सहज सम्पर्क स्थापित गर्ने |
| **उद्देश्यहरू** |
| ✓ वर्तमान विश्वमा सहजरूपमा उपलब्ध ज्ञान, जानकारी तथा सूचनामा नगरपालिकावासीको सहज पहुँचका लागि सूचना तथा सञ्चार प्रविधिको विकास र बिस्तार गरी घर-घरमा इन्टरनेट, टेलिफोन स्याटलाइट टी.भी., रेडियो, पत्रपत्रिका, टेलिभिजन आदि सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने<br>✓ प्रविधिको माध्यमद्वारा स्थानीय ज्ञान, सीप, कला, संस्कृति, पहिचान तथा उत्पादनलाई विश्वसामु प्रचारप्रसार गर्ने<br>✓ हरेक विद्यालयहरूमा सूचना र संचारमा सहज पहुँच पुऱ्याई E-Library को व्यवस्था गर्ने |
| **रणनीतिहरू** |
| ✓ इन्टरनेट प्रदायक निजी कम्पनीहरूलाई आकर्षण गर्ने<br>✓ स्थानीय एफ.एम रेडियो तथा टेलिभिजन सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने<br>✓ नगरपालिकास्तरीय सुचनाकेन्द्रको स्थापना गर्ने<br>✓ मोबाइल Network Coverage को थप विकास र विस्तार गर्न NTC सँग पहल गर्ने<br>✓ मोबाइल टावरहरूमा विद्युतको नियमित रूपमा आपूर्ति गर्ने आवश्यक व्यवस्था मिलाउने<br>✓ नगरपालिकाका वस्ती, केन्द्र, वडा कार्यालय, सार्वजनिक स्थल तथा नगरपालिका केन्द्रमा Free WiFi को व्यवस्था गर्ने<br>✓ नेपाल टेलिकम तथा अन्य इन्टरनेट प्रदायक कम्पनीहरूसँग समन्वय गरी सबै नगरपालिकावासीलाई इन्टरनेट सुविधा प्रदान गर्ने<br>✓ प्रमुख राष्ट्रिय दैनिकहरू समयमा नै कम्तिमा नगरपालिका कार्यालय तथा वडा कार्यालयसम्म पुग्ने संयन्त्रको विकास गर्ने |

## ५.३.७.३ सूचना तथा सञ्चार विकास योजनाको Logical Framework Approach (LFA)

कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) सूचना तथा सञ्चार** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ मोबाइल Network Coverage को थप विकास र बिस्तार गर्न वस्तीहरुको सघनताको हिसाबले थप टावर निर्माण गर्न सर्वे गर्ने | ५ | नगरपालिका | संघीय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ नगरपालिकाका प्रमुख सार्वजनिक स्थल, वडा कार्यालय, नगरपालिकाका केन्द्र तथा पर्यटकीय स्थानहरूमा Free WiFi को व्यवस्था गर्ने | ५० | नगरपालिका | संघीय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ स्थानीय पत्रपत्रिका प्रकाशन तथा वितरणका लागि आवश्यक पहल तथा सहयोग गर्ने र निजी क्षेत्रलाई दर्ता तथा नविकरणमा विशेष आर्थिक सहुलियत दिने | १० | नगरपालिका | संघीय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ नगरपालिकाका महत्वपूर्ण स्थलहरू, धार्मिक, पर्यटकीय स्थानहरूका साथसाथै नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरूको डिजिटल डिस्प्ले बोर्ड मार्फत नगरपालिका केन्द्रमा (Digital Display Board) मा प्रदर्शन गर्ने | १० | नगरपालिका | संघीय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ नगरपालिकामा “एफ.एम. रेडियो” सञ्चालन गर्नका लागि वातावरण निर्माण गर्ने | | नगरपालिका | संघीय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ नेपाल टेलिकमसँगको समन्वयमा ल्याण्डलाईन टेलिफोन र एडिएसएल सेवाको बिस्तार गर्ने | | ST | संघीय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ विपद्का बेला नगरपालिकावासीलाई स्वचालित SMS प्रणालीबाट सुसूचित गर्ने प्रणालीको विकास गर्ने | ५ | नगरपालिका | इन्टरनेट प्रवधिक कम्पनीहरू | इन्टरनेट प्रविधिक कम्पनीहरू |
| ▪ प्रत्येक घरधुरीलाई इन्टरनेट पहुँचमा पुऱ्याउन अभियान सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकामा एउटा सम्पूर्ण पूर्वाधारयुक्त सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने | ५० | नगरपालिका | संघीय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ नेपाल टेलिकमसँगको समन्वयमा **Optical Fiber** विस्तार गर्ने | ० | नगरपालिका | नेपाल टेलिकम | नेपाल टेलिकम |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **५०** | | | |
| **सूचना तथा सञ्चारको जम्मा बजेट** | **५५** | | | |

## अपेक्षित उपलब्धिहरू

- मोबाइल, टेलिफोन, इन्टरनेट, पत्रपत्रिका, रेडियो र टेलिभिजनमा सम्पूर्ण जनताको पहुँच सुनिश्चित भएको हुनेछ ।
- स्थानीय स्तरमा पर्याप्त रेडियो तथा टेलिभिजनको प्रसारण र पत्रपत्रिकाको प्रकाशन भएको हुनेछ ।

## सूचकहरू

| सूचना तथा सञ्चार विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार संख्या (प्रतिशतमा) | २१.२४% | | | |
| ▪ इन्टरनेट प्रयोगकर्ता घरपरिवारहरूको संख्या (प्रतिशतमा) (प.दि.वि.ल. ४.४.१) | ६.८१% | | | |
| ▪ टेलिभिजनको पहुँच पुगेको घरधुरी (प्रतिशत) | १४% | | | |
| ▪ राष्ट्रिय दैनिक पत्रपत्रिका पढ्ने पहुँच पुगेको जनसंख्या | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- संचार पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै सूचनाको पहुँचमा वृद्धि, आर्थिक गतिविधि, व्यापार तथा वाणिज्यमा वृद्धि, पर्यटक आवागमनमा वृद्धि, रोजगारी श्रृजना, वातावरण संरक्षण, संस्थागत विकास र मानव जीवनमा आएको गुणस्तरीय परिवर्तनहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

# परिच्छेद ६ - आर्थिक क्षेत्र विकास योजना

## ६.१ पृष्ठभूमि

विकासका प्रमुख आयामहरू मध्ये आर्थिक विकास कुनै पनि स्थानको विकासका लागि एक केन्द्रिय स्तम्भ हो जसको सहयोगमा विकासका अन्य स्तम्भहरू सबल हुन सक्छन् । हुन त कुनै पनि स्थानको समग्र विकासका लागि आर्थिक क्षेत्र पूर्णत बलियो भएर मात्र पुग्दैन किनकि आर्थिक सम्पन्नताले मानसिक सुख, सामाजिक सौहार्दता वा सांस्कृतिक सम्पन्नता सुनिश्चित हुन्छ भन्न सकिँदैन । तथापि आर्थिक सम्पन्नताको जगमा उभिएर मात्र विकासका अन्य आयामहरू जस्तै सामाजिक, सांस्कृतिक, वातावरणीय, जातीय, लैङ्गीक, संस्थागत विकास गर्न सम्भव हुन्छ । आर्थिक विपन्नतामा अन्य विकास गर्न प्रायः असम्भव नै हुन्छ ।

आर्थिक सम्पन्नताको सूचकको रूपमा रहेका आम रूपमा प्रयोग गरिने सूचकहरू मध्ये वार्षिक प्रतिव्यक्ति आय (Per Capita Income), कुल ग्राहस्थ उत्पादन (GDP) र समग्रता सूचकमा मानव विकास सूचकाङ्क (HDI), सम्पन्नता सूचकाङ्क (Prosperity Index) आदि हुन् । यी सबै सूचकाङ्कका केन्द्रिय भागमा आर्थिक उर्पाजन तथा उत्पादन र जनसाधारणको त्यसमा रहेको पहुँच नै रहेका छन् । आर्थिक उपार्जन र उत्पादन वृद्धिका लागि कृषिको विकास, उद्योग तथा कल-कारखानाको स्थापना, रोजगारी श्रृजना, निर्यात प्रर्बद्धन, पर्यटन विकास र व्यापार तथा वाणिज्यको विकासका साथै मानवीय सेवा क्षेत्रहरूको व्यापक विकास गर्नु अत्यन्त जरुरी छ । आर्थिक विकासका यी सैद्धान्तिक आधारमा रहेर रामग्राम नगरपालिकाको समग्र आर्थिक विकास गर्न निम्न क्षेत्रलाई समेटी तत् तत् क्षेत्रको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने उद्देश्य लिइएको छ ।

- ✓ कृषि
- ✓ पर्यटन
- ✓ उद्योग तथा वाणिज्य
- ✓ बैङ्क वित्तीय संस्था तथा सहकारी

## ६.२ आर्थिक विकासका उपक्षेत्रगत योजना

### ६.२.१ कृषि, जडिबुटी तथा पशुपंक्षी पालनको वस्तुगत अवस्था

रामग्राम नगरपालिकाको कुल १२८.३२ वर्ग कि.मी. क्षेत्रफल मध्ये करिव ८७.२३ प्रतिशत क्षेत्रफलमा खेती भैरहेको र नगरपालिकाका अधिकांश जनता कृषिमा निर्भर रहेकोले कृषि क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिन सकेमात्र यो नगरपालिकालाई आगामी १५ वर्षभित्र एक सम्पन्न नगरपालिका बनाउने सपना साकार पार्न सकिन्छ । समग्र कृषि क्षेत्रको बृहत्तर विकासका लागि निम्नलिखित कृषि पूर्वाधारहरूको विकास गर्नुपर्ने देखिन्छ ।

- ✓ कृषि प्रविधि
- ✓ भूमि व्यवस्थापन
- ✓ कृषि सडक
- ✓ मल, बिउविजन, कृषि औजार

- ✓ कृषि बजार
- ✓ सङ्कलन तथा भण्डारण प्रणाली (चिस्यान केन्द्रहरू)
- ✓ रोग तथा किरा नियन्त्रण
- ✓ कृषि कर्जा
- ✓ कृषि बिमा आदिको समुचित प्रबन्ध

रामग्राम नगरपालिकाले **नगरपालिका कृषि प्रबर्द्धन ऐन** जारी गरी कृषि विकासको सन्दर्भमा माथि उल्लेखित सम्पूर्ण आयामहरूको विकास र प्रबन्ध गर्न स्थानीयवासीको व्यापक सक्रियतामा योजनाबद्ध रूपमा लाग्ने हो भने कृषि क्षेत्रमा ठूलो फड्को मार्न सक्ने सम्भावना रहेको छ ।

साथै कुनै पनि देश वा स्थानीय निकाय आर्थिक हिसाबले सम्पन्न हुन देशभित्रै वा नगरपालिका भित्रै उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्न सक्नु पर्दछ । तसर्थ यो नगरपालिकाभित्र सञ्चालन हुने विकासका सबै क्रियाकलापहरू उत्पादनमुखी हुनैपर्दछ । नगरपालिकाको वस्तुगत अवस्थालाई हेर्दा सिँचाईको प्रबन्ध, उन्नत विउविजन, प्राविधिक सेवाको व्यवस्था तथा प्रविधिको व्यस्था गर्न सकेको खण्डमा अन्य क्षेत्रभन्दा कृषि क्षेत्रमा तत्काल उत्पादन प्रबर्द्धनमा जान सकिने देखिन्छ । यद्यपि त्यसका लागि माथि उल्लेखित कृषि पूर्वाधारहरूको व्यवस्थापन हुनु भने अत्यावश्यक छ । हाल नगरपालिकामा धान, गहुँ, आलुको पकेट क्षेत्र घोडापाली, ओमशान्ती, जीतपुर, कसिया, कर्मैनी, ललितपुर, जोकवार, पिपरहिया, मधोलिया, आदि स्थानमा तोकिएका छन भने मकै पकेट क्षेत्र धरमपुर तोकिएको छ । यसका साथै वडा नं. ४, ९(कर्मैनी पिपरहिया), १० (लडकहवा), १२ (कसयिा, पचगावा), १३ (पाडाटिकर), १५(सुक्रौली, घिनहा), १६(हकुई, बजरकट्टी), १७(माहुबारी,देवगाउँ), १८ मा गाई, भैंसी, बाख्रा, कुखुराका पकेट क्षेत्रहरू तोकिएका छन् । वडा नं. ९ (कर्मैनी), ११ (बाँसा), १२(कसिया), १३(पाडाटिकर), १४ (आमरौट), १५(तनवा, सितापुर) १७ (माहुबारी, पट्खौली) मा माछापालन पकेट क्षेत्र रहेको छ । नगरपालिकामा विभिन्न व्यवसायिक कृषि तथा पशु फर्महरू संचालनमा रहेका छन् ।

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | कृषि, जडिबुटी तथा पशुपंक्षी पालन |
|---|---|
| सबल पक्षहरू | |
| ✓ नगरपालिकाको कूल १२८.३२ वर्ग कि.मि. क्षेत्रफल मध्ये खेतीयोग्य जमिनले ९०.०६ प्रतिशत क्षेत्र ओगटेको | |
| ✓ नगरपालिकाका १८ वटा वडा मध्ये २ र ५ बाहेक अन्य वडाहरूमा संभावित कृषि क्षेत्र रहेका | |
| ✓ नगर क्षेत्र भित्र कृषि प्राविधिकको उपलब्धता रहेको | |
| ✓ सिँचाइका लागि पानीका स्रोत खोलानाला, पोखरी, जलाशय तथा भूमिगत स्रोत रहेको | |
| ✓ पहिलेको तुलनामा कृषि उत्पादनमा केही वृद्धि भएको | |
| ✓ विभिन्न स्थानहरूमा कृषि फर्महरू, कृषि उपज सङ्कलन केन्द्र, कृषि हाट बजार तथा पसलहरू सञ्चालनमा आएका | |
| ✓ नगरपालिकाले पशुपालन सम्बन्धी विभिन्न तालिमहरु सञ्चालन गरेको | |
| ✓ नगरपालिकामा बोडी, मास, मुसुरो, केराउ, तोरी, सिमी, अडहर, चना, राज्मा, लतरा लगायतका दलहन तथा तेलहनको उत्पादन हुने गरेको | |

| | |
|---|---|
| ✓ | नगरपालिकामा आलु, काउली, बन्दा, टमाटर, करेला, ब्रोकाउली, भिण्डी, फर्सी, भान्टा, लौका घिरौला, चिचिण्डो, कटहर, साग, मुला, गाँजर, घिउसिमी लगायतका तरकारी बाली उत्पादन हुने गरेको |
| ✓ | नगरपालिका क्षेत्रमा लिची, कागती, आँप, केरा, अम्बा, उखु, मेवा लगायतका फलफूलहरु उत्पादन हुने गरेको |
| ✓ | कृषि विकासका लागि सामुहिकता प्रबर्द्धन गर्ने नीति रहेको |
| ✓ | कृषि क्षेत्रको विकासका लागि जमिनको खण्डीकरण रोक्ने नीति रहेको |
| ✓ | वडा नं. ९, १३, १४ र वडा नं. १५ का घिनहा र सुक्रौली तथा वडा नं. १६ र १७ अत्यधिक आलु उत्पादन हुने क्षेत्रका रुपमा रहेका |
| ✓ | बेसार, धनियाँ, सुप, मेथी, खुर्सानी, लसुन, प्याज लगायतका मसला बाली उत्पादन हुने गरेको |
| ✓ | अधिकांश घर परिवार कृषिमा संलग्न भएको हुँदा नगरपालिकामा कृषि उत्पादनको लागि पर्याप्त जनशक्ति रहेको |
| ✓ | धान, गहुँ, मकै लगायतका खाद्यबाली उत्पादन  हुने गरेको |
| ✓ | नगरपालिकाका विभिन्न क्षेत्रमा कृषि फर्महरु रहेका |
| ✓ | रैथाने जातका बालीनालीहरूको उत्पादन गरी जैविक खेती गर्न सकिने |
| ✓ | सिँचाइको लागि आकासे पानी, खोला तथा नालाहरूको सम्भाव्यता रहेको |
| ✓ | उन्नत विउविजनले केही मात्रामा उत्पादन बढेको |
| ✓ | नगरपालिकामा जलवायु अनुकुल बालीनाली, फलफूल तथा जडिबुटी उत्पादन गर्न सकिने |
| ✓ | न्यूनतम सङ्ख्यामा भए पनि नगरपालिकामा कृषि प्राविधिकहरु रहेका |
| ✓ | धान तथा गाई/भैंसी पालनका पकेट क्षेत्रहरु रहेका |
| **दुर्बल पक्षहरू** | |
| ✓ | परम्परागत खेती प्रणालीले गर्दा उब्जनीमा सोचेजस्तो प्रगति नभएको |
| ✓ | दक्ष प्राविधिकबाट तालिमको व्यवस्था नभएको |
| ✓ | वैज्ञानिक कृषि विकास गुरुयोजना निर्माण नभएको |
| ✓ | कृषि तथा पशुपालनले पूर्णरुपमा व्यावसायिक स्वरुप ग्रहण गर्न नसकेको |
| ✓ | ठूलो प्रतिशतको कृषि उत्पादन वर्षात्को पानीमा निर्भर रहेको |
| ✓ | सिँचाई सुविधा पर्याप्त नभएको |
| ✓ | कृषि प्राविधिकहरूको पर्याप्तता नभएको |
| ✓ | कृषि बजारीकरण असहज भएकोले कृषि उपज बिक्री वितरणमा कठिनाइ |
| ✓ | बीउविजन, मलखाद र शीत भण्डारणको उचित प्रबन्ध नभएको |
| ✓ | कृषकलाई आवधिक र प्रभावकारी तालिमको अभाव |
| ✓ | कृषि बजार मूल्य वैज्ञानिक नभएको |
| ✓ | मलखाद तथा कृषि समग्रीको आपूर्तिमा असहजता रहेको |
| ✓ | किटनाशक औषधि, कृषि औजार, आधुनिक प्रविधि, पशु औषधालय तथा कृषि बिमाको पर्याप्त व्यवस्था नभएको |
| ✓ | सुलभ र सरल कृषि कर्जाको व्यवस्था नभएको |

| दुर्बल पक्षहरू |
| --- |
| ✓ नगरपालिकाका अधिकांश जनता कृषि पेशामा संलग्न रहेता पनि कृषिजन्य उत्पादनको लागत मुल्यमा वृद्धि भई उत्पादन अपेक्षाकृत वृद्धि हुन नसकेको |
| **सम्भावना र अवसरहरू** |
| ✓ नगरपालिकाको अनुदानमा हाते ट्याक्टर, डिजिटल तराजु, त्रिपाल, प्लाष्टिक पोखरी वितरणलाई व्यापक बनाउन सकिने |
| ✓ विउ विजनहरूमा अनुदान दिई कृषकलाई प्रोत्साहन गर्न सकिने |
| ✓ युवावर्गलाई कृषिमा आकर्षित गर्न युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गर्न सकिने |
| ✓ कृषक समूह, सहकारी, सरकारी तथा गैर सरकारी संस्था र स्थानीय संघसंस्थाको साझेदारीमा कृषि कार्यक्रमहरु सञ्चालन गर्न सकिने |
| ✓ नगरपालिकाका विभिन्न स्थानमा माटो परीक्षण शिविर सञ्चालन गर्न सकिने |
| ✓ पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न पशु बीमा, गोठ सुधार जस्ता कार्यक्रम सञ्चालन गर्न सकिने |
| ✓ नगरपालिकालाई फलफूल उत्पादन, बगर खेति, पशुपंक्षी पालन, माछापालनमा देशकै नमूना नगरपालिकाका रूपमा विकास गर्न सकिने |
| ✓ नगरपालिकामा ताल, पोखरी तथा नहर बनाएर सिँचाई गर्न सकिने अवस्था रहेको |
| ✓ नगरपालिकामा दर्ता भएका कृषि समुह तथा सहकारीबाट व्यावसायिक कृषि कर्जा प्रदान गरी कृषि क्षेत्रको विकास गर्न सकिने |
| ✓ विशेष अध्ययन र अनुसन्धान गरी नगरपालिकाका विभिन्न क्षेत्रमा विभिन्न प्रजातिका नगदे बाली, फलफूल, जडिबुटीको व्यावसायिक उत्पादन गर्न सकिने |
| ✓ नगरपालिकामा उपलब्ध पोखरी तथा जलस्रोतको उपयोग गरी विभिन्न जातका माछापालन गर्न सकिने |
| ✓ कृषक पाठशाला कार्यक्रम सञ्चालन गर्न सकिने |
| ✓ लिची, कागती, आँप, केरा, अम्बा, उखु, मेवा लगायतका विभिन्न फलफूलहरुको व्यावसायिक उत्पादन गर्न सकिने |
| ✓ नगरपालिकाले गाईभैंसीका भकारो सुधार कार्यक्रमका लागि अनुदान उपलब्ध गराउन सक्ने |
| ✓ व्यावसायिक कुखुरापालन, बुङ्गुरपालन तथा हाँसपालन गर्न सकिने |
| ✓ विभिन्न सम्भाव्य खेतीयोग्य क्षेत्रको पहिचान गरी कृषि पकेट क्षेत्र घोषणा गरी कृषि उत्पादन वृद्धि गर्न सकिने |
| ✓ कृषि सडकहरुको विकास गरी कृषकको उत्पादनलाई सहज रुपले बजारीकरण गर्न सकिने |
| ✓ रामग्राम नगरपालिकालाई प्राङ्गारिक नगरपालिकाको रुपमा विकास गर्ने उद्देश्यले जनचेतनामूलक फ्लेक्स तथा पम्प्लेटहरु वितरण गर्नुको साथै जैविक मल बनाउनको लागि अनुदानमा प्लाष्टिक ड्रमहरु वितरण गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ कृषि पेशाबाट युवा तथा अन्य श्रमशक्तिको व्यापक पलायन भएकोले कृषि व्यवसायतर्फ आकर्षित गरी कृषकको लगानीबाट उचित प्रतिफल प्राप्त गर्न सक्ने स्थितिको निर्माण गर्नुपर्ने |
| ✓ कृषिलाई पूर्ण रूपमा वैज्ञानिकिकरण गरी व्यावसायिक बनाउनुपर्ने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ कृषि क्षेत्रमा रहेको अदृष्य बेरोजगारीको अन्त्य गरिनुपर्ने |
| ✓ रासायनिक मल र किटनाशक औषधिको सन्तुलित प्रयोग गर्नुपर्ने |
| ✓ माटोको उर्वराशक्ति कायम गर्न ठोस कदम चाल्नुपर्ने |
| ✓ सिँचाइको प्रबन्ध गर्नुपर्ने |
| ✓ तरकारी फलफूल चिस्यान केन्द्र पर्याप्त मात्रामा स्थापना गर्नुपर्ने |
| ✓ कृषि विज्ञ र प्राविधिकको पर्याप्त व्यवस्था हुनुपर्ने |
| ✓ मल, बिउ विजन र औषधिको उपलब्धता हुनुपर्ने |
| ✓ कृषि बजारीकरण र मूल्य सन्तुलनमा ठोस काम गर्नुपर्ने |
| ✓ कृषि उपज सङ्कलन तथा भण्डारणको उचित प्रबन्ध गरिनुपर्ने |
| ✓ कृषिमा प्रयोग गरिँदै आएको किटनाशक विषादीको प्रयोगलाई निरुत्साहित गरी अर्गानिक कृषि प्रणालीको विकास गर्नुपर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

**सोच**

कृषिको वैज्ञानिकीकरण तथा व्यवसायीकरण मार्फत दिर्घकालीन सम्बृद्धि हासिल गर्ने

**लक्ष्य**

कृषि क्रान्तिमार्फत आगामी १५ वर्षमा नगरबासीलाई आर्थिक हिसाबले हाल विश्वका मध्यम आय भएको मुलूकका जनता सरह पुऱ्याउने

**उद्देश्यहरू**

- ✓ स्थानीय उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्द्धन गर्ने
- ✓ **"उत्पादनमुखी रोजगार आर्थिक समृद्धिको आधार"** भन्ने नारालाई साकार बनाउने ।
- ✓ उत्पादन वृद्धि गर्न स्थानीय श्रोत र साधनहरूमा जल, जमिन, जंगल, जडिबुटी र जलाधारको उच्चतम उपयोग गरी स्थानीय जनताको समृद्धिको सपनालाई साकार बनाउने ।
- ✓ नगरपालिकामा रहेको खेतीयोग्य जमिनको पूर्ण सदुपयोग सुनिश्चित गर्न एकीन तथ्याङ्क निकाल्ने ।
- ✓ सिँचाइको सम्भावना भएको खेतीयोग्य जमिनहरूमा तथ्याङ्क तयार पारी आगामी दश वर्षमा पूर्णत सिँचाइको प्रबन्ध गर्न सिँचाइ आयोजनाहरू संचालन गर्ने (विस्तृत विवरण सिँचाई खण्डमा प्रस्तुत गरिएको) ।
- ✓ **"कृषिमा उद्यमशिलता आजको आवश्यकता"** भन्ने नारालाई साकार बनाउन कृषि पकेट क्षेत्रहरू, जोन तथा सुपरजोन घोषणा गरी कृषिलाई व्यवस्थित र वैज्ञानिक बनाउने ।
- ✓ अर्गानिक उत्पादनको गुणस्तर मापन केन्द्रहरूको स्थापना गर्ने ।
- ✓ विभिन्न वडाहरूलाई सम्भाव्यताको आधारमा फलफूल पकेट क्षेत्र घोषणा गर्ने ।
- ✓ **"एक वडा एक कृषि बजार"** अभियानलाई साकार बनाउने ।
- ✓ जलवायु अनुकूल माछापालन व्यवसायलाई प्रबर्द्धन गर्ने ।

- ✓ कृषि बजारीकरण सुनिश्चित गर्ने ।
- ✓ वैज्ञानिक भण्डारण तथा चिस्यान केन्द्रको व्यवस्था गर्ने ।
- ✓ कृषि सडकलाई उच्च प्राथमिकतामा राखेर स्तरोन्नति गर्ने ।
- ✓ पशुपालन व्यवसायलाई उच्च प्राथमिकता दिने ।
- ✓ पशुजन्य उत्पादनको निर्यात प्रवर्द्धन गर्ने ।
- ✓ पंक्षी उत्पादन तथा स्थानीय जातका कुखुराको व्यवसायलाई उच्च प्राथमिकता दिने ।
- ✓ पंक्षीजन्य उत्पादनको निर्यात प्रवर्द्धन गर्ने ।
- ✓ पशुरोग नियन्त्रणका लागि पशु अस्पताल र औषधालयको व्यवस्था गर्ने ।
- ✓ सम्पूर्ण कृषि पूर्वाधारहरूको क्रमश: विकास गर्दै लैजाने
- ✓ मौरीपालनलाई व्यावसायिक रूपमा लैजाने
- ✓ कृषि पकेट क्षेत्रमा खेतीपातीलाई सघन बनाई विस्तार गर्ने
- ✓ जलवायु अनुकूलका विभिन्न जातका माछा उत्पादन गर्ने
- ✓ दुध उत्पादनलाई व्यावसायिक बनाई उत्पादन वृद्धि गरी निर्यात गर्ने
- ✓ दुग्धजन्य पदार्थको उत्पादन सङ्कलन तथा बिक्रि केन्द्र स्थापना गर्ने
- ✓ समग्र उत्पादनको भण्डारण तथा बजारीकरणको प्रबन्ध गर्ने
- ✓ कृषिलाई प्रविधिमैत्री र आधुनिक बनाई खाद्य तथा पोषण सुरक्षाका भरपर्दा कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ कृषि उत्पादन सङ्कलन केन्द्रको विकास गरी कृषि सडकद्वारा केन्द्रसम्म किसानको पहुँच सुनिश्चित गर्ने

## रणनीतिहरू

- ✓ रामग्राम नगरपालिका मुख्य तराईको क्षेत्र भएको कारण यो नगरपालिकामा चरन र डाले घाँसको उपलब्धता केही कमी हुने भएकोले पशुपालन अन्तर्गत गाई तथा भैँसी पालनलाई व्यावसायिक बनाउने
- ✓ स्थानीय जातका लोकल कुखुरा तथा हाँसको व्यापक उत्पादन गरी नजिकका बजारक्षेत्र लगायत देशका प्रमुख शहर र राजधानी उपत्यकामा समेत निर्यात गर्ने
- ✓ सुङ्गुर तथा बङ्गुरको व्यावसायिक पालन गर्ने
- ✓ च्याउको व्यावसायिक उत्पादन गर्ने
- ✓ माछा पालनलाई व्यावसायिक रूपमा विकास गर्ने
- ✓ मौरी पालनलाई व्यावसायिक रूपमा विकास गर्ने
- ✓ कृषि पकेट क्षेत्र, जोन र सुपरजोन धोषणा गरी कृषि व्यवसायलाई सघन बनाई बिस्तार गर्ने
- ✓ सम्भाव्यता अध्ययन गरी यहाँको हावापानी सुहाउँदो विभिन्न फलफूलहरूको व्यावसायिक उत्पादन शुरु गर्ने
- ✓ औषधीजन्य व्यावसायिक जडिबुटीहरूको सम्भाव्यता अध्ययन गरी व्यावसायिक उत्पादन गर्ने
- ✓ केराउ, रहर मुसुरो, तोरी लगायतका दलहन तथा तेलहनको व्यावसायिक उत्पादन गर्ने
- ✓ दुध उत्पादनलाई व्यावसायिकरूपमा विकास गरी निर्यात गर्ने
- ✓ समग्र कृषि उत्पादनको भण्डारण तथा बजारीकरणको प्रबन्ध गर्ने

- ✓ कृषिलाई प्रविधिमैत्री र आधुनिक बनाई खाद्य तथा पोषण सुरक्षाका भरपर्दा कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ स्थानीय जातका पशु तथा बालीनालीको संरक्षण र उत्पादन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरी स्थानीय पहिचान कायम गर्ने
- ✓ सम्भाव्यता हेरी प्रत्येक वडामा जैविक उत्पादन क्षेत्रको विकास गर्ने
- ✓ कृषि उत्पादन सङ्कलन केन्द्रको विकास गरी कृषि सङ्कलन केन्द्रसम्म किसानको पहुँच सुनिश्चित गर्ने
- ✓ वृक्षारोपणमार्फत वन क्षेत्रको विस्तार गरी सम्भाव्यताका आधारमा जडिबुटी र फलफूल उत्पादनलाई जोड दिने
- ✓ घुम्ती पशु स्वास्थ्य शिविर संचालन गर्ने ।

## ३. कृषि विकास योजनाको Logical Framework Approach

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) कृषि** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **खाद्य सम्प्रभुता** | | | | |
| ▪ समग्र कृषि विकासको लागि एकीकृत कृषि विकास गुरुयोजना तयार पार्ने (माटो परीक्षण सहित) | १५ | नगरपालिका | कृषि शाखा | आन्तरिक राजश्व |
| ▪ सम्पूर्ण खेतीयोग्य जमिनको लगत तयार गरी पूर्ण रूपमा कुनै न कुनै प्रकारको खेती भएको सुनिश्चित गर्न जमिन बाँझो राख्ने परिवारलाई निरुत्साहित गर्ने प्रावधान निर्माण गर्ने | | नगरपालिका | कृषि शाखा | आन्तरिक राजश्व |
| ▪ खेती नगर्ने जग्गा धनीको जग्गा निश्चित मापदण्डका आधारमा स्थानीय सरकारले लिजमा लिने | १,५०० | नगरपालिका | संघिय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ पूर्णरूपमा वैज्ञानिक भू-उपयोग नीति कार्यान्वयनमा ल्याई उपलब्ध खेतीयोग्य जमिनलाई प्रकृतिका आधारमा वर्गिकरण गर्ने र भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने | | नगरपालिका | संघिय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ खेती गर्न चाहने किसानहरूलाई निश्चित मापदण्डका आधारमा स्थानीय सरकारले जग्गा जमिन लिजमा उपलब्ध गराउने | | नगरपालिका | नीजि संचार माध्यम, कृषि सहकारी, कृषि समूह | नीजि संचार माध्यम, कृषि सहकारी, कृषि समूह |
| ▪ कृषि बजारहरूको विकास गर्न नगरपालिकामा उपयुक्त स्थानहरू पहिचान गरी कृषि उपज सङ्कलन र बिक्री केन्द्र तथा परम्परागत हाट बजारहरू सञ्चालन गर्न अध्ययन गर्ने | १० | नगरपालिका | कृषि सहकारी | कृषि सहकारी |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ उपयुक्त स्थानहरुमा कृषि उपज सङ्कलन केन्द्र र हाटबजारको विकास गर्ने | १०० | नगरपालिका | जिल्ला कृषि कार्यालय | जिल्ला कृषि कार्यालय |
| ▪ स्थानीय प्रजातिका संकटमा परेका मौलिक बालीनालीहरूको संरक्षण तथा नियमित उत्पादन गर्न विशेष बीज संरक्षण तथा उत्पादन कार्यक्रमहरू सञ्चालन गर्ने | २० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ स्थानीय कृषकहरूको क्षमता अभिवृद्धि गर्न नियमित रूपमा स्थानीय सञ्चार माध्यमको सहयोगमा कृषि सूचना तथा कृषि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ उत्कृष्ट कृषक समूहलाई विशेष समारोहका बिच वार्षिक रूपमा निश्चित मापदण्डका आधारमा पुरस्कृत गर्ने | १० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ उत्कृष्ट कृषकहरूका लागि नियमित रूपमा कृषि अवलोकन भ्रमणको प्रबन्ध गर्ने | ३० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ नगरपालिकामा आवश्यक सङ्ख्यामा सबै प्रकारका कृषि प्राविधिकहरूको दरबन्दी कायम गर्ने | ३०० | नगरपालिका | संघीय एवं प्रादेशीक बिमा कम्पनीहरू | नगरपालिका बिमा कम्पनीहरू |
| ▪ बाली तथा पशुपंक्षी विमालाई क्रमशः पूर्णरूपमा कार्यान्वयन गर्दै लैजाने | ३०० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ सुलभ र सहज कृषि कर्जाको प्रबन्ध गर्ने | ७५० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ महिला कृषकहरूलाई प्रोत्साहन गर्न संगठित सामूहिक कृषि गर्ने योजना तयार भएमा मापदण्डका आधारमा अनुदान वा ऋण सहयोग दिने | ३०० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ स्थानीयस्तरमा आवश्यकताको आधारमा उपयुक्त स्थान पहिचान गरी कृषि उपज थोक बजारको स्थापना गर्ने | १०० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ बायोग्याँस प्रणालीको निर्माणमा मापदण्डका आधारमा प्रोत्साहन गर्न आर्थिक अनुदान दिने | ७५० | | | |
| ▪ प्रत्येक वडामा एक नर्सरीहरूको स्थापना गर्ने | १४० | | | |
| ▪ जलवायु परिवर्तन अनुकूलका बालीनालीका प्रजातिहरूको परीक्षण उत्पादन गर्दै जान वडास्तरमा किसानहरु छनोट गर्ने | ३० | | | |
| ▪ धानबालीको उत्पादकत्व वृद्धि गर्न प्रविधि विकास गरी नमूनाको रुपमा प्रयोग गर्न किसान छनोट गर्ने | १०० | | | |
| ▪ पशुपालन प्रबर्द्धन गर्न घाँसको सम्भाव्यता हेरी उपयुक्त प्रजातिहरूको व्यावसायिक उत्पादन गर्न कृषक छनोट गरी बेर्ना वितरण गर्ने | ३० | | | |
| ▪ व्यावसायिक रूपमा घाँसका प्रजातिहरूको उत्पादन गर्ने मापदण्डका आधारमा कृषकहरुलाई वडास्तरमा घाँसको बिउ वितरण गर्ने | ३० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ कृषकहरूलाई मलखादमा निश्चित प्रतिशत अनुदान दिने | १०० | | | |
| ▪ कृषकलाई बिउविजनमा निश्चित प्रतिशत अनुदान दिने | २० | | | |
| ▪ उन्नत जातका बोका, राँगा वितरण गर्ने | १५० | | | |
| ▪ निजी क्षेत्रको सहयोगमा प्रत्येक वडामा भेटनरी स्थापना गर्ने | १२ | | | |
| ▪ बेमौसमी तरकारीबालीलाई व्यावसायिकरूपमा प्रबर्द्धन गर्न किसानहरूले तयार गरेको रु ५ लाखसम्मको परियोजनाको लागि ५०% प्रतिशतसम्म अनुदान दिने | २५० | | | |
| ▪ न्यूनतम १०० वटा फलफूलको विरुवा लगाउने किसानलाई ५ लाखसम्मको परियोजना विकास गर्न ५० प्रतिशत अनुदानमा फलफूलका विरुवा उपलब्ध गराउने | १५० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ बेमौसमी तरकारी खेती गर्ने कृषकलाई प्लाष्टिक टनेलमा अनुदान दिने | ३० | | | |
| ▪ विपन्न र दलितहरू किसानका लागि खाद्यान्न बाली किट वितरण गर्ने | ३० | | | |
| ▪ युवा कृषक समूह वडास्तरमा तयार गर्ने | ३० | | | |
| ▪ पावर ट्रेलर, फट स्प्रेयर तथा डिजिटल तराजुमा अनुदान दिने | १०० | | | |
| ▪ फलफूलका बेर्नाका उत्पादनका लागि नर्सरी व्यवस्थापन गर्ने (वडास्तरीय) | ३० | | | |
| ▪ नगरपालिकास्तरीय विउ बैङ्क स्थापना गर्ने (लोकल विउलाई प्रोत्साहनसहित) | १० | | | |
| ▪ आवश्यकताका आधारमा क्रमशः नवीन कृषि प्रविधिहरूको प्रयोग र यान्त्रिकिकरणलाई प्रोत्साहन गर्न मापदण्डका आधारमा कृषि यन्त्रमा निश्चित प्रतिशत अनुदान प्रदान गर्ने | १०० | | | |
| ▪ प्रविधि र विषादीको मापदण्ड सहित नगरपालिकामा रोग तथा किरा नियन्त्रण सेलको स्थापना गर्ने | १५ | | | |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | ५० | | | |
| ▪ आवश्यकताका आधारमा नियमित रूपमा वडा स्तरमा नियमित कृषक पाठशालाहरू सञ्चालन गर्ने | १०५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ माटोको उत्पादकत्वलाई दिगो रूपमा कायम गर्न तथा वृद्धिका लागि प्राङ्गारिक मलको प्रयोग वृद्धि गर्न प्रविधिहरूको विकास तथा कृषक तालिम सञ्चालन गर्न वडास्तरमा कृषक समूहसँग समन्वय गरी अभिमुखिकरण गर्ने | ३० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ कृषि सहकारी र कृषि समूह गठनलाई प्राथमिकता र प्रोत्साहन गर्ने । साथै यस्ता सहकारी र समूहहरूको सबलिकरणका लागि नियमित तालिम तथा संस्थागत विकास गर्न वर्षमा २ पटक नियमित कार्यक्रम सञ्चालन गर्ने | ५० | | | |
| ▪ कृषि प्रविधि हस्तान्तरणको लागि प्रभावकारी संयन्त्रको स्थापना गर्ने र अगुवा कृषकहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम वर्षको एक पटक सञ्चालन गर्ने | ४५ | | | |
| ▪ नियमित रूपमा कृषि प्रदर्शनी र मेलाको आयोजना गर्न वार्षिक कृषि पात्रोको विकास गर्ने | ३० | | | |
| ▪ रासायनिक विषादीको प्रयोगलाई क्रमशः न्यून गरी जैविक विषादी प्रयोगलाई बढावा दिन नियमित तालिमहरूको आयोजना गर्ने | ३० | | | |
| ▪ कृषि सूचना तथा प्रचार प्रसारका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न किसानसँग हरेक वर्ष अन्तरक्रिया गर्ने र पछिल्लो समय विकास भएका मोबाइल Apps हरुको प्रयोग बारे प्रशिक्षण दिने | ७.५ | | | |
| ▪ घुम्ती कृषक शिविर तथा समुदाय स्तरमा नियमित तालिम सञ्चालन गर्न वार्षिक क्यालेण्डरको निर्माण गर्ने | १ | नगरपालिका | संङीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ कृषि सहकारीलाई एकीकृत कृषि सेवा केन्द्रको रूपमा विकसित गर्न नियमित अन्तक्रिया गर्ने | ३० | नगरपालिका | संघिय एवं प्रादेशीक सरकार | नगरपालिका |
| ▪ बालीनालीको उत्पादन वृद्धिका लागि समेत आवश्यक मौरीपालनलाई विशेष प्राथमिकता दिन निशुल्क मौरीपालन तालिम र सुलभ ऋणको व्यवस्था गर्ने | १०० | नगरपालिका | संघिय एवं प्रादेशीक सरकार /कृषक समूहहरू | नगरपालिका |
| ▪ व्यावसायिक पशुपालन अन्तर्गत गाई, भैंसी तथा बाखा पालन प्राथमिकता दिन कृषक पहिचान गरी अभिमुखिकरण गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ वैज्ञानिक भण्डारण प्रणालीको विकास गर्न कृषकहरूलाई त्यसबारे तालिम दिने र जैविक प्रविधिमा आधारित भण्डारण प्रणालीलाई प्राथमिकता दिने | २० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ हरित मल प्रबर्द्धन कार्यक्रम तथा तालिम सञ्चालन गर्ने | २० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ वडागत माटो परीक्षण शिविरहरू सञ्चालन गर्ने | २० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ मिश्रित बाली उत्पादनलाई प्रोत्साहन गर्न नगरपालिकास्तरमा वर्षमा एक पटक अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ "एक घर एक करेसाबारी" अभियान सञ्चालन गर्न (जग्गा जमिन भएका घरपरिवारमा) वडास्तरीय करेसाबारी व्यवस्थापन तालिम संचालन गर्ने | ५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ पशुपालनलाई पूर्ण लाभमुखी बनाउन आधुनिक पशु आहार गोठ व्यवस्थापन तथा भकारो सुधार कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने | १५०० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ स्थानीय सञ्चार माध्यमबाट नियमितरूपमा कृषि कार्यक्रम सञ्चालन गरी कृषि सम्बन्धी बहुउपयोगी जानकारीहरू प्रसारण गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ पशु खोप कार्यक्रम प्रत्येक वडामा सञ्चालन गर्ने | ६० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ लोकल कुखुरा पाल्ने कृषकलाई सम्पूर्ण प्रविधि श्रोत र साधन सम्बन्धी नियमित तालिम प्रदान गर्ने | ४० | नगरपालिका | जिल्ला कृषि कार्यालय | जिल्ला कृषि कार्यालय |
| ▪ माछापालन सम्बन्धी तालिम सञ्चालन गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ प्रत्येक वडामा पशुनश्ल सुधार कार्यक्रम सञ्चालन गर्ने | ६० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ प्रत्येक वडामा घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने | ६० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ कृषिसँग सम्बन्धित निम्न तालिमहरु वर्षमा एक पटक प्रदान गर्ने<br>✓ टनेल खेती तालिम,<br>✓ तरकारी खेती तथा नर्सरी तालिम,<br>✓ च्याउ खेती तालिम,<br>✓ मौरी पालन तालिम,<br>✓ प्राङ्गारिक मल बनाउने तालिम,<br>▪ घरायसी विषादी बनाउने तालिम सञ्चालन गर्ने | ३० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ लोकल कुखुरा र बाखा, पाल्ने कृषकलाई सम्पूर्ण प्रविधि, श्रोत र साधन सम्बन्धी नियमित तालिम सञ्चालन गर्ने | ४० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ खाद्यान्न बालीको उत्पादन वृद्धि सम्बन्धी नगरपालिकास्तरीय तालिम सञ्चालन गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ पर्याप्त जमिन भएका घरधुरीहरुलाई लक्षित गरी "एक घर, एक बगैंचा" कार्यक्रम सञ्चालन गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न यूवा कृषक सम्मिलित सामूहिक कृषि गर्न अभिमुखिकरण तथा सहजिकरण गर्ने | | | | |
| ▪ नगरपालिका स्तरीय आलु प्रिपियस दाना विउ उत्पादन तथा वितरण कार्यक्रम सञ्चालन गर्ने | १५ | | | |
| ▪ व्यावसायिक कृषकहरूका लागि च्याउ विउ वितरण कार्यक्रम सञ्चालन गर्ने | १० | | | |
| ▪ बाली संरक्षण कार्यक्रम सञ्चालन गर्न रोग किरा सम्बन्धी नियमित तालिम संचालन गर्ने | ३० | | | |
| ▪ मकै, धान तथा गहुँ खेती सम्बन्धी ३ दिने तालिम (नगरपालिका स्तरीय) सञ्चालन गर्ने | १५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ मकै/धान/गहुँ दिवस सञ्चालन गर्ने (प्रत्येक वर्ष) | १५ | नगरपालिका | कृषि सहकारी, कृषि समूहहरू | कृषि सहकारी, कृषि समूहहरू |
| ▪ कृषि प्रदर्शनी आयोजना गर्ने (वार्षिकरुपमा) | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ एग्रो उद्योगहरूको सम्भाव्यता अध्ययन गरी कृषि उत्पादन, प्रशोधन तथा निर्यात र बजार प्रवर्द्धन गर्न ठोस कार्ययोजना निर्माण गर्ने | ५० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ नगरपालिकामा नियमित रूपमा कृषि तथ्याङ्कहरू प्रकाशन तथा वैज्ञानिक अभिलेखिकरण र अद्यावधिक गर्ने संयन्त्रको विकास गर्ने | १५ | नगरपालिका | कृषि सहकारी तथा कृषक समुहहरू | कृषि सहकारी तथा कृषक समुहहरू |
| ▪ आधारभूत कृषि सूचनाहरूलाई कृषि पकेट क्षेत्रमा सार्वजनिक रूपमा प्रदर्शन गर्न डिजिटल बोर्ड र सूचना केन्द्र संचालन गर्ने | १५ | नगरपालिका | संघिय सरकार | संघीय सरकार |
| ▪ कृषि क्षेत्रमा अदृश्य बेरोजगारको रूपमा रहेको जनसंख्याको तथ्याङ्क निकाल्ने | ५ | नगरपालिका | संघिय सरकार | संघीय सरकार |
| ▪ कृषि क्षेत्रसँग सम्बन्धित निजी क्षेत्रका सेवा केन्द्रहरू, प्रयोगशाला, सामग्री बिक्री केन्द्र आदिलाई अनुगमन र नियमनका साथमा प्रोत्साहन गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ जलाधार संरक्षण, जल पर्यावरण प्रबर्द्धन तथा कृषिको विकासको लागि अभियानको रूपमा माछा पाल्ने, सिँचाइ र अन्य पोखरीहरूको निर्माण गर्न वडा स्तरमा सम्भाव्यता अध्ययन गर्ने | २० | | | |
| ▪ निश्चित मापदण्डका आधारमा कृषकहरूको वर्गीकरण गरी कृषक परिचय पत्र प्रदान गरी अभिलेखिकरण गर्ने | ५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ सम्भावना हेरी वैकल्पिक खेतीको अभ्यास गर्ने जस्तैः वगर खेती, सिम क्षेत्रमा गर्ने खेती आदिका लागि सम्भाव्य क्षेत्रको पहिचान गर्न अध्ययन गर्ने | ५ | नगरपालिका | स्थानीय समुदाय | स्थानीय समुदाय |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ नगरपालिका क्षेत्रमा सम्भाव्यताका आधारमा उत्पादन हुन सक्ने बालीनाली, पशु, पंक्षी, फलफूल, माछा तथा तरकारीहरूको प्रजातिको Top Ten List तयार पार्ने । | १ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ कृषि उपजको मूल्य निर्धारण गर्ने संयन्त्र निर्माण गरी त्यसको अनुगमन र नियमन गर्ने | १० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ कृषि औजार (Harverstor, Rotavator, Thresser) बोक्रा छोडाउने मेशीन, हाते ट्रयाक्टर आदि तथा यन्त्रमा अनुदान दिने (प्रत्येक वडामा आवश्यकताका आधारमा) | २०० | नगरपालिका | बैंक तथा वित्तीय संस्थाहरू | बैंक तथा वित्तीय संस्थाहरू |
| ▪ खेर गैरहेको सम्भाव्य क्षेत्रहरूमा अनिवार्य कृषिजन्य बोटविरुवा (जस्तै : लिची, कटहर, आँप, अम्बा) लगाउन सम्भाव्यता अध्ययन गर्ने | ५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई सम्भावनाका आधारमा प्रत्येक वडामा विस्तार गर्न परियोजनासँग समन्वय गर्ने | ७० | नगरपालिका | नीजि क्षेत्र | नीजि क्षेत्र |
| ▪ आवश्यक सम्भाव्यता अध्ययन गरी व्यवस्थित रूपमा नगरपालिकाका विभिन्न पशुपालन पकेट क्षेत्र वरपर चरन क्षेत्रको विकास गर्ने | १५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ कृषि क्षेत्रमा विद्यमान उर्जा सङ्कटलाई न्यूनिकरण गर्न प्राथमिकताका साथ ग्रामीण विद्युतिकरण गर्ने | ५० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ वडास्तरमा एक नमूना रासायनिक विषादि मुक्त क्षेत्र घोषणा गर्ने | १०० | नगरपालिका | कृषि सहकारी, कृषि समूहहरू | कृषि सहकारी, कृषि समूहहरू |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ जलवायु अनुकूलका फलफूलहरूको व्यावसायिक उत्पादन गर्न निजी क्षेत्र वा सामुदायिक कृषक समूहहरूलाई विशेष प्रोत्साहन गरी नमूना समूहको रुपमा स्थापित गराउने | ३० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ नगरपालिकामा कम्तीमा २ वटा सुविधासम्पन्न पशु अस्पताल स्थापना गर्ने | १०० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ खेर गएका जमिन, वन तथा झाडी क्षेत्रको अभिलेख तयार गरी नगरपालिकाको पहलमा फलफूल खेती वा अन्य सम्भावित बालीहरूको सम्भाव्यता अध्ययन गर्ने | ३० | नगरपालिका | नीजि क्षेत्र | नीजि क्षेत्र |
| ▪ प्रत्येक वडालाई सम्भावित कृषि उत्पादनको नमुना पकेट क्षेत्र निर्धारण गर्ने | १५० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ वडास्तरमा सञ्चालनमा रहेका महिला, दलित, जनजाति, सीमान्तकृत र विपन्न वर्गका कृषक समूहलाई निश्चित मापदण्डका आधारमा अनुदान दिने | ५० | नगरपालिका | नीजि क्षेत्र | नीजि क्षेत्र |
| ▪ प्रत्येक वडामा सम्भाव्यताका आधारमा एक नमूना अर्गानिक खेती क्षेत्र निर्माण गर्ने | ६० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ प्रत्येक वडामा कृषि सेवा केन्द्रका इकाईहरूको विस्तार गर्ने | ४०० | नगरपालिका | नीजि क्षेत्र | नीजि क्षेत्र |
| ▪ नगरपालिका अन्तर्गत खाली रहेको जमिन (व्यक्ति/सामुदायिक र सरकारी जमिन) मा कृषि वन व्यवस्थापन गर्ने | ७५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनका लागि नगरपालिकामा आवश्यक प्राविधिक व्यवस्था गर्ने | १५ | नगरपालिका | वन उपभोक्ता, जिल्ला वन कार्यालय | वन उपभोक्ता, जिल्ला वन कार्यालय |
| ▪ उत्पादित कृषि उपजको गुणस्तर मापन गर्न गुणस्तर प्रमाणीकरण प्रणालीको विकास गर्ने | १० | नगरपालिका | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्राकृतिक प्रकोप तथा सम्भावित रोग तथा किराहरूको सामना गर्न एक प्रभावकारी प्रकोप सर्भिलेन्स प्रणालीको विकास गर्ने । | २५ | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ कृषि सामग्री तथा उपकरणहरूको उपलब्धता सुनिश्चित गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरी कृषि सामग्री केन्द्रको स्थापना गर्ने | ३० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ हरेक किसानलाई सहज रूपमा प्राविधिक सहयोग पुऱ्याउने एक परामर्श केन्द्रको व्यवस्था गर्ने | १५ | नगरपालिका | कृषि सहकारी तथा कृषक समुहहरू | कृषि सहकारी तथा कृषक समुहहरू |
| ▪ हरेक वडामा नमुनाको रूपमा प्राङ्गारिक/जैविक उत्पादन क्षेत्रको विकास गर्ने र त्यस्ता क्षेत्रबाट उत्पादन हुने बालीनालीहरूलाई छुट्टै प्याकेजिङ र ब्रान्डीङ् गरी सम्भावित बजारसम्म पुऱ्याउने संयन्त्रको विकास गर्ने | ३० | नगरपालिका | नीजि क्षेत्र | नीजि क्षेत्र |
| ▪ व्यावसायिक खेती गर्ने कृषकहरूको उत्पादनलाई सुरक्षित गर्न उपयुक्त स्थानमा नगरपालिका स्तरीय १ चिस्यान केन्द्र निर्माण गर्ने | ३०० | | | |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **७९०** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ प्रत्येक वडामा निजी क्षेत्रको सहयोगमा दुध डेरी स्थापना गर्ने | १२० | नगरपालिका | संघीय एवं प्रादेशीक | नगरपालिका |
| ▪ प्रत्येक वडामा निजी क्षेत्रको सहयोगमा कृषिमा आधारित साना तथा मझौला उद्योग स्थापना गर्ने | ६० | नगरपालिका | स्थानीय गैर सरकारस संस्था | नगरपालिका |
| ▪ "एक वडा एक उत्पादन" कार्यक्रम सञ्चालन गर्ने | १४० | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| ▪ प्रत्येक वडामा एक व्यावसायिक नर्सरी स्थापना गर्न मापदण्डका आधारमा आर्थिक अनुदान दिने | ७० | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| ▪ नगरपालिकास्तरीय माटो परीक्षण ल्याब स्थापना गर्ने | २५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ बायो इन्जिनियरिङ्को प्रविधिको प्रयोगमार्फत् नदी कटान वा क्षयिकरण, न्यूनिकरण गर्दै कृषि प्रवर्द्धन गर्ने | ५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ कृषिलाई वातावरण संरक्षण तथा जैविक विविधता संरक्षणसँग गाँसेर जीन (अनुवंश) बैङ्को स्थापना गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीयस्तरमा कृषि उपज र पशु क्वारेन्टाइन सेवाको स्थापना गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ कृषि पकेट क्षेत्र भएर जाने कृषि सडकहरूको स्तरोन्नती गर्ने | २,५०० | | | |
| ▪ सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाइको प्रबन्ध गर्न अल्पकालिन र दीर्घकालिन सिँचाई आयोजना सञ्चालन गर्ने | २,००० | | | |
| ▪ बीउ विजनको उन्नतीकरण तथा संरक्षण साथै जनावरहरूको नश्ल सुधार कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्न एक पूर्वाधारयुक्त कृषि प्रयोगशालाको स्थापना गर्ने | ५० | | | |
| ▪ जलवायु अनुकूलका बालीनालीहरूको उत्पादन वृद्धि गर्न नगरपालिका केन्द्रमा प्रदेश तथा संघीय सरकारको जलवायु तथा मौसम विभागसँग समन्वय गरी अध्ययन केन्द्रको स्थापना गर्ने | ५० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **कृषिको जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- निर्यातमुखी रोजगार आर्थिक समृद्धिको आधार भन्ने नारा साकार हुनेछ ।
- जन, जल, जमिन, जडीबुटी र जलाधार स्थानीय जनताको समृद्धिको आधार भन्ने नारा साकार भएको हुनेछ ।
- नगरपालिकामा रहेको खेतीयोग्य जमिनको वैज्ञानिक तथ्याङ्क प्राप्त हुनेछ ।
- खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ ।
- सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको हुनेछ ।

- सर्वत्र वैज्ञानिक कृषि प्रणाली लागु भएको हुनेछ ।
- व्यावसायिक कृषिको प्रबर्द्धन भएको हुनेछ ।
- स्थानीय प्रजातिका बालीनालीको संरक्षण तथा उत्पादन भई स्थानीय पहिचान कायम हुनेछ ।
- प्रत्येक वडामा सम्भाव्यताको आधारमा अर्गानिक खेती क्षेत्रको विकास हुनेछ ।
- प्रत्येक घरमा फलफूलको विरुवा अनुदान दिने अभियान व्यावसायिक फलफूल खेतीको रूपमा परिणत भएको हुनेछ ।
- प्रत्येक वडामा कम्तिमा एउटा विशेष कृषि पकेट क्षेत्रको विकास भएको हुनेछ ।
- कृषि बाली र पशुधन बीमा कार्यक्रम प्रभावकारी रूपमा लागु भएको हुनेछ ।
- "एक वडा एक कृषि बजार" अभियान साकार भएको हुनेछ ।
- स्थानीय जलवायु अनुकूल व्यावसायीक माछापालन व्यवसायबाट कृषकहरू लाभान्वीत भएका हुनेछन् ।
- प्रत्येक वडामा कृषि उत्पादन सङ्कलन केन्द्रको रूपमा कृषि बजारहरूको विकास भएको हुनेछ ।
- प्रत्येक वडामा कृषि उत्पादन भण्डारण गर्न आवश्यक सङ्ख्यामा चिस्यान केन्द्रहरूको स्थापना भएको हुनेछ ।
- मुख्य कृषि क्षेत्रलाई समेटेर कृषि सडकको विकास र स्तरोन्नती भएको हुनेछ
- पशुपालन क्षेत्रको विकासले पूर्ण व्यावसायिकता हासिल गरेको हुनेछ ।
- बाख्रापालन, गाइभैंसीपालन, लोकल कुखुरा पालन, सुँगुर/बङ्गुरपालन, माछापालनको सुपरजोनको रूपमा विकास भई कृषि पर्यटन तथा अध्ययनको नमुना गन्तव्य स्थलको रूपमा विकास भएको हुनेछ ।
- पशुरोग, बालीनाली रोग तथा किरा नियन्त्रणका जैविक र प्रभावकारी संयन्त्रको स्थापना भएको हुनेछ ।

### सूचकहरू

| कृषि विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ नगरपालिकामा कम्तिमा एउटा स्थानीय जल, जमिन, जंगल र जडिबुटीमा आधारित साना र मझौला स्तरका उद्योगहरू संचालनमा आएको | १० वटा | २० वटा | ३० वटा | ४० वटा |
| ▪ नगरपालिकामा ठूलो स्तरका उद्योगहरू स्थापनाका लागि समग्र पक्रिया पूरा भई लगानीका साथ स्थापना गर्न वातावरण बनेको | | | | |

| कृषि विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ नगरपालिकामा रहेको खेतीयोग्य जमिनको वैज्ञानिक तथ्याङ्क सहितको Profile तयार भएको (सिंचित र असिंचित क्षेत्रफल र स्थान सहित) | | | | |
| ▪ खेतीयोग्य जमिनको कम्तिमा ८० प्रतिशत जमिनमा सिँचाई सुविधा पुगेको | | | | |
| ▪ कृषि यान्त्रिकिकरण र वैज्ञानिकिकरण अन्तरगर्त प्रत्येक वडामा उपयुक्त कुनै एक नयाँ प्रविधि भित्रिइसकेको | | | | |
| ▪ बाख्रापालन र लोकल कुखुराको व्यवसायिक पालन भई निर्यात सुरु भएको | | | | |
| ▪ दूध उत्पादनमा हालको वार्षिक अनुपातमा न्यूनतम ५ गुणाले वृद्धि भई निर्यात सुरु | | | | |
| ▪ नगरपालिकाको कम्तीमा ४ स्थानमा स्थानीय प्रजातीका बालीनाली, तरकारी, फलफूल वा जडिबुटीको नमुना उत्पादन सुरु भएको | | | | |
| ▪ प्रत्येक वडामा कृषि बाली र पशुधन बीमा कार्यक्रमको सुरुवात भएको | | | | |
| ▪ **"एक वडा एक हाट बजार"** स्थापना भई हालका प्रमुख बजार केन्द्रहरू कृषि उत्पादन संकलन केन्द्रको रूपमा विकास भएका | | | | |
| ▪ प्रत्येक सम्भाव्य जलस्रोतको उपलब्धता भएका वडामा कम्तीमा एक माछापोखरीमा माछा उत्पादन सुरु भएको | | | | |
| ▪ नगरपालिकाको कम्तीमा १ वटा प्राथमिकता प्राप्त वडाहरूमा चिस्यान केन्द्रको स्थापना भएको | | | | |
| ▪ प्रत्येक वडामा कृषि सडकको पहुँच र स्तरोन्नती भएको | | | | |
| ▪ पशुरोग नियन्त्रण गर्न प्रत्येक वडामा घुम्ती शिविर र एक उपयुक्त स्थानमा पशु अस्पताल स्थापना भएका | | | | |
| ▪ नगरपालिकामा ठूलो स्तरका उद्योगहरूसंचालनमा भएका | ११ वटा | १५ वटा | २५ वटा | ३५ वटा |
| ▪ व्यवसायिक कृषिफर्म अन्तर्गत सबै क्षेत्रमा यान्त्रिकिकरण र उपलब्ध वैज्ञानिक कृषि लागू भएको | | | | |

| कृषि विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ प्रत्येक वडामा कम्तीमा एक बालीको पकेट क्षेत्रको रूपमा विकास भैसकेको | | | | |
| ▪ नगरपालिकामा कम्तीमा २ स्थानमा चिस्यान केन्द्रको स्थापना भएको | | | | |

## प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी श्रृजना र अन्य मानवीय गतिविधिहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

### ६.२.२ पर्यटनको विद्यमान वस्तुगत अवस्था

रामग्राम नगरपालिका मध्य क्षेत्रको मुख्य तराईमा अवस्थित भएको कारण यहाँको जमिन ८७.२३ प्रतिशत भूभाग कृषियोग्य जमिन भएकोले कृषिको विकास गरी कृषि पर्यटनको विकास गर्न सकिन्छ। यसका अलावा यस नगरपालिकामा रहेका ताल, तलैया, पोखरीको संरक्षण र मर्मत सम्भार र विकास गरी जल पर्यटनको समेत विकास गर्न सकिन्छ। साथै यो नगरपालिकामा हिन्दु तथा मुस्लिम धर्मावलम्बीहरूको उपस्थिति रहेको र विभिन्न धार्मिक क्षेत्र रहेको कारणले गर्दा यो नगरपालिकालाई धार्मिक पर्यटन गन्तव्यका रूपमा समेत विकास गर्न सकिन्छ। पर्यटन विकासका लागि निम्नलिखित स्थानहरूको विकास गर्नुपर्ने देखिन्छ।

- कृषि पकेट क्षेत्रहरूको निर्धारण गरी कृषि ग्रामहरू स्थापना गर्ने
- नगरपालिकाभित्रका पोखरीहरूको संरक्षण र प्रबर्द्धन गर्ने
- विभिन्न मठ मन्दिर, थान तथा मस्जिदहरूलाई पर्यटकीय स्थलका रुपमा विकास गर्ने

कृषि तथा धार्मिक पर्यटन विकासको सम्भावनाको बीचमा रहेको यो नगरपालिकामा पर्यटकीय तथा पर्यटनसम्बद्ध पूर्वाधार विकासको अवस्था भने कमजोर रहेको छ। त्यसकारण पूर्वाधार विकासका क्षेत्रमा आधारभूत तहदेखि नै काम गर्नुपर्ने देखिन्छ। नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन तथा कृषि ग्रामहरूको स्थापनामार्फत नगरपालिकालाई एक पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न सकिन्छ। रामग्राम नगरपालिकालाई पर्यटनको उत्कृष्ट गन्तव्यस्थलका रूपमा विकास गर्न सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूलाई सङ्क्षेपमा निम्नानुसार उल्लेख गरिएको छ।

सर्वप्रथम पर्यटन अन्तर्गत पर्ने निम्न पूर्वाधारको विकास गर्ने

- ✓ पर्यटकीय गन्तव्य स्थलहरूसम्म पुग्ने सुविधायुक्त सडकहरू
- ✓ रिसोर्ट, लज, होटल तथा रेष्टुरेन्टहरू
- ✓ होमस्टे स्थापना
- ✓ स्थानीय उत्पादनहरू जसले पर्यटकहरूलाई आर्कषण गर्दछन् त्यस्ता वस्तुको उत्पादन प्रबर्द्धन
- ✓ पर्यटक सूचना केन्द्रहरू/नक्साहरू निर्माण
- ✓ तालिम प्राप्त पथ प्रदर्शकहरूको व्यवस्था
- ✓ स्थानीय जातिका ज्ञान, कला, सीप, संस्कृति, भेषभूषा, खानपान, नाचगान र रहनसहनहरूको संरक्षण र सम्बर्द्धन
- ✓ आकस्मिक सेवा तथा स्वास्थ्य केन्द्रहरू
- ✓ उद्धार संयन्त्रहरू
- ✓ भरपर्दो सुरक्षा प्रबन्ध
- ✓ बैङ्क तथा बैङ्किङ् सेवाहरू
- ✓ सूचना तथा सञ्चार (रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट, मोबाइल, टेलिफोन)
- ✓ अतिथि सत्कारको सभ्यता तथा तालिम (Hospitality Training)

- ✓ स्थानीय स्तरमा गर्न सकिने पर्यटनसम्बद्ध क्रियाकलापहरू अर्थात् सांस्कृतिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरूको प्रबन्ध
- ✓ स्थानीय रैथाने खानपानका परिकारहरू
- ✓ पुरातात्विक, ऐतिहासिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र विकास सम्बन्धी कार्यक्रमहरू
- ✓ पर्यटन गतिविधि तथा पर्यटकीय स्थलहरूको विभिन्न सञ्चार माध्यमहरूद्वारा व्यापक प्रचार प्रसार गर्ने र नगरपालिकामा आउने पर्यटकहरूको प्रस्थान विन्दुहरूमा -विशेष गरी सुनवल, बुटवल, भैरहवा, भुमही आदि स्थानहरूमा प्रचारप्रसार सामग्री पर्चा, पुस्तिका, ब्रोसर, लिफ्लेट, श्रव्यदृष्य सामग्री आदिको व्यवस्था गर्ने
- ✓ इन्टरनेट मार्फत् सामाजिक सञ्जालमा प्रचारप्रसार गर्ने
- ✓ नगरपालिकाको आधिकारिक वेबसाइटमा Tourism Section राखी प्रचार प्रसारको व्यवस्था मिलाउने
- ✓ यी लगायत Logical Framework Approach मा उल्लेखित स्थान विशेष कार्यक्रमहरू गर्ने

यस नगरपालिकामा धार्मिक, ऐतिहासिक र पर्यटकीय क्षेत्रहरूको समुचित विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गरी पर्यटनको विकासमा ठोस पाइला सार्न सकिन्छ । नगरपालिकामा कोटहीमाही मन्दिर, राधाकृष्ण मन्दिर, दुर्गा पञ्चय मन्दिर, जौरहरीमाई, रामग्राम स्तुप, रामजानकी मन्दिर लगायतका धार्मिक तथा ऐतिहासिक पर्यटकीय क्षेत्रहरू रहेका छन् ।

यस नगरपालिकामा पर्यटन क्षेत्रको विकास गर्नका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ :

- वडा नं. १ : वनभोज स्थल निर्माण (सहुवाटिकर), सण्डामा धर्मशालाको निर्माण
- वडा नं. २ : सबै मेलाहरुलाई व्यवस्थित गुर्नपर्ने
- वडा नं. ३ : रामखण्ड परियोजना पौडी तथा डुङ्गा र Fishing को व्यवस्था, धर्मशाला निर्माण, वनभोज स्थल निर्माण, वृद्धाआश्रम निर्माण
- वडा नं. ४ : दशैं मेला, कृषि मेला
- वडा नं. ५ : कृषि मेला
- वडा नं. ६ : पार्क (जौरहरी माई), भ्यूटावर (पोखरी छेउमा)
- वडा नं. ७ : पुरानो झरही खोलामा सरसफाई संरक्षण गरी डुङ्गा संचालन गर्न सकिने
- वडा नं. ८ : पार्क (बगौंचा टोल)
- गौतम बुद्धको मन्दिर स्थापना (रामग्राम स्तुप नजिक), वनभोज स्थल निर्माण, धर्मशाखा निर्माण राम जानकी मन्दिर
- ललितपुर जाने बाटो/पश्चिम ल. जाने बाटो पूर्व पलटन देखी झरही खोला सम्म (प्रस्तावित) view tower
- वडा नं. ९ : ताल अथवा पोखरीलाई व्यवस्थित तथा सुन्दरिकरण, धर्मशाला निर्माण पिपरहिया, मन्दिर निर्माण (समयमाई) पिपरहिया

- वडा नं. १० : मंझरिया चोकमा रहेको पोखरीलाई ऐतिहासिक महत्व दिई पर्यटकीय गतिविधिमा संलग्न गराइनु, धर्मशालाको निर्माण रामग्राम १० नदवा बृद्धाश्रम तथा कोटही माई मन्दिरको निर्माण, वनभोजस्थल निर्माण लङकहवा ८ नम्बर, भिउ टावर निर्माण
- वडा नं. ११: रानीपाकडमा ड्याम निर्माण, अन्तर जिल्ला फुटबल प्रतियोगिता रानीपाकड
- वडा नं. १२: धर्मशाला निर्माण, बनभोज स्थल निर्माण, बृद्धाश्रम निर्माण, रंगशाला निर्माण, बालउद्दार, होमस्टे निर्माण
- वडा नं. १३: माहामायाको नाममा मन्दिर र गेट निर्माण (माहामाया चोक), बनभोज स्थलको निर्माण, धर्मशालाको निर्माण (पाडाटिकर, कुनवार), पार्क स्थलको निर्माण, खेल मैदान निर्माण, महिला भवन (सार्वजनिक काम गर्नको लागि), सभाहल स्थल निर्माण
- वडा नं. १४: हडौया मन्दिर मेला, रामलीला नाच
- वडा नं. १५: शिवरात्री मेला आयोजना
- वडा नं.१६: बोटिङ, बौद्ध स्तुपा निर्माण तथा संरक्षण, बनभोज स्थल निर्माण, संग्राहलय निर्माण ( गिता ज्ञान मन्दिर) हकुई
- वडा नं. १७: देउगावा धर्मशाला, पट्खौली कोटही स्थानमा बालमैत्री पार्क निर्माण, पट्खौली बालमैत्री पार्क-पट्खौली, बरारीठाउँमा पार्क स्थल निर्माण, अधुरो धर्मशालालाई पूर्ण बनाई विस्तार गर्नुपर्ने, समयदेविको स्थानका धर्मशाला निर्माण
- वडा नं. १८: बोटिङ्ग, बौद्ध स्तुपा निर्माण तथा संरक्षण क्षेत्र, बनभोज स्थल निर्माण, भ्यू टावर निर्माण, कोरिहाडाँडा संग्रहालय निर्माण

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण पर्यटन |
|---|
| **सबल पक्षहरू** |
| ✓ प्राचिन कोलीय गणराज्यको राजधानी रामग्राम स्तुप तथा हालको पण्डितपुरलाई व्यवस्थित र सुसम्पन्न बनाई ध्यान केन्द्र, विपश्यना केन्द्र एवम् धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने योजना रहेको |
| ✓ नगरपालिकाले पर्यटनलाई प्राथमिकताका साथ विकास गर्ने नीति लिएको |
| ✓ स्थानीय मौलिक कला र संस्कृतिमा विशेष गरी आदिवासी जनजाति र हिन्दु जातिको सांस्कृतिक विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने |
| ✓ साइकल सवारी र साइकल सिटी निर्माणको सम्भावना भएको |
| ✓ स्थानीय मौलिक कला र संस्कृतिमा विशेष गरी आदिबासी रैथाने स्थल भएको स्थानमा सांस्कृतिक पर्यटनको राम्रो सम्भावना भएको |
| ✓ नगरका मुख्य मुख्य चोकमा बुद्धको मूर्ति राख्ने योजना रहेको |
| ✓ गौतम बुद्धको मावलीको रुपमा रहेको पण्डितपुरको भौगर्भिक अन्वेषण गर्ने योजना रहेको |
| ✓ रामग्राम स्तुपाको विकास र विस्तार गर्ने नीति रहेको |
| ✓ प्रदेश सरकारसँगको समन्वयमा रामग्राम स्तुपा सङ्ग्रहालय निर्माण गर्ने योजना रहेको |
| ✓ निर्माणाधीन रुपमा रहेको पर्यटक विश्राम गृहलाई व्यवस्थित बनाउने योजना रहेको |

| दुर्बल पक्षहरू |
| --- |
| ✓ सडक यातायातको हिसाबले अधिकांश सडकहरू कच्ची अवस्थामा रहेका |
| ✓ होटल तथा पर्यटक बस्ने रिसोर्ट, होटल तथा रेष्टुरेन्ट आदिको सुविधा नभएको |
| ✓ पर्यटक सूचना केन्द्र नभएको |
| ✓ पर्यटक सुरक्षाको उचित प्रबन्ध नभएको |
| ✓ आपतकालीन उद्धारको उचित व्यवस्था नभएको |
| ✓ एकीकृत पर्यटन विकासको योजना नबनेको |
| ✓ कतिपय धार्मिक तथा पर्यटकीय स्थलसम्म पुग्ने स्तरीय बाटो नभएको |
| ✓ स्वास्थ्य उपचारको सेवा पर्याप्त नभएको |
| ✓ पर्यटक पथ प्रर्दशक तथा व्यावसायिक ट्राभल ऐजेन्सीहरू नभएका |
| **सम्भावना र अवसरहरू** |
| ✓ पर्यटनका विभिन्न आयामहरू जस्तै : कृषि पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटनको विकास र बिस्तार गर्न सकिने |
| ✓ मौलिक संस्कृति, नाच, गीत, संगीत तथा अन्य अमुर्त सांस्कृतिक सम्पदाले सम्पन्न रहेकोले सांस्कृतिक पर्यटनको विकास गर्न सकिने |
| ✓ रामग्रामलाई सांस्कृतिक अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने |
| ✓ पोखरी, तलाउ तथा खोलानालामा माछापालन, कृषि, तरकारी र फलफूल फर्महरू र अरु साना उद्योगहरू स्थापना गरी पर्यटकहरू भित्र्याउन सकिने |
| ✓ सबल पक्षमा उल्लेखित लगायत खेल पर्यटन, क्याम्पिङ, योगा, ध्यान आदिका केन्द्रहरू स्थापना गरी स्वास्थ्य पर्यटनको समेत विकास गर्न सकिने |
| ✓ नगरपालिकाका सम्भाव्य स्थानहरूमा पिकनिक स्थल, बाल उद्यान तथा अन्य पर्यटकीय पुर्वाधारको विकास गर्न सकिने |
| ✓ वडा नं. १८ कोरिहाडाँडामा बहु सांस्कृतिक सङ्ग्रहालय निर्माण गर्न सकिने |
| ✓ विभिन्न जातजातिहरूको संस्कृति झल्कने सांस्कृतिक संग्रहालय स्थापना गर्न सकिने |
| ✓ विशिष्ट किसिमका सांस्कृतिक बस्तीहरुमा होमस्टे सञ्चालन गर्न सकिने |
| ✓ जिल्लाकै गौरवको रुपमा रहेको गौतमबुद्धको मावली गाउँ पण्डितपुरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने |
| **चुनौती तथा जोखिमहरू** |
| ✓ पर्यटन विकासको ठोस कार्यक्रम नभएकोले सामान्यतया सम्पूर्ण पर्यटन क्षेत्रको विकासका आधारभूत पूर्वाधारहरू नै स्थापना र विकास गर्नुपर्ने |
| ✓ निजी क्षेत्रलाई आकर्षित गर्नुपर्ने |
| ✓ सुविधायुक्त सडक यातायातको व्यापक रूपमा विकास गर्नुपर्ने |
| ✓ बाह्य पर्यटकहरूको प्रभावले मौलिक संस्कृति लोप हुन सक्ने |
| ✓ सामाजिक विकृतिहरू बढ्न सक्ने जोखिम |
| ✓ पर्यटन पूर्वाधार विकासका निम्ति ठूलो लगानी चाहिने |
| ✓ जीर्ण अवस्थामा रहेका ऐतिहासिक तथा धार्मिक स्थलहरुको जिर्णोद्धार र स्तरोन्नति गर्नुपर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

**सोच**

नगरपालिकालाई एक उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्ने

**लक्ष्य**

आगामी १५ वर्षमा रामग्राम नगरपालिकाका बासिन्दाहरूलाई आर्थिक हिसाबले विश्वका मध्यम आय भएको मुलूकका बासिन्दाको स्तरमा पुऱ्याउन पर्यटनलाई एक मूल आधारको रूपमा विकास गर्ने

**उद्देश्यहरू**

- ✓ नगरपालिकालाई एक नमूना आकर्षक पर्यटन गन्तव्य स्थलको रूपमा विकास गर्ने ।
- ✓ पर्यटन व्यवसायका प्रकारको सम्भाव्यता अध्ययन गरी होम स्टे, धार्मिक पर्यटन तथा स्वास्थ्य पर्यटन प्याकेज विकास गर्ने ।
- ✓ पर्यटक सूचना केन्द्रको स्थापना गर्ने ।
- ✓ पथ प्रर्दशक तालिम तथा पर्यटन व्यवसाय तालिमहरू संचालन गर्ने ।
- ✓ होटल तथा रेष्टुरेन्ट स्थापनाका लागि निजी क्षेत्र, उद्योगी व्यवसायीहरूसँग चरणबद्ध छलफल गर्ने ।
- ✓ स्थानीय श्रोतमा आधारित साना तथा मझौला पर्यटन सम्बद्ध उद्योगहरूको विकासलाई उच्च प्राथमिकता दिने ।

**रणनीतिहरू**

- ✓ गन्तव्यस्थलहरूसम्म पुग्ने सुविधायुक्त सडकहरू निर्माणलाई उच्च प्राथमिकता दिने
- ✓ होटल तथा रेष्टुरेन्टहरूको आवश्यक संख्या पुऱ्याउन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने
- ✓ स्थानीय उत्पादनहरू जसले पर्यटकहरूलाई आर्कषण गर्दछन् त्यस्ता वस्तुको उत्पादन प्रर्वद्धन गर्ने
- ✓ महत्वपूर्ण पर्यटन स्थानहरूमा अन्तर्राष्ट्रिय र राष्ट्रिय लगानी आकर्षित गर्न निजी क्षेत्रसँग अन्तक्रिया गर्ने
- ✓ स्थानीय जातिका कला संस्कृति, भेषभूषा र रहनसहनहरूको संरक्षण र सम्बर्द्धन गर्न समितिहरू गठन गरी अनुदान प्रदान गर्ने
- ✓ आकस्मिक सेवा तथा स्वास्थ्य केन्द्रहरूको निर्माण गर्ने
- ✓ उद्धार संयन्त्रहरूको विकास गरी भरपर्दो बनाउने
- ✓ संचार (इन्टरनेट, मोबाइल, टेलिफोन) को विस्तार गर्ने
- ✓ अतिथि सत्कारको सभ्यता तथा तालिम (Hospitality Trainning) नियमित संचालन गर्ने
- ✓ स्थानीय स्तरमा गर्न सकिने पर्यटन क्रियाकलापहरू अर्थात मनोरञ्जनात्मक क्रियाकलापहरूको प्रबन्ध गरी नियमित क्यालेन्डरअनुरूप कार्यक्रम सञ्चालन गर्ने
- ✓ परिकारका मेनुहरूको निर्माण गरी प्रचार प्रसार गर्ने
- ✓ पुरातात्विक, ऐतिहासिक, धार्मिक, प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ पर्यटन गतिविधि तथा पर्यटक स्थलहरूको विभिन्न संचारको माध्यामहरूद्वारा व्यापक प्रचार प्रसार गर्ने र विशेषगरी नगरपालिकामा आउने पर्यटकहरूको प्रस्थान विन्दुहरूमा प्रचार प्रसार सामग्री ब्रोसर, लिफलेट, श्रव्यदृष्य सामग्रीको व्यवस्था गर्ने
- ✓ इन्टरनेट मार्फत् सामाजिक संजालमा प्रचार प्रसार गर्ने
- ✓ नगरपालिकाको आधिकारिक वेबसाइटमा Tourism Section राखी प्रचार प्रसारको व्यवस्था मिलाउने
- ✓ पर्यटन पूर्वाधार विकासमा वातावरणलाई मध्यनजर गरी दिगो रूपमा अगाडि बढाउने
- ✓ पर्यटन सम्बन्धी सूचना व्यवस्थापन तथा तथ्याङ्क सङ्कलन प्रभावकारी बनाउने
- ✓ नगरपालिकामा कम्तीमा एउटा ३ स्टार होटल खोल्नको लागि निजी क्षेत्रलाई निश्चित मापदण्डका आधारमा कर तथा राजश्वमा छुट दिने
- ✓ धार्मिक तथा साँस्कृतिक पर्यटनको उत्कृष्ट गन्तव्य निर्माण गर्ने

## ३. पर्यटन विकास योजनाको Logical Framework Approach

कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) पर्यटन** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **प्रचार, प्रशार तथा जनचेतनामूलक कार्यक्रम** | | | | |
| ▪ आन्तरिक पर्यटन प्रबर्द्धनलाई जोड दिन "घुमौ हाम्रै ठाउँ" भन्ने अभियान सञ्चालन गर्ने | ५ | नगरपालिका | नेपाल पर्यटन बोर्ड | नगरपालिका |
| ▪ महत्वपूर्ण पर्यटन स्थानहरुमा अन्तराष्ट्रिय र राष्ट्रिय लगानी आकर्षित गर्न निजी क्षेत्रसँग अन्तक्रिया गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ पर्यटन सम्बन्धी सूचना व्यवस्थापन तथा तथ्याङ्क सङ्कलन प्रभावकारी बनाउने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकाले सहजकर्ता र नियामक निकायको भूमिका निर्वाह गरी निजी क्षेत्रलाई पर्यटन उद्योगमा व्यापक प्रोत्साहित गर्न राष्ट्रिय र स्थानीय पत्रकारहरुसँग अन्तकृया गर्ने | १० | | | |
| ▪ आधुनिक सूचना प्रणालीको उपयोग गरी यूट्युब तथा वेब साइट मार्फत पर्यटन बजारको विकास गर्ने | १ | | | |
| ▪ नगरपालिकाका सम्पूर्ण पर्यटकीय क्षेत्रको विवरण समेटेको Brochure तयार पारी वितरण गर्ने | ३ | | | |
| ▪ नगरपालिकाको website मा पर्यटन सम्बन्धी सम्पूर्ण सूचना राख्ने | | | | |
| ▪ स्थानीय सञ्चार माध्यमका साथै राष्ट्रिय सञ्चार माध्यममा पर्यटनको नियमित प्रचारप्रसार गर्न वर्षमा एक पटक पत्रकार सम्मेलन गर्ने | ३० | | | |
| ▪ स्थानीय परिकारका मेनु सहित बसोबासको प्रबन्ध र यातायातको रुटको व्यवस्था गर्ने | १५ | | | |
| ▪ सम्भाव्य पर्यटकीय क्षेत्रको विवरण र मूल्य सूची सहित पुस्तिका तयार गरी प्रंकाशन गर्ने | २ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ जल पर्यटन, धार्मिक पर्यटन, पर्यापर्यटन, योगा तथा ध्यान केन्द्र आदि सञ्चालन गर्न निजी क्षेत्रसँग सहकार्य गर्न नियमित अन्तरक्रिया गर्ने | २० | | | |
| ▪ मुख्य पर्यटकीय स्थलहरूमा वार्षिकरूपमा सञ्चालन गर्न सकिने कार्यक्रमहरूको क्यालेन्डर निर्माण गरी प्रचारप्रसार गर्ने | १ | | | |
| ▪ राष्ट्रिय पर्व तथा अवसरमा विभिन्न संस्कृति झल्कने झाँकीहरू प्रदर्शन गर्ने | १५ | | | |
| ▪ हरेक पर्यटकीय क्षेत्रलाई समेटेर पर्यटकीय गतिविधिहरु सम्बन्धी प्याकेज निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने | १ | | | |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ सिमान्तकृत र पिछडिएका वर्ग, महिला आदिको पर्यटन प्रबर्द्धन र आय आर्जनमा सहभागिता सुनिश्चित गर्न सम्भाव्य स्थानमा पर्यटन विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | १० | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| ▪ जनजातिहरूको बस्ती सघन भएका क्षेत्रहरूमा Home Stay सञ्चालन गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | ३० | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| ▪ आपत्कालिन स्वास्थ्य उपचार सेवाको प्रबन्ध गर्ने | ४५ | नगरपालिका | नीजि अस्पताल | |
| ▪ प्रत्येक पर्यटकीय स्थलसम्म पुग्ने सडकहरुको स्तरोन्नती गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ पर्यटन व्यवसायमा लाग्न चाहने युवाहरुलाई पहिचान गरी नियमितरूपमा आधारभूत Hospitality तालिम सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ पर्यटकलाई आर्कषण गर्न वडा स्तरीय नृत्य, गीत, वाद्यवाधन टोली तथा व्यान्डहरु निर्माण गर्न कला तथा साँस्कृतिक समिति गठन गरी नियमित अभ्यास संचालन गर्न अनुदान प्रदान गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ बृहद् पर्यटन गुरुयोजना निर्माण गरी लागु गर्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ पर्यटन उद्योगहरूलाई सेवाको आधारमा वर्गीकरण गर्ने (ठूला, मझौला र साना गरी) | | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ पर्यटन सम्बन्धी मझौला र साना उद्योगहरूमा राष्ट्रिय लगानीकर्ताहरूलाई आकर्षण गर्न लगानी सम्मेलन आयोजना गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ पर्यटन पूर्वाधार विकासमा वातावरणलाई मध्यनजर गरी दिगो रूपमा अगाडि बढाउने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **३३९** | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ पर्यटन सुरक्षाको सुनिश्चितता गर्न संघीय सरकारको समन्वयमा आवश्यक स्थानमा सुरक्षा निकाय स्थापना गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ निजी क्षेत्रसँग साझेदारी गरी ती स्थानहरूमा आउने पर्यटक सङ्ख्याको कम्तीमा ५० प्रतिशतलाई बन्दोवस्ती हुनेगरी होटल, रेष्टुरेन्ट तथा लजको व्यवस्था गर्ने | ५० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ स्थानीय कला संस्कृति झल्कने उत्पादन सम्बन्धी २ वटा बिक्री केन्द्र स्थापना गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ आपतकालिन उद्धार संयन्त्रको विकास गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ आधारभूत स्वास्थ्य उपचार सेवा सुनिश्चित गर्न स्वास्थ्य केन्द्रलाई सुविधा सम्पन्न बनाउने | १५ | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| ▪ आर्कषक पर्यटकीय क्षेत्रहरुमध्ये उत्कृष्टको पहिचान गरी चलचित्र र म्यूजिक भिडियो छायाँङ्कन क्षेत्रको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन र डि.पि.आर तयार पर्ने | ३५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **१४५** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | नगरपालिका |
| ▪ नगरपालिकामा कम्तीमा एउटा पाँच तारे होटल खोल्नको लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्न लगानीका लागि अन्तरक्रिया गर्ने | ५० | | | |
| ▪ नगरपालिकाका प्रमुख पहिचान भएका पदयात्रा सर्किटहरूमा जैविक पदमार्ग विकास गर्न सर्वे गरी क्रमश: पूर्वाधार विकास गर्ने | ३५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकामा एक पर्यटक सूचना केन्द्रको स्थापना गर्ने | १२० | नगरपालिका | नेपाल चलचित्र विकास बोर्ड | नगरपालिका |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **पर्यटन विकासको जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- नगरपालिका एक आकर्षक पर्यटन गन्तव्यको रूपमा विकास भएको हुनेछ ।
- प्रत्येक वडामा होमस्टे सञ्चालन भई स्थानीय रितिरिवाजको संरक्षण हुनेछ ।
- औषधीय पर्यटन, कृषि पर्यटन, पर्यावरणीय पर्यटन, धार्मिक पर्यटन र सांस्कृतिक पर्यटनको विकास भएको हुनेछ ।
- पर्यटनका माथि उल्लेखित सम्पूर्ण पूर्वाधारहरूको विकास भएको हुनेछ ।

### सूचकहरू

| पर्यटन विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ प्रत्येक प्रमुख पर्यटकीय गन्तव्य स्थलसम्म पक्की सडकको पहुँच निर्माण सम्पन्न भएको संख्या | | | | |
| ▪ नगरपालिकामा भित्रिएका पर्यटकको प्रतिशतका आधारमा पूर्ण बास बस्ने होटलको बन्दोबस्त | | | | |
| ▪ पहिचान भएका पर्यटकिय Route संख्या | | | | |
| ▪ नगरपालिका पर्यटन सूचना केन्द्रको स्थापना | | | | |
| ▪ सम्पूर्ण पर्यटन गन्तव्यस्थलको पूर्ण विवरण (पुग्न र बस्न लाग्ने खर्च, परिकार मेनु, पर्यटकीय गतिविधिहरू, गन्तव्य स्थलको प्रमुख विशेषता आदि) सहित Tourism Profile निर्माण सम्पन्न | | | | |
| ▪ पर्यटक उद्धार संयन्त्र निर्माण | | | | |
| ▪ नगरपालिकाको सम्भाव्य वडामा पर्यटन सूचना इकाइ स्थापना | | | | |
| ▪ नगरपालिकाले पर्यटकीय क्षेत्रको रूपमा घोषणा गरेका पूर्ण रूपमा पर्यटकीय पूर्वाधारहरूयुक्त सम्पदा तथा पर्यटकीय स्थलहरूको (संख्या) | | | | |
| ▪ वार्षिक पर्यटक आगमन (संख्या) आन्तरिक) | | | | |
| ▪ वार्षिक पर्यटक आगमन (संख्या) - अन्तर्राष्ट्रिय) | | | | |

| पर्यटन विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ पर्यटकको औषत बसाइ अवधि दिनमा | | | | |
| ▪ पर्यटकको औषत खर्च प्रतिदिन (डलरमा) | | | | |
| ▪ कूल ग्रार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान | | | | |
| ▪ पर्यटन क्षेत्रमा पूर्ण रोजगार जनसंख्या प्रतिशत | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- पर्यटकीय पूर्वाधार विकास पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी श्रृजना र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

### ६.२.३ उद्योग तथा वाणिज्यको विद्यमान वस्तुगत अवस्था

तराईको नगरपालिका भएको कारण यस नगरपालिकामा खासगरि कृषि व्यवसाय, उद्योग तथा कलकारखानाहरू स्थापना गर्नका लागि तुलनात्मक रूपमा सहज अवस्था हुन्छ । यस नगरपालिकामा स्थापना भएका उद्योगहरूमा खासगरी कृषिजन्य उत्पादन प्रशोधन उद्योगहरू हाल सञ्चालित छन् । यस बाहेक यस नगरपालिकामा थप कृषिजन्य उद्योगहरू सञ्चालन गर्न सक्ने प्रशस्त सम्भावनाहरू रहेका छन् साथै साना, मझौला तथा ठूला प्रकृतिका उद्योगहरू स्थापना गर्न सक्ने यथेष्ट आधारहरू रहेका छन् । उद्योग तथा कलकारखाना विकासका लागी सर्वप्रथम औद्योगिक पूर्वाधारहरू जस्तैः

- ✓ सडक यातायात
- ✓ श्रमशक्ति (सीपयुक्त तालिम सहित दक्ष जनशक्ति)
- ✓ औद्योगिक कच्चा पदार्थहरू
- ✓ पूँजी
- ✓ लगानीमैत्री वातावरण
- ✓ प्रविधि
- ✓ उर्जा
- ✓ औद्योगिक सुरक्षा र
- ✓ उपभोक्ता बजार आदिको विकास गर्नु जरुरी छ ।

यस पश्चात् रामग्राम नगरपालिकाले कृषि र पशुपंक्षीमा आधारित साना र मझौला उद्योगहरूलाई उच्च प्राथमिकता दिई स्थानीय पूँजीको संरक्षण गरी ठूला उद्योगहरूको लागि बाह्य लगानी आकर्षित गर्नुपर्दछ । यसका लागि विशेष पहल गरी स्थानीय स्तरमा रोजगारी सिर्जना हुन गई ग्रामीण जीवनस्तर माथि उठ्न व्यापक सहयोग पुग्दछ । यी समग्र उद्योगको विकासका लागि माथि उल्लेखित पूर्वाधार निर्माण तथा विकास भने अपरिहार्य शर्तहरू हुन् । उद्योग विकास मार्फत स्थानीय तथा बाह्य बजारको विकास हुन गई बाणिज्य र व्यापारको स्वतः विकास हुन जान्छ । व्यापारमा निर्यात प्रबर्द्धन तथा प्रतिस्थापन गरी आर्थिक वृद्धिदरमा उच्च अङ्क कायम गर्न सकिन्छ । उद्योग विकासका लागि संक्षेपमा निम्न कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

- ✓ साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्न स्थानीय स्तरका उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगलाई जोड दिने ।
- ✓ ठूला उद्योगहरूको सम्भाव्यता अध्ययन तथा लगानी सम्मेलन गर्ने ।
- ✓ उद्योगलाई गरीबी निवारणसँग जोडी महिला तथा सीमान्तकृत वर्गलाई अनुदान तथा तालिम दिने ।
- ✓ युवा स्वरोजगार प्रबर्द्धन गर्न सहुलियत कर्जा तथा तालिमको व्यवस्था गर्ने ।
- ✓ व्यावसायिक तालिम केन्द्रहरूको स्थापना गर्ने ।
- ✓ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापना गर्ने ।
- ✓ जलस्रोतमा आधारित उद्योगहरू जस्तै : मिनरल वाटर आदिको स्थापना गर्ने ।

- ✓ कृषिमा आधारित डेरी उद्योग, मासु, जुस, अचार, सस, छाला उद्योगहरूलाई प्राथमिकता दिने ।
- ✓ मौलिकतामा आधारित काष्ठकला, मुर्तिकला, ललितकला आदिलाई प्रोत्साहन गर्ने र सो सम्बन्धी तालिम सञ्चालन गर्ने

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | उद्योग तथा वाणिज्य |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ वडा नं. २ दुर्गाटोलमा लक्ष्मी सरफ उद्योग रहेको | |
| ✓ वडा नं. २ मा तेल उद्योग, मसला उद्योग, आइस उद्योग रहेका | |
| ✓ वडा नं. ६ मा फर्निचर उद्योग, ग्रिल उद्योग, चिउरा उद्योग रहेका | |
| ✓ कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता रहेको | |
| ✓ वडा नं. ८ बैकुण्ठपुरमा हरि ईंटा उद्योग, महावीर ब्लक उद्योग रहेका | |
| ✓ वडा नं. १० नदवामा चप्पल उद्योग, चाउचाउ उद्योग, पेप्सी उद्योग, कागज उद्योग, ग्याँस उद्योग, स्टील उद्योग, छठ फ्याक्ट्री रहेका | |
| ✓ पर्यटन उद्योगको विकास गर्न सकिने | |
| ✓ व्यावसायिक रूपमा बाख्रापालनको विकास गरी यससँग सम्बन्धित उद्योगको विकास गर्न सकिने | |
| ✓ स्थानीय कच्चा पदार्थमा आधारित कृषि उद्योगहरूको स्थापना गर्न सकिने | |
| ✓ स्थानीय जनशक्तिको सदुपयोग गरी कम खर्चिलो श्रमशक्ति प्राप्त गर्न सकिने | |
| ✓ जल सम्पदामा आधारित मिनरल वाटर उद्योग स्थापना गर्न सकिने | |
| ✓ पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु, हाड, छाला वा ऊन प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने | |
| ✓ कपडा तथा हस्तकला, काष्ठकला तथा ललितकलामा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने | |
| ✓ नगरपालिकामा रहेका पोखरीहरू तथा कृत्रिम पोखरी निर्माण गरी व्यावसायिक माछापालन गर्न सकिने | |
| ✓ वडा नं. १४ खसहवामा Ruslan Vodka Factory रहेको | |
| ✓ नगरपालिकामा उद्योग तथा वाणिज्यको विकास हुने गरी सन्डा, सवाटिकर, हाटबजार, लोकतान्त्रिक, लक्ष्मीनारायण टोल, माल टोल, परासी, बुद्ध चोक, गल्लामण्डी, मञ्झरिया चोक, श्रीनगर टोल, सुक्रौली, हकुई, ठुटीबारी, पट्खौली, धरमपुर, मङ्गलबारे बजार, बणगाउँ, भोगाड लगायतका बजार केन्द्रहरु रहेको | |
| ✓ नगरपालिका क्षेत्रमा उल्लेख्य संख्यामा कुटानी, पिसानी मिल, स-मिल र फर्निचर उद्योगहरु रहेका | |
| ✓ नगरपालिकाले विभिन्न औद्योगिक क्षेत्रहरु प्रस्ताव गरेको | |

| दुर्बल पक्षहरू |
|---|
| ✓ उद्योगको प्रचुर सम्भावना भएतापनि औद्योगिक पूर्वाधारहरू जस्तै: सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिको अवस्था कमजोर रहेको |
| ✓ युवा जनशक्ति विदेश पलायन भइरहेको |

| दुर्बल पक्षहरू |
| --- |
| ✓ औद्योगिक उत्पादनको सीप सिकाउने शिक्षा प्रणाली नभएको |
| ✓ स्थानीय जनताहरु बुटवल, भैरहवा, सुनवल, भलुही लगायतका सुगम स्थान वा काठमाडौं उपत्यका र अन्य सुविधासम्पन्न शहरहरूतिर बसाईसरी जाने प्रवृति रहेको |
| ✓ बजारकेन्द्रहरुमा ठूलो स्तरको आर्थिक गतिविधि नभएको |
| ✓ निजी क्षेत्रको लगानी आकर्षित गर्न नसकिएको |
| ✓ बैङ्क तथा वित्तीय संस्थाहरू पर्याप्त नभएको |
| ✓ सुरक्षाको पर्याप्तता नभएको |
| ✓ स्थानीय पूँजी बजारको विकास भै-नसकेको |

| सम्भावना र अवसरहरू |
| --- |
| ✓ स्थानीय सम्भाव्यताका आधारमा मौरीपालन, सुँगुरपालन, कुखुरापालन, पशुपालन, तरकारी खेती उत्पादनलाई प्रबर्द्धन गर्न सकिने |
| ✓ कृषि उद्योग विकास गर्न सकिने |
| ✓ इँट्टा उद्योगको विकास र व्यवस्थापन गरी आर्थिक फाइदा लिन सकिने |
| ✓ पोखरी, ताल तलैयामा माछापालन गर्न सकिने |
| ✓ औद्योगिक पूर्वाधारहरूको यथोचित विकास गर्न सके नगरपालिकामा रोजगारीको सम्भावना र अवसरहरूको प्रचुरता रहेको |
| ✓ सबल पक्षमा उल्लेखित सम्पूर्ण क्षेत्रलाई व्यापक रूपमा विकास गरी नगरपालिकाको समग्र विकास गर्न सकिने |
| ✓ नगरपालिकाभित्र सञ्चालित व्यवसायलाई दर्ता नवीकरण तथा अन्य कानूनी प्रक्रियामा सरलता ल्याई प्रर्वद्धन र संरक्षण गर्न सकिने |
| ✓ जडिबुटी प्रशोधन उद्योग, डेरी उद्योग, बाँसजन्य उद्योग र हस्तकलामा आधारित घरेलु उद्योगहरुको विकास गर्न सकिने |
| ✓ भौतिक संरचना निर्माणमा थप सिमेन्ट, ब्लक तथा ईट्टा उद्योगको स्थापना गर्न सकिने |
| ✓ प्रस्तावित औद्योगिक क्षेत्रहरू बिस्तार गरी नगरपालिकाभित्र रोजगारी सिर्जना गर्न सकिने |
| ✓ सिलाइ/कटाई, मोटरसाईकल तथा साइकल मर्मत तालिम, कृषिजन्य तालिम प्रदान गरी साना तथा घरेलु उद्योगको लागि दक्ष जनशक्ति तयार गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ उद्योगमा संलग्न मजदुर तथा औद्योगिक क्रियाकलापका दौरान सामाजिक जटिलता अपराध आदिको वृद्धि हुन सक्ने |
| ✓ लगानी सुरक्षाको वातावरण आवश्यक पर्ने |
| ✓ औद्योगिक पूर्वाधार विकासमा यथेष्ट बजेट व्यवस्था गरी योजनाबद्ध ढङ्गले लाग्नु पर्ने |
| ✓ उद्योग विकासको लागि सडक, यातायात, विद्युत् तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नुपर्ने |
| ✓ विभिन्न प्रकारका उद्योगहरू स्थापना गर्दा औद्योगिक प्रदुषण वृद्धि हुन सक्ने |
| ✓ ठूलो आकारको लगानीको व्यवस्था गर्नुपर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

| सोच |
|---|
| स्थानीय श्रोत र साधनमा आधारित उद्योगको विकास गरी नगरपालिकालाई सम्बृद्ध बनाउने |
| **लक्ष्य** |
| नगरपालिकालाई कृषिमा आधारित औद्योगिक उत्पादनको प्रमुख केन्द्रको रूपमा विकास गर्ने |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय श्रोत र कच्चा पदार्थमा आधारित उद्योगहरूको यथाशिघ्र स्थापना गर्न अनुकूल वातावरण निर्माण गर्ने । ✓ महिलाहरूको सिपमा आधारित उद्योगहरूको विकास गर्ने । ✓ मौलिकतामा आधारित हस्तकला, काष्ठकला तथा ललितकला उद्योगहरूको प्रबर्द्धन गरी युवा स्वरोजगार श्रृजना गर्ने । ✓ सीमान्तकृत र विपन्न वर्गलाई व्यवसाय संचालन गर्न विशेष अनुदानको प्रबन्ध गर्ने ✓ ठूलो स्तरका संचालन गर्न सकिने उद्योगहरूको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी नगरपालिकाले बाह्य लगानी आर्कषित गर्न लगानी सम्मेलनको आयोजना गर्ने ✓ वैदेशिक रोजगारीमा संलग्न युवाहरूलाई नगरपालिकामा आकर्षित गरी उनीहरूको सीप र श्रमको उच्चतम सदुपयोग गर्ने |
| **रणनीतिहरू** |
| ✓ अन्तर नगरपालिका स्तरीय उद्योगमा सामुहिक प्रयासबाट उद्योगहरूको स्थापना गर्न छिमेकी नगरपालिका वा नगरपालिकासँग समन्वय गर्ने |
| ✓ उद्योगहरूको स्थापना गर्नुपूर्व अनिवार्य रुपमा सम्भावित बजार, उपभोक्ताको रुची र चाहना, मागको अवस्था, मूल्य आदि बारे विस्तृत अध्ययन गर्ने । यस प्रकारका अध्ययन गरी यथार्थ प्रतिवेदनहरू प्रकाशन गरी माथि उल्लेखित Showcasing Project को विस्तृत विवरणमा समावेश गर्न नगरपालिकाले विशेष कार्यक्रम सञ्चालन गर्ने |
| ✓ विदेशी ठुला लगानीकर्ताहरूलाई आकर्षित गर्न प्रदेश, संघीय सरकार तथा विकास साझेदारहरूसँग नियमित अन्तरक्रिया र समन्वय गर्ने |
| ✓ नगरपालिका भित्रका तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी बढी सम्भाव्य क्षेत्रहरूलाई लगानीका लागि प्राथमिकिकरण गर्ने |
| ✓ उद्योग दर्ता र बहिर्गमन प्रक्रियालाई सरलिकृत गर्न कानुनी र नीतिगत सुधार गर्ने |

## ३. उद्योग तथा वाणिज्य विकास योजनाको Logical Framework Approach

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) उद्योग** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकामा सम्भाव्यता भएका लघुउद्यमहरूको पहिचान गरी प्रत्येक वडामा नमूना लघुउद्यमहरू सञ्चालन गर्न गरीब परिवारहरूमा निश्चित मापदण्डका आधारमा विना ब्याज ऋण प्रदान गर्ने | १५ | नगरपालिका | नीजि उद्योग | नगरपालिका |
| **प्रचार, प्रशार तथा जनचेतनामूलक कार्यक्रम** | | | | |
| ▪ नगरपालिकास्तरीय औद्योगिक सूचना केन्द्रको स्थापना गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीय सञ्चार माध्यमहरूमा औद्योगिक सूचना सम्प्रेषण गर्न नियमित कार्यक्रमहरू सञ्चालन गर्ने | १५ | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ उद्योगमा लगानी गर्न आवश्यक पूँजीका लागि लगानीकर्ताहरूलाई आकर्षित र पहिचान गर्न नगरपालिकास्तरीय लगानी सम्मेलनको आयोजना गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ "एक वडा एक उत्पादन" कार्यक्रमहरूलाई नगरपालिका गौरवका आयोजनामा समावेश गरी विशेष प्राथमिकता दिने | १२ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ हाल नगरपालिका भित्र सञ्चालित उद्योगहरूको विकास र विस्तार गर्न नगरपालिकाको विशेष पहल र बजेटमा नियमित तालिमहरू सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ सहकारी क्षेत्रको लगानीलाई उद्योगमा आकर्षित गर्न विशेष अभियान सञ्चालन गर्ने | १५ | | | |
| ▪ स्थानीयस्तरमा उपलब्ध छाला, जुट आदिबाट निर्मित वस्तुहरूको उद्योगहरू स्थापना गर्न व्यक्तिगत तथा सामूहिक लगानी प्रवर्द्धन गर्न अन्तरक्रिया गर्ने | १ | | | |
| ▪ महिला उद्यमी विकासका लागि नियमित अन्तरक्रिया र तालिम सञ्चालन गर्ने | १५ | | | |
| ▪ स्थानीय श्रोत र साधनमा आधारित उद्योगहरूको सम्भावना अध्ययन गर्न उद्योग वाणिज्य क्षेत्र सम्मिलित समूहसँग नियमित छलफल अन्तरक्रिया र गोष्ठी सञ्चालन गर्ने | १० | | | |
| ▪ सहकारी क्षेत्रलाई उद्योगमा लगानी गर्न तालिम तथा अन्तरक्रिया सञ्चालन गर्ने | १५ | | | |
| ▪ वार्षिक रूपमा स्थानीय औद्योगिक तथा व्यापारिक मेला र प्रदर्शनी आयोजना गर्ने | ७५ | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ नगरपालिका भित्रका र नगरपालिका बाहिरका दुवै प्रकारका लगानीकर्ताहरूलाई आकर्षित गर्न कर, जग्गा प्राप्ती तथा अन्य क्षेत्रमा विशेष सहुलियत प्रदान गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीय श्रोत र सीपमा आधारित साना, मझौला र ठूलास्तरका उद्योगहरू सञ्चालन गर्न विस्तृत सम्भाव्यता अध्ययन गरी Showcasing गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकाभित्र उत्पादन हुनसक्ने र उपलब्ध औद्योगिक कच्चा पदार्थको विस्तृत वैज्ञानिक अध्ययन गरी प्रोफाइल तयार गर्ने | १५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ युवाहरूलाई उद्योगमा आकर्षित गर्न नियमितरुपमा अभिमुखिकरण तालिमहरू र सफल अभ्यास साथै सफल उद्यमीहरूलाई निम्त्याई अन्तरक्रिया गराउने । यसकालागि नगरपालिकाले पात्रोको विकास गर्ने | १५ | | | |
| ▪ नगरपालिकामा सम्भाव्य लघुउद्यमहरूको पहिचान गरी प्रत्येक वडामा नमूना लघुउद्यमहरू सञ्चालन गर्न गरीब परिवारहरूलाई संलग्न गराउने | १०० | | | |
| ▪ नगरपालिकामा एउटा विशेष औद्योगिक क्षेत्र निर्धारण गर्ने | ५ | | | |
| ▪ प्रत्येक उत्पादनको प्रमुख उद्देश्य नगरपालिका बाहिरको बजारमा निर्यात गर्ने रणनिति अवलम्बन गर्ने र बजारिकरणमा उत्पादकहरूलाई सहयोग गर्ने | ३० | | | |
| ▪ एक नगरपालिका स्तरीय औद्योगिक उत्पादन विक्री केन्द्रको स्थापना गर्ने | २० | | | |
| ▪ औद्योगिक प्रदर्शनी तथा मेलाहरूको आयोजना गर्न वार्षिक पात्रो तयार गर्ने | १ | | | |
| ▪ प्रत्येक उत्पादनको विशेष लोगो र ब्रान्डीङ गरी अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने संयन्त्र निर्माण गरी विशेष अध्ययन र अनुसन्धान गर्ने | १५ | | | |
| ▪ पूँजी, लगानीकर्ता, औद्योगिक क्षेत्र, कच्चा पदार्थ, बजार, सडक, यातायात, उर्जा, जनशक्ति सुरक्षा र मागको विस्तृत अध्ययन गर्न अनिवार्य रुपमा विज्ञहरूको परामर्श लिने वा औद्योगिक अनुसन्धान केन्द्रमा त्यसको अध्ययन गर्ने प्रबन्ध गर्ने । अनुसन्धान केन्द्रको स्थापना हुनु पूर्व स्थानीय विद्यार्थी, अनुसन्धानकर्ता तथा प्राध्यापकहरू सम्मिलित विशेष टोलीको निर्माण गरी अध्ययन अनुसन्धानका लागि बजेटको नियमित व्यवस्था गर्ने | ४५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ लघु उद्यमलाई गरीबी निवारणसँग जोडेर निश्चित सङ्ख्यामा उद्यमीहरू उत्पादन गर्न सघनरूपमा नियमित तालिमहरू सञ्चालन गरी कर्जा सेवालाई सरलिकृत गर्न बैङ्क तथा वित्तीय संस्थाहरूसँग नगरपालिकाले समन्वय गर्ने | ५ | | | |
| ▪ वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको लगत तयार गरी उनीहरूको सीपलाई देशमै प्रयोग गर्न नियमित अन्तरक्रिया कार्यक्रम आयोजना गरी सरल कर्जाको व्यवस्था गर्ने | ५ | | | |
| ▪ महिलाको नाममा उद्योग दर्ता गर्दा लाग्ने दस्तुरमा ३५ प्रतिशत छुट दिने | १५ | | | |
| ▪ महिला कामदार तथा महिला सेवाग्राहीको हित संरक्षण गर्न सबै प्रकारका लैङ्गिक हिंसा र महिला हिंसा अन्त्य गर्न कानून र निर्देशिका बनाई लागु गर्ने | | | | |
| ▪ प्रत्येक वडामा साना तथा मझौला उद्योग खोल्न चाहने व्यवसायी र उद्यमीहरूसँग नियमित अन्तरक्रिया गरी लगानी मैत्री वातावरण निर्माण गर्ने | १० | | | |
| ▪ अपाङ्ग, महिला, दलित, सीमान्तकृत तथा विपन्न परिवार वा समूहलाई ५ लाख बराबरको उद्यम सञ्चालन गर्न ५० प्रतिशतसम्म अनुदान दिने | ५० | | | |
| ▪ स्थानीय ज्ञान, सीप, कला संस्कृति तथा मौलिकतामा आधारित उद्योग सञ्चालन गर्न अनुदान तथा सुलभ कर्जाको व्यवस्था गर्ने | ५० | | | |
| ▪ उद्योग व्यवसाय कोष स्थापना गरी बेरोजगार युवालाई उद्योग व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्न प्रमाणपत्रको आधारमा ऋृण तथा सहुलियत कर्जा प्रदान गर्ने | ७५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकास्तरीय महिला उद्यमशिलता विकास कोषको स्थापना गरी सञ्चालन कार्यविधि निर्माण गर्ने | ५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ कृषि पकेट क्षेत्रको विकास गर्दा विशेष कृषि उपज प्रशोधन तथा प्याकेजिङसँग सम्बन्धित उद्योगहरूको समेत विकास गर्न विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को समेत सम्भाव्यता अध्ययन गरी संघीय सरकारसँग सहयोग माग गर्ने | ५ | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ उद्योगमा लगानीका क्षेत्रहरूको पहिचान गर्न नगरपालिका तथा नगरपालिका भित्रका प्राध्यापक तथा कलेजमा स्नातकोत्तर अध्ययन गर्ने जेहेन्दार विद्यार्थीहरूको सहयोग लिई अनुसन्धान गराउन विशेष कोषको प्रबन्ध गर्ने | ५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीय औद्योगिक उत्पादनको विश्वस्तरीय गुणस्तर कायम गर्न एक गुणस्तर मापन केन्द्रको स्थापना गर्ने | ५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ कृषि उपज तथा जडीबुटीमा आधारित साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्न ३० प्रतिशत अनुदान दिने | ५० | | | |
| ▪ कृषिमा आधारित उद्योग खोल्न किसान तथा उद्यमीलाई प्रोत्साहन गर्न ३० प्रतिशतसम्म अनुदान दिने | ५० | | | |
| ▪ व्यापार र वाणिज्यको विकास गर्न हाल विकास भइरहेका बजार केन्द्रहरूमा स्थानीय उपज सङ्कलन केन्द्र स्थापना गर्न आवश्यक सेड तथा भवन निर्माण अगाडि बढाई सस्तो बहाल विटौरी कर लागु गर्ने | ७० | | | |
| **१० वर्ष कार्यक्रमको जम्मा बजेट** | | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | नगरपालिका |
| ▪ नगरपालिकामा जन्म भई हाल गैर आवासीय नेपालीहरू बनेका साथै विदेशमा अध्ययन र व्यवसायमा संलग्नहरूलाई विशेष अवसरमा नगरपालिकाको औद्योगिक विकासमा सहभागी गराउन अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी उनीहरूलाई विशेष सहुलियतको घोषणा गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ औद्योगिक जनशक्ति उत्पादन गर्ने शिक्षण संस्थाहरूलाई प्रवर्द्धन गर्ने र नगरपालिकामा एउटा बहुप्राविधिक शिक्षालय स्थापना गर्ने | ५०० | | | |
| ▪ औद्योगिक उत्पादनको लागत घटाउन सूचना प्रविधि तथा नविनतम प्रविधिको नियमित अध्ययन गर्न नगरपालिकास्तरीय एक औद्योगिक अनुसन्धान केन्द्रको स्थापना गर्ने | १०० | | | |
| ▪ उद्योग स्थापना गर्दा सुरुमा लगानी गर्न आवश्यक Venture Capital को प्रबन्ध गर्न वित्तीय संस्थाहरूसँग मिलेर विशेष प्रबन्ध गर्ने | १०० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **उद्योगको जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- कृषि तथा स्थानीय स्रोत र साधनमा आधारित उद्योगहरूको विकास भएको हुनेछ ।
- स्थानीय मौलिकतामा आधारित काष्ठकला, प्रस्तर कला, मूर्तिकला, ललितकला आदि सम्बन्धित उद्योगको स्थापना भएको हुनेछ ।
- युवा स्वरोजगार सिर्जना हुनेछ ।
- महिला, दलित, जनजाति, सीमान्तकृत तथा विपन्न वर्गको जिवनस्तरमा व्यापक सुधार हुनेछ ।
- ठूला स्तरको उद्योगको सम्भाव्यता अध्ययन सम्पन्न भई स्थापना भएका हुनेछन् ।
- व्यापार र वाणिज्यको विस्तार भई उपभोक्ता हित र उत्पादित सामानहरूको गुणस्तर कायम भएको हुनेछ ।

### सूचकहरू

| उद्योग तथा वाणिज्य विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ नगरपालिकाका उद्यमीहरूको संख्या | | | | |
| ▪ विपन्न तथा सीमान्तकृत वर्गको उद्योगमा संलग्नता (प्रतिशत बढाउँदै लाने) | | | | |
| ▪ महिला उद्यमीहरूको संख्या (प्रतिशत बढाउँदै लाने) | | | | |
| ▪ वडास्तरमा स्थापना भएका साना तथा घरेलु उद्योगहरूको संख्या | | | | |
| ▪ कूल ग्राहस्र्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान प्रतिशतमा (प.दि.वि.ल. ८.३.१) | | | | |
| ▪ लघु तथा साना उद्योगहरूको संख्या | | | | |
| ▪ मझौला उद्योगहरूको संख्या | | | | |
| ▪ ठूला उद्योगहरूको संख्या | | | | |
| ▪ उद्योग क्षेत्रमा संलग्न रोजगार जनसंख्या (प्रतिशत) | | | | |
| ▪ औद्योगिक उत्पादनको वार्षिक निर्यात मूल्य (रूपैयाँमा) | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिकाबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- औद्योगिक पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी श्रृजना र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।

- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

### ६.२.४ बैङ्क, वित्तीय संस्था तथा सहकारीको विद्यमान वस्तुगत अवस्था

बैङ्किङ कारोबारमा विस्तार गर्न स्थानीय स्तरमा पूँजी व्यापकरूपमा प्रवाह भैरहने वातावरण निर्माण हुनुपर्दछ । हाल यस नगरपालिकाका विभिन्न वडाहरूमा राष्ट्रियस्तरका बाणिज्य बैङ्कहरू, विकास बैङ्कहरू, फाइनान्स कम्पनी, माइक्रो फाइनान्स लगायत बचत तथा ऋण सहकारी संस्थाहरू स्थापना भएका छन् तथापी ती बैङ्क तथा वित्तीय सँस्थाहरूको सङ्ख्या र क्षेत्र एकदमै सानो छ । तसर्थ बैङ्क र वित्तीय क्षेत्रको विकास गर्न उद्योग, कलकारखाना, बजार र व्यापारको सघन रूपमा विकास हुनुपर्ने भएकोले नगरपालिकामा सो स्थिति सिर्जना हुनसक्ने देखिन्छ ।

अर्कोतर्फ यस प्रकारको परिवेशमा सहकारी संस्थाको विकास भने उपयुक्त हुने भएकोले सहकारीलाई सहकारी नीति र ऐन बमोजिम थप विकसित बनाउँदै लैजान सकिन्छ । त्यसैगरी सहकारी क्षेत्रलाई कृषि र औद्योगिक विकासमा लगानी गर्न सक्ने गरी उत्पादनशिल क्षेत्रमा सदुपयोग गर्न सकिन्छ । यस सन्दर्भमा नगरपालिकाले **"एक टोल एक सहकारी, घर-घरमा रोजगारी"** भन्ने नारालाई सार्थक बनाउनु सान्दर्भिक भएकोले सोहि अनुसार अगाडि बढ्नुपर्ने देखिन्छ ।

#### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | बैङ्क, वित्तीय संस्था तथा सहकारी |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ वडा नं. ३ लोकतान्त्रिक टोलमा राष्ट्रिय वाणिज्य बैङ्क, बैङ्क अफ काठमाडौं, प्रभु बैङ्क लिमिटेड, एस.बि.आई. बैङ्क, कामना सेवा विकास बैंङ्क, सिटिजन बैङ्क, महालक्ष्मी विकास बैङ्कका शाखा रहेका | |
| ✓ वडा नं. ५ मा माछापुच्छ्रे बैङ्क, एनआइसी एसिया बैङ्क, पूर्णिमा विकास बैङ्क, कृषि विकास बैङ्क, मिसन डेभलपमेन्ट बङ्क, सिद्धार्थ बैङ्क र वडा नं. १० मा ओमी विकास बैङ्कका शाखा रहेका | |
| ✓ नगरपालिका क्षेत्रमा लघुवित्त तथा सहकारी गरी उल्लेख्य सङ्ख्यामा आर्थिक कारोबार गर्ने वित्तीय संस्थाहरु रहेका | |
| ✓ नगरपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि समूहहरू सक्रिय रहेका | |
| ✓ तराइको समथर भू-धरातल, खेतीयोग्य जमिन र ठूला शहरहरूसँग सडक सञ्जालको विकास भएको | |
| **दुर्बल पक्षहरू** | |
| ✓ सघन बजार केन्द्रहरू र वाणिज्य तथा व्यापारको समुचित विकास नभएको | |
| ✓ उद्योग तथा कलकारखानाहरूको स्थापना कम मात्रामा भएको | |
| ✓ स्थानीय पूँजीको विकास कमजोर रहेको | |
| ✓ सहकारीको सङ्गठनात्मक विकास नभएका कारण लगानीको क्षेत्र र दायरा ठूलो हुन नसकेको | |
| **सम्भावना र अवसरहरू** | |
| ✓ उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको बिस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने | |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ सहकारीको विकास मार्फत् ग्रामीण अर्थतन्त्रको उचित विकास गर्न सकिने |
| ✓ अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई आर्कषण गर्न सकिने |
| ✓ स्थानीय जनताको अग्रसरतामा माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र बिस्तार गर्न सकिने |
| ✓ सहकारीहरूको स्थापना भएकाले स्थानीय सहकारी नीति अनुरूप "गाउँगाउँमा सहकारी घर-घरमा रोजगारी" अभियान सञ्चालन गर्न सकिने |
| ✓ सबल पक्षमा उल्लेखित सम्पूर्ण क्षेत्रलाई व्यापक रूपमा विकास गरी नगरपालिकाको विकास गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
|---|
| ✓ औद्योगिक पूर्वाधार, उद्योग, व्यापारिक केन्द्र र स्थानीय पूँजीको विकास गर्नुपर्ने |
| ✓ बैंङ्क तथा वित्तीय संस्थाको स्थापना हुन नसक्दा स्थानीय लगानीकर्ता तथा पूँजीपतीको पूँजी पलायन भई ग्रामीण अर्थतन्त्र थप कमजोर बन्न सक्ने |
| ✓ सबल सहकारीहरूको संस्थागत विकास नहुँदा स्थानीय पूँजी वृद्धिमा बाधा हुन सक्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

नगरपालिकामा चलायमान बैङ्क तथा वित्तीय संस्थाहरूको उपस्थितिका लागि वातावरण निर्माण गर्ने

### लक्ष्य

प्रत्येक नगरबासीलाई बैङ्क तथा वित्तीय संस्था सम्मको सहज पहुँच सुनिश्चित गर्ने

### उद्देश्यहरू

- ✓ बैङ्किङ सेवालाई प्रत्येक वडामा विस्तार गर्ने
- ✓ बैङ्किङ क्षेत्रलाई आर्कषण गर्न वातावरण निर्माण गर्ने
- ✓ "एक टोल एक सहकारी, घर-घरमा रोजगारी" अभियानलाई साकार बनाउने
- ✓ कृषि सहकारीहरूलाई बढावा दिई कृषि बजारीकरण र कृषि विकासमा लगानी वृद्धि गर्न सहकारीको सहयोग लिने ।

### रणनीतिहरू

- ✓ सहकारीमार्फत विकासलाई गति दिन बहुउद्देश्यीय तथा विभिन्न सहकारी सम्बन्धी नियमित तालिम सञ्चालन गरी सामुदायिक विकासमा सहकारीहरूसँग सहकार्य गर्ने
- ✓ हरेक घरधुरीलाई बैङ्कसम्म पहुँच सुनिश्चित गर्न "एक घर कम्तिमा एक बैङ्क खाता" को नीति अवलम्बन गरी त्यसलाई साकार बनाउन नगरपालिकाले अभियान सञ्चालन गर्ने
- ✓ स्थानीय बजारमा आर्थिक गतिविधि विस्तार र सघन गर्ने कार्यक्रमलाई प्राथमिकता दिई बैंकहरूलाई आकर्षण गर्ने
- ✓ बचत गर्ने बानी बसाउन हरेक परिवारलाई सहकारी तथा बैङ्कमा खाता खोल्न प्रोत्साहित गर्ने अभियान सञ्चालन गर्ने
- ✓ सबै नगरवासीको बैङ्क खाता सञ्चालन गर्नको लागि विपन्न नागरिकहरूको खाता खोल्न बैंकसँग समन्वय गर्ने
- ✓ सबै वडामा कम्तीमा एक बाणिज्य बैंकको शाखा स्थापना गर्ने

## ३. बैंक, वित्तीय संस्था तथा सहकारी विकास योजनाको Logical Framework Approach

कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) बैंक, वित्तीय संस्था तथा सहकारी** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ "गाउँगाउँमा सहकारी घरघरमा रोजगारी" अभियानलाई सफल बनाउन प्रत्येक टोलमा समिति गठन गरी सहकारी सम्बन्धी नियमित तालिम र अन्तरक्रिया सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सहकारीहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न निर्देशित विशेष तालिम तथा अन्तरक्रिया सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ बचत गर्ने बानी बसाउन हरेक परिवारलाई सहकारी तथा बैङ्कमा खाता खोल्न प्रोत्साहित गर्ने अभियान सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ बैङ्कहरूको शाखा बिस्तारमा सहयोग पुऱ्याउन मुख्य बजार केन्द्र र सो वरपरका बासिन्दाहरूलाई बैङ्कमा खाता खोल्न घुम्ती अभियान सञ्चालन गर्ने | ३० | | | |
| ▪ नगरपालिकाका सबै आर्थिक गतिविधिहरू बैङ्कमार्फत सञ्चालन गर्ने | | | | |
| ▪ सहकारी क्षेत्रलाई व्यवस्थित र उत्पादनमूखी बनाउन सहकारी संस्थाको दर्ता, नियमन, अनुगमन, दर्ता, खारेजी, विघटन, कार्यक्षेत्रको विस्तार, कार्यक्षेत्र संकुचन, लिक्विडेसन सम्बन्धी कार्यविधि निर्माण गरी लागु गर्ने | २ | | | |
| ▪ "सहकारी खोलौं, स्वरोजगार बनौं" अभियानलाई सफल बनाउन प्रत्येक टोलमा सहकारी सम्बन्धी नियमित तालिम र अन्तरक्रिया सञ्चालन गर्ने र नगरपालिकावासीलाई सहकारीमा आबद्ध हुनका लागि प्रोत्साहित गर्ने | ४५ | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ सबै नगरपालिकावासीको बैङ्क खाता सञ्चालन गर्नको लागि विपन्न नागरिकहरूको खाता खोल्न अनुदान सहयोग गर्ने | ५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक वडा केन्द्र तथा बजार तथा व्यापारिक केन्द्रहरूमा राष्ट्रिय स्तरका वाणिज्य बैङ्क, वित्तीय संस्था तथा सहकारीहरूका शाखा तथा कार्यालयहरू स्थापना गर्न सहजीकरण गर्ने तथा उचित वातावरण मिलाउने | | | | |
| ▪ नगरपालिकाका सबै वडाकेन्द्र तथा मुख्य बजारकेन्द्रहरूमा सम्पूर्ण सुविधासम्पन्न बैङ्क, वित्तीय संस्था तथा सहकारीहरूको विस्तार गर्नका लागि सहजीकरण गर्ने | | | | |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ उद्योगमा लगानी गर्ने सहकारीलाई विशेष प्रोत्साहन गर्ने (दर्ता तथा कर छुट दिने) | १५ | | | |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | नगरपालिका |
| ▪ कृषि सहकारीलाई विशेष अनुदानको प्रबन्ध गर्ने | ६०० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **उद्योगको जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- "एक टोल एक सहकारी घरघरमा रोजगारी" अभियान साकार हुनेछ ।
- सहकारीलाई आर्थिक क्षेत्रको महत्वपूर्ण खम्बाको रूपमा स्थापित गरिएको हुनेछ ।
- उद्योग बजार केन्द्र, उपभोक्ता तथा वित्तीय कारोबार वृद्धि हुँदा थप बैङ्कहरूको शाखाहरू विस्तार भएका हुनेछन् ।

### सूचकहरू

| बैंक, वित्तीय संस्था तथा सहकारी विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ नगरपालिकामा विस्तार भएको "क" वर्गका बैंकहरूको शाखा संख्या | १० वटा | | | |

| बैंक, वित्तीय संस्था तथा सहकारी विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ वित्तिय सेवाको पहुँचमा रहेका घरपरिवारको संख्या प्रतिशतमा (प.दि.वि.ल. ८.३.१) | | | | |
| ▪ सहकारीमा पहुँच (घरबाट ३० मिनटको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवारको संख्या) (प्रतिशत) | | | | |
| ▪ बैङ्कमा पहुँच (आफ्नो नाममा बैङ्क खाता भएका परिवारमूलीको आधारमा घरपरिवार संख्या) (प्रतिशत) | ७०.०३ % | | | |
| ▪ घरबाट ३० मिनटको पैदल यात्रामा बाणिज्य बैङ्कमा पहुँच भएका परिवार संख्या (प्रतिशत) | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- बैंक तथा सहकारी संस्थाका स्थापना पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै व्यापार वृद्धि, औद्योगिक विकास, रोजगारी श्रृजना र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

# परिच्छेद ७ - सामाजिक विकास योजना

## ७.१ पृष्ठभूमि

कुनै पनि स्थानको सम्पूर्ण भौतिक पूर्वाधारको विकास सम्पन्न भई आर्थिक समृद्धि समेत हासिल भैसकेको अवस्थामा समेत सामाजिक बेमेल, अपराध, अनैतिकता, थिचोमिचो वा भेदभाव विद्यमान छ भने त्यस्तो समाजलाई सुखी र सम्पन्न समाज भनेर परिभाषित गर्न सकिदैन । नेपाल सरकार राष्ट्रिय योजना आयोगले २०७५ मा तयार पारेको "नेपालको दिर्घकालीन सोच, २१०० (वि.सं. २०४३)" विषयक अवधारणा पत्रमा उराटा एट अल (२०१२) लाई उद्धृत गर्दै कुल राष्ट्रिय सुखीपना (Gross National Happiness) को बारेमा उल्लेख गरेको छ । (GNH) सुचकाङ्कमा सुखका ९ वटा आयाम : मनोवैज्ञानिक स्वस्थता (Psychological Wellbeing), स्वास्थ्य, समयको प्रयोग, शिक्षा, सांस्कृतिक विविधता तथा उत्थानशीलता, सुशासन, सामुदायिक क्रियाशिता (Vitality), पर्यावरणीय विविधता तथा उत्थानशीलता र जीवनस्तर) र अन्य थप ३३ वटा सूचकहरूको प्रयोग र परिभाषा गरिएको छ । त्यसैगरी भुटानले विकासको स्तरमापन गर्न यो सूचकाङ्क प्रयोग गर्दै आएको छ । त्यसैगरी विश्व सुखीपना प्रतिवेदन (World Happiness Report (2017) ले प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन, सामाजिक सहयोग, स्वस्थ अपेक्षित आयु, जीवनका छनौटको स्वतन्त्रता, सहयोगी भावना, भ्रष्टाचार प्रतिको अनुभूति लगायतका सूचकका आधारमा विश्वका मुलुकहरूको सुखीपनाको मापन तथा क्रम निर्धारण गरेको छ । ज्सअनुसार सन् २०१८ मा नेपाल १०१ औँ स्थानमा रहेको छ (हेलिबेल, लयार्ड र स्याक्स, २०१८) ।

सुखीपनाको सन्दर्भ कुनै पनि स्थानको सामाजिक विकाससँग प्रत्यक्ष रूपमा जोडिन्छ । यसमा वैयक्तिक विकास, शान्ति, स्वतन्त्रता, मेलमिलाप र सहयोग र यी पक्षहरूले श्रृजना गरेको परिस्कृत र सभ्य समाजको परिकल्पना गरिएको हुन्छ । हरेक समाज विविधतायुक्त हुन्छ । हरेक व्यक्ति आफैमा फरक प्रकृतिको हुन्छ । त्यसमा समाजले श्रृजना गरेका जात, वर्ग, समुदाय, सम्प्रदाय लैङ्गिकता आदि आयामहरू हुन्छन् । यस्ता फरकपना बीच व्यक्ति-व्यक्ति वा सामाजिक इकाइहरू मिलेर बस्नुपर्ने हुन्छ । सामाजिक विकासले यस प्रकारको मेलमिलापयुक्त सामाजिक सौहार्दता कायम गर्दछ । समग्र विकासको यो अहम् पाटो हो । यस नगरपालिकाको सामाजिक विकास योजनाले निम्न उप-क्षेत्रहरूलाई समेटेको छ ।

- ✓ शिक्षा
- ✓ स्वास्थ्य
- ✓ संस्कृति
- ✓ लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहिकरण
- ✓ यूवा
- ✓ शान्ति सुरक्षा
- ✓ खेलकूद तथा मनोरञ्जन
- ✓ शवदाह स्थल तथा चिहान व्यवस्थापन

## ७.२ सामाजिक विकासका उपक्षेत्रगत योजना

### ७.२.१ शिक्षाको विद्यमान वस्तुगत अवस्था

विकासको प्रमुख संवाहक मानव संसाधन नै हो । दक्ष र विवेकशील मानव संसाधनको पूर्ण विकास भएको समाज मरुभूमि नै भएतापनि विकास भएको र मानव संसाधन अदक्ष र कमजोर भएको समाजमा अपार प्राकृतिक स्रोत र सम्पदाहरू भएपनि चरम गरिबी, अविकास, पछौटेपन र विषम राजनैतिक अस्थिरताका बीचमा गुज्रनु परेको यथार्थ हाम्रा सामु छ । नेपाल प्राकृतिक र भौगोलिक सम्पदाको हिसाबले सम्पन्न भएपनि कमजोर मानव संसाधनका कारण पछि परेको छ । मानव संसाधन विकासको पहिलो र आधारभूत शर्त भनेकै वैज्ञानिक, व्यावहारिक, प्राविधिक र समयसापेक्ष उचित शिक्षा नै हो । त्यसकारण समय, अवस्था र देशको माग अनुसारको जनशक्ति तयार गर्न सोही अनुरूपको शिक्षा प्रदान गर्नु अति आवश्यक छ । द्रुतगतिको विकास भएको आजको युगमा समेत रामग्राम नगरपालिकाको साक्षरता दर ७२.४ प्रतिशत मात्र रहेकोले नगरपालिकाको शैक्षिक तथा सामाजिक विकासको अवस्था कहालीलाग्दो रहेको यथार्थ प्रष्ट हुन्छ । त्यसकारण यस नगरपालिकामा उपयुक्त शैक्षिक वातावरणको सिर्जना मार्फत् निरक्षरता उन्मूलन लगायत दक्ष, प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन गर्न समयमै अत्यन्त प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । समग्र शिक्षा क्षेत्रको विकासका लागि नगरपालिकाले सर्वप्रथम सम्पूर्ण शैक्षिक पूर्वाधारहरूको विकास गर्नुपर्दछ । शैक्षिक पूर्वाधार अन्तर्गत निम्न विषयहरू पर्दछन् :

- ✓ बालबालिका, छात्रा तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार (सुरक्षित विद्यालय भवन, छात्रावास, पुस्तकालय, शौचालय, खेलमैदान, कक्षाकोठा, फर्निचर आदि)
- ✓ दक्ष तथा अनुभवी विषयगत शिक्षकको प्रबन्ध
- ✓ विद्यार्थी अनुपात अनुसार शिक्षक तथा विद्यालयको व्यवस्था
- ✓ भौगोलिक क्षेत्रका आधारमा विद्यालयहरूको स्थापना तथा वितरण
- ✓ बालमैत्री वातावरणमा शिक्षा हासिल गर्ने वातावरण
- ✓ पुस्तकालय तथा पुस्तकको उपलब्धता
- ✓ कापी, कलम, झोला लगायत अन्य शैक्षिक सामग्रीहरूको प्रबन्ध
- ✓ उपयुक्त शिक्षण पद्धति
- ✓ प्रतिभा प्रस्फुटन तथा सह-शैक्षिक क्रियाकलापहरू
- ✓ अतिरिक्त क्रियाकलाप तथा पूर्वाधारको प्रबन्ध
- ✓ खेलकुद मैदान र खेल सामग्रीहरूको प्रबन्ध
- ✓ नियमित पठनपाठनको व्यवस्था
- ✓ विज्ञान प्रयोगशाला
- ✓ कम्प्युटर ल्याब
- ✓ इन्टरनेट सेवा
- ✓ पोसिलो आहार (खाजा)
- ✓ विद्यालयसम्मको पहुँच

- ✓ विद्यार्थीहरूको घर निकटमा विद्यालयहरू
- ✓ स्वच्छ पिउने पानी
- ✓ बालबालिका, छात्रा तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था
- ✓ प्राथमिक उपचार सामग्री
- ✓ विद्यार्थीमैत्री वातावरण
- ✓ शान्ति सुरक्षा
- ✓ बाल अधिकारको संरक्षण
- ✓ परीक्षण तथा मूल्याङ्कन

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | शिक्षा |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ | उच्च शिक्षाका लागि नगरपालिकामा स्नातक तहसम्म पठनपाठन हुने परासी क्याम्पस रहेको |
| ✓ | नगरपालिकाभर बालविकास, आधारभूत विद्यालय र माध्यमिक विद्यालय गरी ३२ वटा सामुदायिक, २८ वटा भन्दा बढी नीजि विद्यालय, २ वटा स्नातक तहको क्याम्पस र केही मदरसाहरु सञ्चालनमा रहेका |
| ✓ | विगतका वर्षहरुको तुलनामा शिक्षामा सर्वसाधारणहरुको पहुँच बढेको |
| ✓ | केही नमुना विद्यालयमा अङ्ग्रेजी माध्यममा पठनपाठन सुरु भएको |
| ✓ | विद्यालय भर्नादरमा वृद्धि भएको |
| ✓ | महिला शिक्षामा तुलनात्मक रूपले सुधार भएको |

| दुर्बल पक्षहरू | |
|---|---|
| ✓ | आधारभूत र माध्यमिक शिक्षाको सुविधा भएपनि स्नातकसम्मको शिक्षाको सुविधा अत्यन्त सीमित रहेको |
| ✓ | मदरसा शिक्षालाई व्यवस्थित गर्न नसकिएको |
| ✓ | विद्यालयमा विषयगत शिक्षकको कमी |
| ✓ | विद्यालयहरूको आवश्यकता अनुरूप आफ्नै जग्गा नभएको |
| ✓ | घरधुरी तथ्याङ्क संकलन २०७६ अनुसार कुल साक्षरता ७२.४ प्रतिशत रहेको |
| ✓ | विद्यालय तथा विद्यार्थीहरूमाभ्क स्वस्थ प्रतिस्पर्धात्मक भावना कमी भएको |
| ✓ | प्राविधिक शिक्षाको अवसर नभएको |
| ✓ | विद्यालय भवन कच्ची र असुरक्षित साथै आवश्यक पूर्वाधार नभएको र भूकम्प तथा प्राकृतिक विपत्तीले क्षति गर्न सक्ने |
| ✓ | विद्यालयमा अन्य शैक्षिक पूर्वाधारको कमी भएको |
| ✓ | अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकुद सामग्रीको अभाव भएको |
| ✓ | उपयुक्त खेल मैदानको व्यवस्था नभएको |
| ✓ | लक्षित निरक्षर तथा सीमान्तकृत वर्गलाई विशेष शिक्षाको व्यवस्था नभएको |
| ✓ | विद्यालयमा स्वच्छ पिउने पानी तथा छात्रामैत्री शौचालयको प्रबन्ध अभाव रहेको |

| दुर्बल पक्षहरू |
|---|
| ✓ छोरीहरूले छोराहरु सरह शैक्षिक अवसरहरु प्राप्त गर्न नसकेको |
| ✓ अधिकांश विद्यालयमा प्राथमिक उपचार कक्ष, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधा नभएका |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ आवश्यक मात्रामा थप शैक्षिक संस्थाहरू स्थापना गर्न सकिने |
| ✓ प्राविधिक शिक्षालयहरू स्थापना गर्न सकिने |
| ✓ बाल विकास केन्द्रको भौतिक तथा शैक्षिक स्तरोन्नति गर्न सकिने |
| ✓ निजी क्षेत्रको सहयोग लिई शिक्षामा लगानी गर्न सकिने |
| ✓ प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षाको व्यवस्था गर्न सकिने |
| ✓ विद्यमान शिक्षण संस्थाहरूको स्तरोन्नती गर्न सकिने |
| ✓ माध्यमिक तहमा कम्प्युटर शिक्षाको सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गर्न सकिने |
| ✓ सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यवहारिक शिक्षा प्रदान गर्न सकिने |
| ✓ शिक्षकहरूलाई तालिम दिई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने |
| ✓ दक्ष शिक्षक, गुणस्तरीय शिक्षा दिन सक्ने, कृषि, विज्ञान तथा अन्य प्राविधिक कलेजहरू सञ्चालनमा ल्याउन सकिने |
| ✓ वडा नं. १५ सुक्रौलीमा प्रस्तावित सुक्रौली पुस्तकालयलाई व्यवस्थित गरी सञ्चालन गर्न सकिने |
| ✓ शिक्षामा विकास गरी मधेसी, जनजाति र दलित समुदायका महिलाहरूको शैक्षिक स्तर अगाडि बढाउन सकिने । |

| चुनौती तथा जोखिमहरू |
|---|
| ✓ विद्यालय क्षेत्रका शैक्षिक समस्याहरूको समयमै सम्बोधन नगर्ने हो भने राष्ट्रलाई आवश्यक सक्षम, दक्ष र कर्मठ नागरिक उत्पादन हुन नसक्ने |
| ✓ समग्र शैक्षिक समस्याहरू सम्बोधन गरी शैक्षिक संस्थाहरूलाई सुविधासम्पन्न बनाउन बजेटको व्यवस्था गर्नुपर्ने |
| ✓ शिक्षाको गुणस्तर सुधारमा व्यापक लगानी तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने |
| ✓ अनुगमन प्रणालीको व्यवस्था गर्नुपर्ने |
| ✓ शैक्षिक क्यालेण्डर व्यवस्थित गर्नुपर्ने |
| ✓ शिक्षक शिक्षिकाहरूलाई नियमित तालिम प्रदान गर्नुपर्ने |
| ✓ बालमैत्री तथा विद्यार्थीमैत्री शिक्षण सिकाइ पद्धतिको विकास गर्नुपर्ने |
| ✓ अन्तर्राष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक गुणस्तर कायम गर्नुपर्ने |
| ✓ हरेक विद्यालय सूचना प्रविधियुक्त बनाउनु पर्ने |
| ✓ सबैका लागि शिक्षा अभियान सञ्चालन गर्नुपर्ने |
| ✓ प्राविधिक तथा सीपमूलक शिक्षाको व्यवस्था गरिनुपर्ने |
| ✓ शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ नगरपालिकाबाट एम.वि.वि.एस वा इन्जिनियरिङ, जे. टि. ए, भेटेरीनरी, कृषि, वन विज्ञान प्राविधिक, व्यावसायिक र व्यावहारिक जस्ता विषय पढ्न सक्ने विद्यार्थीहरूलाई गाउँमा सेवा गर्ने वातावरण बनाई विशेष सहयोग गर्नुपर्ने |
| ✓ विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नुपर्ने |
| ✓ अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्नुपर्ने |
| ✓ सुविधा तथा पूर्वाधारयुक्त विद्यालय भवनको व्यवस्थापन गर्नुपर्ने |
| ✓ प्राविधिक कलेजहरू सञ्चालन गर्न लगानीको समस्या रहेको |
| ✓ दक्ष शिक्षकहरूको आवश्यकता पूर्ति गर्न कठिन |
| ✓ जीर्ण भवनहरूमा पठनपाठन गराउनुपर्ने वाध्यता |
| ✓ सामुदायिक विद्यालयमा अंग्रेजी भाषाको माध्यमबाट पठनपाठन गर्न प्रोत्साहन गर्दा स्थानीय भाषा तथा संस्कृतिमा नकारात्मक प्रभाव पर्न सक्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

**सोच**

शैक्षिक उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउने

**लक्ष्य**

आगामी १५ वर्षमा गुणस्तरीय आधारभूतदेखि उच्च शिक्षासम्मको पहुँच नगरपालिका मै उपलब्ध गराउने

**उद्देश्यहरू**

- ✓ सम्पूर्ण शैक्षिक पूर्वाधारयुक्त समाजको निर्माण गर्ने ।
- ✓ शिक्षा क्षेत्रमा आगामी १५ वर्षमा विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने स्तरको सक्षम नागरिकहरू तयार पार्ने ।
- ✓ निरक्षरता पूर्णरूपमा उन्मूलन गर्ने
- ✓ आधारभूत तहदेखि विश्वविद्यालय स्तरसम्मको अध्ययनको सुविधा नगरपालिकामै उपलब्ध गराउने
- ✓ संविधानले सुनिश्चित गरेको सबैका लागि शिक्षा भन्ने अवधारणालाई साकार बनाउने
- ✓ स्थानीय आवश्यकता सुहाउँदो पाठ्यक्रम निर्माण गरी लागु गर्ने
- ✓ शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई जोड दिने नीति अनुरुप यसै बर्ष नगरपालिकाका पूर्वाधार सम्पन्न माध्यमिक विद्यालयका लागी ICT को प्रयोग गरी कक्षा सञ्चालन गर्ने र यसलाई क्रमशः अन्य विद्यालयमा विस्तार गर्ने
- ✓ प्रत्येक वर्ष वडा तथा नगरपालिकास्तरीय शैक्षिक सम्मेलन तथा शैक्षिक मेलाको आयोजना गर्ने
- ✓ नगरपालिकाका सबै विद्यालय तथा अन्य आवश्यक स्थानमा इन्टरनेट सहितको सुविधासम्पन्न पुस्तकालय स्थापना गर्ने
- ✓ प्रत्येक वडामा कम्तिमा १ वटा सुविधासम्पन्न सार्वजनिक पुस्तकालय तथा वाचनालय स्थापना गर्ने
- ✓ वयस्क, प्रौढ तथा किशोरी शिक्षा सञ्चालन गरी आगामी १० वर्षमा निरक्षरता उन्मूलन गर्ने
- ✓ शिक्षाको महत्वको बारेमा जनचेतना अभिवृद्धि गरी पठन संस्कृतिको विकास गर्ने

- ✓ नगरपालिकाको समग्र शैक्षिक विकासका लागि एक वृहत् शिक्षा गुरुयोजना निर्माण गरी शिक्षा गुरुयोजनाले तय गरे बमोजिमका योजना तथा कार्यक्रम लागु गरी समय सापेक्ष, व्यवहारिक, सीपयुक्त, प्राविधिक तथा व्यावसायिक रुपमा शिक्षित जनशक्ति निर्माण गर्ने
- ✓ संविधानले सुनिश्चित गरेको सबैका लागि शिक्षा भन्ने अवधारणालाई साकार बनाउने ।

## रणनीतिहरू

- ✓ अनिवार्य आधारभूत शिक्षालाई सबैको पहुँचमा पुर्‍याउन नगरपालिकाद्वारा ठोस कार्यक्रम सञ्चालन गरी शिक्षा लिने उमेरका सम्पूर्ण बालबालिकाहरूलाई घरेलु काम वा अन्य शिक्षाको अवसरबाट वञ्चित गर्ने क्रियाकलापको अन्त्य गर्न जनसहभागितात्मक वार्षिक अभियान सञ्चालन गर्ने ।
- ✓ शिक्षालाई गरिवी निवारणसँग जोडेर अगाडि बढाउने
- ✓ उच्च शिक्षालाई पहुँच योग्य बनाउन अध्ययन गर्ने विद्यार्थीको रोजगारी वा छात्रवृत्तिको व्यवस्था गर्ने
- ✓ स्थानीय सरकारलाई आवश्यक प्राविधिक जनशक्ति तयार गर्न नगरपालिकामा एक बहु प्राविधिक शिक्षालय स्थापना गरी विपन्न समुदायलाई लक्षित छात्रवृत्तिको व्यवस्था गर्ने
- ✓ अभिभावक शिक्षा अनिवार्य लागू गरी हरेक पढ्ने उमेरका बालबालिकाहरूलाई घरमा पढ्ने वातावरण निर्माण गर्न घर-घरमा वार्षिक अभियान सञ्चालन गर्ने
- ✓ नैतिक तथा व्यवहारिक ज्ञान साथै हरेक नागरिकलाई आवश्यक Life Skills जीवनोपयोगी सीपहरूप्रदान गर्न नगरपालिकाले अनिवार्य पाठ्यक्रम निर्धारण गरी लागू गर्ने
- ✓ गरिबीका कारण विद्यालय जानबाट बञ्चित रहेका बालबालिकाहरूको पहिचान गरी नगरपालिकाले निश्चित मापदण्डका आधारमा पूर्ण छात्रवृत्ति र बन्दोवस्ती गरिदिने ।
- ✓ गुणस्तरीय शिक्षा सुनिश्चित गर्न अनुगमन, मूल्याङ्कन तथा दण्ड र पुरस्कारको उचित प्रबन्ध गर्ने
- ✓ सामुदायिक र नीजि विद्यालयबीचको गुणस्तरमा रहेको खाडललाई कम गर्न सामुदायिक विद्यालयको क्षमता विकास गर्न नियमित अनुगमन गर्ने संयन्त्रको निर्माण गर्ने
- ✓ जीवनपर्यन्त शिक्षालाई समाजको मूल मान्यताको रूपमा स्थापित गर्ने अभियान सञ्चालन गर्ने
- ✓ विद्यार्थी भर्नादरलाई शतप्रतिशत पुर्‍याउने
- ✓ बिचैमा विद्यालय छाड्ने कारण पत्ता लगाई त्यसलाई शुन्यमा झार्ने
- ✓ विद्यालय र विद्यार्थी अनुपात हेरी नपुग विद्यालयहरू थप्ने साथै विद्यार्थी कम भएका नजिकका विद्यालयहरूलाई गाभ्ने
- ✓ सम्पूर्ण विद्यालयहरूलाई प्राथमिकताका साथ भौतिक तथा आधुनिक पूर्वाधारयुक्त बनाउने
- ✓ विद्यालयमा नियमित कक्षा सञ्चालन सुनिश्चित गर्ने
- ✓ सबै सामुदायिक विद्यालयहरूमा आवश्यक दरबन्दी कायम गर्ने
- ✓ दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने
- ✓ समय सापेक्ष व्यवहारिक, व्यावसायिक, प्राविधिक जीवनोपयोगी र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने
- ✓ शैक्षिक क्यालेण्डर व्यवस्थित गरी पूर्ण रूपमा लागु गर्ने
- ✓ दलित, एकल महिला, अपाङ्ग तथा सीमान्तकृत विपन्न विद्यार्थीलाई पूर्ण रूपमा नि:शुल्क पठन-पाठनको व्यवस्था सहित विशेष छात्रवृत्तिको व्यवस्था गर्ने
- ✓ विद्यालयमा विद्यार्थीमैत्री वातावरण सुनिश्चित गर्ने
- ✓ स्नातकोत्तर तहसम्मको उच्च शिक्षाको लागि विश्वविद्यालयबाट सम्बन्धनप्राप्त कलेज स्थापना गर्न समुदाय र निजी क्षेत्रसँग सहकार्य गर्ने
- ✓ आवश्यकताका आधारमा शिक्षण पद्धतिलाई प्रविधिमैत्री बनाउने
- ✓ प्रत्येक वडामा वयस्क, प्रौढ तथा किशोरी शिक्षा लागु गर्ने
- ✓ नगरपालिकाका कम्तिमा २ वटा विद्यालयलाई आधुनिक प्रविधियुक्त प्राविधिक माध्यमिक विद्यालयको रूपमा विकास गर्ने

- ✓ **"पहुँचयुक्त, प्राविधिक, व्यावसायिक, व्यवहारिक र गुणस्तरीय शिक्षा आजको आवश्यकता"** भन्ने नारालाई साकार बनाउने
- ✓ नगरपालिकाको समग्र शिक्षा क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई नियमन गरी सहकार्य गर्ने
- ✓ संस्थागत विद्यालयहरूको नियमित अनुगमन गरी उनीहरूसँग समग्र शिक्षा क्षेत्रको विकासका लागि सहकार्य गर्ने
- ✓ प्राविधिक, वैज्ञानिक, व्यवहारिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू आवश्यक संख्यामा स्थापना गर्ने
- ✓ कम्तिमा आधारभूत तहसम्म मातृभाषामा शिक्षा प्रदान गर्नका लागि स्थानीय भाषामा पाठ्यक्रम बनाई पाठ्यपुस्तकहरू प्रकाशन गर्ने
- ✓ समय सापेक्ष र स्थानीय आवश्यकता सुहाउँदो स्थानीय ज्ञान, सीप, कलाको प्रबर्द्धन गर्ने पाठ्यक्रम तयार गरी विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक स्तर कायम गर्ने
- ✓ राष्ट्रिय चरित्र, नैतिकता तथा व्यवहार साथै शिष्टाचार सम्बन्धी शैक्षिक कार्यक्रम तयार गरी उच्च आदर्शवान, चरित्रवान, नैतिक, उच्च राष्ट्रप्रेम र गुणवान नागरिक सिर्जना गर्ने
- ✓ नगरपालिकाबाट मेडिसिन, इन्जिनियरिङ, कम्प्युटर विज्ञान, कृषि, जे. टी., जे. टि. ए., वन विज्ञान लगायत अन्य प्राविधिक र व्यावसायिक विषय पढ्ने जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्तिको व्यवस्था गरी गाउँमा सेवा गर्ने प्रावधान राख्ने
- ✓ माध्यमिक विद्यालयमा कृषि शिक्षा लागु गर्ने
- ✓ विद्यालयलाई शान्ति क्षेत्र कायम गर्ने
- ✓ अति विपन्न वर्गका विद्यार्थीहरूलाई निश्चित विद्यालयमा पूर्वाधारको विकास गरी आवासीय शिक्षाको प्रबन्ध मिलाउने
- ✓ विद्यालयका शैक्षिक उपलब्धीको आधारमा पुरस्कार र प्रोत्साहनको व्यवस्था गर्ने
- ✓ शिक्षक-शिक्षिकाहरूका लागि नियमित तालिमको व्यवस्था गर्ने
- ✓ विद्यालयहरूमा नियमित रूपमा सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलापहरूको व्यवस्था गर्ने
- ✓ वैज्ञानिक अनुगमन तथा निरन्तर मूल्याङ्कन प्रणाली तथा ग्रेडिङ प्रणाली लागु गर्ने
- ✓ नियमित अतिरिक्त क्रियाकलापहरू सञ्चालनका लागि वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गर्ने
- ✓ **"विद्यार्थीसँग स्थानीय सरकार"** कार्यक्रम सञ्चालन गर्ने
- ✓ पूर्वीय दर्शन र सभ्यता सम्बन्धी अध्ययन केन्द्र स्थापना गर्ने
- ✓ सबै तहमा निःशुल्क बुहारी शिक्षा कार्यक्रम लागु गर्ने
- ✓ विद्यार्थीहरूको हाजीरी दर सुधार गर्न अभिभावक शिक्षा साथै पुरस्कारको व्यवस्था गर्ने
- ✓ विद्यार्थी भर्ना अभियानलाई शत प्रतिशत पुऱ्याउन हरेक वर्षको चैत महिनाभर घर घरमा घुम्ती भर्ना टोली खटाउने
- ✓ समयानुकूल पाठ्यक्रममा पुनरावलोकन गर्न विज्ञहरूको टोली गठन गरी साधनस्रोत सम्पन्न बनाउने विज्ञहरूसँग परामर्श गर्ने
- ✓ विश्वविद्यालय तहको शिक्षामा राम्रो नतिजा ल्याएका क्षमतावान् व्यक्तिहरूलाई अतिरिक्त सुविधा सहित विद्यालय शिक्षकका रूपमा नियुक्ति दिने

## ३. शिक्षा विकासका लागि Logical Framework Approach

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) शिक्षा** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ कक्षा १२ को अन्तिम परीक्षा दिई बसेका छात्रछात्राहरूलाई स्थानीय विषयगत कार्यालयमा इन्टर्नसिपको प्रबन्ध गर्ने | १ | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| ▪ हरेक विद्यालयमा महिनावारी भएका छात्राहरूलाई नि:शुल्क रूपमा सेनेटरी प्याड उपलब्ध गराउने | १५० | नगरपालिका | नीजि तथा सरकारी अस्पताल | नगरपालिका |
| ▪ प्रत्येक वर्ष नगरपालिकास्तरीय शैक्षिक प्रदर्शनी, मेला तथा सम्मेलनको आयोजना गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ Junk Food प्रतिबन्धित गरी बालविकादेखि कक्षा ३ सम्मका विद्यार्थीका लागि पोषिलो दिवा खाजा कार्यक्रमलाई सञ्चालन गर्ने | १५ | नगरपालिका | सघिय सरकार | नगरपालिका |
| ▪ प्रत्येक शैक्षिक संस्थसँग समन्वय गरी सबै तहमा नि:शुल्क बुहारी शिक्षा कार्यक्रम लागु गर्ने | १०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विद्यार्थी भर्ना अभियानलाई शत प्रतिशत पुऱ्याउन हरेक वर्षको चैत महिनाभर घर घरमा घुम्ती भर्ना टोली खटाउने | १५० | | | |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ गरेर सिक्ने, रमाईरमाई सिक्ने, निरन्तर सिकाइ, जीवनपर्यन्त सिकाइ जस्ता मान्यतालाई लागु गरी सिकाइलाई रमाइलो, सहज र प्रभावकारी बनाउन शिक्षकहरूको बीचमा अन्तरविद्यालय अनुभव आदानप्रदान कार्यक्रम आयोजना गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ महिला शिक्षिकाहरूको सिप वृति विकास गर्न शिशु शिक्षा तालिम सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सानो कक्षादेखि नै विद्यार्थीहरूलाई प्रोजेक्ट गर्न प्रेरित गर्ने उद्देश्यले शिक्षकको निम्ति क्षमता विकास तालिम आयोजना गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ मूल्याङ्कन र परीक्षा प्रणालीलाई वैज्ञानिक बनाउन शिक्षकहरूलाई आधुनिक विधिहरूबारे तालिम प्रदान गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विद्यालयमा मायालु वातावरण निर्माण गर्ने विषयलाई केन्द्रमा राखेर शिक्षकहरूबीच अन्तर विद्यालयस्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने | १५ | | | |
| ▪ नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूबिच आवधिक रूपमा शैक्षिक अनुभव आदानप्रदान कार्यक्रम गर्ने | १५ | | | |
| ▪ नगरपालिकाका जेहेन्दार विद्यार्थीको उच्च शिक्षाको लागि शैक्षिक अनुदान तथा ऋणको व्यवस्था गर्ने | २०० | | | |
| ▪ शिक्षाको गुणस्तर सुधारका लागि विद्यालयहरूमा दैनिक पाठयोजना कार्यक्रम लागु गर्ने | १५ | | | |
| ▪ शिक्षा प्रणालीलाई आध्यात्मिक विकास र सेवाभावसँग जोड्न ध्यान, योग र स्काउटका कार्यक्रम सञ्चालन गर्ने | ४५ | | | |
| ▪ नगरपालिकास्तरमा "असल शिक्षक सम्मान तथा पुरस्कार" कार्यक्रम लागु गरी शिक्षकलाई थप इमान्दार र जवाफदेही बनाउने | १५ | | | |
| ▪ सम्पूर्ण विद्यालयहरूको आधारभूत भौतिक पूर्वाधार तथा शैक्षिक पूर्वाधारको तथ्याङ्क सङ्कलन गरी न्यूनतम पूर्वाधारका लागि आवश्यक कार्यक्रम अगाडि बढाउने | १० | | | |
| ▪ सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन नियमित रूपमा शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने | | | | |
| ▪ हरेक महिनाको अन्तिम शुक्रबार "विद्यार्थीसँग नगर प्रमुख" कार्यक्रम सञ्चालन गर्ने । | ३० | | | |
| ▪ दिवा खाजा कार्यक्रमलाई सबै विद्यालयमा बिस्तार गर्ने | १,००० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ विद्यार्थीहरूमा श्रमको सम्मान गर्ने संस्कार विकास गर्न कृषि फार्म तथा कृषक भेट भ्रमण कार्यक्रम आयोजना गर्ने | ६० | | | |
| ▪ आवश्यक वडाहरूमा वयस्क शिक्षा, किशोरी शिक्षा प्रौढ शिक्षा/अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी निरक्षरता पूर्णरूपमा निर्मूल पार्ने | १०० | | | |
| ▪ बिचमा पढाइ छोड्ने प्रवृत्तिलाई रोक्न अभिभावक काउन्सिलिङ कार्यक्रम सञ्चालन गर्ने | १५ | | | |
| ▪ प्रत्येक माध्यमिक तहको विद्यालयमा **'करियर काउन्सिलर' तथा मनोविश्लेषक**को प्रबन्ध गरी प्रत्येक महिना उत्प्रेरणा/अभिमुखीकरण कार्यक्रम गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ शिक्षा क्षेत्रमा अति विपन्न समुदायलाई समेट्न निःशुल्क रूपमा शैक्षिक सामग्री वितरण गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ मापदण्डको आधारमा नगरपालिकास्तरीय एक विशेष शिक्षा कोषको स्थापना र कार्यान्वयन गर्ने | १०० | | | |
| ▪ हरेक वर्ष निश्चित मापदण्डका आधारमा उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कार तथा अनुदान थप गर्ने | ७५ | | | |
| ▪ नगरपालिका स्तरमा विषयगत **उत्कृष्ट शिक्षक सम्मान तथा पुरस्कार** प्रदान | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक विद्यालयमा उत्कृष्ट शिक्षक सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने | | | | |
| ▪ हरेक वर्ष निश्चित मापदण्डका आधारमा उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कृत गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विद्यालयहरूमा बाल प्रतिभा संरक्षण गर्न पुरस्कारको लागि विशेष कोषको स्थापना गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ अपाङ्गता भएका  युवाहरूको शिक्षाको लागि विशेष छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने | | नगरपालिका | वित्तीय संस्था | नगरपालिका |
| ▪ विज्ञान तथा प्रविधि सेवामा संलग्न युवाहरूलाई उच्च अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने र अन्वेषण र आविस्कारमा संलग्न युवाहरूका लागि नगरपालिकामा आविस्कार कोषको स्थापना गरी मापदण्डका आधारमा आर्थिक अनुदान प्रदान गर्ने | | नगरपालिका | संघीय सरकार | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक विद्यालयमा रहेका अति विपन्न वर्गका सम्पूर्ण विद्यार्थीहरूको शिक्षामा हक सुनिश्चित गर्न अनिवार्य आधारभूत शिक्षालाई पूर्णतः निःशुल्क गर्ने | | नगरपालिका | संघीय प्रदेश | नगरपालिका |
| ▪ नगरपालिकाबाट मेडिसिन र इन्जिनियरिङ् विषय अध्ययन गर्ने छात्र छात्राका लागि तयारी कक्षाका लागि छात्रवृति प्रदान गर्न विशेष कोषको स्थापना गर्ने | | नगरपालिका | नीजि संस्था | नगरपालिका |
| **अध्ययन तथा परामर्श** | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विद्यालय भवन जीर्ण भएका वा भवन नभएका सम्पूर्ण विद्यालय भवनहरूको निर्माण गर्न डि.पि.आर तयार पार्ने | २५ | | | |
| ▪ प्रत्येक वडामा Free Wifi सहित कम्तीमा एउटा सुविधासम्पन्न पुस्तकालय, सामुदायिक अध्ययन केन्द्र तथा वाचनालयको स्थापना गर्नका लागि डिपिआर तयार गर्ने | १५ | | | |
| ▪ बालबालिकामा अन्तर्निहित क्षमता प्रस्फुटन गर्न पुस्तकालयमा बालमैत्री पाठ्यसामाग्री तथा बाल साहित्यका पुस्तकहरूको व्यवस्था गर्ने | ५० | | | |
| ▪ पाठ्यक्रममा पुनरावलोकन गर्न विज्ञहरूको टोली गठन गरी साधनस्रोत सम्पन्न बनाउने | १५ | | | |
| ▪ शिक्षा क्षेत्रमा विपन्न समुदायको आकर्षण बढाउन निःशुल्क रूपमा झोला तथा पोशाक वितरण गर्ने | २०० | | | |
| ▪ आवश्यकता र सम्भाव्यता हेरी विद्यालयहरूमा मातृभाषामा शिक्षा दिने | ५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ उत्पादित शैक्षिक जनशक्तिका लागि नगरपालिका भित्र आन्तरिक रोजगारीको व्यवस्था गर्न सम्भावित क्षेत्रको अध्ययन अनुसन्धान गर्ने | ५ | | | |
| ▪ विद्यालयमा दाताहरूको अनावश्यक हस्तक्षेप रोक्न विद्यालय व्यवस्थापन समितिले नियमित रूपमा शैक्षिक गतिविधिको अनुगमन गर्ने | | | | |
| ▪ स्थानीय स्रोत, साधन र आवश्यकतालाई समेत सम्बोधन गर्ने ग्लोबल भिजन सहितको पाठ्यक्रम विकास गरी लागु गर्ने | २० | | | |
| ▪ पाठ्यक्रममा नैतिक शिक्षा समावेश गरी पठनपाठन गराउने | ५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ शिक्षा क्षेत्रको विकासका लागि प्रत्येक वडामा शिक्षासेवी, शिक्षाविद् सम्मिलित एक शिक्षा विकास समिति गठन गर्ने | | | | |
| ▪ कक्षामा सेक्सन विभाजन गर्दा पदसोपान जनाउने A, B, C, D नभनी नामाङ्कन पद्धती जस्तै लालीगुँरास सेक्सन, सयपत्री सेक्सन, गोदावरी सेक्सन, लालुपाते सेक्सन अवलम्बन गर्ने | | | | |
| ▪ विद्यार्थीहरूको हाजीरी दर सुधार्न पुरस्कार र जरिवानाको व्यवस्था गरी लागु गर्ने | ३० | | | |
| ▪ प्रत्येक विद्यालयलाई नियमित रूपमा एकाइ Unit Test, Monthly Test तथा त्रैमासिक परीक्षा सञ्चालन गर्न लगाउने र त्यसको अनुगमन नगरपालिकाले गर्ने | ५ | | | |
| ▪ विद्यार्थीहरूलाई अवलोकन मार्फत् ज्ञान आर्जन गर्न सिकाउन नियमित शैक्षिक भ्रमणको व्यवस्था गर्ने | | | | |
| ▪ उत्पादित शैक्षिक जनशक्तिका लागि नगरपालिका भित्र आन्तरिक रोजगारीको व्यवस्था गर्न सम्भावित क्षेत्रको अध्ययन अनुसन्धान गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सम्पूर्ण विद्यालयमा विषयगत शिक्षक र दरबन्दीको अध्ययन गरी अपुग दरबन्दी थप गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विद्यालयमा रहेका विद्यार्थी अनुपात र दुरीको आधारमा विद्यालयहरू गाभ्न र थप गर्न अध्ययन टोली गठन गरी अध्ययन गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ फरक सिकाइ आवश्यकता भएका बालबालिकाका लागि आवश्यक सबै व्यवस्था गरी नगरपालिकामा कम्तीमा एक विद्यालय स्थापना गर्ने | ५० | | | |
| ▪ नगरपालिकाभर भएका विद्यालयको सम्भाव्यता अध्ययन गरी निम्न भौतिक पूर्वाधारको निर्माण गर्ने | १०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विद्यार्थीहरूलाई सूचना र सञ्चारको जगतमा प्रवेश गराउन प्रत्येक विद्यालयमा एक सुविधासम्पन्न कम्प्युटर प्रयोगशालाको निर्माण गर्ने | १८० | | | |
| ▪ अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त किसिमका पाठ्यक्रम। पाठ्य सामग्री, कक्षाकोठा, फर्निचर, खेलमैदान र शौचालयलगायतका पूर्वाधारहरूको विकास गर्ने | ५० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक विद्यालयमा शिक्षक दरवन्दीको अध्ययन गरी नपुग भएका विद्यालयमा तत्काल पुरा गर्न पहल गर्ने र दरवन्दी कायम नहुँदासम्म स्थानीय श्रोतमा शिक्षकको प्रबन्ध गर्ने | १० | नगरपालिका | वडा कार्यालय शिक्षा समिति, शिक्षा शाखा, | आन्तरिक राजश्व |
| ▪ हरेक माध्यमिक विद्यालयमा Internet सुविधायुक्त सूचना ल्याब र पुस्तकालयको स्थापना गर्ने | ३०० | | | |
| ▪ ४०० भन्दा बढी विद्यार्थी भएको विद्यालयमा थप एक सहायक प्रधानाध्यापकको व्यवस्था गर्ने | ५४ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विद्यार्थीको पठन संस्कृति विकास गर्नका लागि प्रत्येक विद्यालयका हरेक कक्षामा Book Corner को स्थापना गर्ने | १०० | नगरपालिका | नगरपालिका, नीजि क्षेत्र तथा गैर सरकारी संस्था | नगरपालिका |
| ▪ प्रत्येक विद्यार्थीलाई सूचना प्रविधिमा पहुँच पुऱ्याउन प्रत्येक विद्यालयमा एक सुविधासम्पन्न कम्प्युटर प्रयोगशाला तथा विद्युतीय पुस्तकालय निर्माण गर्ने | १०० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| **५ वर्ष कार्यक्रमको जम्मा बजेट** | **८२९** | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | | | |
| ▪ प्रत्येक वडामा Free Wifi सहित कम्तीमा एउटा पुस्तकालय, सामुदायिक अध्ययन केन्द्र तथा वाचनालयको स्थापना गर्ने | २१० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ हरेक विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न शिक्षकको व्यवस्था गर्ने | १,८०० | नगरपालिका | नगरपालिका स्थानीय नीजि संस्था | नगरपालिका |
| ▪ प्रत्येक वडामा एउटा छात्रावास सहित नमुना माध्यमिक विद्यालय स्थापना गर्ने | २,१०० | | | |
| ▪ हरेक विद्यालयमा शैक्षिक उपलब्धी मापन गर्न वैज्ञानिक मूल्याङ्कन प्रणाली लागु गर्ने | | | | |
| ▪ व्यवस्थित शैक्षिक क्यालेण्डर निर्माण गरी अनिवार्य रूपमा लागु गर्ने | १५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ नगरपालिकाका १५ प्रतिशत विद्यालयमा आधारभूत कृषि शिक्षा लागु गर्ने | ५०० | | | |
| ▪ मेडिसिन र इन्जिनियरिङ् विषय अध्ययन गर्ने छात्र छात्राका लागि तयारी कक्षाका लागि छात्रवृति प्रदान गर्न विशेष कोषको स्थापना गर्ने | १०० | | | |
| ▪ नगरपालिकामा JTA, Vet, Computer आदि विषय अध्ययन हुने बहु प्राविधिक विद्यालयको स्थापना गर्ने | १०० | | | |
| ▪ विद्यालयका खेलमैदानहरू फराकिलो बनाउने साथै सुविधासम्पन्न बनाउने | १०० | | | |
| ▪ विद्यार्थीहरूका लागि पर्याप्त मात्रामा उमेरअनुसारका खेल सामाग्रीहरू व्यवस्था गर्ने | ५० | | | |
| ▪ विद्यालयहरूमा इ-लाइब्रेरीको विकास गर्ने | ४५ | | | |
| ▪ प्रत्येक विद्यालयमा कक्षा ३ सम्मका विद्यार्थीहरूका लागि उनीहरूको उचाइ अनुसारको राउण्ड टेवल सहितका बालमैत्री शिक्षा पूर्वाधार निर्माण गर्ने | १८० | | | |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ आवश्यक सङ्ख्यामा सम्पूर्ण विद्यालय भवनहरूको निर्माण गर्ने | १२,००० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ प्रत्येक विद्यालयमा शुद्ध पिउने पानी र बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री सुविधायुक्त शौचालयको व्यवस्था गर्ने | १,५०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विद्यालयमा आवश्यक शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गर्ने | १,००० | नगरपालिका | संघीय प्रदेश | नगरपालिका |
| ▪ प्रत्येक विद्यालयलाई न्यूनतम शैक्षिक पूर्वाधार सम्पन्न बनाउने | १,००० | नगरपालिका | संघीय प्रदेश | नगरपालिका |
| ▪ सम्पूर्ण विद्यालयमा प्रारम्भिक बाल विकास शिक्षा लागु गर्ने | ७५० | | | |
| ▪ स्थानीय आवश्यकता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा पाठ्यक्रम परिमार्जन गर्दै लैजाने | २० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकायरव्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक विद्यालयमा रहेका विपन्न वर्गका सम्पूर्ण विद्यार्थीहरूको शिक्षामा हक सुनिश्चित गर्न विशेष छात्रवृत्ति कोषको व्यवस्था गरी सञ्चालन कार्यविधि बनाउने | १,००० | | | |
| ▪ लक्षित सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई पुस्तकालयबाट प्रदान गर्ने पाठ्यपुस्तकहरूको व्यवस्थापन गर्न अनुदान दिने | ३० | | | |
| ▪ शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगलाई वृद्धि गर्न प्रत्येक विद्यालयमा सामग्री खरिद गर्ने (कम्प्युटर, ल्यापटप, प्रोजेक्टर लगायत) | १,००० | | | |
| ▪ प्रत्येक माध्यमिक विद्यालयहरूमा अत्याधुनिक विज्ञान प्रयोगशाला निर्माण गर्ने | १,००० | | | |
| ▪ नगरपालिकामा स्नातकोत्तर तहसम्म अध्ययन हुने गरी सम्भाव्यताको आधारमा एक मा.वि.लाई विकास गर्ने | २०० | | | |
| ▪ प्रत्येक विद्यालयमा अनिवार्य रूपले एक सुविधा सम्पन्न पुस्तकालयको व्यवस्था गर्ने | १,००० | | | |
| ▪ सम्भाव्यता अध्ययन गरी नगरपालिकामा एक बहुप्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने कलेजको स्थापना गर्ने | ३०० | | | |
| ▪ प्रत्येक विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | १,५०० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **शिक्षा विकासमा जम्मा बजेट** | | | | |

## अपेक्षित उपलब्धिहरू

- सम्पूर्ण सामाजिक पूर्वाधारहरू जस्तैः शिक्षा, स्वास्थ्य, रोजगार, समानता, संस्कृति, सामाजिक सुरक्षाको उचित प्रबन्ध भएको न्यायपूर्ण समाजको निर्माण भएको हुनेछ
- विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने ज्ञान र सीपयुक्त दक्ष जनशक्तिको उत्पादन भएको हुनेछ
- निरक्षरता पूर्ण रूपमा उन्मूलन भएको हुनेछ ।
- आधारभूत तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षा नगरपालिकामै उपलब्ध हुनेछ

- माध्यमिक तथा उच्च शिक्षालाई समय सापेक्ष, वैज्ञानिक, प्राविधिक र व्यवहारिक बनाइँदै लगिएको हुनेछ ।
- आधारभूत तहको शिक्षा मातृभाषामा प्रदान गरिएको हुनेछ ।
- आधारभूत तथा माध्यमिक तहमा स्थानीय पहिचान, ज्ञान, सीप र आवश्यकता सुहाउँदो स्थानीय पाठ्यक्रम तयार भई लागु गरिएको हुनेछ
- विद्यार्थीहरूलाई नैतिक शिक्षा प्रदान गरी उच्च नैतिकवान चरित्रवान्, देशप्रेमी र आदर्शवान नागरिक निर्माण गरिएको हुनेछ ।
- गुणस्तरीय शिक्षाबाट कुनैपनि वर्ग वा समुदायका कोही पनि बञ्चित भएका हुने छैनन् ।
- नगरपालिकाका सबै विद्यालय भवन तथा अन्य आवश्यक पूर्वाधारहरू सम्पन्न भएका हुनेछन् ।
- सबै वडाहरूमा आधुनिक प्रविधीयुक्त सुविधासम्पन्न कम्तिमा एउटा सार्वजनिक पुस्तकालय तथा वाचनालय स्थापना भएको हुनेछ ।

## सूचकहरू

| शिक्षा विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ सम्पूर्ण पूर्वाधारयुक्त तथा सूचना प्रविधिको पूर्ण पहुँच भएको सार्वजनिक पुस्तकालय संख्या | | | | |
| ▪ समग्र साक्षरता प्रतिशत | ७२.४% | ८०% | ९०% | ९५% |
| ▪ साक्षरता प्रतिशत (महिला) | | | | |
| ▪ साक्षरता प्रतिशत (पुरुष) | | | | |
| ▪ अल्पसंख्यक, अति विपन्न, सीमान्तकृत वर्गका लागि छुट्याइएको निःशुल्क छात्रवृत्ति समेटिएका विद्यार्थीको संख्या प्रतिशतमा | | | | |
| ▪ राष्ट्रिय मापदण्डअनुरूप सम्पूर्ण पूर्वाधार युक्त नमुना विद्यालय संख्या | | | | |
| ▪ स्नातकोत्तर अध्यापन हुने कलेजको संख्या | | | | |
| ▪ प्राविधिक शिक्षालय संख्या | | | | |
| ▪ साक्षरता प्रतिशत (१५ देखि २४ वर्षसम्मका जनसंख्या) (प.दि.वि.ल. ४.६.१) | | | | |
| ▪ आधारभूत तह उत्तीर्ण प्रतिशत जनसंख्या (१० वर्ष माथि) | | | | |
| ▪ माध्यमिक तह उत्तीर्ण प्रतिशत जनसंख्या (१० वर्ष माथि) | | | | |
| ▪ विश्वविद्यालय अन्तर्गत स्नातक तह उत्तीर्ण जनसंख्या प्रतिशत | | | | |
| ▪ स्नातकोत्तर तथा सो भन्दा माथिको तह उत्तीर्ण जनसंख्या प्रतिशत | | | | |
| ▪ विद्यावारीधी तह उपाधि प्राप्त जनसंख्या प्रतिशत | | | | |

| शिक्षा विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ प्राथमिक तहमा खुद भर्नादर (प्रतिशत) (प.दि.वि.ल. ४.१.१.१) | | | | |
| ▪ प्राथमिक तह पूरा गर्ने दर (प्रतिशत) (प.दि.वि.ल. ४.१.१.२) | | | | |
| ▪ कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थीहरूको प्रतिशत (प.दि.वि.ल. ४.१.१.३) | | | | |
| ▪ माध्यमिक शिक्षा (कक्षा ९ देखि १२ सम्म) को कुल भर्नादर (प्रतिशत) (प.दि.वि.ल. ४.१.१.७) | | | | |
| ▪ लिङ्गअनुसार पछिल्लो १२ महिनामा औपचारिक तथा अनौपचारिक शिक्षा र तालिममा युवा तथा वयस्कहरूको सहभागिता दर (प.दि.वि.ल. ४.३.१) | | | | |
| ▪ प्राविधिक र व्यावसायिक शिक्षामा छात्राहरूको भर्ना अनुपात (प.दि.वि.ल. ४.३.१.१) | | | | |
| ▪ प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्कहरू (सङ्ख्या हजारमा, वार्षिक) (प.दि.वि.ल. ४.४.१.१) | | | | |
| ▪ काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या (प.दि.वि.ल. ४.४.१.२) | | | | |
| ▪ विद्युतमा पहुँच भएका विद्यालयहरू (प्रतिशत) (प.दि.वि.ल. ४.क.१) | | | | |
| ▪ इन्टरनेट पहुँच भएका विद्यालयहरू (प्रतिशत) (प.दि.वि.ल. ४.क.२) | | | | |
| ▪ वास (WASH) सुविधाहरू भएका आधारभूत विद्यालयहरू (प्रतिशत) (प.दि.वि.ल. ४.क.३) | | | | |
| ▪ अपाङ्गमैत्री विद्यालयहरू (प्रतिशत) (प.दि.वि.ल. ४.क.४) | | | | |
| ▪ न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित (Organised) शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) (प.दि.वि.ल. ४.ग.१) | | | | |
| ▪ न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) (प.दि.वि.ल. ४.ग.२) | | | | |
| ▪ विज्ञान प्रयोगशालाको सुविधा भएका विद्यालय प्रतिशत | | | | |
| ▪ सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय प्रतिशत | | | | |
| ▪ Book Corner सुविधा भएका विद्यालय प्रतिशत | | | | |
| ▪ सुविधायुक्त खेल मैदान भएका विद्यालय प्रतिशत | | | | |
| ▪ छात्राको लागि छुट्टै सुविधा सम्पन्न शौचालय भएका विद्यालय प्रतिशत | | | | |

| शिक्षा विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय प्रतिशत | | | | |
| ▪ आफ्नै सुरक्षित विद्यालय भवन भएका विद्यालय प्रतिशत | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- शैक्षिक पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै शैक्षिक गतिविधिमा वृद्धि, शैक्षिक गुणस्तर, रोजगारी श्रृजना र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

### ७.२.२ स्वास्थ्यको विद्यमान वस्तुगत अवस्था

स्वास्थ्य मानव संसाधन विकासको उत्तिकै महत्वपूर्ण पाटो हो । स्वस्थ नागरिक बिना कुनै पनि समाजको विकासको परिकल्पना गर्न सकिँदैन । स्वास्थ्यले शारीरिक मात्र नभएर मानसिक र सामाजिक रूपमा स्वस्थ नागरिक भन्ने बुझ्नाउँछ । रामग्राम नगरपालिका शैक्षिक, राजनैतिक, आर्थिक र सामाजिक हिसाबले समेत पूर्णत: विकासित नभएकोले यहाँको स्वास्थ्य सेवाको अवस्था समेत कमजोर रहेको छ । तसर्थ नगरपालिकाको समग्र स्वास्थ्यको विकासको लागि सर्वप्रथम स्वास्थ्य सम्बन्धी आधारभूत पूर्वाधारको विकास हुनु जरुरी छ । यो नगरपालिकामा एउटा सामान्य स्तरको जिल्ला अस्पताल र सामान्य स्वास्थ्य चौकीहरू बाहेक आधुनिक पूर्वाधार, स्वास्थ्य सामग्री र विशेषज्ञ सेवायुक्त स्वास्थ्य संस्था वा अस्पताल छैनन् । यसर्थ नगरपालिकाको स्वास्थ्य स्थिति सुधार गर्न आधारभूत तहबाटै काम गर्नुपर्ने देखिन्छ ।

#### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | स्वास्थ्य |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ खोप सेवा तथा पोषण सेवा कार्यक्रम सञ्चालनमा रहेका | |
| ✓ वडा नं. ५ परासी बजारमो ५१ सैयाको जिल्ला अस्पताल रहेको | |
| ✓ यसका अतिरिक्त नगरपालिकाका विभिन्न वडाहरुमा २ वटा शहरी स्वास्थ्य केन्द्र र ७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको | |
| ✓ महिलाहरुमा हुने पाठेघर क्यान्सर, पाठेघर खस्ने रोग तथा स्तन क्यान्सरजस्ता रोगको लागि सबै वडामा शिविर सञ्चालन गर्ने नीति रहेको | |
| ✓ विगतका वर्षहरूको तुलनामा स्वास्थ्य सेवामा केही सुधारहरू भएका | |
| ✓ गुणस्तरीय आधारभूत स्वास्थ्यमा नागरिकको सरल र सहज पहुँच स्थापना गर्न सामुदायिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइएको | |
| ✓ नगरपालिकाद्वारा विभिन्न रोगका लागि घुम्ती स्वास्थ्य शिविरहरू सञ्चालन हुन थालेको | |
| ✓ स्वास्थ्य क्षेत्रमा प्रभावकारी र आवश्यक सेवा सञ्चालन तथा बिस्तारको लागि नगरपालिकाद्वारा योजना निर्माण भएको | |
| ✓ नगरपालिकामा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालनमा रहेको | |
| ✓ नगरपालिकाका विभिन्न वडामा रहेका स्वास्थ्य चौकीहरुले स्वास्थ्य सेवा प्रवाह गरिरहेका | |
| ✓ लागु औषधमुक्त नगरपालिका घोषणा गर्ने योजना रहेको | |

| दुर्बल पक्षहरू |
|---|
| ✓ सम्पूर्ण प्रविधियुक्त स्वास्थ्य केन्द्रको अभाव |
| ✓ विशेषज्ञ चिकित्सकको अभाव |
| ✓ गुणस्तरीय औषधीको अभाव |
| ✓ निमोनिया, युरिक एसिड, क्यान्सर, मधुमेह, उच्च रक्तचाप, बाथ, एड्स, ग्याष्ट्रिक, मुटुरोग, पक्षघात जस्ता रोगका विरामीहरु रहेका |

| दुर्बल पक्षहरू |
| --- |
| ✓ प्रयोगशालाको अभाव |
| ✓ नगरपालिका क्षेत्रमा आत्महत्याको हुने गरेको । |
| ✓ स्वास्थ्य केन्द्रमा सुरक्षित र फराकिलो भवनहरूको अभाव |
| ✓ आवश्यक बर्थिङ् सेन्टरको अभाव |
| ✓ सुत्केरी गराउन लैजाने दुरी लामो हुनुको साथै सवारी साधनको अभाव |
| ✓ शौचालय तथा सुरक्षित पिउने पानीको अभाव |
| ✓ दरबन्दी अनुसार चिकित्सकको अभाव |
| ✓ भ्याक्सीन फ्रिजको अभाव |
| ✓ आपतकालीन उपचार सेवाको अपर्याप्तता |
| ✓ शल्यक्रिया सेवा, रक्तसञ्चार सेवा, डायग्नोस्टिक सेन्टर आदिको अपर्याप्तता |
| ✓ सर्जिकल सामग्री तथा अन्य आवश्यक उपकरणको अपर्याप्तता |
| ✓ २४ सै घण्टा उपचार सेवाको अभाव |
| ✓ सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव |
| ✓ स्वास्थ्य चौकीमा कर्मचारीको उपस्थितिमा नियमितता नभएको |
| ✓ प्रयोगशाला (Lab) को समस्या भएको |

| सम्भावना र अवसरहरू |
| --- |
| ✓ नि:शुल्क वितरण गरिने औषधीको आपुर्तिलाई सहज गराउन सकिने |
| ✓ निजी क्षेत्रलाई स्वास्थ्य सेवा पुऱ्याउन आवश्यक पहल गर्न सकिने |
| ✓ वैकल्पिक चिकित्सा पद्धति जस्तै : जडिवुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने |
| ✓ विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नती गरी तिनीहरूको सेवा प्रभावकारी बनाउन सकिने |
| ✓ खोप केन्द्रलाई आत्मनिर्भर बनाई सबै सेवा पुऱ्याउन सकिने |
| ✓ प्रत्येक वडामा बर्थिङ् सेन्टरहरू निर्माण गरी सेवा प्रदान गर्न सकिने |
| ✓ एक बहु विशेषज्ञतायुक्त सुविधासम्पन्न अस्पताल स्थापना गरी नगरपालिकाबासीलाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिने |
| ✓ आवश्यकता अनुसार प्रत्येक वडामा स्वास्थ्य स्वयम्सेविका राखी वडामा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिने |
| ✓ एक वडामा एक स्वास्थ्य चौकी निर्माण गरी नगरपालिकाबासीमा स्वास्थ्य सेवाको पहुँच विकास गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ स्वास्थ्य सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा विरामीको अकालमै मृत्यु हुन सक्ने |
| ✓ स्वास्थ्य चेतनाको अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने |

| चुनौती तथा जोखिमहरू |
|---|
| ✓ समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने |
| ✓ स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु पर्ने |
| ✓ स्वास्थ्य सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा बिरामीको अकालमै ज्यान जान सक्ने |
| ✓ स्वास्थ्य केन्द्र तथा अस्पतालहरूको स्थापना गरी सुविधा सम्पन्न बनाउनु पर्ने |
| ✓ सुविधासम्पन्न अस्पताल निर्माण गर्न ठूलो आकारको लगानीको आवश्यकता पर्ने |
| ✓ कतिपय निजी औषधी पसलले बिना प्रेस्क्रिप्सन औषधी बेच्ने प्रचलनमाथि निगरानी गर्नुपर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

नगरबासीलाई सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा नगरमै उपलब्ध गराउने

### लक्ष्य

नगरपालिकामा आवश्यक सम्पूर्ण आधारभूत स्वास्थ्य सेवायुक्त अस्पताल तथा स्वास्थ्य सेवामा सम्पूर्ण नागरिकको पहुँच सुनिश्चित गर्ने ।

### उद्देश्यहरू

- ✓ स्वस्थ नागरिक उत्पादन गर्न आधारभूत साथै विषेशज्ञ स्वास्थ्य सेवाको पहुँच बिस्तार र विकास गर्ने
- ✓ सामुदायिक, पारिवारिक तथा व्यक्तिगत स्वास्थ्य सुदृढ गर्न स्वास्थ्य, शिक्षा तथा नागरिक सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ पोषण सुरक्षा, नियमित खोप, प्रजनन् स्वास्थ्य, बालबालिका तथा वृद्धवृद्धाको स्वास्थ्य लगायत विशेष स्वास्थ्य अवस्थाका अपाङ्गहरूको स्वास्थ्य सुदृढ बनाउन आवश्यक योजना निर्माण गरी कार्यान्वयन गर्ने
- ✓ सम्पूर्ण पूर्वाधार तथा विशेषज्ञ सेवा सहितको स्वास्थ्य संस्था तथा अस्पतालको स्थापना गर्ने
- ✓ आवश्यकता र सम्भाव्यताका आधारमा नगरपालिकाका विभिन्न स्थानमा आधुनिक तथा सुविधासम्पन्न प्रयोगशाला तथा डाइग्नोष्टिक केन्द्र स्थापना गर्ने
- ✓ जटिल प्रकारका रोगबाट ग्रसित गरिब तथा विपन्न नागरिकलाई उपचारमा सहयोग पुऱ्याउने
- ✓ नगरपालिकाका सबै वडामा अनिवार्य स्वास्थ्य बिमा लागु गर्ने

### रणनीतिहरू

- ✓ संविधान प्रदत्त आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नागरिकलाई प्रत्याभूत गर्न सम्पूर्ण घरपरिवारलाई अनिवार्य स्वास्थ्य बीमा योजना लागू गर्ने
- ✓ नगरपालिकामा एक सम्पूर्ण आधारभूत स्वास्थ्य सुविधा सहितको एक सुविधासम्पन्न अस्पताल निर्माण गर्न संघीय तथा प्रदेश सरकार, दातृ निकाय, सर्वसाधारण, दान दातव्य आदि सम्पूर्ण रणनीति अवलम्बन गरी बजेट व्यवस्था गर्ने

- ✓ स्थानीय संचार माध्याम मार्फत स्वास्थ्यसम्बन्धी सबै प्रकारका निरोधात्मक उपायहरूको व्यापक प्रचार प्रसार गर्ने
- ✓ प्रत्येक घरधुरीलाई स्वच्छ र सुरक्षित पिउने पानीको प्रबन्ध गर्न खानेपानी आयोजना सञ्चालनार्थ जनसहभागिता सुनिश्चित गर्ने र यसका लागि पानीका वैकल्पिक श्रोतहरूजस्तै वर्षात्को पानी संकलन गरी उपयोग गर्ने
- ✓ प्राथमिक स्वास्थ्य केन्द्रलाई आधुनिक सुविधासम्पन्न अस्पतालमा विकास गर्ने
- ✓ स्वास्थ्य चौकी तथा अस्पतालको लागि भूकम्प प्रतिरोधी भवनहरू निर्माण गर्ने
- ✓ स्वास्थ्य स्वयम् सेविकाहरूलाई नियमित तालिम दिने
- ✓ स्वास्थ्य स्वयम् सेविकाहरूलाई पोसाक भत्ता, खाजा, यातायात तथा प्रोत्साहन भत्ताको व्यवस्था गर्ने
- ✓ आकस्मिक स्वास्थ्य सेवालाई यथाशिघ्र व्यवस्था गर्ने
- ✓ वैकल्पिक उपचार पद्धतिलाई विकास गर्ने (आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी आदि)
- ✓ नियमित खोपको प्रबन्ध गर्ने
- ✓ नियमित स्वास्थ्य जाँच गर्न जनचेतना फैलाउने
- ✓ स्थानीय वैद्य तथा झाँक्रीहरूलाई स्वास्थ्य सम्बन्धी आधारभूत तालिम दिने
- ✓ नसर्ने र सर्ने रोग सम्बन्धी जनचेतना फैलाउने
- ✓ पोषण स्वास्थ्यसम्बन्धी तालिमहरू सञ्चालन गर्ने (विद्यालय तथा समुदायमा)
- ✓ पिउने पानी निर्मलीकरणका उपायहरूको प्रचार प्रसार गर्ने
- ✓ स्थानीय सञ्चार माध्यमहरूमा स्वास्थ्य चेतना सञ्चारका कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ एम्बुलेन्स सेवालाई सबै वडामा विस्तार गर्ने
- ✓ नवजात शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मुत्युदरलाई उल्लेख्य रूपमा घटाउन मातृशिशु पोषण कार्यक्रम अनिवार्य लागू गर्ने
- ✓ स्थानीय संचार माध्यमबाट दूर स्वास्थ्य (Telemedicine) कार्यक्रम सञ्चालन गर्ने
- ✓ शारीरिक व्यायाम र स्वस्थ जीवनशैलीबारे जनचेतना फैलाउन वडागत अभियान सञ्चालन गर्ने
- ✓ धुम्रपान र मद्यपान नियन्त्रणका लागि प्रभावकारी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ विद्यालयमा यौनशिक्षा लागु गर्ने
- ✓ प्रत्येक स्वास्थ्य चौकीमा मानसिक स्वास्थ्य तथा मनो-सामाजिक परामर्श इकाई स्थापना गर्ने
- ✓ सामान्य शल्यक्रिया र २४ सै घण्टा भरपर्दो प्रसुती सेवाको यथाशीघ्र व्यवस्था मिलाउने
- ✓ रक्तसञ्चार केन्द्रको स्थापना गर्ने
- ✓ नगरपालिकामा कम्तीमा एक बाल स्वास्थ्य एकाइको स्थापना गर्ने
- ✓ ज्येष्ठ नागरिकलाई नियमित र निःशुल्क स्वास्थ्य जाँचको घुम्ती शिविरको व्यवस्था मिलाउने
- ✓ खाद्य सुरक्षा र पोषणको गुणस्तर कायम राख्न बजार अनुगमन र नियमन गर्ने
- ✓ ताजा र घरेलु उत्पादन प्रयोग गर्न जनचेतना फैलाउने र घरघरमा करेसावारी निर्माणलाई अभियानको रूपमा सञ्चालन गर्ने
- ✓ रासायनिक मलखाद तथा विषादीको अति प्रयोगलाई कम गरी दीर्घकालीन रूपमा जैविक मलखाद र किटनाशकले विस्थापन गरी मानव स्वास्थ्यमा सुधार गर्ने

- ✓ सम्पूर्ण स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्दा व्यक्तिगत स्वास्थ्य, पारिवारिक स्वास्थ्य, सामुदायिक स्वास्थ्य, प्राथमिक स्वास्थ्य, मानसिक स्वास्थ्य र प्रजनन् स्वास्थ्यलाई सन्तुलित ढङ्गले सम्बोधन गर्ने
- ✓ प्रबर्द्धनात्मक, निरोधात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई समानान्तर हिसाबले अगाडि बढाउने
- ✓ नगरपालिकामा एक महामारी रोग प्रतिकार्य इकाइ स्थापना गर्ने
- ✓ सूर्तीजन्य पदार्थ तथा धुम्रपान निषेधित क्षेत्रमा तिनको सेवन गरी नियम उल्लङ्घन गर्नेलाई कडा सजाय हुने कानुन बनाई तत्काल लागु गर्ने
- ✓ नयाँ निर्माण हुने स्वास्थ्य संस्थाहरूका भौतिक संरचनाहरू अपाङ्ग मैत्री, बालमैत्री र पूर्णरूपमा भूकम्प प्रतिरोधी हुनुपर्ने गरी निर्माण गर्ने
- ✓ मदिरा बिक्री वितरणलाई सिमित गर्न समय र स्थान तोकी कडा मापदण्ड लागू गर्ने
- ✓ हरेक विद्यालयमा नियमित रूपमा सन्तुलित आहार र पोषणसम्बन्धी कक्षा सञ्चालन गर्ने
- ✓ Radiology, Pathology and Diagonstic सेवा सञ्चालन गर्ने
- ✓ **"स्वस्थ जीवनका लागि स्वच्छ वातावरण"** अभियान सञ्चालन गरी वातावरणीय स्वास्थ्य र मानव जीवनको सम्बन्धका बारेमा जनसमुदायमा सचेतना फैलाउने
- ✓ विश्व स्वास्थ्य संगठन (WHO) को प्रोटोकलअनुसार कोरोना भाइरस जस्ता तीव्र संक्रामक रोगका विरामीहरूको कन्ट्याक्ट ट्रेसिङको प्रभावकारी संयन्त्र तथा आइसोलेसन वार्डहरूको निर्माण गर्ने ।

## ३. स्वास्थ्य विकासका लागि Logical Framework Approach

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) स्वास्थ्य** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **प्रचार प्रसार तथा जनचेतना मूलक कार्यक्रम** | | | | |
| ▪ प्रत्येक विद्यालय र समुदायमा सन्तुलित आहार र पोषण सम्बन्धी जनचेतनामूलक कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सर्ने रोग सम्बन्धी व्यापक रूपमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक घरमा सरसफाइ, फोहरमैला व्यवस्थापन तथा स्वच्छ पानीको प्रयोग सम्बन्धमा व्यापक जनचेतना फैलाई घर आँगन सफा राख्न निश्चित मापदण्ड बनाई लागु गर्ने र सोको अनुगमन समेत गर्ने संयन्त्र निर्माण गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ खेलकूद र व्यायामलाई प्रोत्साहन गर्न रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत् जनचेतनामूलक कार्यक्रम नियमित रूपमा प्रसारण गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ समुदाय र विद्यालयस्तरमा पानी शुद्धीकरण साथै हात धुने तरिका सिकाउने | | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| ▪ स्थानीय सञ्चार माध्यमबाट स्वास्थ्य चेतना सञ्चार कार्यक्रम सञ्चालन गर्ने वार्षिक पात्रो निर्माण गरी प्रसारण गर्ने | ५ | नगरपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| ▪ शारीरिक व्यायाम र स्वस्थ जीवनशैली बारेमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गर्ने | २० | नगरपालिका | सञ्चार माध्यम | आन्तरिक राजश्व |
| ▪ प्रत्येक माध्यमिक विद्यालयमा यौन शिक्षा लागु गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक वडामा नसर्ने रोगका कारण र न्यूनिकरणका उपाय बारे नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने | ४५ | नगरपालिका | सार्वजनिक नीति साझेदारी | नगरपालिका |
| ▪ शारीरिक व्यायाम र स्वस्थ जीवनशैली बारेमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गर्ने | २० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ महामारीको रूपमा फैलने रोगहरू नियन्त्रणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | १५ | नगरपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा, विद्यालयहरू | आन्तरिक राजश्व |
| ▪ क्षयरोग, हेपाटाइटिस बी., यौनजन्य रोगहरू, एच.आई.भी./एड्स जस्ता यौनजन्य रोग लागेर लुकेर बसेका विरामीहरूलाई अस्पतालसम्म ल्याउने विशेष कार्यक्रमहरू सञ्चालन गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीय स्तरमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन गर्ने | १५ | | | |
| ▪ नगरपालिका स्तरीय एक विशेष स्वास्थ्य कोष स्थापना गरी मापदण्डको आधारमा परिचालन गर्ने | २५ | | | |
| ▪ गर्भवती महिलाको यकिन तथ्याङ्क तयार पारी सुरक्षित मातृत्व तथा पोषणका लागि नगरपालिकाले विशेष व्यवस्था गर्ने | ३०० | नगरपालिका | नगरपालिका/ | नगरपालिका |
| ▪ १ वर्ष मुनिका सम्पूर्ण शिशुहरूको तथ्याङ्क तयार पारी नगरपालिकामा जन्मदर्ता भएपश्चात् खोप, पोषण र स्वास्थ्य सुरक्षाका लागि नगरपालिकाले विशेष व्यवस्था गर्ने । यसका लागि स्वास्थ्य चौकीमा बाल स्वास्थ्य इकाइ निर्माण गर्ने | २०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकाभर आवश्यक स्वास्थ्य क्षेत्रका जनशक्तिहरूको पहिचान गरी सोको परिपूर्ति गर्न योजना निर्माण गर्ने | ५ | नगरपालिका | दान दातव्य | नगरपालिका |
| ▪ आगामी ५ वर्ष भित्रमा राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले लिएको Universal Health Coverage नीति अनुरूप आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा सम्पूर्ण | ५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| नगरपालिकावासीलाई सर्वसुलभ तरिकाले पुगेको सुनिश्चित गर्न एक प्रभावकारी संयन्त्र र अनुगमन प्रणालीको निर्माण गर्ने | | | | |
| ▪ स्वास्थ्य सेवालाई जवाफदेही, पारदर्शी र जनउत्तरदायी बनाउन प्रत्येक स्वास्थ्य इकाइहरूमा गुनासो पेटिकाको व्यवस्था गरी तत्काल सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने | १० | | | |
| ▪ सूर्तीजन्य पदार्थ तथा धुम्रपान निषेधित क्षेत्रमा तिनको सेवन गरी नियम उल्लङ्घन गर्नेलाई कडा सजाय हुने कानुन बनाई तत्काल लागु गर्ने | | | | |
| ▪ नगरपालिकाबाट स्वास्थ्य क्षेत्रमा उच्च शिक्षा हासिल गर्न चाहने जेहेन्दार विद्यार्थीको पहिचान गरी मापदण्ड बनाई तयारी कक्षाहरूमा विशेष अनुदान प्रदान गर्ने | ३० | | | |
| ▪ मदिरा बिक्री वितरणलाई सिमित गर्न समय र स्थान तोकी कडा मापदण्ड लागू गर्ने | | | | |
| ▪ प्रत्येक स्वास्थ्य इकाइबाट गुणस्तरीय सेवा प्रवाह भएको सुनिश्चित गर्न विद्यमान नीति नियमको दायरामा निर्देशिका र प्रोटोकल तयार गरी लागु गर्ने | १ | | | |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ गुणस्तरीय पोषणमा नागरिकहरूको सचेतना वृद्धि गर्न जङ्क फुड (प्याकिङ् गरेको खाना) को प्रयोग निरुत्साहित गरी घरमा उपलब्ध ताजा खानेकुरा खान प्रेरित गर्न समुदाय र विद्यालय स्तरमा अभिमुखिकरण तथा चेतनामूलक कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीय जडीबुटीको प्रयोग गरी उपचार गर्ने स्थानीय लामा, झाँक्री, वैद्यहरूलाई आयुर्वेदिक औषधि तथा उपचार सम्बन्धी आधारभूत तालिम प्रदान गर्ने | ३०० | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| ▪ जनसंख्याका आधारमा आवश्यक संख्यामा मिडवाइफरी (Midwifery) तालिमहरू सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सामुदायिक स्वास्थ्य कार्यक्रम प्रवर्द्धन अन्तर्गत हरिया सागसब्जी र फलफूल खानपानलाई प्रवर्द्धन गर्न सम्भव हुने सम्पूर्ण घरधुरीहरूलाई वडास्तरीय करेसाबारी व्यवस्थापन तालिम सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ स्वास्थ्य स्वयम सेविकाहरूको लागि नियमित तालिम सञ्चालन गर्ने | २० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ समुदायस्तरमा सुरक्षित मातृत्वसम्बन्धी नियमित तालिम सञ्चालन गर्ने (प्रत्येक वडामा) | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ हरेक वर्ष क्यालेण्डर बनाइ नियमित रूपमा घुम्ती जाँच तथा उपचार कार्यक्रम सञ्चालन गर्ने | | | | |
| ▪ प्रत्येक विद्यालयमा हरेक वर्ष नियमित रूपमा आँखा जाँच तथा उपचार घुम्ती कार्यक्रम सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक विद्यालयमा हरेक वर्ष बाथ, मुटुरोग सम्बन्धी जाँच तथा उपचार घुम्ती कार्यक्रम सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक विद्यालयमा हरेक वर्ष नियमित रूपमा कान जाँच तथा उपचार घुम्ती कार्यक्रम सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक विद्यालयमा हरेक वर्ष नियमित रूपमा दन्त जाँच तथा उपचार घुम्ती कार्यक्रम सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक वर्ष हरेक वडामा पाठेघर जाँच, महिला प्रजनन सम्बन्धी रोगहरूको निःशुल्क जाँच घुम्ती शिविर सञ्चालन गर्ने | ६० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ पूर्ण खोपयुक्त नगरपालिका निर्माणका लागि प्रत्येक वडामा जन्मेका शिशुहरूको पूर्ण तथ्याङ्क तयार पारी महिला स्वास्थ्य स्वयंसेविकाको सहयोगमा खोप लगाउने प्रबन्ध गर्ने | ४५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक वडामा हरेक वर्ष विशेष मृगौला रोग जाँच (Deep Stick Test) शिविर सञ्चालन गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ क्षयरोग तथा कुष्ठरोग सेवालाई प्रभावकारी बनाउन वडास्तरमा रोगी पहिचान अभियान सञ्चालन गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकामा विद्यमान प्रमुख पाँच सर्ने र पाँच नसर्ने रोगको पहिचान गरी ती रोग विरुद्धका प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरी जोखिम न्यूनिकरण गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ अति विपन्न घरपरिवारलाई नगरपालिकाले स्वास्थ्य बिमा गरिदिने | ५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक वडाका स्वास्थ्य चौकीहरूमा सर्ने रोग विरुद्ध परिचालन हुन एक इपिडिमियोलोजी रेस्पोन्स युनिटको निर्माण गर्ने | ६० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सम्पूर्ण अपाङ्गता भएका नागरिकहरूको लगत तयार गरी मापदण्डका आधारमा स्वास्थ्य सेवामा अनुदान सहयोग उपलब्ध गराउने | ५० | नगरपालिका | वडा कार्यालय स्वास्थ्य समिति, स्वास्थ्य शाखा | आन्तरिक राजश्व |
| ▪ नगरपालिकाका प्रत्येक वडामा एक युवा तथा किशोर - किशोरीका स्वास्थ्य समस्याहरू समाधान गर्न परामर्श सेवा इकाइको गठन गर्ने | १२ | नगरपालिका | नीजि अस्पताल | नगरपालिका |
| ▪ नयाँ निर्माण हुने स्वास्थ्य संस्थाहरूका भौतिक संरचनाहरू अपाङ्ग मैत्री, बालमैत्री र पूर्णरूपमा भूकम्प प्रतिरोधी हुनुपर्ने गरी निर्माण गर्ने | | नगरपालिका | प्रदेश तथा संघीय सरकार | आन्तरिक राजश्व |
| ▪ प्रत्येक वडामा नियमित रूपमा वार्षिक क्यालेण्डर बनाई घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने | १,००० | नगरपालिका | प्रदेश/संघीय सरकार | नगरपालिका |
| ▪ ज्येष्ठ नागरिकहरूलाई नियमित नि:शुल्क घुम्ती स्वास्थ्य सेवा उपलब्ध गराउने | १,००० | | | |
| ▪ प्रत्येक वडामा खोप केन्द्र तथा गाउँघर क्लिनिक बिस्तार गरी व्यवस्थापन गर्ने | ४५ | नगरपालिका | प्रदेश/संघीय सरकार | नगरपालिका |
| ▪ हरेक विद्यालयमा नियमित रूपमा सन्तुलित आहार र पोषण सम्बन्धी कक्षा सञ्चालन गर्ने | ४५ | | | |
| ▪ नि:शुल्क वितरण गर्ने औषधि नियमित खरिद गर्ने र आपूर्ति प्रणाली चुस्त राख्ने | १,००० | नगरपालिका | निजी क्षेत्र/नगरपालिका | नगरपालिका |
| **५ वर्ष कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकामा एक आकस्मिक स्वास्थ्य उपचार कोषको व्यवस्था गर्ने | १०० | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ नगरपालिकामा चौबिसै घण्टा आकस्मिक उपचार सेवाको प्रबन्ध गर्ने | ५० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ नगरपालिका भित्रका सम्पूर्ण घरपरिवारहरूलाई अनिवार्य स्वास्थ्य बिमा कार्यक्रममा समेट्ने | | नगरपालिका | प्रदेश | नगरपालिका |
| ▪ सूचना प्रविधिको प्रयोगमार्फत् नगरपालिकामा प्राप्त स्वास्थ्य सेवा, समय र प्रविधिहरूको जानकारी सहितको एक सूचना प्रणालीको विकास गरी सर्वसाधारणको पहुँच स्थापित गर्ने | ५ | नगरपालिका | प्रदेश | नगरपालिका |
| ▪ स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको प्रयोग गर्न स्वास्थ्य सम्बन्धी Apps तथा आधिकारिक Youtube Documentry Blog तथा Website हरूमा ग्रामीण जनताको पहुँच वृद्धि गर्न वडास्तरमा अभियानको रूपमा अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | ५ | | | |
| ▪ विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत एकीकृत तरिकाले सञ्चालन गर्न एक कार्यविधि निर्माण गरी "एक विद्यालय एक स्वास्थ्यकर्मी" कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने | | | | |
| ▪ प्रत्येक वडाका स्वास्थ्य चौकीमा २४ सै घण्टा प्रसुती सेवा विस्तार गर्ने | १,५०० | | | |
| ▪ प्रत्येक वडाका स्वास्थ्य केन्द्रमा प्रजनन् स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धी युनिट स्थापना गर्ने | ५०० | | | |
| ▪ नगरपालिकामा कम्तीमा एक मानसिक स्वास्थ्य परामर्श केन्द्र स्थापना गर्ने | १०० | | | |
| ▪ पोषण गुणस्तर र खाद्य सुरक्षा कायम गर्न नियमित बजार अनुगमन र नियमन गर्ने | | | | |
| ▪ प्रत्येक वडामा एक योगा तथा ध्यान केन्द्रको स्थापना गर्ने | १२० | | | |
| ▪ प्रत्येक वडामा प्रजनन् स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धी एकाइ स्थापना गर्ने | ५०० | | | |
| ▪ प्रत्येक वडामा मनो-सामाजिक परामर्श समूह गठन गर्ने | ६० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ निःशुल्क स्वास्थ्य सेवाको लागि लक्षित अति विपन्न समूहहरूको पहिचान गरी परिचयपत्र वितरण गर्ने | १५ | | | |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ प्रसुतीमा जटिलता उत्पन्न हुँदा, ठूलो स्तरको दुर्घटना तथा स्थानीय बासीहरूले आवश्यक ठानेमा तुरुन्त प्राप्त हुनेगरी हवाइ एम्बुलेन्स सञ्चालन गर्न संघीय सरकारसँग समन्वय गरी नगरपालिकामा सम्पर्क युनिटको व्यवस्था गर्ने | ५० | नगरपालिका | प्रदेश | नगरपालिका |
| ▪ नगरपालिकाभर बढीमा एक घण्टाको दुरीमा ठूलो दुर्घटनाका घाइतेलाई जीवनरक्षा गर्ने प्रारम्भिक उपचार गर्न सक्ने तालिम प्राप्त स्वास्थ्यकर्मीहरूको व्यवस्था गर्ने | ३० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले तय गरेको ३० मिनेटका दुरीमा कम्तीमा एक स्वास्थ्य संस्थाको स्थापना गर्ने | | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| ▪ नगरपालिकास्तरीय एक रक्त सञ्चार सेवाको निर्माण गर्ने | ५० | नगरपालिका | दातृ निकाय | नगरपालिका |
| ▪ प्रत्येक वडाका स्वास्थ्य चौकीहरूलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने सुविधा सम्पन्न स्वास्थ्य केन्द्रमा विकसित गर्ने | १,२०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक स्वास्थ्य चौकीमा अत्यावश्यक उपकरण तथा स्वास्थ्य सामग्री थप गर्दै लैजाने | ६०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ चिकित्सक तथा स्वास्थ्य कर्मीको दरबन्दी हेरी आवश्यक दरबन्दी थप गर्ने | ५०० | | | |
| ▪ सबै वडामा एम्ब'लेन्स सेवा विस्तार गर्ने | ५०० | | | |
| ▪ प्रत्येक वडामा प्याथोलोजी सेवा स्थापना गर्ने | १२० | | | |
| ▪ प्रत्येक वडामा आकस्मिक सेवा विस्तार गर्ने | ३०० | | | |
| ▪ परासी जिल्ला अस्पताललाई सुविधासम्पन्न बहु विशेषज्ञतायुक्त अस्पतालको रूपमा विकास गर्ने | १,००० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ नगरपालिकामा एउटा स्तरीय आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना गर्ने | २०० | | | |
| ▪ नगरपालिकामा एउटा स्तरीय प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्ने | २०० | | | |
| ▪ नगरपालिकामा एक होमियोप्याथी क्लिनिक सञ्चालन गर्ने (संघीय सरकारको सहयोग जुटाई) | | | | |
| ▪ नगरपालिकामा एक आधारभूत सुविधायुक्त आँखा उपचार केन्द्रको स्थापना गर्ने | १०० | | | |
| ▪ नगरपालिकामा एक आधारभूत सुविधायुक्त दन्त उपचार केन्द्रको स्थापना गर्ने | ५० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ नगरपालिकास्थित स्वास्थ्य केन्द्रमा पूर्णरूपमा आधारभूत तहको Diagnostic सेवा अन्तर्गत Radiology भिडियो X– Ray, इन्डोस्कोपी, ECG, Echo लगायतका सेवाहरूको व्यवस्था गर्ने | ५०० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **स्वास्थ्यमा जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- आधारभूत स्वास्थ्य सेवाबाट कोही पनि नगरपालिकावासी बञ्चित हुने छैनन् ।
- आगामी १५ वर्षमा जिल्ला अस्पताललाई अत्याधुनिक, सम्पूर्ण सुविधा सम्पन्न विशेषज्ञ सेवासहितको कम्तिमा एउटा अस्पताल सञ्चालन भएको हुनेछ । स्तरोन्नति गरिनेछ ।
- सम्पूर्ण पूर्वाधारयुक्त स्वास्थ्य सेवा गाउँ घरमै प्राप्त हुनेछन् ।
- गाउँपलिकामा सम्पूर्ण, रगत, दिशा, पिसाब, खकार जाँच गर्ने कम्तीमा एउटा आधुनिक र सुविधासम्पन्न प्याथोलोजी तथा रेडियोलोजी ल्याबको स्थापना भएको हुनेछ ।
- नगरपालिकामा रक्तसञ्चार सेवाको प्रबन्ध गर्नका लागि रक्तसञ्चार केन्द्र (Blood Bank) को स्थापना भएको हुनेछ ।
- प्रत्येक वडामा नियमित खोप, भिटामिन ए क्याप्सुल, पोलियो थोपा, पोषणयुक्त खानेकुरा लगायतका प्रतिरोधात्मक स्वास्थ्य कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।
- स्वास्थ्य चेतना पूर्ण रूपमा वृद्धि भई स्वस्थ व्यवहारहरू अभ्यासमा आएका हुनेछन् ।

- सबै नागरिकको अनिवार्य स्वास्थ्य बिमा सञ्चालन भएको हुनेछ ।
- वैकल्पिक उपचार पद्धति अन्तर्गत सुविधासम्पन्न एक आयुर्वेद अस्पताल र एक प्राकृतिक चिकित्सा केन्द्रको स्थापना भएको हुनेछ ।
- हरेक वडामा ध्यान, योगाभ्यास तथा व्यायाम केन्द्रको विकास भएको हुनेछ ।
- नगरपालिकामा एउटा दूर स्वास्थ्य (Telemedicine) सेवा सञ्चालन भएको हुनेछ ।
- सबै वडामा एम्बुलेन्स सेवा बिस्तार भएको हुनेछ ।
- नगरपालिकामा सम्पूर्ण पूर्वाधारयुक्त अस्पताल स्थापना भएको
- स्वास्थ्य केन्द्रमा पूर्णरूपमा आधारभूत तहको Diagnostic सेवा अन्तर्गत Radiology, Video X– Ray (Ultrasound), इन्डोस्कोपी, ECG, Echo लगायतका सेवाहरूको व्यवस्था भएको
- नगरपालिकाको स्वास्थ्य केन्द्रमा सामान्य शल्य चिकित्सा सेवा र आकस्मिक सेवाको सुविधा भएको
- वैकल्पिक उपचार पद्धती अन्तर्गत एक प्राकृतिक चिकित्सा केन्द्रको स्थापना भएको
- हरेक वडामा योगाभ्यास केन्द्रको विकास भएको हुनेछ ।
- नगरपालिकाको केन्द्रस्थित स्वास्थ्य केन्द्रमा एउटा पूर्ण सुविधायुक्त प्रजनन् तथा परिवार नियोजन यूनिटको स्थापना भएको
- स्थानीय धामी, झाँक्री, वैद्यको पहिचान गरी सबैलाई आधारभूत स्वास्थ्य चेतना तालिम प्रदान गरिसकिएको हुनेछ ।
- प्रत्येक वडामा एक-एक वटा व्यायाम केन्द्रको स्थापना भएको हुनेछ ।
- सार्वजनिक स्थलमा धुम्रपान र मध्यपान गर्ने कार्य पूर्णत नियन्त्रण भएको हुनेछ ।
- प्रत्येक वडाका जेष्ठ नागरिकहरूलाई नियमित घुम्ती शिविर मार्फत् स्वास्थ्य जाँचको प्रबन्ध भएको हुनेछ ।
- नगरपालिकामा कम्तीमा एउटा दुर्व्यसन तथा अन्य कारणले बरालिएकाहरूलाई सुधार गर्न सुधार गृहको स्थापना हुनेछ ।
- नगरपालिकामा एउटा सम्पूर्ण पूर्वाधारयुक्त अस्पतालको स्थापना भएको हुनेछ ।
- प्रत्येक वडामा प्रजनन् स्वास्थ्य र परिवार नियोजन सम्बन्धी सेवा विस्तार भएको हुनेछ ।
- रक्तसञ्चार सेवाको स्थापना हुनेछ ।
- वैकल्पिक उपचार पद्धती अन्तर्गत एक आयुर्वेद उपचार केन्द्रको स्थापना भएको हुनेछ ।

## सूचकहरू

| स्वास्थ्य विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ सम्पूर्ण आधारभूत पूर्वाधारयुक्त स्वास्थ्य चौकीको संख्या | | | | |
| ▪ कुपोषित बालबालिकाको दर (प्रतिशत घटाउँदै लैजाने) | | | | |
| ▪ निशुल्क वितरण गर्ने औषधिको आपूर्ति सहज भएको | | | | |
| ▪ चौबिसै घण्टा प्रसुति सेवाको सुविधायुक्त स्वास्थ्य संस्थाको संख्या | | | | |
| ▪ एम्बुलेन्स संख्या | | | | |
| ▪ सुरक्षित पिउने पानी प्रयोग गर्ने घरपरिवार (प्रतिशत) | | | | |
| ▪ अपेक्षित आयू (जन्मदाको बखत) वर्षमा | | | | |
| ▪ मातृमृत्युदर (प्रतिलाखमा) | | | | |
| ▪ बाल मृत्युदर (प्रतिहजारमा) | | | | |
| ▪ शिशु मृत्युदर (प्रतिहजारमा) | | | | |
| ▪ दक्ष प्रसुतीकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपात (प.दि.वि.ल. ३.१.२) | | | | |
| ▪ ३० वर्षदेखि ७० वर्ष उमेर समूहका मानिसहरूमा कार्डियोभास्कुलर रोग, क्यान्सर, मधुमेह वा स्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोगहरूबाट हुने मृत्यु (प्रति १ हजार जनसंख्यामा) ( प.दि.वि.ल. ३.४.१) | | | | |
| (क) कार्डियोभास्कुलर रोग | | | | |
| (ख) क्यान्सर | | | | |
| (ग) मधुमेह | | | | |
| (घ) स्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोग (अस्थामा, दम) | | | | |

| स्वास्थ्य विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ आत्महत्याबाट हुने मृत्युदर (हरेक १ लाख जनसंख्यामा) (प.दि.वि.ल. ३.४.२) | | | | |
| ▪ सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (प.दि.वि.ल. ३.६.१) | | | | |
| ▪ परिवार नियोजनको साधन प्रयोग दर (आधुनिक विधि) (प्रतिशत) (प.दि.वि.ल. ३.७.१.(क)) | | | | |
| ▪ कुल प्रजनन् दर (१५ देखि ४९ वर्ष उमेरका प्रतिमहिलाले जन्म दिएका बच्चाको औसत सङ्ख्या) (प.दि.वि.ल. ३.७.१.ख) | | | | |
| ▪ १० देखि १४ वर्ष र १५ वर्ष उमेर समूहहरूका किशोरीहरूको प्रजनन दर (उक्त उमेर समूहका हरेक १ हजार किशोरी/महिलामा) (प.दि.वि.ल. ३.७.२) | | | | |
| ▪ प्रोटोकलअनुसार चारपटक पूर्वप्रसूति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत (जीवित जन्ममा) (प.दि.वि.ल. ३.८.१.क) | | | | |
| ▪ अस्पताल/स्वास्थ्य संस्थाहरूमा बच्चा जन्माउने प्रतिशत (प.दि.वि.ल. ३.८.१.ख) | | | | |
| ▪ प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक उत्तरप्रसुति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत (प.दि.वि.ल. ३.८.१.ग) | | | | |
| ▪ हेपाटाइटिस बी भ्याक्सिनको तीनपटक डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत (प.दि.वि.ल. ३.८.१.घ) | | | | |
| ▪ पाठेघरको क्यान्सरको निम्ति परिक्षण (Screening) गरिएका ३० देखि ४९ वर्ष उमेरका महिलाहरूको प्रतिशत (प.दि.वि.ल. ३.८.१.ङ) | | | | |
| ▪ एचआईभी सङ्क्रमितहरूमध्ये एन्टिरेट्रोभाइरल कम्बिनेसन (Antiretroviral combination) थेरापी पाउनेको प्रतिशत (प.दि.वि.ल. ३.८.१.च) | | | | |
| ▪ उच्च रक्तचापको औषधी सेवन गरिरहेका १५ वर्ष र माथिको जनसङ्ख्याको प्रतिशत ( प.दि.वि.ल. ३.८.१.छ) | | | | |
| ▪ रगतमा गुलकोजको मात्रा बृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष र सोभन्दा बढी उमेर भएका जनसंख्याको प्रतिशत (प.दि.वि.ल. ३.८.१.ज) | | | | |

| स्वास्थ्य विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ घरबाट स्वास्थ्य संस्था (Health facility) मा पुग्न ३० मिनट वा सोभन्दा कम समय लाग्ने परिवारहरूको प्रतिशत (प.दि.वि.ल. ३.८.१.झ) | | | | |
| ▪ स्वास्थ्य बिमामा आबद्ध/भर्ना (Enrolled) भएका गरीबहरूको प्रतिशत (प.दि.वि.ल. ३.८.१.ञ) | | | | |
| ▪ स्वास्थ्यसम्बन्धी कुल खर्चहरूमध्ये आफ्नो खल्तीबाट बेहोर्नुपर्ने खर्च (प्रतिशतमा) (प.दि.वि.ल. ३.८.२.१) | | | | |
| ▪ घरबाहिरको वायु प्रदुषणको कारणबाट हुने मृत्युदर (प.दि.वि.ल. ३.९.१.क) | | | | |
| ▪ घरभित्रको क्रियाकलापहरूबाट उत्पन्न हुने वायु प्रदुषणको कारणबाट हुने मृत्यु (प.दि.वि.ल. ३.९.१.ख) | | | | |
| ▪ असुरक्षित पानी, सरसफाई र राम्ररी हात नधुने गरेको कारणबाट हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा) (प.दि.वि.ल. ३.९.२) | | | | |
| ▪ थाहा नपाइकन प्रयोग गरिएको/भएको विष (Poisoning) का कारण हुने मृत्युदर (प.दि.वि.ल. ३.९.३) | | | | |
| ▪ अनुसन्धान तथा विकासका लागि स्वास्थ्य क्षेत्रको बजेटको प्रतिशत (प.दि.वि.ल. ३.ख.२.२) | | | | |
| ▪ स्वास्थ्यकर्मीहरूको जनघनत्व र वितरण (हरेक १ लाख जनसंख्यामा) (प.दि.वि.ल. ३.ग.१.१) | | | | |
| ▪ स्वास्थ्य क्षेत्रको कुल खर्च (कुल गार्हस्थ उत्पादनको प्रतिशत) (प.दि.वि.ल. ३.ग.१.२) | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- स्वास्थ्य पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै स्वथ्य जीवनशैली र अन्य मानवीय गतिविधिहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

### ७.२.३ संस्कृतिको विद्यमान वस्तुगत अवस्था

कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा, चाडबाड, खानपान र रहनसहन हुन्छ । एकातिर सदियौं देखि अभ्यास गर्दै आइरहेका रितीरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेका हुन्छन् भने अर्कोतर्फ समुदाय पिच्छे आफ्ना-आफ्ना धर्म, संस्कृति, रितिरिवाज र परम्पराहरू हुन्छन् । हिन्दु, मुस्लिम, बुद्ध, क्रिस्चियन र प्रकृति धर्मावलम्बीको बाहुल्य भएको रामग्राम नगरपालिका मौलिक परम्परा र सांस्कृतिक विविधतामा धनी छ । घरधुरी तथ्याङ्क संकलन २०७६ अनुसार रामग्राम नगरपालिकामा थारु, यादव, चमार/हरिजन/राम, केवट, मुसलमान, तेली ब्राह्मण पहाडी, दुसाध/पाशवान/पासी, राजभर, कुर्मी, कहरलगायतका विभिन्न जातजाति तथा समूहअनुसारको जनसङ्ख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी आदिवासी जनजाति थारुको जनसङ्ख्या १२,८३९ अथा अर्थात् २२.६४ प्रतिशत रहेको छ । त्यसपछि यादवको जनसङ्ख्या ६,१५६ अर्थात् १०.८५ प्रतिशत रहेको देखिन्छ । यस्तै गरी चमार/हरिजन/रामको सङ्ख्या ५,०५५ (८.९१ प्रतिशत), केवटको सङ्ख्या ४,४९४ (७.९२ प्रतिशत) छ । यस्तै ६.६३ प्रतिशत (३,७६१ जना) मुसलमान, तेली २,६९२ जना (४.७५), पहाडी ब्राम्हणको जनसङ्ख्या ३,२०९ (५.६५ प्रतिशत), कहार ३.१७ (१,८०३), धोबी १,६२२ जना (२.९४), काठबानियाँ १,६९० जना (२.९८ प्रतिशत), दुसाध/पासवान/पासी १,४२५ जना (२.५१ प्रतिशत), राजभर १,२६६ जना (२.२३ प्रतिशत), उल्लेख नगरिएको १,२५६ जना (२.२२ प्रतिशत), कुर्मी १,२१९ जना (२.१५ प्रतिशत), कहर १,१५९ जना (२.०४ प्रतिशत), अन्य तराई १,१२९ जना (१.९९ प्रतिशत) र अन्य १२,५७७ जना (२२.१७) प्रतिशत गरी विभिन्न जातजातिहरूको वसोवास रहेको छ । भाषिक दृष्टिकोणबाट हेर्दा यो नगरपालिकामा विभिन्न प्रकारका भाषा बोल्ने मानिसहरू पाइन्छन् । सबैभन्दा ठूलो सङ्ख्या भोजपुरी भाषा बोल्ने जनसङ्ख्या ४२,६२२ जना (७५.१५ प्रतिशत), दोश्रोमा नेपाली बोल्ने ७,००४ जना (१२.३५ प्रतिशत) छन् त्यसपछि क्रमशः थारु ४,९७५ (८.७७ प्रतिशत), अवधी भाषा बोल्ने जनसङ्ख्या १,६६९ जना (२.९४ प्रतिशत), अन्य भाषा बोल्ने जनसङ्ख्या ४३० जना (०.७६ प्रतिशत) छ भने १८ जना थाहा नभएको पाइयो । धर्मका आधारमा यो नगरपालिकामा हिन्दुहरूको सङ्ख्या ५२,५४३ जना (९२.६४ प्रतिशत), ईस्लाम धर्म मान्ने जनसङ्ख्या ३,४५६ जना (६.०९ प्रतिशत), क्रिश्चियन धर्म मान्ने जनसङ्ख्या ३८१ जना (०.६७ प्रतिशत), बौद्ध धर्म मान्ने जनसङ्ख्या २७४ जना (०.४८ प्रतिशत), अन्य धर्म मान्ने ५५ जना, ११ जना (०.०२ प्रतिशत) ले किराँत धर्म, ३ जना (०.०१ प्रतिशत) को भने धर्म उल्लेख नगरिएको पाइयो । मुख्यतः कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ । यी जनजातिहरूले आधुनिकताको प्रभावको बाबजुद आफ्नो मौलिक संस्कृतिलाई बचाइराखेको पाइन्छ । यी समुदायद्वारा रामग्राम नगरपालिकाको मौलिक संस्कृतिलाई जीवन्त राख्न सहयोग पुगेको छ । यी जनजाति तथा भाषिहरूका आफ्ना बेग्लै पहिचान, भाषा, संस्कृति र रीतिरिवाज छन् । ती फरक-फरक भाषा, रितीरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान हुनुका साथै बौद्धिक सम्पदा (Intellectual Property) समेत भएकोले तिनीहरूको संरक्षण गर्नु जरुरी छ । यस्तो विविधता बीच समेत यहाँ उच्च धार्मिक र सांस्कृतिक सहिष्णुता भने कायमै रहेको छ ।

*नोटः अन्यमा मगर, क्षेत्री, हजाम/ठाकुर, कुमाल, ब्राम्मण तराई, धोवी, कोइरी/कुश्वाहा, कामी, कलवार, कथवनिया, लोहार, ठकुरी, बढाई, सोनार, मल्लाह, तामाङ, मुसहर,दमाई/ढोली, नेवार, राई, गुरुङ, धनकार/धरिकार, हलुवाई, पत्थरकट्टा/कशुवाडिया, बरई,मारवाडी, सार्की, कानु, सुनुवार, खवास, गडेरी/भेडियार, घर्ती/भुजेल, नटुवा, ढाँडी, धुनिया, माली, कायस्थ, डोम, नुनिया, सन्यासी/दशनामी, कमर, राजपुत, पञ्जावी/सिख, चेपाङ/प्रजा, कोरी, दराई, बनकारिया, लोध, विदेशी, सुढी, लेप्चा, पहरी, साम्पाङ, माझी, शेर्पा रहेका छन् ।*

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | सँस्कृति |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ नगरपालिकामा थारु, यादव, ब्राम्हण, क्षेत्री, धोबी, चमार, तेली, मगर, गुरुङ, नेवार, गाइने, मुस्लिम, कुमाल, कामी, दमाई,सार्की लगायतका समुदायको बसोबास भएको | |
| ✓ विविध जात, धर्म, सम्प्रदाय र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण तरिकाले बसेका | |
| ✓ धार्मिक हिसाबले विभिन्न धर्मावलम्बीहरूले आफ्ना धर्म, संस्कृति र परम्परा कायम राखिरहेको | |
| ✓ विभिन्न वडामा भजनमण्डलीहरु रहेका | |
| ✓ नगरपालिका क्षेत्रमा दङ्गल/कुस्ती, कृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, हनुमान मन्दिर, कोटही मन्दिर, रामग्राम स्तुपा, छठ पर्व घाट, हडैया मन्दिर, वर्मस्थान मन्दिर, कत्यनी देवी मन्दिर, भगवती मन्दिर लगायतका धार्मिक स्थलहरु रहेका | |
| ✓ प्राचिन मठमन्दिर, गुम्बा, मस्जिद, देवालय, शिवालय, गुठी, पाटी, पौवाहरुको संरक्षण र प्रबर्द्धन गर्ने नगरपालिकाको नीति रहेको | |
| ✓ नगरपालिका क्षेत्रमा भुसुनापुर मेला, तजिया मेला, दुर्गा मेला लगायतका मेलाहरु रहेका | |
| ✓ पच्चेबाजा, मादल, मुजुरा, झ्याली, बाँसुरी, सारङ्गी, डम्फु, खैजडी जस्ता सांस्कृतिक बाजाहरु रहेका | |
| ✓ नगरपालिकाभित्र लोक गायक, नृत्यकार र संगीतकारहरु रहेका | |
| ✓ विविध समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने | |
| ✓ थारु समुदायमा ढिकरी, घोंगीजस्ता मौलिक खानाहरु रहेका | |
| ✓ विभिन्न जाति तथा समुदायका आ-आफ्ना मठ, मन्दिर तथा धार्मिक स्थलहरु रहेका | |
| ✓ आदिवासी जनजातिका विविध सांस्कृतिक सम्पदाहरू रहेकोले सांस्कृतिक सङ्ग्रहालय तथा सांस्कृतिक केन्द्रहरूको रूपमा विकास गर्न सकिने | |
| ✓ झाम्टा, भोजपुरी, कोकौवा, भजन, रामलिला, लाठी नाच, खिचडी महोत्सव, झुण्डा, झाम्टा, भोजपुरी सङ्गित, डफला, झुगिडा, शिव चर्चा, गायत्री चर्चा, तामाङ नाच, मगर नाच जस्ता सांस्कृतिक नृत्य तथा धार्मिक परम्पराहरु रहेका | |
| ✓ दसैं, तिहार, तिज, इद, माघी, होली, छठ, बकरइद, क्रिसमस, ल्होसारजस्ता चाडपर्वहरू मनाउने गरेका । | |
| ✓ नगरपालिका क्षेत्रमा विभिन्न कलाकार तथा संस्कृतिकर्मीहरु रहेका | |
| ✓ ढोलक, टिम्की, तबला, डफला, कस्ताल, डुगी लगायतका सांस्कृतिक बाजाहरु रहेका | |
| ✓ नगरपालिका क्षेत्रमा विभिन्न सांस्कृतिक संस्थाहरु रहेका | |
| ✓ वडा नं. ५ महेशपुर चोकमा नमुना नाट्य समूह रहेको | |

| दुर्बल पक्षहरू |
|---|
| ✓ सांस्कृतिक धरोहरहरूको संरक्षणका लागि ठोस कार्ययोजना नबनेको |

**दुर्बल पक्षहरू**

- ✓ सञ्चार माध्यमको प्रभावका कारण मौलिक संस्कृति लोप हुने अवस्थामा पुगेको
- ✓ विभिन्न धार्मिक स्थलहरु मर्मत सम्भार नहुँदा जिर्ण अवस्थामा पुगेका
- ✓ कतिपय आदिवासी जनजातिहरू विपन्न अवस्थामा रहेकोले उनीहरूको सबलीकरणका लागि ठोस कार्यक्रमहरू नभएको

**सम्भावना र अवसरहरू**

- ✓ रामग्राम नगरपालिकालाई मौलिक संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने
- ✓ नगरपालिका क्षेत्रका सर्जक, कलाकार तथा संस्कृतिकर्मीको उत्थान गर्न सकिने
- ✓ तराई आदिबासी समुदायको संस्कृति उजागर गर्न होमस्टे सञ्चालन गर्न सकिने
- ✓ नगरपालिका क्षेत्रमा रहेका विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलहरुको विकास गर्न सकिने
- ✓ लोपोन्मुख नाच, लोकभाका, बाजागाजाको संरक्षण गरी लोक संस्कृतिको उत्थान गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- ✓ स्थानीय समुदाय र राज्य दुवैका उदासिनताका कारण यस प्रकारका मौलिक संस्कृतिहरू लोप भई पहिचान नै संकटमा पर्न सक्ने
- ✓ नगरपालिका क्षेत्रमा बोलिने विभिन्न मातृभाषाहरुको संरक्षण र सम्वर्द्धन गर्नुपर्ने
- ✓ सम्बन्धित समुदाय र राज्यले मिलेर सांस्कृतिक संरक्षण प्रर्वद्धनमा ठोस र दीर्घकालीन कार्यक्रमहरू तत्काल सञ्चालन गर्नुपर्ने
- ✓ वडा नं. १२ शान्तिचौरमा नदीले कटान गरेर जिर्ण अवस्थामा रहेको गुफाकोटी मन्दिर जिर्णोद्वार गर्नुपर्ने
- ✓ धार्मिक सहिष्णुता कायम  राख्नुपर्ने
- ✓ आर्थिक प्रलोभनमा पारी धर्म परिवर्तन गराउने परिपाटी रोक्नुपर्ने
- ✓ नगरपालिका क्षेत्रभित्र आयोजना हुने सबै मेलाहरुलाई व्यवस्थित गर्नुपर्ने

## २. सोच, लक्ष्य र उद्देश्यहरू

**सोच**

नगरपालिकालाई एक नमूना मौलिक संस्कृतिको केन्द्रको रूपमा विकास गर्ने

**लक्ष्य**

नगरपालिकामा रहेका जातजाति तथा धर्म सँस्कृति, भेषभूषा र रहनसहनको जगेर्ना गरी मौलिक पहिचान स्थापना गर्ने

## उद्देश्यहरू

- ✓ सबै भाषा, धर्म, सम्प्रदाय, जातजातिको मौलिक तथा बौद्धिक सम्पत्तिको संरक्षण गर्ने
- ✓ सांस्कृतिक विविधताबीच सामाजिक एकता कायम गर्ने
- ✓ सम्पूर्ण बौद्धिक सम्पदाको संरक्षण गरी स्थानीय मौलिक सम्पदाको राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने
- ✓ भाषिक, धार्मिक, लैङ्गिक, जातीय लगायतका सबै प्रकारका भेदभावमुक्त समाजको निर्माण गर्ने

## रणनीतिहरू

- ✓ दशैं, तिहार, तीज, होली, छठ, माघी, मुहरम, बकर इद, नेमाङ पर्व, जनैपूर्णिमा, माघे सङ्क्रान्ती, राम नवमी, चैते दशैं, नाग पञ्चमी, ल्होसार, नयाँ वर्ष, बुद्ध पूर्णिमा, चण्डी पूर्णिमा, कुशे औंसी, मातातीर्थ औंसी आदि चाडबाडमा विभिन्न समुदायले मनाउने जात्रा, मेला तथा रितिरिवाजलाई संरक्षणका लागि गुठी वा समुदायलाई प्रोत्साहन गर्न अनुदान तथा सहयोग गर्ने
- ✓ डोल जात्रा, दुर्गा मेला, तजिया मेला, लाठी नाच, खिचडी महोत्सव, झुण्डा, झाम्टा नाच, राम लीला नाच, डफला, भोजपुरी, कोकौवा, झुगिडा, शिव चर्चा, गायत्री चर्चा, मगर नाच, तामाङ नाच, कोहार नाच जस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने
- ✓ विभिन्न अवसरमा सांस्कृतिक प्रदर्शनी, सांस्कृतिक कार्यक्रम तथा झाँकीहरू आयोजना गर्ने
- ✓ विभिन्न जातजाति तथा समुदायका नाचगान तथा गीतहरूको संरक्षण, प्रवर्द्धन र विकास गर्ने
- ✓ विद्यालय तथा समुदायस्तरमा सांस्कृतिक तथा साहित्यिक कार्यक्रम तथा अन्तरक्रियाहरू सञ्चालन गर्ने
- ✓ बाल प्रतिभाहरूलाई प्रोत्साहन गर्न विद्यालयस्तरीय लोकगीत, लोक नृत्य, अभिनय तथा सांस्कृतिक प्रतियोगिताहरू आयोजना गर्ने
- ✓ सबै धर्म र समुदायका लोक संस्कृतिहरू तथा अमूर्त सांस्कृतिक सम्पदा (Intangible Cultural Heritages) को पूर्ण अभिलेख तयार पार्ने
- ✓ स्थानीय सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल मार्फत् स्थानीय पहिचान, चाडबाड, गीत, नृत्य तथा अन्य संस्कृति झल्कने भिडियो तथा डकुमेन्ट्रीहरू तयार पारी प्रचारप्रसार गर्ने
- ✓ प्रत्येक वडामा कम्तिमा एउटा होमस्टे सञ्चालन गरी स्थानीय विशिष्ट पहिचान, जीवनशैली, भेषभुषा, चाडबाड, खानपान र रहनसहनको प्रबर्द्धन गर्ने । सो कार्यका लागि आवश्यक तालिम तथा पूर्वाधार विकास गर्ने
- ✓ नगरपालिकाले सञ्चालन गर्ने विशेष औपचारिक कार्यक्रममा कार्यपालिकाका सदस्यहरूले अनिवार्य रूपमा आफ्नो मौलिकता झल्कने पोशाक लगाउने व्यवस्था गर्ने
- ✓ नगरपालिकाका सांस्कृतिक विविधताको संरक्षण तथा प्रचारप्रसारका लागि एउटा सांस्कृतिक सङ्ग्रहालय स्थापना गर्ने
- ✓ विभिन्न अवसरमा मेला तथा सामूहिक भोज भतेरको आयोजना गर्ने
- ✓ दशैं, तिहार, माघी, छठ, बुद्ध पूर्णिमा, क्रिसमस, बकर इद, मुहरम, साउने सङ्क्रान्तिजस्ता चाडपर्वहरूमा मौलिक संस्कृति झल्कने लोक नृत्य, लोक गीत तथा लोक बाजासम्बन्धी कार्यक्रमहरू आयोजना गर्न समुदायस्तरमा समितिहरू गठन गर्ने
- ✓ नगरपालिकाका मुख्य पर्यटकीय गन्तव्यहरूको संरक्षण, प्रबर्द्धन र प्रचारप्रसार गर्ने । यसका लागि तत् तत् क्षेत्रमा सांस्कृतिक समितिहरू गठन गर्ने

## ३. संस्कृति सम्वर्द्धन तथा विकासका लागि Logical Framework Approach

कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) कला, संस्कृति** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकास्तरीय विशेष कला संस्कृति संरक्षण कोष स्थापना गरी मापदण्डका आधारमा व्यवस्थापन गर्ने | | | | |
| ▪ स्थानीयस्तरबाट राष्ट्रिय स्तरका चर्चित कलाकारहरूलाई निश्चित प्रोत्साहन भत्ताको व्यवस्था गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीय तथा राष्ट्रिय पर्व र स्थान, विशेष सांस्कृतिक महोत्सव मनाउन तत् तत् क्षेत्रमा सांस्कृतिक समितिहरू गठन गर्ने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ उत्कृष्ट स्रष्टाहरूलाई नगरपालिका स्थापना दिवस वा विशेष समारोहमा सम्मानित गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विशेष अवसर पारेर नियमित लोकगीत, लोक नृत्य, चित्रकला, संगीत प्रतियोगिता आयोजना गर्ने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **तालिम तथा अभिमुखीकरOा कार्यक्रम** | | | | |
| ▪ यस्ता समूहहरूको मुख्य प्रतिनिधिहरूलाई UNESCO द्वारा निर्माण गरिएको स्थानीयस्तरका Intangible Cultural Heritages संरक्षण र प्रबर्द्धन सम्बन्धी दस्तावेज तथा कार्यविधिहरूका बारेमा अभिमुखिकरणको सञ्चालन गर्न सस्कृति मन्त्रालयसँग सहकार्य गर्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ अपाङ्गता भएका (फरक तरिकाले सक्षम) नागरिकहरूलाई लोक गायन, चित्रकला, हस्तकला, संगीतमा प्रोत्साहन गरी व्यावसायीक बनाउन तालिम प्रदान गर्ने | १५ | नगरपालिका | ONESCO संघीय सरकार | नगरपालिका |
| ▪ नगरपालिकास्तरमा नियमित सांस्कृतिक अन्तरक्रिया र गोष्ठी सञ्चालन गर्ने | ६० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ कला, धर्म, संस्कृति संरक्षणका लागि ब्रोसर तथा वृत्तचित्र तयार पारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने | २४ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकाका विभिन्न स्थानमा सांस्कृतिक अन्तरक्रिया र गोष्ठी सञ्चालन गर्ने | ६० | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ सबै धर्म, संस्कृति र समुदायको पूर्ण अभिलेख तयार पार्ने | ६० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकामा विद्यमान धार्मिक तथा सांस्कृतिक गुठी, समूह, टोली, सम्प्रदाय, ब्यान्ड आदिको पूर्ण अभिलेख तयार पार्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ हरेक बालबालिकाहरूलाई आफ्नो स्थानीय संस्कृति र पहिचान बारे जानकारी गराउन विद्यालय पाठ्यक्रममा संस्कृति सम्बन्धी अतिरिक्त पाठ्यक्रम समावेश गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीय कलाकारहरूको अभिलेख तयार पार्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ ग्रामीण लोक संस्कृतिलाई पर्यटन विकाससँग जोडेर एकीकृत नीति तयार पार्ने | १ | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| ▪ कार्यपालिका सदस्यहरूलाई आफ्नो संस्कृति अनुसारको पोशाक लगाई औपचारिक कार्यक्रममा प्रस्तुत हुन पहिलो पटक पोशाक भत्ताको व्यवस्था गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ अमूर्त सांस्कृतिक सम्पदाको पूर्ण विवरण (Inventory) तयार पार्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | | | |
| ▪ स्थानीय गायन, बाद्यवाद्यन, नाटक तथा भजन मण्डलीका कार्यक्रम र प्रतिभालाई नियमितरूपमा प्रोत्साहन गर्न अनुदान मार्फत् कोष निर्माण गर्ने र समिति गठन गरी परिचालन गर्ने | ५० | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| ▪ हरेक विद्यालयमा गायन, वाद्यवादन, नाटक, चित्रकला, भेषभूषा प्रदर्शनी जस्ता कार्यक्रमलाई अतिरिक्त क्रियाकलापहरूमा समावेश गरी अनिवार्य सञ्चालन गर्न नगरपालिकाबाट निर्देशन तथा अनुगमन गर्ने | ३० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक समुदायमा प्रचलनमा रहेका सांस्कृतिक निधिहरू अर्थात अमूर्त सांस्कृतिक सम्पदा जस्तै लोक नृत्य, बाजा, गीत, पहिरन, जात्रा, मेला संरक्षण गर्न एक संस्कृति संरक्षण कोषको स्थापना गर्ने | ५० | | | |
| ▪ विद्यालयहरूमा बाल प्रतिभा संरक्षण गर्न पुरस्कारको लागि विशेष कोषको स्थापना गर्ने | ५० | | | |
| ▪ नगरपालिकाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रमा हरेक वर्षमा एक पटक विशेष तिथि मितिमा झाँकी तथा मेलाको आयोजना गर्ने र सोका लागि समिति गठन गर्ने | १५ | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ **"एक धर्म संस्कृति १ होमस्टे"** कार्यक्रमलाई संस्कृति प्रवर्द्धनसँग गाँसेर अगाडि बढाउने | १०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकामा पाइने सबै जातजातिका बाजागाजाहरूको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने | ५ | | | |
| ▪ नगरपालिकामा एक सांस्कृतिक केन्द्र वा नाटकघरको निर्माण गर्ने | १०० | | | |
| ▪ नगरपालिकामा वाद्यवादन, भेषभुषा, रहनसहन दर्शाउने एक सांस्कृतिक संग्रहालय स्थापना गर्ने | १०० | | | |
| ▪ नगरपालिकामा रहेका विभिन्न मठ मन्दिर, गुम्बा, चैत्य, चर्च लगायत धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण, मर्मत सम्भार, स्तरोन्नति र विकास गर्ने | ५०० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **कला संस्कृतिको जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- मौलिक संस्कृति र सम्पदाहरूको संरक्षण भई सांस्कृतिक विविधता नगरपालिकाको पहिचान र गहनाको रूपमा विकसित भएको हुनेछ ।
- कार्यपालिकाको विशेष कार्यक्रममा कार्यपालिका सदस्यहरूले आफ्नो मौलिक पोशाक लगाउन थालनी गरिसकेका हुनेछन् ।

- समुदाय र विद्यालयस्तरीय लोक नृत्य, लोक बाजा र लोक गीत प्रतियोगिता नियमित रूपमा सञ्चालन भैरहेको
- थारु संस्कृति झल्काउने राष्ट्रिय स्तरका कलाकारहरूको उत्पादन भएको
- रामग्राम नगरपालिका मौलिकता संरक्षणमा नमूना सावित भएको

## सूचकहरू

| संस्कृति सम्वर्द्धन तथा विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ कम्तीमा एक धर्म संस्कृति अन्तर्गत सम्भाव्य क्षेत्रमा नमुना होम स्टे सञ्चालन संख्या | | | | |
| ▪ पर्यटकीय क्षेत्रमा कम्तीमा वर्षमा एउटा सांस्कृतिक कार्यक्रम वा झाँकी प्रस्तुत गर्ने कार्यको थालनी भएको पर्यटकीय क्षेत्रको संख्या | | | | |
| ▪ वार्षिक साँस्कृतिक पात्रो अन्तर्गत विभिन्न चाडपर्व, मेला, जात्रा तथा महोत्सव मनाउन समेटिएका समुदाय वा सम्प्रदायहरूको प्रतिशत | | | | |
| ▪ यस प्रकारका चाडबाड मनाउन सक्रिय सांस्कृतिक समितिहरू गठन भएका समुदाय तथा सम्प्रदायको प्रतिशत | | | | |

## प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिकाबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- साँस्कृतिक पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै साँस्कृतिक क्रियाकलाप, धार्मिक सहिष्णुता, विशिष्ट साँकृतिक पहिचान र अन्य मानवीय गतिविधिहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।

- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

### ७.२.४ लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल-प्रवाहिकरणको विद्यमान वस्तुगत अवस्था

नेपाली समाज विगतदेखि व्याप्त क्षेत्रीय, धार्मिक, भाषिक, जातीय तथा सबै प्रकारका भेदभावको कारण सामाजिक हिसाबले पिछडिएको अवस्थामा छ । हरेक समाजमा हालसम्म पनि विभिन्न प्रकारका भेदभावहरू एक वा अर्को प्रकारले व्याप्त रहेका छन् । यसमा नेपालको मध्य तराई क्षेत्रमा अवस्थित रामग्राम नगरपालिकामा मुस्लिम, दलित, जनजाति, मधेसी बासिन्दाहरूको बाहुल्य रहेको कारण यो क्षेत्र वर्षौंदेखि क्षेत्रीय, धार्मिक, भाषिक, जातीय लगायतका विभेदमा र राज्यबाट नै एक प्रकारको बहिष्करणमा परेको अवस्था छ । समानतामा आधारित सामाजिक न्यायपूर्ण समाज स्थापनाका लागि सबै प्रकारका भेदभावलाई जरैदेखि अन्त्य गरी सबैलाई स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु जरुरी छ । रामग्राम नगरपालिकामा संघीय संविधानले व्यवस्था गरेका समानता, सामाजिक न्याय र भेदभाव विरुद्धको हकको ग्यारेन्टी गरी समानतामा आधारित न्यायपूर्ण समाज स्थापना गर्न निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ

- ✓ नेपालको संविधानमा व्यवस्था भएअनुसार समावेशी समानुपातिक सिद्धान्तका आधारमा महिला, मुश्लिम, दलित, अपाङ्ग तथा अन्य सीमान्तकृत समुदायको राजनैतिक, शैक्षिक, प्रशासनिक लगायतका अधिकारहरूको ग्यारेन्टी गर्नुका साथै थप व्यवस्थाका लागि पहल गर्ने
- ✓ महिला, मुश्लिम, दलित, अपाङ्ग तथा अन्य सीमान्तकृत समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी र स्वरोजगारको ग्यारेन्टी गरी शसक्तीकरणका विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने
- ✓ महिला, मुश्लिम, दलित तथा अन्य सीमान्तकृत समुदायका व्यक्तिबाट सञ्चालित आय आर्जनका कार्यक्रमलाई विशेष आर्थिक अनुदान उपलब्ध गराउने
- ✓ ज्येष्ठ नागरिक लक्षित सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउने
- ✓ **"एक वडा एक बाल उद्यान, एक वडा एक ज्येष्ठ नागरिक ध्यान तथा योग आश्रम"** कार्यक्रमलाई साकार बनाउने
- ✓ महिला, मुस्लिम, दलित, अपाङ्ग, आदिवासी आदि समुदायको राज्यको मूलधारमा पहुँच सुनिश्चित गर्नका लागि उनीहरूलाई सरकारी सेवामा प्रवेश गराउन निःशुल्क तयारी कक्षा सञ्चालन गर्ने
- ✓ युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा शसक्तीकरणका विशेष कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ एकल महिला, घरेलु तथा यौन हिंसामा परेका महिला, अपाङ्ग, दुर्व्यसनमा परेका युवा तथा यौनिक अल्पसङ्ख्यकहरूलाई समाजमा सहज ढङ्गले स्थापित हुन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ ज्येष्ठ नागरिकहरूका लागि नियमितरूपमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने
- ✓ बालश्रमको अन्त्य गर्ने

- ✓ राष्ट्रिय, अन्तर्राष्ट्रिय नीति, कानुन र सन्धी बमोजिम महिला तथा बालबालिकाहरूको संरक्षणका लागि नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ छुवाछुत लगायतका सबै प्रकारका सामाजिक समस्याबाट मुक्त समाज निर्माण गर्न विभिन्न पर्व र सार्वजनिक समारोहहरूमा सामाजिक अन्तरघुलन कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ यौनिक अल्पसङ्ख्यकहरूका समस्या तथा आवश्यकताहरूलाई सम्बोधन गर्ने
- ✓ दुर्व्यसनमुक्त समाजका लागि पुनर्स्थापना केन्द्रहरू सञ्चालन गर्ने
- ✓ अनाथ र जोखिममा परेका बालबालिकाको संरक्षणका लागि बालगृहहरू सञ्चालन गर्ने
- ✓ सामाजिक कु-संस्कारको रूपमा रहेका बालविवाह, बहुविवाह तथा जबरजस्ती विवाहको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ महिला हिंसा अन्त्य गर्न र पिडकलाई कानुनी दायरामा ल्याउन महिला सेलको गठन गर्ने
- ✓ स्थानीय न्यायिक समितिका काम कारवाहीहरूलाई प्रभावकारी बनाउने
- ✓ महिला, दलित, अपाङ्ग तथा अन्य सीमान्तकृत समुदायका उद्यमीहरूको पहिचान गरी उनीहरूको वृत्ति विकासमा विशेष कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ सीमान्तकृत र अल्पसङ्ख्यक जातिहरूका मौलिकता संरक्षण गर्न विशेष कोष तथा कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ महिला, दलित, अल्पसंख्यक, जनजाति, विपन्न वर्ग तथा सीमान्तकृत समुदायका छात्रछात्राहरूलाई शिक्षामा पूर्ण प्राथमिकता दिई विशेष छात्रवृत्तिको व्यवस्था गर्ने
- ✓ लैङ्गिक, भाषिक, धार्मिक समानता, सामाजिक समावेशीकरण तथा मूल प्रवाहीकरण गर्ने

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल-प्रवाहिकरण |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ विगतमा भन्दा महिला जनचेतनामा केही सुधार आएको | |
| ✓ विभिन्न बाल क्लव तथा आमा समूहहरु रहेका | |
| ✓ वडा नं. १५ डिघवलमा जेष्ठ नागरिक उद्यान केन्द्र निर्माण गर्न प्रस्ताव गरिएको | |
| ✓ महिला कृषक समूहहरु गठन भएका | |
| ✓ वडा नं. १५ ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेको | |
| ✓ छुवाछुत तथा सामाजिक विभेद क्रमशः न्यून हुँदै गएको | |
| ✓ नगरपालिकामा सांस्कृतिक तथा धार्मिक सहिष्णुता कायम रहेको | |
| ✓ सञ्चार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको | |
| ✓ कतिपय महिलाहरू राजनीति, सामाजिक कार्य लगायत विभिन्न विकासका गतिविधिहरूमा सरिक हुन थालेका | |
| ✓ नगरपालिका क्षेत्रमा विभिन्न आमा समुह, महिला समुह, बालक्लव र किशोरी समुहहरु रहेका | |

| |
|---|
| ✓ दलित र विपन्न समुदायको सबलकिरणका लागि नगरपालिकाले योजना बनाएर लागू गर्न सुरु गरेको |
| ✓ धेरैमा छोरा र छोरी एकै हुन् भन्ने सोच विकास हुँदै गएको |
| ✓ महिलाहरूले घरको मात्र काम नगरी घर बाहिरको काम पनि गर्न सक्छन् भन्ने सन्देश दिएका |

| दुर्बल पक्षहरू |
|---|
| ✓ नगरपालिकामा परम्परागत रूपमा रहेको लैङ्गिक विभेद अन्त्य हुन नसकेको |
| ✓ समाजमा महिलाको समग्र सामाजिक स्तर अत्यन्त कमजोर रहेको |
| ✓ जातीय भेदभाव पूर्ण रुपले अन्त्य हुन नसकेको |
| ✓ सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ नगरपालिकाले जस्तापाता उपलब्ध गराएर खरको छानोलाई विस्थापित गर्दै लैजान सकिने |
| ✓ भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउन सकिने |
| ✓ शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला तथा सीमान्तकृत वर्गको उत्थानमा उपयुक्त वातावरण बन्दै जाने |
| ✓ सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहिकरणमा ल्याउँदा नगरपालिकाको समग्र विकास प्रक्रियाले गति लिन सक्ने |
| ✓ महिलाहरू राजनीतिक गतिविधिमा संलग्न हुन थालेकाले उनीहरुका आवाजहरू सम्बन्धित निकायमा पुऱ्याउन सहज भएको |
| ✓ प्रत्येक वडामा १ महिला सदस्य र १ दलित महिला सदस्य अनिवार्य रूपमा निर्वाचित हुने व्यवस्था गरेको हुँदा उनीहरूले सम्पूर्ण महिला, दलित, जनजातिहरूको हक हित तथा अधिकारको पक्षमा आवाज उठाएका कारण सामाजिक न्याय, समानता लगायत समाज सुधारका पक्षमा केही प्रगति भएको |
| ✓ अपाङ्ग पुनर्स्थापना केन्द्र, विपन्न सहायता केन्द्र, अनाथालय तथा जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना गरी न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुऱ्याउन सकिने |

| चुनौती तथा जोखिमहरू |
|---|
| ✓ लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पर्न सक्ने |
| ✓ महिला पछाडि पर्दा समग्र पारिवारिक संगठन र समाज नै विकृत बन्न सक्ने |
| ✓ सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला शसक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहिकरण गर्नुपर्ने |
| ✓ व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाति, अल्पसङ्ख्यक र सीमान्तकृतहरूलाई विशेष रूपमा लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने |
| ✓ प्रसूती सेवाको व्यवस्था गर्नुको साथै प्रजनन् स्वास्थ्य बारे जनचेतना फैलाउनुपर्ने |
| ✓ घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्नुपर्ने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ नगरपालिका क्षेत्रभित्र गठन भएका दर्जनौं आमा समूह तथा युवा क्लव र बालक्लबहरूलाई जाँड रक्सीको विकृति विरुद्ध अभियान चलाउन प्रोत्साहित गर्नुपर्ने |
| ✓ बालविवाह तथा बहुविवाहलाई दण्डित गर्नुपर्ने |
| ✓ अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरु निर्माण गर्नुपर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

| सोच |
| --- |
| "रामग्रामको सामाजिक सभ्यता, सुख, शान्ति र सामाजिक सौहार्दता" |
| **लक्ष्य** |
| सामाजिक, लैङ्गिक र साँकृतिक हिसाबले सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ लैङ्गिक विभेद मुक्त समाजको निर्माण गर्ने ।<br>✓ जातीय भेदभाव मुक्त समाजको निर्माण गर्ने ।<br>✓ अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई मूल प्रवाहिकरण गर्ने ।<br>✓ सामाजिक न्यायपूर्ण समाजको निर्माण गर्ने । |
| **रणनीतिहरू** |
| ✓ महिला सशक्तीकरणका लागि विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने<br>✓ ज्येष्ठ नागरिक, दलित तथा एकल महिला लक्षित सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउने<br>✓ **"एक वडा एक बाल उद्यान, एक वडा एक ज्येष्ठ नागरिक सत्सङ्ग केन्द्र"** कार्यक्रमलाई साकार बनाउने<br>✓ युवा, महिला, विपन्न, दलित, अपाङ्ग तथा सीमान्तकृत समुदायमा सशक्तीकरणका विशेष कार्यक्रमहरू सञ्चालन गर्ने<br>✓ एकल महिला, घरेलु तथा यौन हिंसामा परेका महिला, अपाङ्ग, दुर्व्यसनमा परेका युवा तथा यौनिक अल्पसङ्ख्यकहरूलाई समाजमा सहज ढङ्गले पुनर्स्थापित हुन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने र रुढीवादको अन्त्य गर्ने<br>✓ सबै प्रकारका बालश्रमको अन्त्य गर्ने<br>✓ राष्ट्रिय, अन्तर्राष्ट्रिय नीति, कानुन र सन्धीबमोजिम महिला तथा बालबालिकाहरूको संरक्षणका लागि नियमित रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने<br>✓ छुवाछुतमुक्त समाज निर्माण गर्न विभिन्न पर्व र सार्वजनिक समारोहहरूमा सामाजिक अन्तरघुलन कार्यक्रमहरू सञ्चालन गर्ने<br>✓ यौनिक अल्पसङ्ख्यकहरूका समस्या तथा चासोहरू सम्बोधन गर्न उनीहरूकै नेतृत्वमा समूह गठन गर्ने<br>✓ अनाथ र जोखिममा परेका बालबालिकाहरू लागि बालगृहहरू सञ्चालन गर्ने<br>✓ सामाजिक कु-संस्कारको रूपमा रहेका बालविवाह, बहुविवाह र अनमेल विवाहको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने<br>✓ महिला हिंसा अन्त्य गर्न र पिडकलाई कानुनी दायरामा ल्याउन महिला सेलको गठन गर्ने |

- ✓ स्थानीय न्यायिक समिति र न्यायिक इजलासका काम कार्यवाहीहरूलाई प्रभावकारी बनाउने
- ✓ महिला, दलित, अपाङ्ग तथा अन्य सीमान्तकृत समुदायका उद्यमीहरूको पहिचान गरी उनीहरूको वृत्ति विकासका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ सीमान्तकृत र अल्पसङ्ख्यक जातिहरूका मौलिकता संरक्षण गर्न विशेष कोष तथा कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ सबै भाषा, धर्म, सम्प्रदाय, जातजाति, मौलिकता, शारीरिक अवस्थाका व्यक्तिहरूको लैङ्गिक, भाषिक, धार्मिक समानता, सामाजिक समावेशीकरण तथा मूल प्रवाहीकरण गर्ने
- ✓ समान कामका निम्ति महिला र पुरुषबिच समान पारिश्रमिकको सुनिश्चितता गर्न अनुगमन प्रणाली व्यवस्थित गर्ने र यसमा न्यायिक समितिले अगुवाइ गर्ने

## ३. लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहीकरणका लागि Logical Framework Approach (LFA)

कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| (अ) **लैङ्गिक समानाता, सामाजिक समावेशीकरण तथा मुल प्रवाहीकरण** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **प्रचार, प्रशार तथा जनचेतनामूलक कार्यक्रम** | | | | |
| ▪ दाइजो प्रथालाई पूर्णतः उन्मूलन गर्न नियमित रुपमा सडक नाटक तथा र्‍याली आयोजना गर्ने | ४५ | नगरपालिका | दातृ निकाय | नगरपालिका |
| ▪ छाउपडी प्रथालाई अन्त गर्ने बुहारी समूह गठन गरी परिचालन गर्ने | १५ | नगरपालिका | महिला संगठनहरू | आन्तरिक राजश्व |
| ▪ महिला समूहहरू गठन गरी महिलामाथि हुने सबै प्रकारका हिंसा विरुद्ध वडास्तरमा जागरण अभियान सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ लैङ्गिक हिंसा नियन्त्रण कोष स्थापना गरी प्रत्येक वर्ष नियमित रुपमा  लैङ्गिक हिंसा विरोधी कार्यक्रम सञ्चालन गर्ने | १०० | | | |
| ▪ नगरपालिकाको न्यायिक समितिको अगुवाइमा लैङ्गिक हिंसा विरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गर्ने | १५ | | | |
| ▪ बालबालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका बारेमा अभिभावकहरूमा जनचेतना फैलाउन हरेक विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | ७५ | | | |
| ▪ आर्थिक प्रलोभन तथा दबावमा परेर हुने चेलिबेटी, मानव अङ्ग बेचबिखन कार्यलाई नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने | १५ | | | |
| ▪ सीमान्तीकरणमा परेका तथा लोपोन्मुख समुदायको पहिचान स्थापित गर्न उनीहरूको पहिचान प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न क्यालेण्डर प्रकाशित गर्ने | ५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ विद्यालयस्तरीय पाठ्यक्रममा जातीय छुवाछुतलाई हटाउन मद्दत गर्ने किसिमका पाठ्यसामाग्री समावेश गरी सामाजिक सद्भाव र अन्तर्घुलन बढाउने | १० | | | |
| ▪ दाइजो प्रथा, बाल विवाह र बहु विवाह उन्मुलन गर्न नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | १५ | | | |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ आमा समूहहरू गठन गरी स्थानीय स्रोत तथा साधनहरूमा आधारित आय आर्जनको काममा सहभागी गराउन तालिम संचालन गर्ने | ७५ | नगरपालिका | वडा कार्यालय , रोजगार संयोजक | आन्तरिक राजश्व |
| ▪ प्रत्येक वडामा वर्षमा १ पटक किशोरीहरूका लागि प्रजनन स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गर्ने | ५० | नगरपालिका | दातृ निकाय | नगरपालिका |
| ▪ पिछडिएको जाति तथा लोपोन्मुख समुदायका व्यक्तिलाई नगरपालिका स्तरमा सार्वजनिक क्षेत्रको रोजगारीमा पहुँच पुऱ्याउन क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विभिन्न समुदायका लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्न स्थानीय जनताको सहभागितामा हरेक वर्ष नगरपालिकास्तरीय भाषा/संस्कृति सम्मेलन आयोजना गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ आदिवासी जनजातिका परम्परागत सीपलाई आयआर्जनमूलक बनाई त्यसको बजार व्यवस्थापन गर्न उद्यमशिलता तालिम संचालन गर्ने | १५ | नगरपालिका | प्रदेश | नगरपालिका |
| ▪ महिलाहरूको नेतृत्व क्षमता विकास गर्न वडा स्तरमा वर्षमा कम्तिमा एकपटक तालिम कार्यक्रम आयोजना गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ दलितहरूमाथि हुने/हुन सक्ने अन्याय भेदभावमूलक व्यवहार रोक्न जनजागरण गर्ने उद्देश्यले महिला समूह, आमा समूह तथा युवा क्लबहरूलाई परिचालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक वडामा वर्षमा २ पटक विपन्न सीमान्तकृत, दलितहरूलाई लक्षित गरी सशक्तिकरण र आय आर्जन सम्बन्धी उद्यमशील तालिम सञ्चालन गर्ने । | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीय न्यायिक समितिलाई न्याय सम्पादन सम्बन्धी तालिम सञ्चालन गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक वडाबाट नव महिला उद्यमीहरूको पहिचान गरी विशेष उद्यमशिल तालिम सञ्चालन गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ महिलाको सम्पत्तिमाथिको स्वामित्व बढाउदै लैजानको लागि उनीहरूको नाममा भएको जग्गा जमिन तथा सम्पत्तिको तथ्याङ्क निकाल्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ घरेलु हिंसाबाट पिडित महिलाहरूका लागि सुरक्षित अल्पकालिन आश्रयस्थलको व्यवस्था गर्ने | ५० | नगरपालिका | वडा कार्यालय | आन्तरिक राजश्व |
| ▪ लैङ्गिक हिंसामुक्त नगरपालिका घोषणा गर्नका लागि आवश्यक सूचकहरूको विकास गर्ने गरी आगामी ५ वर्षभित्र लैङ्गिक हिंसामुक्त नगरपालिका घोषणा गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ वडा तथा नगरपालिका स्तरमा गठन हुने उपभोक्ता समितिहरूमा महिलालाई नेतृत्वको भूमिका दिन कार्यविधि निर्माण गर्ने | १ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ महिला हिंसासम्बन्धी घटनाको बारेमा तथ्याङ्क सङ्कलन गर्न प्रभावकारी सूचना संयन्त्रको विकास गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ एकल महिलालाई स्वाबलम्बी बनाउने उद्देश्यले व्यवसाय सञ्चालनका लागि सहुलियत दरमा ऋण उपलब्ध गराउने | १५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ समान कामका निम्ति महिला र पुरुषबिच समान पारिश्रमिकको सुनिश्चितता गर्न अनुगमन प्रणाली व्यवस्थित गर्ने र यसमा न्यायिक समितिले अगुवाइ गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सामाजिक हिंसा तथा श्रम शोषणका घटनाहरूको पहरेदारी गर्न संयन्त्र निर्माण गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ वार्षिक रूपमा नगरपालिकास्तरीय बहुसांस्कृतिक झाँकी प्रदर्शन कार्यक्रम आयोजना गर्न समुदाय स्तरीय समितिहरु गठन गर्ने | १५ | नगरपालिका | वडा कार्यालय, बैङ्क तथा वित्तीय संस्था | आन्तरिक राजश्व |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ निजामती सेवा लगायत राज्यका विभिन्न अङ्गमा महिला, अपाङ्ग, लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको प्रतिनिधित्व बढाउन विशेष तयारी कक्षाहरू नि:शुल्क रूपमा सञ्चालन गर्ने | १५ | नगरपालिका | वडा कार्यालय, राजनैतिक दलहरू | आन्तरिक राजश्व |
| ▪ विभिन्न समुदायहरूमा स्वरोजगारका कार्यक्रमहरू विकास गर्न विज्ञहरूको टोली गठन गरी सम्भाव्यता अध्ययन गर्ने | १० | नगरपालिका | वडा कार्यालय न्यायिक समिति, महिला समूह | आन्तरिक राजश्व |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | | | |
| ▪ विधवा विवाह र अन्तरजातीय विवाहलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने | १५० | MT | नगरपालिका | नगरपालिका |
| ▪ यौनिक अल्पसंख्यकको पहिचान गरी उनीहरूकै नेतृत्वमा परामर्श केन्द्र स्थापना गर्ने | ५० | MT | | नगरपालिका |
| ▪ प्रत्येक वडामा महिला हिंसा विरुद्ध पहरेदारी गर्न विशेष महिला सेल गठन गर्ने | १२० | नगरपालिका | गैर सरकार समिति | नगरपालिका |
| ▪ महिला, दलित, अल्पसंख्यक, जनजाति र विपन्न समुदायका छात्र-छात्राहरूलाई विशेष कोष सञ्चालन गरी छात्रवृत्ति प्रदान गर्ने | ५०० | | | |
| ▪ सामाजिक अन्तरघुलनका लागि वर्षमा एक पटक स्थानीय राजनैतिक दलको नेतृत्वमा विशेष राष्ट्रिय पर्व वा अवसर पारेर सार्वजनिक समारोह तथा चियापान कार्यक्रमको आयोजना गर्ने | ४५ | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| ▪ महिला समूह तथा संस्थाहरूद्वारा उत्पादित वस्तु तथा सेवाको बिक्री वितरणको लागि एक बिक्री केन्द्रको स्थापना गर्ने | ५० | | | |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ विपन्न तथा लोपोन्मुख जाति समुदायका सँस्कृति संरक्षण गर्न परिवारका निम्ति सूरक्षित आवासका लागि एकीकृत बस्ती निर्माण गर्ने | ५०० | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ विपन्न समुदायका ज्येष्ठ नागरिकहरूको उपचारका निम्ति विपन्न ज्येष्ठ नागरिक उपचार कोष स्थापना गरी आर्थिक सहयोग प्रदान गर्ने | ५० | | | |
| ▪ हरेक वडामा एउटा सामुदायिक भवन निर्माण गर्ने | ३५० | | | |
| ▪ नगरपालिकामा एउटा अनाथालयको स्थापना गर्ने | १०० | | | |
| ▪ नगरपालिकामा एउटा ज्येष्ठ नागरिक सत्संग केन्द्रको स्थापना गर्ने | १०० | | | |
| ▪ दुर्व्यसन पुर्नस्थापना केन्द्र स्थापना गर्ने (एक वटा) | १०० | | | |
| ▪ सडक बालबालिकाको उद्धार गरी उनीहरुको शिक्षा र सुरक्षाको लागि नगरपालिकामा एक बालगृह स्थापना गर्ने | १०० | | | |
| ▪ "एक वडा एक बाल उद्यान, एक वडा एक योगाश्रम" अभियान साकार बनाउने | २०० | | | |
| **१५ वर्ष कार्यक्रमको जम्मा बजेट** | | | | |
| **लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहीकरणमा जम्मा बजेट** | | | | |

## अपेक्षित उपलब्धिहरू

- धार्मिक, लैङ्गिक, जातीय, वर्गीय, भाषिक, क्षेत्रीय भेदभावमुक्त समाजको निर्माण भएको हुनेछ ।
- समानतामा आधारित शान्त, सौहार्द, सहिष्णु र न्यायपूर्ण समाजको निर्माण भएको हुनेछ
- विभेदमा पारिएका महिला, दलित, अपाङ्ग, जनजाति, पिछडिएको क्षेत्र लगायत सीमान्तकृत समुदायहरूको सकारात्मक विभेदका माध्यमद्वारा मूल प्रवाहीकरण भई उनीहरूको सशक्तिकरण भएको हुनेछ ।
- यौन तथा घरेलु हिंसापिडित, बेचबिखनमा परेका महिला, तेश्रो लिङ्गी तथा फरक यौनिकता भएका व्यक्तिहरू र लागुऔषध लगायतका दुर्व्यसनीहरूको सामाजिक पुनर्स्थापना भएको हुनेछ
- बाल विवाह पूर्ण रूपमा निर्मूल भएको हुने

- दुर्व्यसन सुधार गृहको स्थापना हुने
- बाल सुरक्षा/संरक्षण गृहको स्थापना भएको
- जेष्ठ नागरिक सत्सङ्ग केन्द्रको स्थापना भएको
- महिला हिंसा न्यूनीकरण गर्न एउटा शसक्त महिला सेलको स्थापना भएको

## सूचकहरू

| लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहीकरणका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ नगरपालिकामा महिला उद्यमीहरूको संख्या | | | | |
| ▪ पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या (प्रतिशतमा बढाउँदै लैजाने) | | | | |
| ▪ बालश्रमिकहरूको संख्या (घटाउँदै लैजाने) | | | | |
| ▪ अन्तरजातीय विवाहको संख्या (बढाउँदै लैजाने) | | | | |
| ▪ सम्पूर्ण नागरिकहरू सामाजिक सुरक्षामा योजनामा समावेश गरिएको | | | | |
| ▪ आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको संख्या (प्रतिशतले घटाउँदै लैजाने) | | | | |
| ▪ विगत १२ महिनामा शारिरीक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा (प.दि.वि.ल. १६.१.१) | | | | |
| ▪ उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात (प.दि.वि.ल. १६.२.३) | | | | |
| ▪ निर्णय-निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) (प.दि.वि.ल. १६.७.२) | | | | |
| ▪ सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात (प.दि.वि.ल. १६.७.२.१) | | | | |
| ▪ सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रमा रहेका पदमा रहेका जनजातीको प्रतिशत | | | | |

| लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहीकरणका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रमा रहेका पदमा रहेका आदिवासीको प्रतिशत | | | | |
| ▪ सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रमा रहेका पदमा रहेका मधेशीको प्रतिशत | | | | |
| ▪ सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रमा रहेका पदमा रहेका मुस्लिमको प्रतिशत | | | | |
| ▪ सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रमा रहेका पदमा रहेका पिछडा वर्गको प्रतिशत | | | | |
| ▪ सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रमा रहेका पदमा रहेका अल्पसंख्यकको प्रतिशत | | | | |
| ▪ शारीरिक/यौनहिंसा अनुभग गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) (प.दि.वि.ल. ५.२.२.१) | | | | |
| ▪ महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (सङ्ख्या) (प.दि.वि.ल. ५.२.२.२) | | | | |
| ▪ विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) (प.दि.वि.ल. ५.३.१.१) | | | | |
| ▪ श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (प.दि.वि.ल. ५.४.१.१) | | | | |
| ▪ महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा (प.दि.वि.ल. ५.४.१.२) | | | | |
| ▪ राष्ट्रिय संसद् (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.१) | | | | |
| ▪ प्रादेशिक संसद् (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.२) | | | | |
| ▪ स्थानीय सरकारका तहहरू (Bodies) (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.३) | | | | |
| ▪ निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.१) | | | | |

| लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहीकरणका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.२) | | | | |
| ▪ सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) (प.दि.वि.ल. ५.५.२.३) | | | | |
| ▪ व्यावसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.४) | | | | |
| ▪ यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात ( प.दि.वि.ल. ५.६.१) | | | | |
| ▪ महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (प.दि.वि.ल. ५.क.१) | | | | |
| ▪ महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) (प.दि.वि.ल. ५.क.२) | | | | |
| ▪ १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (प.दि.वि.ल. ५.ख.१) | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- सामाजिक समावेशीकरण कार्यक्रमको कार्यान्वयन पश्चात् पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै महिला हिंसामा न्यूनीकरण, समाजिक सौहाद्रता अभिवृद्धि, सामाजिक अन्तरघुलन, बालबालिकाको सुरक्षा आदि बाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।

- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

### ७.२.५ युवाको विद्यमान वस्तुगत अवस्था

देश निर्माणका प्रमुख आधार भनेकै युवाहरू हुन् । युवाहरूको सामर्थ्यलाई सही रूपमा सदुपयोग गरेका मुलुकले नै विकासमा फड्को मारेका छन् । तर नेपालको हालको नियती भनेको युवाहरू विदेश गई श्रम गर्ने र देशमा बसेका नागरिकहरू युवाले श्रम गरी पठाएको विप्रेषण वा रेमिट्यान्स्ले निर्वाह गर्ने अवस्था छ । यो नियतीलाई नबदलेसम्म कुनै पनि नगरपालिकाको दीर्घकालिन समृद्धि हासिल गर्ने सपना पुरा हुन सक्दैन । तसर्थ यो नगरपालिका पनि समृद्धिको बाटोमा हिँड्नका लागि सर्वप्रथम विदेशी भूमिमा श्रम गरिरहेका युवाहरूलाई देशमै रोजगारी तथा स्वरोजगारको प्रत्याभूती गराई उनीहरूको श्रम र सीपलाई देश गाउँको विकासमा प्रयोग गर्नु पर्दछ । यसका लागि नगरपालिकाले निम्नलिखित कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

- वडागत रूपमा युवाहरूको जनसङ्ख्या तथा अन्य व्यक्तिगत विवरण सम्बन्धी लगत तयार पारी उनीहरूको अभिमुखिकरण गर्ने
- नैतिकवान, इमान्दार र कर्तव्यनिष्ठ यूवा समुदायको निर्माण गर्न नगरपालिका स्तरीय Motivational workshop आयोजना गर्ने
- दक्ष युवाहरूलाई शैक्षिक प्रमाणपत्र वा सीपका आधारमा बिना धितो कम ब्याजदरमा ऋण दिई स्वरोजगार बनाउने
- नगरपालिका स्तरमा युवा सरोकार समिति गठन गर्ने
- उच्च शिक्षा प्राप्त गर्न चाहने युवाहरुलाई निश्चित मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न एक छात्रवृत्ति कोषको स्थापना गर्ने
- प्रतिभावान युवाहरूलाई प्राविधिक शिक्षा जस्तै : मेडिसिन, इन्जिनियरिङ, कम्प्युटर प्रविधि, लगायतका क्षेत्रहरूमा अध्ययन गर्नका लागि निश्चित मापदण्डका आधारमा छात्रवृत्ति, निःशुल्क वृत्ति तथा सुलभ कर्जाको व्यवस्था गर्ने
- विशेष शारिरीक अवस्थाका युवाहरूको शिक्षाको लागि विशेष छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने
- उच्च शिक्षा हासिल गरिरहेका युवाहरूलाई नगरपालिकाका क्रियाकलापहरुमा इन्टर्नसिपको व्यवस्था गर्ने
- युवाहरूको लगानी र व्यवस्थापनमा उद्योगधन्दा तथा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्नका लागि त्यस्ता उद्योगधन्दा तथा व्यवसाय दर्ता तथा नविकरण गर्दा विशेष सहुलियतको व्यवस्था गर्ने
- कृषि, पर्यटन, उद्योग सम्बन्धी तालिम प्रदान गर्ने
- कृषिजन्य, जडिबुटी र वन पैदावारमा आधारित उद्योग स्थापना तथा लगानी गर्नका लागि युवाहरूलाई प्रोत्साहन गर्न आर्थिक सहुलियत दिने
- उनीहरूको ज्ञान, सिप र पूँजीको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धि हासिल गर्नका लागि उनीहरूको लगानी प्रतिफलको ग्यारेण्टी गर्न विमाको व्यवस्था गर्ने र उनीहरुको सीपको सदुपयोग गर्ने
- युवाको उद्यमशिलतालाई प्रोत्साहन गर्न सुलभ कर्जा तथा बीउ पूँजीको व्यवस्था गर्न वित्तीय संस्थासँग समन्वय गर्ने
- कृषि व्यवसायमा युवाहरूलाई  आकर्षित गर्नका लागि कृषि औजार, मल, विउ, प्रविधि र बजारिकरणमा निश्चित प्रतिशतमा अनुदान दिने

- परम्परागत ज्ञान, सीप र व्यवसायहरूमा युवाहरूलाई प्रोत्साहन गर्नका लागि ती व्यवसायहरूलाई आधुनिकिकरण गर्न नगरपालिकास्तरीय तालिम नियमित संचालन गर्ने
- रोजगारी तथा पेशा व्यवसायका सिलसिलामा घाइते भएका, अङ्गभङ्ग भएका र अन्य स्वास्थ्य समस्याबाट ग्रसित युवाहरूको उपचारको व्यवस्था गर्न बिमा योजना लागु गर्ने
- युवाहरूलाई धुम्रपान, मद्यपान, लागु पदार्थ र अन्य कुलतमा फँस्नबाट रोक्नका लागि विद्यालय तथा समुदायस्तरमा विभिन्न सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने
- कुलतमा परेका युवाहरूको उद्धार गरी सामाजिक पुनर्स्थापना गर्ने
- विद्यालय शिक्षाको पाठ्यक्रममा नै यौन स्वास्थ्य शिक्षा प्रदान गरी युवाहरूलाई यौन तथा घातक प्रकृतिका रोगहरूबाट जोखिममुक्त गराउने
- युवाहरूको शारीरिक र मानसिक स्वास्थ्यमा विशेष भूमिका खेल्ने खेलकुदको विकास गर्नका लागि एउटा दीर्घकालिन खेलकुद विकास रणनीति निर्माण गर्ने
- युवाहरूलाई सांस्कृतिक विचलनबाट बचाउनका लागि स्थानीय गीत, सङ्गीत, लोकगाथा, भेषभूषा लगायतका चाडबाडसम्बन्धी सांस्कृतिक मेला, प्रदर्शनी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
- युवाहरूका लागि साँस्कृतिक कला र सीप सम्बन्धी तालिम सञ्चालन गर्ने
- युवाहरूलाई साहित्यिक तथा रचनात्मक क्रियाकलापहरूमा संलग्न गराउनका लागि नगरपालिका तथा वडास्तरमा नियमित साहित्यिक गतिविधि जस्तै : कार्यशाला, गोष्ठी, रचना बाचन तथा मेलाको आयोजना गर्ने
- वातावरण संरक्षण र सरसफाइमा संलग्न गराउनका लागि वडास्तरमा समितिहरूमा युवाहरूलाई सहभागी गराई वृक्षारोपण कार्यक्रम, साप्ताहिक सरसफाइ, फोहर प्रशोधन, पुनर्प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने
- विज्ञान तथा प्रविधि सेवामा संलग्न युवाहरूलाई उच्च अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने
- अन्वेषण र आविस्कारमा संलग्न युवाहरूका लागि नगरपालिकामा आविस्कार कोषको स्थापना गरी मापदण्डका आधारमा आर्थिक अनुदान प्रदान गर्ने
- मानव वेचविखन, लागुऔषध  तथा हातहतियार ओसार प्रसारमा युवाहरूलाई प्रयोग गर्ने परिपाटीलाई निरुत्साहित गर्नका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने
- समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नका लागि युवाहरूलाई स्वयंसेवकको रुपमा परिचालन गर्न युवाहरूलाई समावेश गरी शान्ति सुरक्षा संयन्त्र निर्माण गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने
- विशेष अवस्थाका युवाहरूका लागि शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्जन लगायतका विविध क्षेत्रमा प्राथमिकता दिन विशेष छात्रवृति, आर्थिक सहयोग र आरक्षणको व्यवस्था गर्ने
- अपाङ्गता भएका युवाहरूका लागि उनीहरूको शारीरिक विविधता र जटिलताका आधारमा यातायात, भवन, शौचालय लगायतको पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने
- अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षाको व्यवस्था गरी दक्ष शिक्षक, सहज र अपाङ्गमैत्री पूर्वाधारहरूको प्रबन्धमार्फत उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकारको ग्यारेण्टी गर्ने

## १. SWOT विश्लेषण

| SWOT विश्लेषण | युवा |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ घरधुरी तथ्याङ्क संकलन, २०७६ अनुसार नगरपालिकामा १५ देखि ४० उमेर समूहको जनसंख्या ४५.४ प्रतिशत हुनु । | |
| ✓ नगरपालिकास्तरमा युवासँग सम्बन्धित उद्घोषण, नेतृत्व विकास, क्षमता विकास तथा खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने गरिएको | |
| ✓ नगरपालिकाको नीति तथा कार्यक्रममा बेरोजगार युवालाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्ने नीति लिइएको | |
| ✓ नगरपालिका क्षेत्रभित्र स्थानीय श्रोत साधनको उपयोग गरी परम्परागत पेशालाई आधुनिक सीपसँग साक्षात्कार गर्न युवा लक्षित तालिम सञ्चालन गर्ने नीति लिइएको | |
| ✓ नगरपालिकाभित्र विभिन्न युवा पुर्नस्थापना केन्द्र सञ्चालन गर्ने प्रस्ताव गरिएको | |
| ✓ युवा शक्ति नगरपालिकाको मानव संसाधनको महत्वपूर्ण श्रोत हुनु । | |
| ✓ नगरपालिकाको भावी समृद्धि युवाको काँधमा रहनु | |
| ✓ युवासँग सम्बन्धित क्लव, खेलकुद मैदान तथा साँस्कृतिक टोलीहरू नगरपालिकामा रहनु । | |
| **दुर्बल पक्षहरू** | |
| ✓ नगरपालिकामा युवा लक्षित कार्यक्रमले युवा वर्गलाई यथोचित सम्बोधन गर्न नसकेको । | |
| ✓ नगरपालिकाबाट स्वभाविक रूपमा ठूलो हिस्सा शिक्षा तथा रोजगारका लागि शहरी क्षेत्र तथा विदेश पलायन भइरहेको | |
| ✓ प्रधानमन्त्री युवा रोजगार कार्यक्रम आशातित रूपमा युवा आकर्षण र युवामैत्री हुन नसकेको | |
| ✓ युवा जनशक्तिलाई यथोचित अभिमूखीकरण तथा तालिमको व्यवस्था हुन नसकेको | |
| ✓ नगरपालिकामा रहेका युवाहरूपनि निरास, निश्क्रिय भई मोबाइल लगायतका सूचना प्रविधिमा व्यस्त रहने लत बढ्दै गएको | |
| ✓ कतिपय युवाहरू गलत संगत, लागूपदार्थ सेवन, झैझगडा लगायतका कुलतमा फस्ने अवस्था रहेको । | |
| **चुनौती तथा जोखिमहरू** | |
| ✓ नगरपालिकामा अध्ययन तथा रोजगारका लागि शहर तथा विदेश गएकाहरूलाई स्वदेशमै रोजगार सिर्जना गर्न चुनौती रहेका | |
| ✓ नगरपालिकाका सम्पूर्ण वेरोजगार युवालाई थेग्न सक्ने गरी रोजगारीको सिर्जना गर्न चुनौती रहेको | |
| ✓ पूर्वाधारको समूचित विकास गर्न नसकिएका कारण तोकिएका खेलकुद मैदानहरू, क्लव तथा मनोरञ्जनात्मक स्थलहरू स्तरोन्नती गर्ने कार्य चुनौतीपूर्ण | |
| ✓ कुलतमा फसेका वा फस्ने खतरामा रहेका युवालाई रोक्ने कार्यक्रम तत्काल सञ्चालन गर्नु पर्ने चुनौती रहेको | |

| अवसर तथा सम्भावनाहरू |
|---|
| ✓ युवा शक्तिमा रहेको जागरुकतालाई यथोचित सम्बोधन गर्न सके नगरपालिकाको विकासमा कायापलट हुन सक्ने । |
| ✓ नियमित रूपमा खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिका लागि रंगशाला, खेलकुद मैदान तथा मनोरञ्जनात्मक गतिविधिलाई प्राथमिकतामा राखेर क्रमश: स्तरोन्नती गर्न सकिने । |
| ✓ नगरपालिकाको युवा लक्षित वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकिने |
| ✓ गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी युवामैत्री, तालिम, गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आवद्ध गराउने । |
| ✓ नगरपालिकामा विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरूआयोजना गरी युवालाई प्रतिश्पर्धात्मक तथा जागरुक बनाउन सकिने |
| ✓ उच्च तथा प्राविधिक शिक्षाका अवसरहरू नगरपालिकामै सिर्जना गरी रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने । |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

पूर्ण रोजगारयुक्त श्रमशिल विवेकशिल र देशभक्त कर्मठ यूवा तप्का निर्माण गर्ने

### लक्ष्य

युवा विदेश पलायनलाई उल्लेख्य रूपमा न्यूनीकरण गरी नगरपालिकालाई उद्यमी, सक्षम, कर्मठ, विवेकशिल र श्रमशिल जनशक्ति निर्माण गर्ने

### उद्देश्यहरू

- ✓ युवा सशक्तीकरण गरी उनीहरूको पूर्ण रोजगारी वा स्वरोजगार हुने वातावरण सुनिश्चितता गर्ने
- ✓ वैदेशिक रोजगारमा गएका युवाहरूलाई स्वदेशमै आकर्षण गरी उनीहरूको सीप, ज्ञान र आम्दानीलाई अधिकतम उपयोग गर्ने
- ✓ नगरपालिकामा रहेको युवा जनशक्तिको जनसांख्यिक लाभांसलाई खेरजान नदिई उनीहरूको ज्ञान, सीप र श्रमलाई नगरपालिकाको समृद्धिमा उपयोग गर्ने

### रणनीतिहरू

- ✓ वडागत रूपमा युवाहरूको जनसङ्ख्या तथा अन्य व्यक्तिगत विवरणसम्बन्धी लगत तयार पारी उनीहरूको अभिमुखीकरण गर्ने
- ✓ नैतिकवान, इमान्दार र कर्तव्यनिष्ठ युवा समुदायको निर्माण गर्न नगरपालिकास्तरीय नियमित Motivational workshop आयोजना गर्ने
- ✓ दक्ष युवाहरूलाई शैक्षिक प्रमाणपत्र वा सीपका आधारमा बिना धितो कम ब्याजदरमा ऋण दिई स्वरोजगार बनाउने
- ✓ नगरपालिकास्तरमा युवा सरोकार तथा रोजगार समिति गठन गर्ने
- ✓ उच्च शिक्षा प्राप्त गर्न चाहने युवाहरूलाई निश्चित मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न एक छात्रवृत्ति कोषको स्थापना गर्ने
- ✓ प्रतिभावान युवाहरूलाई प्राविधिक शिक्षा जस्तै : मेडिसिन, इन्जिनियरिङ, कम्प्युटर प्रविधि, लगायतका क्षेत्रहरूमा अध्ययन गर्नका लागि निश्चित मापदण्डका आधारमा छात्रवृत्ति, नि:शुल्क वृत्ति तथा सुलभ कर्जाको व्यवस्था गर्ने
- ✓ विशेष शारिरीक अवस्थाका युवाहरूको शिक्षाको लागि विशेष छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने

- ✓ उच्च शिक्षा हासिल गरिरहेका युवाहरूलाई नगरपालिकाका विकास क्रियाकलापहरूमा इन्टर्नसिपको व्यवस्था गर्ने
- ✓ अति विपन्न वर्गका युवाहरूको लगानी र व्यवस्थापनमा उद्योगधन्दा तथा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्नका लागि त्यस्ता उद्योगधन्दा तथा व्यवसाय दर्ता तथा नवीकरण गर्दा विशेष सहुलियतको व्यवस्था गर्ने
- ✓ युवा केन्द्रित कृषि, पर्यटन, उद्योग सञ्चालनसम्बन्धी तालिम प्रदान गर्ने
- ✓ उनीहरूको ज्ञान, सिप र पूँजीको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धि हासिल गर्नका लागि उनीहरूको लगानी प्रतिफलको ग्यारेण्टी गर्न बजारको अध्ययन गर्ने तथा लगानी सुरक्षण बीमाको व्यवस्था गर्ने
- ✓ युवाको उद्यमशिलतालाई प्रोत्साहन गर्न सुलभ कर्जा तथा बीउ पूँजीको व्यवस्था गर्न वित्तीय संस्थासँग समन्वय गर्ने
- ✓ कृषि व्यवसायमा युवाहरूलाई आकर्षित गर्नका लागि कृषि औजार, मल, विउ, प्रविधि र बजारीकरणमा मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिने
- ✓ परम्परागत ज्ञान, सीप र व्यवसायहरूमा युवाहरूलाई प्रोत्साहन गर्नका लागि ती व्यवसायहरूलाई आधुनिकीकरण गर्न नगरपालिकास्तरीय तालिम नियमित संचालन गर्ने
- ✓ रोजगारी तथा पेशा व्यवसायका सिलसिलामा घाइते भएका, अङ्गभङ्ग भएका र अन्य स्वास्थ्य समस्याबाट ग्रसित युवाहरूको उपचारको व्यवस्था गर्न बीमा योजना लागु गर्ने
- ✓ युवाहरूलाई धुम्रपान, मद्यपान, लागु पदार्थ र अन्य कुलतमा फँस्नबाट रोक्नका लागि विद्यालय तथा समुदायस्तरमा विभिन्न सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने
- ✓ कुलतमा परेका युवाहरूको उद्धार गरी सामाजिक पुनर्स्थापना गर्ने
- ✓ युवाहरूको शारीरिक र मानसिक स्वास्थ्यमा विशेष भूमिका खेल्ने खेलकुदको विकास गर्नका लागि एउटा दीर्घकालीन खेलकुद विकास रणनीति निर्माण गर्ने
- ✓ युवाहरूलाई सांस्कृतिक विचलनबाट बचाउनका लागि स्थानीय गीत, सङ्गीत, लोकगाथा, भेषभूषा लगायतका चाडबाडसम्बन्धी सांस्कृतिक मेला, प्रदर्शनी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
- ✓ वातावरण संरक्षण र सरसफाइ तथा सामाजिक दायित्वमा युवाहरूलाई जागरण बढाउन वडास्तरीय युवा समितिहरू गठन गरी वृक्षारोपण कार्यक्रम, साप्ताहिक सरसफाइ, फोहर प्रशोधन, पुनर्प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने
- ✓ विज्ञान तथा प्रविधि अध्ययन, अनुसन्धान, अन्वेषण र आविस्कारमा संलग्न युवाहरूका लागि नगरपालिकामा आविस्कार कोषको स्थापना गरी निश्चित मापदण्डका आधारमा आर्थिक अनुदान प्रदान गर्ने
- ✓ मानव वेचविखन, लागुऔषध तथा हातहतियार ओसार प्रसारमा युवाहरूलाई निरुत्साहित गर्न विशेष अभियान सञ्चालन गर्ने
- ✓ समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नका लागि युवाहरूलाई स्वयंसेवकको रूपमा परिचालन गर्न युवाहरूलाई समावेश गरी वडास्तरमा शान्ति सुरक्षा संयन्त्र निर्माण गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने
- ✓ अपाङ्गता भएका युवाहरूका लागि शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्जन लगायतका विविध क्षेत्रमा प्राथमिकता दिन विशेष छात्रवृति, आर्थिक सहयोग र आरक्षणको व्यवस्था गर्ने
- ✓ अपाङ्गता भएका युवाहरूका लागि उनीहरूको शारीरिक विविधता र जटिलताका आधारमा यातायात, भवन, शौचालय लगायतको पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने
- ✓ अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षाको व्यवस्था गरी दक्ष शिक्षक, सहज र अपाङ्गमैत्री पूर्वाधारहरूको प्रबन्धमार्फत उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकारको ग्यारेण्टी गर्ने

## ३. युवा विकासका लागि ९ीयनष्अर्बा ँचकभधयचप ब्उउचयबअज०

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(क) युवा** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नैतिकवान, इमान्दार र कर्तव्यनिष्ठ यूवा समुदायको निर्माण गर्न वर्षमा एक पटक नगरपालिका स्तरीय Motivational Workshop आयोजना गरी राष्ट्रियस्तरमा सफल यूवाहरूसँग नियमित साक्षातकार गराउने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ दक्ष युवाहरूलाई विदेश अथवा शहर बजारतिर पलायन हुनबाट रोक्नका लागि शैक्षिक प्रमाणपत्र वा सीपका आधारमा बिना धितो कम ब्याजदरमा ऋण दिई स्वरोजगार बनाउनका लागि वित्तीय संस्थाहरूसँग समन्वय गर्ने | | | | |
| ▪ युवाहरूको लगानी र व्यवस्थापनमा उद्योगधन्दा तथा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्नका लागि त्यस्ता उद्योगधन्दा तथा व्यवसाय दर्ता तथा नविकरण गर्दा विशेष सहुलियतको व्यवस्था गर्ने | ५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ युवाहरू नै देश विकास तथा निर्माणका प्रमुख आधार हुन् भन्ने भावनाको विकास गराउनका लागि वडास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ उच्च शिक्षा हासिल गरिरहेका युवाहरूलाई समाजको बारेमा व्यवहारिक ज्ञान प्रदान गर्न नगरपालिकाका क्रियाकलापहरुमा रोजगार संयोजक मार्फत इन्टर्नसिपको व्यवस्था गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ युवाहरूलाई स्थानीय स्रोतसाधनको प्रयोग गर्ने कृषि, पर्यटन, उद्योग सम्बन्धी तालिम प्रदान गर्ने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ कृषिजन्य, जडिबुटी र वन पैदावारमा आधारित उद्योग स्थापना तथा लगानी गर्नका लागि युवाहरूलाई प्रोत्साहन गर्न आर्थिक सहुलियत दिने | ५०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ परम्परागत ज्ञान, सीप र व्यवसायहरूमा युवाहरूलाई प्रोत्साहन गर्नका लागि ती व्यवसायहरूलाई आधुनिकिकरण गर्न नगरपालिका स्तरीय तालिम नियमित संचालन गर्ने | ४५ | नगरपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |
| ▪ युवाहरूलाई धुम्रपान, मद्यपान, लागु पदार्थ र अन्य कुलतमा फँस्नबाट रोक्नका लागि विद्यालय तथा समुदायस्तरमा विभिन्न सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने र कुलतमा परेका युवाहरूको उद्धार गरी सामाजिक पुनर्स्थापना गर्ने | ४५ | नगरपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |
| ▪ नियमित रूपमा विद्यालय तथा समुदाय स्तरमा खेलकुद प्रतियोगिता तथा प्रशिक्षणको व्यवस्था गर्ने | ४५० | नगरपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |
| **प्रचार, प्रशार तथा जनचेतनामूलक कार्यक्रम** | | | | |
| ▪ विद्यालय शिक्षाको पाठ्यक्रममा नै यौन स्वास्थ्य शिक्षा प्रदान गरी युवाहरूलाई यौन तथा घातक प्रकृतिका रोगहरूबाट जोखिममुक्त गराउने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ युवाहरूलाई साहित्यिक तथा रचनात्मक क्रियाकलापहरूमा संलग्न गराउनका लागि नगरपालिका तथा वडास्तरमा नियमित साहित्यिक गतिविधि जस्तै : कार्यशाला, गोष्ठी, रचना बाचन तथा मेलाको आयोजना गर्न क्यालेण्डर निर्माण गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ मानव वेचविखन, लागुऔषध हतियार ओसार प्रसारमा युवाहरूलाई प्रयोग गर्ने परिपाटीलाई निरुत्साहित गर्नका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने | १५ | | | |
| ▪ समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नका लागि युवाहरूलाई स्वयंसेवकको रुपमा परिचालन गर्न युवाहरूलाई समावेश गरी शान्ति सुरक्षा संयन्त्र निर्माण गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने | ३० | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ वडागत रूपमा युवाहरूको जनसंख्या तथा अन्य व्यक्तिगत विवरण सम्बन्धी लगत तयार पार्ने | ५ | नगरपालिका | वडा कार्यालय रोजगार संयोजक | आन्तरिक राजश्व |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ युवाहरूको शारीरिक र मानसिक स्वास्थ्यमा विशेष भूमिका खेल्ने खेलकुदको विकास गर्नका लागि एउटा दीर्घकालिन खेलकुद विकास रणनीति निर्माण गर्ने | १० | नगरपालिका | वडा कार्यालय रोजगार संयोजक, परामर्शदाता | आन्तरिक राजश्व |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | | | |
| ▪ कुनै पनि युवा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाको अधिकारबाट वञ्चित नहुने परिस्थितिको सिर्जना गर्ने र यसको ग्यारेन्टीका लागि वडा तथा नगरपालिका स्तरमा युवा सरोकार समिति गठन गर्ने | १२० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ उच्च शिक्षा प्राप्त गर्न चाहने युवाहरुलाई निश्चित मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न एक छात्रवृत्ति कोषको स्थापना गर्ने | ५०० | | | |
| ▪ प्रतिभावान युवाहरूलाई प्राविधिक शिक्षा जस्तै : मेडिसिन, इन्जिनियरिङ, कम्प्युटर प्रविधि, लगायतका क्षेत्रहरूमा अध्ययन गर्नका लागि निश्चित मापदण्डका आधारमा छात्रवृत्ति, नि:शुल्कवृत्ति तथा सुलभ कर्जाको व्यवस्था गर्ने | ५०० | | | |
| ▪ विशेष शारिरीक अवस्थाका युवाहरूको शिक्षाको लागि विशेष छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने | २०० | | | |
| ▪ युवाको उद्यमशिलतालाई प्रोत्साहन गर्न सुलभ कर्जा तथा बीउ पूँजीको व्यवस्था गर्न वित्तीय संस्थासँग समन्वय गर्ने | १०० | | | |
| ▪ रोजगारी तथा पेशा व्यवसायका सिलसिलामा घाइते भएका, अङ्गभङ्ग भएका र अन्य स्वास्थ्य समस्याबाट ग्रसित युवाहरूको उपचारको व्यवस्था गर्न विमा योजना लागू गर्ने | १५० | | | |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ अध्ययन तथा रोजगारका सिलसिलामा देशभन्दा बाहिर रहेका युवाहरूलाई फिर्ता ल्याई उनीहरूको ज्ञान, सिप र पूँजीको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धि हासिल गर्नका लागि उनीहरूको लगानी प्रतिफलको ग्यारेण्टी गर्न विमाको व्यवस्था गर्ने र उनीहरुको सीपको सदुपयोग गर्ने | ३०० | | | |
| ▪ कृषि व्यवसायमा युवाहरूलाई आकर्षित गर्नका लागि कृषि औजार, मल, विउ, प्रविधि र बजारिकरणमा निश्चित प्रतिशतमा अनुदान दिने | १,००० | | | |
| ▪ राजनीति, सरकारी सेवा, व्यवसाय, उद्योग, कृषि लगायत विभिन्न क्षेत्रहरूमा युवाहरूलाई प्रोत्साहन गर्नका लागि विशेष आरक्षण, प्राथमिकता र आर्थिक अनुदानको व्यवस्था गर्ने | ४५० | | | |
| ▪ युवाहरूलाई सांस्कृतिक विचलनबाट बचाउनका लागि स्थानीय गीत, सङ्गीत, लोकगाथा, भेषभूषा लगायतका चाडबाडसम्बन्धी सांस्कृतिक मेला, प्रदर्शनी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने र साँस्कृतिक कला र सीप सम्बन्धी तालिम संचालन गर्ने | ७५ | | | |
| ▪ युवाहरूलाई वातावरण संरक्षण र सरसफाइमा संलग्न गराउनका लागि वडास्तरमा समितिहरू निर्माण गरी वृक्षारोपण कार्यक्रम, साप्ताहिक सरसफाइ, फोहर प्रशोधन, पुनर्प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने | ५०० | | | |
| ▪ विज्ञान तथा प्रविधि सेवामा संलग्न युवाहरूलाई उच्च अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने र अन्वेषण र आविस्कारमा संलग्न युवाहरूका लागि नगरपालिकामा आविस्कार कोषको स्थापना गरी मापदण्डका आधारमा आर्थिक अनुदान प्रदान गर्ने | १,००० | | | |
| ▪ विशेष अवस्थाका युवाहरूलाई शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्जन लगायतका विविध क्षेत्रमा प्राथमिकता दिन विशेष छात्रवृति, आर्थिक सहयोग र आरक्षणको व्यवस्था गर्ने | १५० | | | |
| ▪ अपाङ्गता भएका युवाहरूका लागि उनीहरूको शारीरिक विविधता र जटिलताका आधारमा यातायात, भवन, शौचालय लगायतको पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने | | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षामा दक्ष शिक्षकहरूको प्रबन्ध गरी उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकारको ग्यारेण्टी गर्ने | १५० | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **युवामा जम्मा बजेट** | | | | |

## अपेक्षित उपलब्धिहरू

- नगरपालिकाका युवाहरूलाई नगरपालिकामै न्यूनतम रोजगारको ग्यारेन्टी भएको हुनेछ ।
- रोजगारीका लागि विदेशिने युवाहरूको संख्या नगन्य हुनेछ ।
- युवा जनसांख्यिक लाभांसको उच्चतम सदुपयोग भएको हुनेछ ।

## सूचकहरू

| युवा विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ बेरोजगार युवा (प्रतिशत) | | | | |
| ▪ पुरुष बेरोजगार युवा | | | | |
| ▪ महिला बेरोजगार युवा | | | | |
| ▪ रोजगार युवा (प्रतिशत) | | | | |
| ▪ पुरुष रोजगार युवा | | | | |
| ▪ महिला रोजगार युवा | | | | |
| ▪ न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू (प्रतिशत) | | | | |
| ▪ आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको संख्या | | | | |

| युवा विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ महिला युवा उद्यमीहरूको संख्या | | | | |
| ▪ स्नातक तह उर्तीण गर्न नसकि अध्ययन छाडेका यूवाको संख्या | | | | |
| ▪ कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चीत यूवाको प्रतिशत | | | | |
| ▪ कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट यूवाको प्रतिशत | | | | |
| ▪ दुर्व्यसनमा फसेका यूवाको प्रतिशत | | | | |
| ▪ जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | | | | |
| ▪ अपराधिक कार्यमा संलग्न युवाको संख्या | | | | |
| ▪ राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या (कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिकाबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- युवा केन्द्रित कार्यक्रमको कार्यान्वयन पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै युवा उद्यमशिलता, रोजगारी, शैक्षिक गुणस्तर, रोजगारी श्रृजना, आर्थिक समृद्धि, र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।

- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ७.२.६ शान्ति सुरक्षाको विद्यमान वस्तुगत अवस्था

गरिबी, बेरोजगारी, विभेद, सामाजिक विकृति-विसङ्गति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका आपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गरी नागरिकलाई शान्ति, सुरक्षा र अमन चयनको प्रबन्ध मिलाउने दायित्व राज्यको हुन आउँछ । यो नगरपालिकामा जिल्ला सदरमुकाम समेत पर्ने भएकोले नेपाल प्रहरीको जिल्ला कार्यालयका अतिरिक्त सशस्त्र प्रहरी बल र नेपाली सेनाका सुरक्ष बल र गुल्म समेत छन् तथापी अधिकौश वडाहरूमा प्रहरी चौकीहरू नभएकोले नगरपालिकाको सुरक्षा अवस्था सुदृढ छैन । यसर्थ रामग्राम नगरपालिकाले शान्ति सुरक्षा कायम गर्न प्रत्येक वडामा प्रहरी चौकीहरूको प्रबन्ध गर्नुपर्ने र आवश्यक सङ्ख्यामा प्रहरीको दरबन्दी कायम गरी शान्ति सुव्यवस्था कायम गर्नु आवश्यक छ । यसका साथै समयमै नगर प्रहरीको गठन गरी नगरपालिकावासीको शान्ति सुरक्षा तथा अमनचयन सुनिश्चित गर्नु आवश्यक छ । यसका लागि नगरपालिकाले निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | शान्ति सुरक्षा |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ नगरपालिकाको वडा नं. ५(रामखण्डा नजिक, प्रहरी कार्यालय) र १२ (शान्तिचौर, शसस्त्र सुरक्षा बल), वडा नं. ५ र १२ मा नेपाली सेनाका ब्यारेकहरू रहेका | |
| ✓ नगरपालिकामा विगत १२ महिनामा कुनै पनि किसिमका हत्या, बलात्कार, अपहरण, धम्की, चोरी जस्ता आपराधिक गतिविधिहरू नभएका । | |
| ✓ आम नागरिकलाई स्वतन्त्रतापूर्वक हिंडडुल गर्न तथा दैनिक कार्य सञ्चालन गर्न सुरक्षा चुनौती नभएको । | |
| ✓ नगरपालिकामा उपाध्यक्षज्यूको नेतृत्वमा रहेको न्यायिक समिति तथा सो समिति अन्तर्गतका वडास्तरीय इकाईहरूले समन्वयात्मक तवरले विवाद तथा मुद्दामामिलाको प्रभावकारी छिनोफानो भएकोले थप सुरक्षा जटिलता नभएको | |
| ✓ नगरपालिकाका सम्पूर्ण नागरिकले सुरक्षित भएको महसुस गर्ने गरेको वा सुरक्षाको विषयमा सोच्नुपर्ने अवस्था नआएको । | |

| दुर्बल पक्ष |
|---|
| ✓ नगरपालिकामा आत्महत्याको दर रूपमा उच्च नरहेको |
| ✓ अपराधका घटनाहरूको यथार्थ लगत राख्न कठिन भएको । |
| ✓ कच्ची तथा निर्माणधीन सडकका कारण घटना या दुर्घटना घट्दा सुरक्षाकर्मीको उपस्थिति तत्काल हुन कठिनाई |
| ✓ समन्वयात्मक रूपमा उद्दार सामाग्रीको उपलब्धता तथा समूचित प्रयोगमा कठिनाई । |

| सम्भावना |
|---|
| ✓ कुनै पनि बेला हुन सक्ने दुर्घटनाको तत्काल सम्बोधन गर्न सकिने |
| ✓ घटना वा दुर्घटनाका बेला उद्दार सामाग्रीको पर्याप्त आपूर्ति गर्न सकिने । |
| ✓ पर्यटकहरूको आवागमन पनि हुने नगरपालिका भएकोले उनीहरूको सुरक्षा प्रत्याभूति हुन सक्ने |
| ✓ अमनचयन तथा शान्ति सुरक्षाको अवस्थालाई जुझारु राख्न उपयुक्त कदमहरू चाल्न सकिने । |
| ✓ भारतीय सिमाना नजिक परेकोले आपराधिक गतिविधि हुने घुसपेठ तथा तस्करी नियन्त्रयन हुन सक्ने । |

| चुनौती तथा बाधाहरू |
|---|
| ✓ नगरपालिकाको सिमित बजेटका कारण सुरक्षा निकायको उपस्थिति सबै वडामा पुऱ्याउने कार्य चुनौतीपूर्ण |
| ✓ अपराधलाई लोकलाज अथवा डर त्रासकाकारण लुकाई अपराधीलाई थप प्रोत्साहित हुने सम्भावना रहेको |
| ✓ निमुखा तथा सोझा साझा नागरिकको सुरक्षा प्रत्याभूति गर्न चुनौतीपूर्ण |
| ✓ हत्या हिंसा बलात्कार लगायतका घटनाहरूको यकिन लगत राख्न सुरक्षा निकायको अभावमा अप्ठेरो |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

| सोच |
|---|
| नगरपालिकालाई सुरक्षाका हिसाबले पूर्ण रूपमा शान्त र सुरक्षित स्थानको रूपमा विकास गर्ने |

| लक्ष्य |
|---|
| नगरबासीलाई शान्ति सुव्यवस्था र अमनचैनका हिसाबले पूर्ण सुरक्षित महशुस गराउने |

| उद्देश्यहरू |
|---|
| ✓ समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सामाजिक अपराधलाई नियन्त्रण गर्ने |
| ✓ शान्त, सुरक्षित र सौहाद्रपूर्ण समाज निर्माण गर्ने |

| रणनीतिहरू |
|---|
| ✓ प्रत्येक वडामा प्रहरी चौकी स्थापना गर्नका लागि पहल गर्ने |
| ✓ आवश्यक सङ्ख्यामा प्रहरीको दरबन्दी कायम गर्न पहल गर्ने |
| ✓ नगर प्रहरी गठन गर्ने |
| ✓ नियमित रूपमा प्रहरी गस्ती टोलीलाई नगरपालिकाभर परिचालन गर्ने |
| ✓ प्रहरी प्रशासन लगायत सुरक्षा निकाय तथा संयन्त्रलाई आधुनिक प्रविधि तथा सीपयुक्त बनाउने |
| ✓ आपतकालीन सेवामा टेलिफोन सम्पर्कका माध्यमले तुरुन्त परिचालन हुन सक्ने संयन्त्र निर्माण गर्ने |
| ✓ नगरपालिकामा रहेका मदिरापान, होहल्ला, झैझगडा, बलात्कार, जुवातास, दुर्व्यसनीको समस्या भएकोले तत्काल नियन्त्रण गर्ने प्रभावकारी संयन्त्र निर्माण गर्ने |

- ✓ नगरपालिकामा सशस्त्र प्रहरी बल वा नेपाली सेनाको एक विशेष उद्धार टोली तयारी अवस्थामा रहने व्यवस्था मिलाउने
- ✓ नगरपालिकाका विभिन्न स्थानहरूमा अपराध संवेदनशील क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्रहरूमा अस्थायी प्रहरी चौकी स्थापना गर्ने
- ✓ मानवीय गतिविधि बढी हुने क्षेत्र, बजार तथा व्यावसायिक क्षेत्र तथा सुरक्षा संवेदनशील क्षेत्रहरूमा CCTV जडान गर्ने
- ✓ नियमितरूपमा **“विद्यार्थीसँग प्रहरी”** कार्यक्रम सञ्चालन गरी यौनहिंसा, बलात्कार, ललाइफकाइ, अपहरणजस्ता सामाजिक अपराध विरुद्ध विद्यालय स्तरमा नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने
- ✓ **“समुदायसँग प्रहरी”** कार्यक्रम नियमित सञ्चालन गरी यौनहिंसा, बलात्कार, ललाइफकाइ, अपहरणजस्ता सामाजिक अपराध विरुद्ध समुदायस्तरमा नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने
- ✓ चोरी, डकैती, लुटपाट, चेलीबेटी बेचबिखन तथा बलात्कार विरुद्ध नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने

## ३. शान्ति सुरक्षाका लागि (Logical Framework Approach)

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) शान्ति सुरक्षा** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकाका अपराध संवेदनशील क्षेत्रहरू पहिचान गरी अस्थायी प्रहरी चौकी स्थापना गर्ने | २०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ स्थानीय समुदायसँग शान्ति सुरक्षाका सम्बन्धमा नियमित अन्तरक्रिया गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नेपाल प्रहरीसँगको सहकार्यमा विद्यालयस्तरमा शान्ति सुरक्षाका अपहरण, हत्या, बलात्कार विरुद्ध नियमित अन्तकृया कार्यक्रमहरू सञ्चालन गर्ने | १५ | | | |
| ▪ नगरपालिका, वडा तथा समुदायस्तरमा सुरक्षा समितिहरू निर्माण गरी शान्ति सुरक्षा तथा अमनचयन कायम राख्नका लागि समुदायलाई परिचालन गर्ने । | | | | |
| ▪ **"नागरिक बिना वर्दीका प्रहरी हुन्"** भन्ने नारालाई साकार पार्न प्रहरी र समुदाय मिलेर काम गर्ने र नियमितरूपमा शान्ति सुरक्षासम्बन्धी अन्तरक्रिया तथा अभियानहरू सञ्चालन गर्ने । | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्ष कार्यक्रमको जम्मा बजेट** | २२ | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकाको प्रत्येक वडामा एउटा प्रहरी चौकी स्थापना गर्ने | १० | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| ▪ नगर प्रहरीलाई सीप, स्रोत र साधनयुक्त तुल्याई वडास्तरमा विस्तार गर्ने | ५ | | | |
| **१० वर्ष कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ मानवीय आवतजावत सघन हुने र व्यापारिक तथा व्यावसायिक गतिविधीहरू बढी हुने स्थानहरूमा अनिवार्य CCTV जडान गर्ने | १०० | | | |
| ▪ आवश्यक सङ्ख्यामा नगर प्रहरी गठन गर्ने | ९०० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **शान्ति सुरक्षामा जम्मा बजेट** | | | | |

## अपेक्षित उपलब्धिहरू

- शान्तिपूर्ण र न्यायपूर्ण समाजको निर्माण भएको हुनेछ ।
- समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमन चयन कायम भएको हुनेछ ।

## सूचकहरू

| शान्ति सुरक्षाका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ प्रहरी बिटको संख्या | | | | |
| ▪ प्रति वर्ष हुने आपराधिक क्रियाकलापका घटनाहरू (घटाउँदै लाने) | | | | |
| ▪ प्रति सुरक्षाकर्मी जनसंख्या अनुपात | | | | |
| ▪ नेपाल प्रहरी | | | | |
| ▪ नेपाली सेना | | | | |
| ▪ शसस्त्र प्रहरी | | | | |
| ▪ नगर प्रहरी | | | | |
| ▪ आफू बसेको क्षेत्र वरिपरि एक्लै हिंडडुल गर्ने आफूलाई सुरक्षित ठान्ने जनसंख्या प्रतिशत ( प.दि.वि.ल. १६.१.४) | | | | |

## प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिकाबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- सुरक्षा निकाय, तथा प्रहरी बिटहरूको स्थापना पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै आपराधिक घटनामा आएको कमी, सुरक्षाका प्रत्याभूति र अन्य मानवीय गतिविधिहरूबाट
- सुरक्षा निकायका तथ्याङ्कहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ७.२.७ खेलकुद तथा मनोरञ्जनको विद्यमान वस्तुगत अवस्था

अनुशासन र राष्ट्रिय भाइचारा प्रदर्शन गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । खेलकुदको विकास गरी विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत्  समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल, फ्रान्स जस्ता युरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धनमार्फत् विश्व परिचित मात्र नभई खर्बौं डलरको आर्थिक उपार्जन गर्दछन् । छिमेकी राष्ट्र भारतसमेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ र हाल क्रिकेट फुटबल, कबड्डी जस्ता खेलमार्फत् आर्थिक गतिविधि समेत बढाइरहेको छ । त्यसकारण खेलकुद विकास शारीरिक तन्दुरुस्तीका लागि मात्र नभएर आर्थिक समृद्धिसँग पनि जोडिएको छ । साथै खेलकुदको विकासमार्फत् अनुशासित, नैतिकवान र इमानदार नागरिक सिर्जना गर्न सकिन्छ । त्यसैकारण रामग्राम नगरपालिकाले खेलकुद विकासलाई महत्व दिनुपर्दछ । नगरपालिकाको सन्डा, वौवटीकर, जीतपुर, आदर्श स्कुलको दक्षिणपट्टी, उजैन, लोहशडा, लङकहवा, रानीपाकड, पचगावा, कुनबार, बरारी, धरमपुर, बन्जरीया, पण्डितपुर र बणगाउँमा खेलमैदान रहेका छन् भने जरहरीमाई विर्ता, उजैनी मंझरिया, रानीपाकड, काडमाई थान घिनहा लगायतका स्थानमा पार्क तथा उद्यानहरू रहेका छन् ।

### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | खेलकुद तथा मनोरञ्जन |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ नगरपालिकाको वडा नं १ को सन्डा, वौवटीकर, वडा नं ४ को जीतपुर; वडा नं ५ को आदर्श स्कुल दक्षिण; वडा नं ७ को उजैन; वडा नं ८ को लोहशडा; वडा नं ११ को रानीपाकड, वडा नं १२ को पचगावा, कुनावार; वडा नं १५ को विद्यालय चौर; वडा नं १७ को बरारी र वडा नं १८ को घरमपुर, बन्जरिया, पण्डितपुर, बणगाउँमा खेलकुद मैदान रहनु । | |
| ✓ नगरपालिकाले खेलकुदको प्रवर्द्धनका लागि युवाहरूमा रहेको खेलसीपको विकासमा जोड दिइएको | |
| ✓ नगरपालिकाको सबै वडाहरूमा सामुदायिक वनका भवनहरू रहेका जहाँ भेटघाट गरी विविध विषयमा छलफल हुने गरेको | |
| ✓ नगरपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरूमा वर्षेनी खेलकुद क्षेत्रको विकासलाई प्राथामिकतामा राख्ने गरेको | |
| ✓ नगरपाकिकाका सबै विद्यालय तथा वडाहरूमा आवश्यक खुलाचौर तथा खेलमैदान रहेको | |

| दुर्वल पक्ष |
|---|
| ✓ नगरपालिकामा भएका खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्तित एवं पुर्वाधारयुक्त हुन नसक्नु |
| ✓ नगरपालिका खुल्ला चौर, खेल मैदान, पार्क तथा पिकनिक स्थल प्राय सामुदायिक वन क्षेत्रभित्र परेका हुनाले खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिले पर्यावरणलाई असर पार्नु |
| ✓ नगरपालिका भर सार्वजनिक पुस्तकालय, सिनेमा हल तथा नाट्यशाला, स्वीमिङपुल, व्यायामशाला जस्ता अध्ययन तथा रमाईलो गर्ने ठाउँको अभावमा हुनु |
| ✓ नगरपालिकामा खेलकुदको विकास गर्न स्थानीय स्तरमा खेलकुद प्रशिक्षकको अभाव हुनु |
| ✓ सिमित बजेटका कारण नगरपालिकाले खेलकुद तथा मनोरञ्जन यथोचित लगानी गर्न नसक्नु |

| सम्भावनाहरू |
| --- |
| ✓ नगरपालिकाको पायक पर्ने स्थान जस्तै परासी, शान्तिचौर आदिमा अत्याधुनिक सुविधा सहितको सिनेमा हल बनाउन सकिने |
| ✓ विभिन्न स्थानीय तथा राष्ट्रिय खेलहरू मार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने |
| ✓ ऐतिहासिक, पर्यटकीय एवमं धार्मिक महत्वका क्षेत्रहरूमा मनोरञ्जन पार्क, वनभोजस्थल आदिको विकास गर्न सकिने । |
| ✓ खेलपूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने । |

| चुनौतीहरू |
| --- |
| ✓ व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठूलो आकारको बजेटको व्यवस्थापनको चुनौती रहेको |
| ✓ भागौलिक अवस्थिति तुलनात्मक रूपमा सहज हुँदाहुँदै पनि एकीकृत खेलकुद जागरण अभावका कारण खेलकुद पूर्वाधारको विकास गर्न चाहेजति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको |
| ✓ खेलकुदप्रति अभिरुचि राख्ने तथा प्रतिभावान् खेलाडीहरू शिक्षा तथा रोजगारी लगायतका कारणले नगरपालिका छोडेकाले उनीहरूलाई फर्काएर टिकाउने कार्य चुनौतीपूर्ण । |
| ✓ यातायात सुविधाको अभावमा विभिन्न वडामा रहेका खुलाचौर तथा खेलमैदान स्तरउन्नति गर्ने कार्य कठिन भएको । |
| ✓ ऐतिहासिक, पर्यटकीय तथा धार्मिक महत्वका क्षेत्रहरूमा पार्क, वनभोज स्थल आदिको विकास गर्न कठिन । |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

खेलकुदमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गरी खेलकुद प्रबर्द्धन गर्ने

### लक्ष्य

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलकुदमा सहभागी हुन सक्ने खेलाडी उत्पादन गरी खेलक्षेत्रबाट नगरपालिकाको पहिचान स्थापना गर्ने

### उद्देश्यहरू

- ✓ खेलकुद क्षेत्रको विकास गरी खेलाडी, खेल प्रशिक्षक र खेल क्षेत्रको प्रबर्द्धन गर्ने
- ✓ प्राथमिकताका आधारमा खेलकुद पूर्वाधारहरूको विकास गर्ने
- ✓ समाजमा आवश्यक उचित मनोरञ्जन स्थलको व्यवस्था गर्ने ।

### रणनीतिहरू

- ✓ बालबालिकाको शारीरिक र मानसिक विकासका लागि विद्यालयस्तरबाट नै खेलकुद विकास गर्न अनिवार्य खेलमैदानहरूको व्यवस्था गर्ने
- ✓ सम्भाव्यता अध्ययन गरी नगरपालिकाका हरेक विद्यालयमा कम्तीमा एक जना खेल प्रशिक्षकको प्रबन्ध गर्ने
- ✓ हरेक विद्यालयमा आवश्यक खेलकुद सामग्रीको प्रबन्ध गर्ने
- ✓ नगरपालिकामा खेलकुद विकास समिति गठन गर्ने

- ✓ नियमित रूपमा खेलकुद प्रतियोगिता आयोजना गर्ने
- ✓ नगरप्रमुख कप खेल प्रतियोगिता नियमित आयोजना गरी अन्तर नगरपालिकाको सम्बन्धमा नयाँ आयाम थप्ने
- ✓ फुटबल, क्रिकेट, भलिबल, बास्केटबल, कबड्डी, ब्याडमिन्टन लगायत विभिन्न प्रकारका खेलकुदको विकासको लागि खेलमैदानको सम्भाव्यता अध्ययन गरी रङ्गशाला, व्यवस्थित खेलमैदान तथा कभर्डहल निर्माण कार्य अगाडि बढाउने
- ✓ सम्भाव्यताका आधारमा विभिन्न वडाहरूमा रहेका खेलमैदानलाई व्यवस्थित गरी रङ्गशालको रुपमा विकास गर्ने
- ✓ विभिन्न विद्यालय तथा कलेजहरूका खेलमैदानहरूलाई व्यवस्थित गरी सुविधासम्पन्न खेलमैदान निर्माण गर्ने
- ✓ नगरपालिकामा खेलकुदको सर्वाङ्गिण विकासका लागि एक साधनस्रोत सम्पन्न खेलकुद एकेडेमीको स्थापना गरी खेलकुद विकासको "बृहद् गुरुयोजना तथा १५ वर्षे खेलकुद विकास रणनीति" तयार गरी कार्यान्वयन गर्ने
- ✓ परम्परागत तथा आधुनिक विभिन्न इन्डोर खेलकुदहरूको विकास गर्न नगरपालिकास्तरीय बहुउद्देश्यीय खेलकुद भवन (कभर्ड हल) निर्माण गर्ने
- ✓ नियमितरूपमा प्रत्येक वर्ष खेलकुद प्रतियोगिता, मेला, सम्मेलन तथा महोत्सव आयोजना गर्ने
- ✓ खेलाडी उत्पादनको लागि विशेष संयन्त्रको विकास गरी विद्यालयस्तरबाट राम्रा खेलाडी छनोट गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउने
- ✓ खेलाडी प्रोत्साहनका लागि पुरस्कार कोषको व्यवस्था गर्ने
- ✓ यस नगरपालिकाबाट विभिन्न खेलकुद एकेडेमीमा खेलकुदसम्बन्धी अध्ययन गर्न जान चाहने खेलाडीका लागि **"बृहद् गुरुयोजना तथा १५ वर्षे खेलकुद विकास रणनीति"** ले तोकेको मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्ने
- ✓ राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदमा स्वर्ण पदक, रजत पदक तथा काँस्य पदक जित्ने खेलाडी तथा प्रशिक्षकहरूलाई प्रोत्साहन स्वरूप क्रमशः रू एक लाख, पचास हजार र पच्चिस हजार सम्मानपत्रसहित सम्मान गर्ने
- ✓ नगरपालिकास्तरीय रनिङ शिल्ड प्रतियोगिताहरू आयोजना गर्ने
- ✓ विद्यालय तथा वडास्तरमा खेलकुद युवा क्लबहरूको गठन गरी तिनीहरूलाई आवश्यक खेलसामग्री लगायत अन्य बन्दोबस्तीका सामग्रीहरू प्रदान गर्ने
- ✓ स्थानीय खेलकुद युवा क्लवहरूलाई खेल प्रबर्द्धनमा सक्रिय बनाउन प्रोत्साहनका कार्यक्रमहरू वडास्तरमा सञ्चालन गर्ने

## ३. खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रम विकासका लागि (Logical Framework Approach)

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) खेलकुद तथा मनोरञ्जन** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | नगरपालिका | नगरपालिका |
| ▪ यस नगरपालिकामा प्रदान गर्न सकिने मनोरञ्जनात्मक क्रियाकलापहरूको विस्तृत विवरण तयार पार्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नियमितरूपमा खेलकुद प्रतियोगिता आयोजना गर्न वार्षिक खेल पात्रो निर्माण गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ हरेक वर्षको हिउँदयाममा नगरपालिकास्तरीय रनिङ शिल्ड प्रतियोगिताहरू आयोजना गर्ने | ३०० | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| ▪ प्रत्येक विद्यालयहरूमा अतिरिक्त कृयाकलाप इकाई गठन गरी नियमित तालिम तथा प्रशिक्षण दिने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ खेलकुद विकासमा उल्लेख्य योगदान गर्ने खेलाडी, प्रशिक्षक र खेलप्रेमी लगायतलाई वार्षिक रुपमा सम्मान, पुरस्कार र अभिनन्दन गर्ने | २० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिका स्तरीय एक विशेष खेलकुद कोष स्थापना गरी मापदण्डको आधारमा परिचालन गर्ने | | | | |
| ▪ राष्ट्रिय, अन्तर्राष्ट्रिय र प्रदेशस्तरमा स्वर्ण, रजत र काँस्य पदक प्राप्त गर्ने खेलाडी तथा प्रशिक्षकहरूलाई प्रोत्साहन स्वरूप क्रमश : रू एक लाख, पचास हजार, पच्चिस हजार वा नगरपालिकाको निर्णय अनुरुप सम्मानपत्रसहित सम्मान तथा अभिनन्दन गर्ने | १५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकास्तरमा प्रचलित विभिन्न खेलका प्रशिक्षकहरू निर्माण गर्नका लागि सङ्घीय सरकार प्रदेश सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्, जिल्ला खेलकुद समिति र निजी क्षेत्रसँग समेत सहकार्य गरी नियमित तालिम र प्रशिक्षणको व्यवस्था गर्ने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक वडामा एउटा वडास्तरीय खेल मैदान निर्माण गर्ने | ५० | | | |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | | नगरपालिका | नगरपालिका |
| ▪ कम्तिमा एउटा सुविधासम्पन्न कभर्ड हलको निर्माण गर्ने | | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१५ वर्षमा सम्पन्न गर्ने दिर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ वडास्तरमा खेलकुद विकास समितिको निर्माण गर्ने | २४० | | | |
| ▪ खेलाडी प्रोत्साहनका लागि पुरस्कार कोषको व्यवस्था गर्ने | १०० | | | |
| ▪ सबै विद्यालयहरूमा खेल प्रशिक्षकको व्यवस्था गर्ने | १,५०० | | | |
| ▪ विभिन्न खेलका खेलाडी उत्पादनको लागि विशेष संयन्त्रको विकास गरी विद्यालयस्तरबाट राम्रा खेलाडी छनोट गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन खेलकुद छात्रवृत्ति कोषको निर्माण गर्ने | ५०० | | | |
| ▪ विद्यालय तथा वडास्तरमा खेलकुद युवा क्लबहरूको गठन गरी तिनीहरूलाई आवश्यक खेलसामग्री लगायत अन्य बन्दोबस्तीका सामग्रीहरू प्रदान गर्ने | ५०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ यस नगरपालिकाबाट विभिन्न खेलकुद एकेडेमीमा खेलकुदसम्बन्धी अध्ययन गर्न जान चाहने खेलाडीका लागि बृहत् गुरुयोजना तथा १५ वर्षे खेलकुद विकास रणनीतिले तोकेको मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्ने | १५० | | | |
| ▪ विभिन्न मनोरञ्जनात्मक व्यवसाय जस्तै फन पार्क, चिडियाखाना, स्वीमिङ पुल सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्न विशेष आर्थिक सहुलियत प्रदान गर्ने | | | | |
| ▪ नगरपालिकाका विभिन्न खुला स्थानहरूमा सम्भाव्यता अध्ययन गरी मनोरञ्जन पार्क, बगैँचा, पिकनिकस्थल र फूलबारी निर्माण गर्ने | १,२०० | | | |
| ▪ प्रत्येक वडामा कम्तिमा एउटा सुविधासम्पन्न कभर्ड हलको निर्माण गर्ने | १,०५० | | | |
| ▪ विद्यालय तथा समुदायस्तरमा रहेका मैदान तथा चौरहरूलाई व्यवस्थापन गरी सुविधासम्पन्न खेलमैदानका रूपमा स्तरोन्नति गर्ने | १,२०० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ नगरपालिकाको उपयुक्त स्थानमा कम्तिमा एउटा आधुनिक सुविधासम्पन्न रङ्गशाला/खेलमैदान निर्माण गर्ने | ५०० | | | |
| ▪ नगरपालिकाका प्रत्येक वडामा कम्तिमा एक एक वटा व्यवस्थित खेलमैदान निर्माण गर्ने | ३५० | | | |
| ▪ सबै विद्यालय तथा वडामा रहेका खेलमैदानहरूलाई व्यवस्थित गर्ने | २५० | | | |
| ▪ नगरपालिका स्तरीय एक नाट्यशाला र सांस्कृतिक केन्द्रको निर्माण गर्ने | १०० | | | |
| ▪ प्रत्येक वडा तथा विद्यालयस्तरमा खेलकुद युवा क्लबहरू स्थापना गरी साधनस्रोत सम्पन्न बनाउने | ३५० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **खेलकुद तथा मनोरञ्जनमा जम्मा बजेट** | | | | |

## अपेक्षित उपलब्धिहरू

- खेलकूद क्षेत्रको विकास भई खेलाडी र खेलक्षेत्रको प्रबर्द्धन भएको हुनेछ ।
- नगरपालिकामा खेलकुदका लागि आवश्यक सम्पूर्ण पूर्वाधारहरू निर्माण भई खेल पर्यटनको विकास भएको हुनेछ ।

## सूचकहरू

| खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रम विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ व्यायामशालाको संख्या | | | | |
| ▪ सुविधा सम्पन्न खेलकुद रंगशाला निर्माण | | | | |
| ▪ खेल मैदानको संख्या | | | | |
| ▪ थिएटर वा सिनेमा घरको संख्या | | | | |
| ▪ बाल उद्यानको संख्या | | | | |
| ▪ पार्क तथा हरित उद्यानको संख्या | | | | |

| खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रम विकासका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ पिकनिक स्थलको संख्या | | | | |
| ▪ पौडी पोखरीको संख्या | | | | |
| ▪ जेष्ठ नागरिक मिलन केन्द्रको संख्या | | | | |
| ▪ साँस्कृतिक तथा कला केन्द्रको संख्या | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- खेलकुद तथा मनोरञ्जनका पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै खेलकुद गतिविधिमा वृद्धि, साँस्कृतिक तथा मनोरञ्जनका गतिविधिमा वृद्धि, पर्यटक अवागमन र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ७.२.८ शवदाह स्थल तथा चिहान व्यवस्थापनको विद्यमान वस्तुगत अवस्था

नगरपालिकामा रहेका हरेक समुदायको आ-आफ्नो धर्म र संस्कृति अनुसार जीवन तथा मृत्यु संस्कार, शवदाहस्थल र चिहान व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता हो। सांस्कृतिक पहिचान र भावनात्मक अर्थसमेत बोकेका जीवन तथा मृत्यु संस्कार, शवदाह स्थल तथा चिहान व्यवस्थापनलाई कुनै पनि योजनाले समयमै सम्बोधन गर्नुपर्दछ। परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र चिहानलाई भविष्यमा सहज, सुविधासम्पन्न र व्यवस्थित बनाउनु पर्दछ। साथै हिन्दु धर्मावलम्बीका लागि मृत्यु तथा अन्तिम संस्कार सम्पन्न गर्न किरियापुत्री भवन निर्माण गर्नुपर्दछ। नगरपालिकामा बुद्ध टोल, पाडाटिक, उजैनी, पिडुरा खोला, झरही खोलामा हिन्दुहरूको मसानघाट, मुस्लिमहरूको जीतपुर, जोकवार, पाचगावा, क्रिश्चियनहरुको रामखण्ड, घोला, धरमपुरमा चिहान तथा कब्रस्थान रहेका छन्।

### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | मसान घाट, शवदाह स्थल तथा चिहान व्यवस्थापन |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ | जातजातिअनुसारका दाहसंस्कार गर्न नगरपालिकामा सार्वजनिक जग्गा तथा दोभानहरू रहेका |
| ✓ | नगरपालिकामा मानवीय तथा धार्मिक संस्कारसँग जोडिएको मृत्युसंस्कारलाई उच्च महत्व दिइनु। |
| ✓ | नगरपालिकामा रहेका विभिन्न समुदायका आ-आफ्ना धर्मसंस्कृतिअनुरूपका शवदाहस्थल तथा चिहान व्यवस्थापन प्रति नगरपालिका सवंदेनशील हुनु। |
| **दुर्वलपक्ष** | |
| ✓ | नगरपालिकामा व्यवस्थित तवरले शवदाह स्थल तथा चिहानहरूको व्यवस्थापन भइ नसकेको |
| ✓ | मुस्लिम तथा क्रिश्चियन समुदायले आफ्नै जग्गा वा सामुदायिक वनमा चिहान, कब्रस्तान बनाउनु पर्ने बाध्यता हुनु |
| ✓ | अव्यवस्थित दाहसंस्कार गरिनुले नगरपालिकाको पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक व्यवस्थामा चुनौति थपिनु |
| ✓ | गाडिएको शवहरूलाई जंगली जनावरहरूले खोस्रेर यत्रतत्र छरिदिने अवस्था सम्भावना रहेको |
| **सम्भावनाहरू** | |
| ✓ | नगरपालिकाले एकीकृत रूपमा भएका शवदाहस्थल एवमं चिहानलाई व्यवस्थित गर्ने तथा नभएका स्थानहरूमा उपयुक्त स्थलहरू पहिचान गरी व्यवस्थापन गर्ने कार्यक्रम ल्याउन सक्ने। |
| ✓ | वार्षिक नीति तथा कार्यक्रममा नगरपालिकाले मानवीय संम्वदेनासँग प्रत्यक्ष सरोकार राख्ने मृत्युसंस्कार सम्बन्धी जोडिएका शवदाह तथा चिहान व्यवस्थापनका कार्यक्रमलाई उच्च प्राथमिकता दिन सक्ने। |
| ✓ | शवदाहस्थल, चिहान तथा किरियापुत्री भवनको लागि आवश्यक सडक, विद्युत, सञ्चार लगायतका पूर्वाधारहरूको नगरपालिकाले विकास गर्न सक्ने। |
| ✓ | परम्परागत रूपमा सञ्चालनमा आएका शवदाहस्थल तथा चिहानको वैज्ञानिक व्यवस्थापन गर्न सक्ने |

| चुनौती |
|---|
| ✓ शवदाहस्थल तथा चिहान व्यवस्थापनका लागि सर्वस्वीकृति स्थलहरू किटान गर्न |
| ✓ अन्तिमसंस्कारका लागि सडक, विद्युत, बाटोघाटो, सञ्चार लगायतका पूर्वाधार विकास गर्न ठूलो आकारको बजेट चाहिने । |
| ✓ छरिएर रहेका बस्तीहरूका कारण शवदाहस्थल तथा चिहान व्यवस्थापनमा कठिनाइ तथा खर्चिलो हुने । |
| ✓ वातावरण मैत्री विद्युतीय शवदाहस्थल तथा चिहान व्यवस्थापन गर्न संस्कारगत तथा बजेटका हिसाबले चुनौतीपूर्ण । |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

**सोच**

शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्ने

**लक्ष्य**

भविष्यमा शवदाह तथा चिहान व्यवस्थापनको समस्यालाई पूर्णत सम्बोधन गर्ने र उचित प्रबन्ध गर्ने

**उद्देश्यहरू**

- ✓ शवदाह स्थल तथा चिहानको उचित व्यवस्थापन गर्ने
- ✓ विभिन्न जातजाति तथा समुदायहरूको आफ्नो रीति रिवाज र परम्परा अनुसारका जन्म तथा मृत्यु संस्कार लगायत अन्य संस्कारहरूको लागि आवश्यक जमिनको व्यवस्थाका साथै पूर्वाधारहरूको व्यवस्था गर्ने

**रणनीतिहरू**

- ✓ प्रत्येक वडामा सुविधासम्पन्न कम्तीमा एक शवदाहस्थल वा चिहान क्षेत्रको प्राथमिकताका साथ निर्माण गर्ने
- ✓ परम्परागत रूपमा सञ्चालनमा आएका शवदाहस्थल र चिहानहरूको थप वैज्ञानिक व्यवस्थापन गर्ने
- ✓ प्रत्येक वडामा किरियापुत्री भवन निर्माण गर्ने
- ✓ विभिन्न धर्म, जातजाति र प्रचलन अनुसार अन्तिम संस्कारको प्रबन्ध गर्न आवश्यक पूर्वाधारहरू निर्माण गर्ने
- ✓ शवदाहस्थल, चिहान क्षेत्र तथा किरियापुत्री भवनसम्म जाने सडकहरूको निर्माण तथा स्तरोन्नति गरी पक्की वा कालोपत्रे गर्ने
- ✓ शवदाहस्थल, चिहान क्षेत्र तथा किरियापुत्री भवनका लागि अन्य पूर्वाधारहरू निर्माण गर्ने

## ३. शवदाह स्थल तथा चिहान व्यवस्थापनका लागि Logical Framework Approach

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) शवदाह स्थल तथा चिहान व्यवस्थापन** | | | | |
| **५ वर्षभित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ परम्परागत रूपमा सञ्चालनमा आएका शवदाहस्थल र चिहानहरूको नियमित व्यवस्थापन, मर्मत सम्भार गरी व्यवस्थापन गर्ने | १५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ शवदाहस्थल तथा चिहान क्षेत्रसम्म जाने सडकको स्तरोन्नति गर्ने | | | नगरपालिका | नगरपालिका |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ प्रत्येक वडामा कम्तीमा एक शवदाहस्थल वा चिहान क्षेत्रको प्राथमिकताका साथ निर्माण गर्ने | १२० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक वडामा सुविधासम्पन्न किरियापुत्री घर निर्माण गर्ने | ४५० | | | |
| ▪ शवदाहस्थल तथा चिहानक्षेत्रको पहिचान पश्चात् सडक लगायतका आधारभूत सम्पूर्ण पूर्वाधारहरूको विकास गर्ने | ३०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **शवदाह स्थल तथा चिहान व्यवस्थापनमा जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- सबै धर्म तथा जातिका आफ्नो धर्म परम्परा अनुसार मृत्युसंस्कार, शवदाह स्थल तथा चिहानको उचित व्यवस्थापन भएको हुनेछ ।
- प्रत्येक वडा स्तरमा शवदाह स्थल तथा चिहानको उचित व्यवस्थापन भएको हुनेछ ।

### सूचकहरू

| शवदाह स्थल तथा चिहान व्यवस्थापनका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ व्यवस्थित शवदाह स्थल/चिहानको संख्या | | | | |
| ▪ शववाहनको संख्या | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- शवदाह/चिहान पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै पर्यावरणीय वातावरमा सुधार, सामाजिक संस्कारमा वृद्धि र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

# परिच्छेद ८ : वातावरण तथा विपद् व्यवस्थापन योजना

## ८.१ पृष्ठभूमि

सामान्यतया यस खण्डमा वातावरण भन्नाले भौतिक वातावरण भन्ने बुझ्नुपर्दछ। हाम्रो वरपर रहेका प्राकृतिक वस्तुहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, जीवजन्तु, वनस्पति, जीवजन्तु र वनस्पतिको प्राकृतिक जीवन चक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेको भौतिक अवस्थालाई वातावरण भनिन्छ। मानिसको जीवनचक्र तथा विकासका क्रियाकलापहरू भौतिक वातावरणसँग प्रत्यक्ष सम्बन्धित हुन्छन्। भौतिक वातावरण अनुकूल हुँदा विकासले उपयुक्त गति लिन सक्छ भने भौतिक वातावरण प्रतिकूल र असन्तुलित हुँदा विकास अवरुद्ध हुन्छ। अर्कोतर्फ मानिसका क्रियाकलापहरूले प्रत्यक्ष रूपमा भौतिक वातावरणमा असन्तुलन पैदा गर्दछन्। तर दिगो विकासको अवधारणाअनुरूप वातावरणीय सन्तुलनलाई यथेष्ट ध्यान दिइ गरिने विकास निर्माणले वातावरण सन्तुलनमा सहयोग पुऱ्याउनुका साथै त्यो दिगो हुनगई वर्षौंवर्षसम्म लाभ लिन सकिने हुन्छ।

दिगो विकास लक्ष्य सन् २०३० को लक्ष्य नं. १२ मा दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने, लक्ष्य नं. १३ मा जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने र लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने , भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने उल्लेख गरिएको छ। यी लक्ष्यहरू विश्वव्यापी रूपमा वातावरण सन्तुलनको आवश्यकतालाई टड्कारो रूपमा महशुस गरी तय गरिएका हुन्। स्थानीय स्तरका विकास योजना निर्माण गर्दा दिगो विकास लक्ष्यलाई मध्यनजर गर्नु अनिवार्य भएकोले यी लक्ष्यहरूको प्राप्तिका लागि ध्यान दिनु जरुरी छ। नगरपालिकाको सम्पतीको रूपमा रहेका वनजंगल, जलाधार, वनस्पति र वन्यजन्तु, सुरम्य प्राकृतिक छटा, कृषि योग्य जमिन र उपयुक्त जलवायु यहाँका वातावरणीय आयामहरू हुन्। यी प्राकृतिक सम्पदाहरू नै यस नगरपालिकाका विकासका आधारहरू भएकोले यिनीहरूको दिगो उपयोग गरी पुस्तौंसम्म संरक्षण गर्नु नगरपालिकाको दायित्व भएकाले यस योजनाले वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी निम्न पक्षहरूलाई समेटछ।

- वन तथा भू-संरक्षण
- जलाधार संरक्षण
- वातावरण संरक्षण
- जलवायु परिवर्तन
- फोहर मैला व्यवस्थापन
- जल उत्पन्न प्रकोप नियन्त्रण र विपद व्यवस्थापन

## ८.२ वातावरण तथा विपद् व्यवस्थापनका उपक्षेत्रगत योजनाहरू

### ८.२.१ वन, जलाधार तथा भू-संरक्षणको विद्यमान वस्तुगत अवस्था

रामग्राम नगरपालिकामा वनजङ्गलको क्षेत्रफल एकदमै कम रहेको छ । यो नगरपालिकामा राष्ट्रिय वन छैन भने वडा नं. ११, १४, र १८ मा एकएक वटा सामुदायिक वन रहेका छन् । त्यस्तै घिनहामा एउटा धार्मिक वन रहेको छ भने सन्डामा एउटा निजी वन र वडा नं. १२ मा चरन क्षेत्र रहेको छ । हालको भू-उपयोगको तथ्याङ्क अनुसार रामग्रामको कूल जमिन १२८.३२ वर्ग कि.मी. मध्ये कृषियोग्य जमिनले ८७.२३ प्रतिशत, वन, झाडी तथा बुट्यान र बगैंचा क्षेत्रले ३.७४ प्रतिशत भूभाग ढाकेको अवस्थामा यो सबै भूभागमा वातावरणीय सन्तुलन कायम गर्दै संरक्षण र उपयोग गर्नु पर्दछ ।

पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुहरूको वासस्थान कायम राख्न वन जङ्गलको संरक्षण प्राथमिकताका साथ गर्नुपर्दछ । रामग्राम नगरपालिकामा एकातिर वन जङ्गलको क्षेत्र अत्यन्त न्यून छ भने हाल कायम वनजङ्गलमा समेत वैज्ञानिक वन व्यवस्थापन प्रणाली पूर्णरूपमा लागु भई संरक्षण हुन सकिरहेको छैन । अर्कोतर्फ यो नगरपालिकाको विद्यमान वनक्षेत्र बाहेक झाडी बुट्यान क्षेत्र र नदी किनार तथा बगरको रूपमा खेर गैरहेको जमिन रहेकोले प्राकृतिक अवस्थाको वनलाई उत्पादनमुखी बनाउँदै झाडी तथा खेर गैरहेको जमिनमा वडास्तरमा व्यापक जनपरिचालन गरी उपयोगी र उत्पादनमुखी वृक्षारोपण गर्नसके यो कृषि क्षेत्रलाई समेत एक प्रकारको हरित बगैंचाको रूपमा विकास गर्न सकिन्छ । यसका साथै नगरपालिका कार्यालय, वडा कार्यालयहरू, विषयगत कार्यालयहरू, सडक किनार, खोला तथा नदी किनार, करेसाबारी तथा खेतबारीमा समेत खेर गइरहेको जमिनमा वृक्षारोपण गरी वनको क्षेत्रफल बढाउन सकिन्छ । यसो गर्दा वनको क्षेत्रफलमा वृद्धि भई सो वनलाई आय आर्जनसँग जोडेर अगाडि बढ्न सकिन्छ ।

वर्षात्को समयमा बाढीले निरन्तर जमिन कटान तथा डुबान गर्ने समस्या हुन्छ । यस कारण यो नगरपालिकाको वन क्षेत्र एकदमै संवेदनशील क्षेत्र हो जसको विस्तार संरक्षण र प्रबर्द्धनमा नगरपालिकाले ध्यान दिनुपर्दछ । नगरपालिकाका भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरूमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत नदी नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकता दिनु आवश्यक छ ।

#### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | वन, जलाधार तथा भू-संरक्षण |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ नगरपालिकाको खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण गर्ने योजना रहेको | |
| ✓ नगरपालिकाको कूल क्षेत्रफल १२८.३२ वर्ग कि.मि.मध्ये वनजङ्गल र झाडी तथा बगैंचाले क्षेत्रले ३.८५ प्रतिशत भू-भाग ओगटेको | |
| ✓ कूल क्षेत्रफलको १.४१ प्रतिशत भूभाग पोखरी तथा जल क्षेत्रले ओगटेको | |
| ✓ प्रशस्त जलाधार क्षेत्र भएको | |
| ✓ घिनहामा धार्मिक वन रहेको | |

| | |
|---|---|
| ✓ | पार्क तथा हरित क्षेत्र बिस्तार गर्न सकिने |
| ✓ | कोइली, चिल, मयुर, मैना, गौथली, चमेरो, वनकुखुरा, खोलेहाँस, बकुल्ला, सुगा, भँगेरा, उल्लु, परेवा, सारौँ, काग, गिद्ध लगायतका चराचुरुङ्गी पाईने |
| ✓ | साल, सिसौ, सिमल, साज, खयर, ज्यामुन, आँप, बाँस, पीपल, बकाइनो, टाँकी, समी, कोइरालो, बर लगायतका बनस्पति पाइने |
| ✓ | नगरपालिका क्षेत्रमा केही निजी वन र धार्मिक वन समेत रहेका |
| ✓ | खरायो, दुम्सी, बाँदर, स्याल, वन बिरालो, न्याउरी मुसा लगायतका जीवजन्तुहरु पाइने |
| ✓ | गैरकाष्ठजन्य जडिबुटीको रुपमा हर्रो, बर्रो, अमला, तुलसी, तितेपाती, बोजो, निम, कुरिलो इत्यादी पाइने |
| ✓ | भ्यागुता, माछा, गँगेटा, झिँगेमाछा, सर्प, गड्यौले माछा जस्ता जलचरहरु पाइने |
| **दुर्बल पक्षहरू** | |
| ✓ | ठूलो प्रतिशत इन्धनको स्रोतको रुपमा काठदाउरा रहेको |
| ✓ | प्राकृतिक सम्पदाहरूको संरक्षण र सदुपयोग हुन नसकेको |
| ✓ | नदी नजिकको क्षेत्रलाई संरक्षण गर्न नसक्दा वर्षेनी डुबान, कटान र बाढीले धेरै समस्या ल्याएको |
| ✓ | वर्खामा मसानघाट तथा शवदाहस्थलको उचित व्यवस्थापन गर्न नसकिएको |
| ✓ | विभिन्न उद्योग तथा कारखानाबाट उत्पादित फोहर बिना प्रशोधन जलाधार क्षेत्रमा मिँसिदा जलचरहरुमा असर परेको |
| ✓ | वन क्षेत्रले सम्पूर्ण क्षेत्रफलको निकै सानो हिस्सा मात्रै ओगटेको |
| ✓ | जलसम्पदा खेर गैरहेको |
| ✓ | वन र वातावरण संरक्षण सम्बन्धी ठोस कार्यक्रमहरू नभएको |
| ✓ | सामुदायिक वनलाई उत्पादनमुखी बनाई वैज्ञानिक वन व्यवस्थापन गर्न नसकिएक |

| सम्भावना र अवसरहरू | |
|---|---|
| ✓ | नगरपालिकाभित्रका विकास निर्माणलाई वातावरणमैत्री बनाउन सकिने |
| ✓ | खोला, नाला, पोखरी संरक्षण तथा वृक्षारोपण, तटबन्ध गरी विपत जोखीम न्यूनीकरण गर्न सकिने |
| ✓ | खाली रहेका सार्वजनिक जग्गा, झाडी तथा ऐलानी जग्गाहरूलाई वनको रूपमा बिस्तार गर्न सकिने |
| ✓ | समुदायको सक्रियतामा एक वडा एक उद्यान निर्माणको कार्यलाई अभियानको रुपमा अगाडि बढाउन सकिने |
| ✓ | नगरपालिकाका विभिन्न ठाउँमा गार्डेन, पार्कहरू निर्माण गरी हरीयाली प्रबर्द्धन गर्न सकिने |
| ✓ | नगरपालिकाका जैविक खेतिबाट माटोको गुणस्तर बढाउन सकिने |
| ✓ | वन, जलाधार र भू-संरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्न सकिने |
| ✓ | नगरपालिकामा रहेका सामुदायिक वनहरूलाई थप विकसित र सबल बनाउन सकिने |
| ✓ | सामुदायिक वन कार्यक्रमलाई आय आर्जन तथा गरीबी निवारणमा जोड्न सकिने |
| ✓ | जलस्रोतको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटनको विकास गर्न सकिने |
| ✓ | जडिबुटीको व्यावसायिक उत्पादन र प्रशोधन गर्न सकिने |

| | |
|---|---|
| ✓ | वैज्ञानिक भू-उपयोग योजना तथा भू-संरक्षण कार्यक्रम लागू गर्न सकिने |
| ✓ | वैकल्पिक उर्जाको प्रयोगमा व्यापकता ल्याएर वन माथिको निर्भरता घटाउन सकिने |
| ✓ | सार्वजनिक जग्गा तथा नाङ्गो जमिनमा व्यापक वृक्षारोपण गरी पार्क तथा पिकनिक स्थलको रुपमा विकास गर्न सकिने |
| ✓ | नगरपालिका क्षेत्रमा भएका परम्परागत कुवाहरुको संरक्षण र स्तरोन्नति गर्न सकिने |
| ✓ | सिमसार क्षेत्रहरुको पहिचान गरी तिनीहरुको संरक्षण र विकास गर्न सकिने |
| ✓ | डुबान र कटानबाट प्रभावित क्षेत्रमा बृहत् तटबन्ध, पुलहरू, कल्भर्ट, ड्याम निर्माण गरी जोखिम न्युनिकरण गर्न सकिने |
| ✓ | पानीका मुहानहरुमा वृक्षारोपण गरी जलसम्पदाको संरक्षण गर्न सकिने |

| चुनौती तथा जोखिमहरू | |
|---|---|
| ✓ | जैविक विविधताको संरक्षण गर्नुपर्ने |
| ✓ | बृहत्तर वन, वैज्ञानिक जलाधार तथा भू-संरक्षण तथा व्यवस्थापन कार्यक्रम लागु गर्नुपर्ने |
| ✓ | प्राविधिक जनशक्तिको अभाव |
| ✓ | वनमा घेराबारको व्यवस्था गर्नुपर्ने |
| ✓ | वातावरण संरक्षण गर्न नसके प्राकृतिक विपद्को उच्च जोखिम रहेको |
| ✓ | पर्यावरणीय असन्तुलनका कारण जीवन कष्टकर हुन सक्ने |
| ✓ | सामुदायिक वनको आयश्रोत एवम् क्रियाकलापलाई पारदर्शी एवम् जवाफदेही बनाउनुपर्ने |
| ✓ | पानीका मुहान सुक्न सक्ने |
| ✓ | संरक्षण गर्न नसके भविष्यमा पानीका स्रोतहरु सुक्न गई पिउने पानीको चरम अभाव हुन सक्ने |
| ✓ | वनस्पति र वन्यजन्तु लोप हुन सक्ने |
| ✓ | प्रदुषणको नकारात्मक असरहरू देखिन सक्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

**सोच**

जल, जमिन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत दिगो समृद्धि हासिल गर्ने ।

**लक्ष्य**

नगरपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रूपमा विकास गर्ने ।

**उद्देश्यहरू**

- ✓ नगरपालिकामा अत्यन्तै न्यून वन क्षेत्र भएकोले निश्चित क्षेत्रलाई सम्भाव्यताको आधारमा हरित क्षेत्रको रुपमा विकास गर्ने र नीजि वनलाई प्रोत्साहन गर्ने
- ✓ नगरपालिकाका खुला क्षेत्र, सार्वजनिक क्षेत्र, विद्यालय, नगरपालिका कार्यालय, वडा कार्यालय तथा विषयगत कार्यालयका हातामा सघन वृक्षारोपण गर्ने
- ✓ सामुदायिक वन उपभोक्ता समितिहरूलाई सक्षम बनाई प्रतिफलमुखी कार्यक्रम सञ्चालन गर्ने
- ✓ खेर गैरहेको झाडी, बुट्यान क्षेत्रलाई क्रमशः प्रतिफलमुखी रुख विरुवा वा फलफूल लगाई प्रतिस्थापन गर्ने

- ✓ Agro Forestry को नीति अवलम्बन गरी वन क्षेत्रलाई पूर्ण प्रतिफलमुखी बनाउने
- ✓ नगरपालिकाका सम्पूर्ण वडामा उपयुक्त सार्वजनिक तथा ऐलानी जग्गा रहेका स्थानहरू पहिचान गरी हरित क्षेत्रको रूपमा घोषणा गर्ने र हरित क्षेत्र कायम गर्न वृक्षारोपण, पार्क निर्माण जस्ता निश्चित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ वन्यजन्तु तथा वनस्पति संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

## रणनीतिहरू

- ✓ खेर गैरहेको स्थानहरूमा वृक्षारोपण गरी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गर्न विज्ञसँग परामर्श लिने
- ✓ पानीका मूल सुकाउने प्रजातिका विरुवाहरूको पहिचान गरी तिनीहरूलाई उत्पादनशील फलफूल तथा पानीका मुहान संरक्षणमा सहायक बोट बिरुवाले प्रतिस्थापन गर्दै जाने
- ✓ वनमा आयआर्जनका कार्यक्रमहरूलाई सञ्चालन गर्ने
- ✓ कुरिलो, हर्रो, वर्रो, अमला, बेल, तीतेपाती, सर्पगन्धा, वेल, तुलसी, घ्युकुमारी, कालोगुर्जो, लहरेगुर्जो, सिधा गुर्जो, आकासवेली, वयर, भोर्लो, सन्तावर, गोरकत्ला इत्यादि जडिबुटीको व्यावसायिक उत्पादन गर्न सम्भाव्यता अध्ययन गरी वृक्षारोपण गर्ने
- ✓ हरेक वडाका उपयुक्त स्थानमा निश्चित हरितक्षेत्रको घोषणा गर्ने
- ✓ वन तथा भू-संरक्षणका प्रत्येक कार्यक्रमहरूमा जनसहभागिता सुनिश्चित गर्ने
- ✓ पहिरो, भू-क्षय, बाढी तथा नदी कटान संवेदनशील क्षेत्रको वडागत नक्शाङ्कन गर्ने
- ✓ निश्चित समयावधि तोकेर सम्पन्न गर्ने गरी भु-क्षय, बाढी तथा नदी कटान नियन्त्रण र वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने
- ✓ निजी तथा सामुदायिक स्तरमा निजी जमिन तथा वन जङ्गलमा फलफुलको व्यावसायिक उत्पादन सुरु गर्ने
- ✓ वन तथा भू-संरक्षण सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ भु-क्षय, भू-स्खलन, बाढी तथा नदी कटान नियन्त्रण तथा भू-संरक्षण गर्न जैविक र परम्परागत विधिहरूको अध्ययन र सो सम्बन्धी तालिम सञ्चालन गरी स्थानीयवासीलाई परिचालन गर्ने
- ✓ स्थानीय जलवायु अनुकूलका विरुवाहरूको बेर्ना तयार गरी वितरण गर्न प्रत्येक वडामा कम्तीमा एउटा नर्सरीको स्थापना गर्ने
- ✓ निजी वनलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
- ✓ राष्ट्रिय नीति र कानून बमोजिम संरक्षित वनस्पति र वन्यजन्तुको उत्पादन वा सिधै निकासी वा ओसारपसार नियन्त्रण गर्न स्थानीय समुदायसँग सहकार्य गरी स्थानीय संयन्त्र निर्माण गर्ने

## ३. वन तथा भू-संरक्षणका लागि Logical Framework Approach (LFA)

कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) वन तथा भू-संरक्षण** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ निजी तथा सामुदायिक वनका सरोकारवालाहरूलाई हरेक वर्ष प्रविधि हस्तान्तरण तथा एकीकृत वन व्यवस्थापन र संरक्षणका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ वन क्षेत्रको विकासलाई वैज्ञानिकीकरण गर्न विज्ञ समूहको सहयोगमा वैज्ञानिक वन व्यवस्थापन बारे सम्पूर्ण सरोकारवालाहरूसँग अन्तरक्रिया तथा अभिमुखिकरण गर्ने | १५ | नगरपालिका | WWF<br>नगरपालिका | नगरपालिका |
| ▪ कृषि वन प्रबर्द्धन गर्न अगुवा कृषकहरूको छनोट गरी हरेक वर्ष क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ वन क्षेत्रको नीति तथा कार्यक्रम निर्माण गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण भएको सुनिश्चितता गर्न न्यायिक समितिलाई अनुगमनकारी भूमिका प्रदान गरी प्रशिक्षण दिने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक सिमसार क्षेत्रमा दिगो संरक्षण योजना निर्माण गरी लागु गर्ने | ५ | | | |
| **प्रचार, प्रशार तथा जनचेतनामूलक कार्यक्रम** | | | | |
| ▪ वन र जैविक विविधतासँग जोडिएका आदिवासी जनजाति तथा स्थानीय समुदायका परम्परागत ज्ञान, सीप, अभ्यास, सामाजिक, सांस्कृतिक पद्धती, कला तथा बौद्धिक सम्पतीको पूर्ण अभिलेख तयार पारी त्यसलाई प्रकाशन र प्रचार प्रसार गर्ने | १० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ नगरपालिकामा वनको क्षेत्रफल नगण्य मात्रामा रहेकोले नदी तथा सडक किनार, खुला क्षेत्र, झाडी बुट्यान क्षेत्रमा सघन वृक्षारोपण गर्ने | १,५०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ आवश्यकताका आधारमा प्रत्येक वडामा नमुना बहुउद्देशीय पोखरीहरू निर्माण गरी पोखरी वरपर हरित क्षेत्र विकास गर्ने | ६० | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ नगरपालिकाको वन क्षेत्रमा पाइने सम्पूर्ण वनस्पतिको Profile तयार पार्ने | ५ | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ नगरपालिकाको जलक्षेत्र तथा जलाशयमा पाइने जलचरहरूको Profile तयार पार्ने | ५ | नगरपालिका | संघीय सरकार | नगरपालिका |
| ▪ नगरपालिकामा रहेका प्राकृतिक पानीका स्रोतहरूको पहिचान गरी Profile तयार पार्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विज्ञ समूहको परामर्श लिई राष्ट्रिय नीति अनुरूप नगरपालिकामा पाइने सम्पूर्ण वन्यजन्तु र वनस्पतिको सूची तयार पारी तिनीहरूलाई संकटासन्न र लोपोन्मुख गरी वर्गीकरण गर्ने | १० | | | |
| ▪ काष्ठजन्य विरुवाहरूको उत्पादन क्षेत्र निर्धारण गर्न अध्ययन गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ वनको छेउ भएर बग्ने खोलाहरू नदी वा जलाधार क्षेत्रमा कृतिम ताल निर्माण गर्न सम्भाव्यता अध्ययन गरी डि.पि.आर तयार पार्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ खेर गैरहेको सार्वजनिक जग्गाहरूको अभिलेख तयार पारी समुदायमा आधारित कृषि वन कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ निजी वनलाई प्रवर्द्धन गरी काष्ठ तथा गैरकाष्ठजन्य उत्पादन वृद्धि गर्न निजी वन प्रवर्द्धन रणनीति तयार गर्ने | १ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकामा रहेका  र  संवेदनशील क्षेत्रको नक्शाङ्कन गर्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकामा रहेका सम्पूर्ण सिमसार क्षेत्रको पहिचान तथा नक्साङ्कन गर्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **१७५१** | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकाको कुनै एक स्थान छनोट गरी जैविक र परम्परागत तरीकाले नदी कटान वा नियन्त्रणको नमुना स्थल घोषणा गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिका केन्द्र र हरेक वडा कार्यालय परिसरमा एक एकवटा फूल बगैंचा निर्माण गर्ने | ६० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **९०** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ वन उपभोक्ता समूहलाई नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | ७५ | नगरपालिका | निजी क्षेत्र | नगरपालिका |
| ▪ मिचाहा प्रजातीका विरुवाहरू पहिचान गरी प्रत्येक वन क्षेत्रमा तिनीहरूको प्रतिस्थापन र सरसफाइ गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ **"वनसँग जनता"** कार्यक्रम सञ्चालन गरी सामुदायिक वनको ३० प्रतिशत क्षेत्रमा जडीबुटी र फलफूल लगाई उपभोक्ताको आय वृद्धि र राजश्व सङ्कलन बढाउने | ५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ खुला क्षेत्रलाई वृक्षारोपण गरी हराभरा बनाउने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकामा सडक निर्माण गर्दा कम्तिमा २५ प्रतिशत जैविक इन्जिनियरिङ् विधि प्रयोग गरेर गर्ने | ३,००० | नगरपालिका | नीजि क्षेत्र | नगरपालिका |
| ▪ सर्वोत्कृष्ट वन उपभोक्ता समूहलाई वार्षिक रूपमा पुरस्कृत गर्ने | २० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ वडास्तरमा तथा भू-संरक्षणका जैविक तथा परम्परागत विधिहरूको तालिम तथा प्रशिक्षण कार्यक्रमहरू नियमित सञ्चालन गर्ने | ६० | | | |
| ▪ नमूना नर्सरीमा उत्पादित विरुवाहरूको क्यालेण्डर निर्माण गरी बिक्री तथा वितरण गर्ने | ३० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ निजी वन विकासका लागि निश्चित मापदण्डका आधारमा बोट विरुवा उपलब्ध गराउने | ५० | | | |
| ▪ नगरपालिकामा एउटा तार जाली कारखाना खोल्न निजी क्षेत्रलाई आकर्षित गरी सहुलियत प्रदान गर्ने | २५ | | | |
| ▪ मुख्य सडकका उपयुक्त स्थान पहिचान गरी हरित क्षेत्र निर्माण गर्ने | ५० | | | |
| ▪ नगरपालिकामा वडामा एक नमूना जडिबुटी उत्पादन क्षेत्र स्थापना गर्ने | १२० | | | |
| ▪ दीर्घकालिन कार्यक्रम अन्तर्गत गाउँस्तरीय एक वन, जलाधार तथा जैविक विविधता संरक्षण सम्बन्धी सूचना तथा अनुसन्धान केन्द्रको स्थापना गर्ने | १०० | | | |
| ▪ हरेक वडामा एक एक वटा नमुना हरित क्षेत्र वा पार्क निर्माण गर्ने | १८० | | | |
| ▪ वनक्षेत्र भित्रका खेर गैरहेको बाँझो जमिनमा अनिवार्य वृक्षारोपण गर्ने | ४५ | | | |
| ▪ हरेक वर्ष निश्चित समयमा विरुवाको बेर्ना वितरण तालिका निर्माण गरी वितरण गर्ने | १५० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **४०७५** | | | |
| **वन तथा भू-संरक्षणमा जम्मा बजेट** | **५९१६** | | | |

## अपेक्षित उपलब्धिहरू

- हालको नगण्य प्रतिशतमा रहेको वनको क्षेत्रफल कम्तीमा २० प्रतिशतमा कायम हुनेछ ।
- नगरपालिकामा वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागु भई प्रत्यक्ष संलग्न स्थानीय जनताको जीवनस्तर उकास्नका लागि वनले सहयोग गर्नेछ ।
- स्थानीय वन ऐन जारी भई वनको विकास, व्यवस्थापन र संरक्षण सुनिश्चित हुनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरू सक्षम र सक्रिय भएका हुनेछन् ।
- नगरपालिका भर रहेका वातावरणीय साथै उपयोगका हिसाबले समेत कमसल काठको वनजङ्गल मध्ये २० प्रतिशत जङ्गलमा वातावरणीय र उपयोगका हिसाबले उच्च प्रतिफलमूखी वोटविरूवाहरू रोपिएका हुनेछन् ।

- वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागू भएको
- स्थानीय वन ऐन जारी भएको हुने ।
- जडीबुटी तथा फलफूल खेतिले ओगटेको सामुदायिक वनको क्षेत्र प्रतिशत
- वन्यजन्तु तथा वनस्पति संरक्षण तथा सङ्ख्या वृद्धि कार्यक्रम लागू भएको हुनेछ । सकटासन्न वन्यजन्तु गणना तथा वनस्पतिको सूची तयार हुनेछ ।
- नगरपालिकाको वन क्षेत्रमा पाइने सम्पूर्ण वनस्पतिको एचयार्षभि तयार भएको
- नगरपालिकाको वन क्षेत्रमा पाइने सम्पूर्ण चराचुरुङ्गीको एचयार्षभि तयार भएको
- नगरपालिकाको वन क्षेत्रमा पाइने सम्पूर्ण वन्यजन्तुहरूको एचयार्षभि तयार भएको
- नगरपालिकाको जलक्षेत्र तथा जलाशयमा पाइने जलचरहरूको एचयार्षभि तयार भएको

### सूचकहरू

| वन तथा भू-संरक्षणका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ अनुत्पादक झाडी बुट्यान क्षेत्र मध्ये उत्पादनशील वनमा परिणत भएको क्षेत्र (प्रतिशत बढाउँदै लैजाने) | ३.१२% | | | |
| ▪ संकटासन्न घोषणा भएका वन्यजन्तुको संख्या (बढाउँदै लैजाने) | | | | |
| ▪ संकटासन्न घोषणा भएका वनस्पतिको संख्या (बढाउँदै लैजाने) | | | | |
| ▪ सामुदायिक वनभित्र निर्मित पोखरी संख्या | | | | |
| ▪ बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरी पहिरो नियन्त्रण गरिएका स्थानहरूको संख्या ( प्रतिशतको आधारमा) | | | | |
| ▪ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमले समेटेको क्षेत्र प्रतिशतमा (कूल वन क्षेत्रको) | | | | |
| ▪ वनजङ्गल घनत्व (प्रतिहेक्टर रुखहरूको औसत सङ्ख्या) (प.दि.वि.ल. १५.३.१) | | | | |
| ▪ सङ्कटापन्न (Threatened) अवस्थामा रहेका वनस्पतिहरू (Floral) औषधीको रूपमा प्रयोग हुने र सुगन्धित वनस्पतिहरू) (प्रतिशत) (प.दि.वि.ल. १५.५.१.१) | | | | |

| वन तथा भू-संरक्षणका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ जैविक विविधता र पारिस्थितिक प्रणालीहरूको संरक्षण गर्न र दिगो प्रयोगका निम्ति उपलब्ध आधिकारिक विकास सहयोग र सरकारी खर्चको प्रतिशत (प.दि.वि.ल. परिणामात्क लक्ष्य १५.ख.१) | | | | |
| ▪ मिचाहा प्रजातीका विरुवाहरूले ओगटेको वन क्षेत्र (प्रतिशतमा घटाउने) | | | | |

## प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- वन व्यवस्थापन तथा भू-संरक्षणका कार्यक्रम कार्यान्वयन पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै पर्यावरणीय सन्तुलन, वन तथा वन्यजन्तुको वृद्धि, वातावरमा सुधार, रोजगारीमा वृद्धि र अन्य मानवीय गतिविधिहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

### ८.२.२ जलाधार संरक्षणको विद्यमान वस्तुगत अवस्था

जलाधार तथा जलस्रोतको हिसाबले नेपाल संसारकै दोस्रो ठूलो देश भनिँदै आइरहेको वर्षौं भएतापनि यसको संरक्षण र उच्चतम सदुपयोगमा नेपाल पछाडि परेको छ । यस नगरपालिका समेत जलस्रोत र जलाधार क्षेत्रको हिसाबले मध्यम छ । समथर तराईको होचो भाग भएकोले यो नगरपालिकामा भूमिगत जलको प्रचुरता पाइन्छ । तथापि यसको पूर्ण सदुपयोगको ठोस योजना नहुँदा जलस्रोत त्यत्तिकै खेर गईरहेको छ भने कतिपय वडाहरू सुख्खा क्षेत्रका रूपमा रहेका छन् र सम्पूर्ण खेतियोग्य जमिनमा सिँचाई सुविधा समेत पुग्न सकेको छैन । यो नगरपालिकामा भूमिगत जलश्रोतको अधिक प्रयोग हुने भएकोले त्यसको शुद्धतामा अत्यन्त ध्यान पुऱ्याउनु जरुरी छ । यस नगरपालिकामा वडा नं. १ मा झरही खोला, वडा नं. ३ मा रामखण्ड, साम्नेमाई पथ पोखरी, वडा नं. ४ मा झरही नदी, इटहीया पोखरी, गाउँले पोखरी, कटैया पोखरी, तिवारी पोखरी, पर्नीहा पोखरी लिखीहैया पोखरी रामखण्ड खोला,, वडा नं. ७ मा भरही खोला, वडा नं. ९ मा पुसहा खोला, रामखण्ड खोला, बोउडा पोखरी, सगडा पोखरी, वडा नं. १० मा रामखण्ड खोला, डाडे पोखरी, बेलवा पोखरी, वडा नं. ११ मा भुमही नदी, वडा नं. १२ मा झरही खोला, कसिया पोखरी, इरहीया पोखरी, कुनवार पोखरी, भलुही खोला, वडा नं. १४ मा तुरीहवा र वडा नं. १७ मा पिडुरा खोला, भलुवा खोला रहेका छन् ।

#### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | जलाधार संरक्षण |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ कूल १२८.३२ वर्ग कि.मि. क्षेत्रफलमध्ये २.८३ प्रतिशत भूभाग पोखरी तथा जल क्षेत्रले ओगटेको | |
| ✓ झरही खोला, रामखण्ड खोला, साम्नेमाई पथ पोखरी पुसहा खोला, बोउडा पोखरी बेलवा पोखरी इरहीया पोखरी कुनवार पोखरी  जस्ता प्रशस्त जलाधार क्षेत्र भएको | |
| ✓ घुङ्घी, कछुवा, सर्प, पानी सर्प, अन्धुसर्प, भ्यागुता, माछा, गँगटा, झिँगेमाछा, गड्यौला जस्ता जलचरहरू पाइने | |

| घ |
|---|
| ✓ जलसम्पदा खेर गइरहेको |
| ✓ आमजनमानसमा जलाधार क्षेत्र संरक्षणको महत्व बुझाउन नसकिएको |
| ✓ जलाधार क्षेत्र वरिपरिका मानव बस्ती बाढी र डुवानको उच्च जोखिममा रहेका |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ जलस्रोतको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटनको विकास गर्न सकिने |
| ✓ सिमसार क्षेत्रहरूको पहिचान गरी तिनीहरूको संरक्षण र विकास गर्न सकिने |
| ✓ पानीका मुहानहरूमा वृक्षारोपण गरी जलसम्पदाको संरक्षण गर्नुपर्ने |
| ✓ खोला, नाला, पोखरी संरक्षण तथा वृक्षारोपण, तटबन्ध गरी विपत जोखीम न्यूनीकरण गर्न सकिने |
| ✓ वन, जलाधार र भू-संरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ बृहत्तर वन, वैज्ञानिक जलाधार तथा भू-संरक्षण तथा व्यवस्थापन कार्यक्रम लागु गर्नुपर्ने |
| ✓ संरक्षण गर्न नसके भविष्यमा पानीका मुहानहरू सुक्न गई पिउने पानीको चरम अभाव हुन सक्ने |
| ✓ भू-जलस्रोतको सिँचाइ तथा खानेपानीको बढ्दो उपयोगका कारण जल सतह घट्ने खतरा रहेको |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

**सोच**

नगरपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल गर्ने

**लक्ष्य**

नगरपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जलसम्पदामा आत्म निर्भर बन्ने

**उद्देश्यहरू**

- ✓ नगरपालिका भर रहेका प्रमुख जलाधार क्षेत्रको नक्साङ्कन गरी ती क्षेत्रहरूमा जलाधार विनाशमा सहयोग पुऱ्याउने क्रियाकलापहरू गर्न तत्काल रोक लगाई जलाधार क्षेत्रको संरक्षण गर्ने ।
- ✓ विशेष जलाधार क्षेत्र घोषणा गरी ती क्षेत्रहरूमा संरक्षणका कार्यक्रमहरू लागू गर्ने ।
- ✓ सिमसार क्षेत्रको पहिचान गरी संरक्षणका कार्यक्रमहरू लागू गर्ने ।
- ✓ प्रत्येक वडामा नमुना पोखरीहरू निर्माण गर्ने र वर्षातको पानी सङ्कलन गर्ने ।
- ✓ जलाधार संरक्षणमा सहायक प्रजातिका विरुवाहरूको वृक्षारोपण गर्ने ।

**रणनीतिहरू**

- ✓ सम्पूर्ण पानीका मुहानहरू, जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी विस्तृत प्रोफाइल तयार गर्ने
- ✓ यस्ता जलाधार क्षेत्रमा जलाधार संरक्षण विपरित क्रियाकलापहरू सञ्चालन गर्न रोक लगाउने
- ✓ प्रत्येक वडाका उपयुक्त स्थानहरूमा जलपर्यावरणीय प्रणाली अन्तर्गत जलचर, वनस्पति र भौतिक अवयवहरूको प्रबर्द्धन गर्न सोका लागि नमूना पोखरीहरू निर्माण गर्ने ।
- ✓ सिंचाइमा भूमिगत जलश्रोतको दिगो प्रयोगका लागि भूमिगत पानीलाई रिचार्ज गर्न वर्षातको पानी सङ्कलन गरी व्यापक रूपमा पोखरीहरू निर्माण गर्ने
- ✓ थोपा थोपा जलको सदुपयोग गरी सिँचाईमा प्रयोग गर्न वातावरण अनुकूल सिँचाई आयोजना सञ्चालन गर्ने

## ३. जलाधार संरक्षणका लागि Logical Framework Approach (LFA)

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) जलाधार भू-संरक्षण** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकाभर रहेका सम्पूर्ण जलाधार क्षेत्र र खानेपानीका स्रोतहरूको प्रोफाइल तयार पार्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन गर्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ जलाधार र सिमसार क्षेत्रको घोषणा गरी मानवीय अतिक्रमण निषेध गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक वडा र वन जङ्गलहरूमा बहुउद्देश्यीय पोखरीहरू निर्माण गर्न सर्वे गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **३५** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ प्रत्येक जलाधार क्षेत्र वरपर खाली स्थानमा जलाधार संरक्षणमैत्री विरुवाहरूको वृक्षारोपण गर्ने | १५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक पानीका स्रोतमा जैविक विधि अपनाई संरक्षण गर्ने | १२० | | | |
| ▪ प्रत्येक वडामा कम्तीमा एक एक नमुना जलाधार संरक्षण योजना सञ्चालन गर्ने | १२० | | | |
| ▪ जल पर्यावरणीय प्रणालीको संरक्षण र प्रबर्द्धन गर्न पानीको स्रोत नजिक माछापालन गर्न नगरपालिकाले प्रोत्साहन गर्ने | १५० | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **५४०** | | | |
| **जलाधार संरक्षणमा जम्मा बजेट** | **५७५** | | | |

### अपेक्षित उपलब्धिहरू

- नगरपालिकामा रहेका सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन भएको हुनेछ ।
- जलाधार क्षेत्रहरूमा जलाधार संरक्षण विरुद्ध वा जलाधारलाई प्रतिकूल असर पुऱ्याउने मानवीय क्रियाकलापहरू जस्तै वनजङ्गल फँडानी, वन, नदी, खोला, ताल, पोखरी आदि क्षेत्रमा अव्यवस्थित बस्ती तथा निर्माण र मानवीय अतिक्रमणलाई पूर्णतः निषेध गरिएको हुनेछ ।
- नदी कटान तथा बाढीग्रस्त क्षेत्रहरूको पहिचान भई रोकथामका लागि तटबन्ध निर्माण गरिनेछ ।
- प्रत्येक जलाधार क्षेत्रमा संरक्षण कार्यक्रमहरू लागु भई नियमित वृक्षारोपण, तार जाली, बाँध निर्माण, पोखरी निर्माण, भू-संरक्षण तथा क्षयीकरण रोक्ने परम्परागत, जैविक र आधुनिक सबै प्रविधिको प्रयोग जस्ता क्रियाकलापहरू सुचारु भएका हुनेछन् ।
- प्रत्येक वडामा कम्तीमा पाँच वटा वर्षात्को पानी सङ्कलन गर्ने नमुना पोखरीको निर्माण भएका हुनेछन् ।

### सूचकहरू

| जलाधार संरक्षणका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ भू- तथा जलाधार संरक्षण कार्यक्रमहरू लागू भएको जलाधार क्षेत्रको संख्या | | | | |
| ▪ संरक्षित सिमसार क्षेत्रको संख्या | | | | |
| ▪ वर्षातको पानी सङ्कलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | | | | |
| ▪ परम्परागत जैविक विधि अपनाई संरक्षण गरिएका पानीको मुहानहरूको संख्या | | | | |
| ▪ संकटमा परी पुर्नउत्थान गरिएका पानीका मुहानको संख्या | | | | |
| ▪ वन जंगलभित्र रहेका पोखरीहरूको संख्या | | | | |
| ▪ संकटयुक्त अर्थात सुख्खाका कारण सुक्ने खतरामा रहेका पोखरीहरूको प्रतिशत (प.दि.वि.ल. १५.१.२) | | | | |
| ▪ संकटयुक्त अर्थात सुख्खाका कारण सुक्ने खतरामा रहेका तालहरूको प्रतिशत | | | | |
| ▪ संकटयुक्त अर्थात सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका (मूलहरू) मुहानहरू प्रतिशत | | | | |

| जलाधार संरक्षणका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ संकटयुक्त अर्थात सुख्खाका कारण सुक्ने खतरामा रहेका नदीहरूको प्रतिशत | | | | |
| ▪ संकटयुक्त अर्थात सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसारहरूको प्रतिशत | | | | |
| ▪ नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्रको प्रतिशत | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- जलाधार संरक्षण कार्यक्रम कार्यान्वयन पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै पर्यावरणीय सन्तुलन, जलाधारको संरक्षण, वातावरमा सुधार, जोखीम न्यूनीकरण र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ८.२.३ वातावरण संरक्षणको विद्यमान वस्तुगत अवस्था

वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जङ्गल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ । यस नगरपालिकामा ठूलो स्तरमा औद्योगिकिकरण नभएको कारण यहाँको वातावरण प्रदुषणको अवस्था त्यति भयावह छैन । तर पनि धुलाम्ये सडक, योजनाविहिन तथा अन्धाधुन्ध हिसाबले भइरहेका सडक निर्माण तथा अन्य निर्माण गतिविधिहरू, छिमेकी राष्ट्रबाट आउने वायुप्रदुषण, औद्योगिकीकरण, शहरीकरण र आधुनिकीकरणको क्रमसँगै वातावरणीय समस्याहरू समेत निम्तिने भएका कारण समयमै वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | वातावरण संरक्षण |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ सार्वजनिक क्षेत्रमा रहेको हरियाली क्षेत्रलाई **"हरित क्षेत्र"** घोषणा गरी संरक्षण गर्ने नगरपालिकाको नीति रहेको | |
| ✓ **"स्वच्छ हावा, हरियो परिवेश"** भन्ने नारालाई मूर्तरुप दिई सडक, खोला तथा खोल्सामा वृक्षारोपण गर्ने नीति लिएको | |
| ✓ जैविक र अजैविक फोहरको वर्गीकरण गरी उचित व्यवस्थापन गरेर **"फोहरबाट मोहर"** भन्ने अभियानलाई अगाडि बढाइएको | |
| ✓ प्लाष्टिकका झोला प्रयोगलाई निरुत्साहित गरी वातावरण मैत्री झोलाको प्रयोगलाई प्रोत्साहन गरिएको | |
| ✓ दिगो विकास अवधारणालाई मूर्तरुप दिन वन तथा वातावरण संरक्षणमा जोड दिइएको | |
| ✓ यातायातका साधन र कलकारखाना न्यून रहेका तथा हरियाली पर्याप्त भएका कारण वातावरण स्वच्छ रहेको | |
| **दुर्बल पक्षहरू** | |
| ✓ प्राकृतिक सम्पदाहरूको पूर्ण संरक्षण र सदुपयोग हुन नसकेको | |
| ✓ वन र वातावरण संरक्षण सम्बन्धी ठोस कार्यक्रमहरू नभएको | |
| ✓ काठदाउरालाई घरायसी इन्धनको रूपमा अत्यधिक प्रयोग गर्नाले घरायसी प्रदूषण बढेको | |
| ✓ आमजनमानसमा वातावरण सचेतनाका कार्यक्रम प्रभावकारी नदेखिएको | |
| **सम्भावना र अवसरहरू** | |
| ✓ नगरपालिका भित्रका विकास निर्माणलाई वातावरणमैत्री बनाउन सकिने | |
| ✓ खोला, नाला, पोखरी संरक्षण तथा वृक्षारोपण, तटबन्ध गरी विपद् जोखीम न्यूनीकरण गर्न सकिने | |
| ✓ समुदायको सक्रियतामा एक वडा एक उद्यान निर्माणको कार्यलाई अभियानको रूपमा अगाडि बढाउन सकिने | |
| ✓ नगरपालिकाका विभिन्न ठाउँमा बगैंचा, पार्कहरू निर्माण गरी हरीयाली प्रबर्द्धन गर्न सकिने | |
| ✓ नगरपालिकामा जैविक खेतीबाट माटोको गुणस्तर बढाउन सकिने | |

| |
|---|
| ✓ वन, जलाधार र भू-संरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्न सकिने |
| ✓ सार्वजनिक जग्गामा व्यापक वृक्षारोपण गरी पार्क तथा पिकनिक स्थलको रूपमा विकास गर्न सकिने |
| ✓ कटानबाट प्रभावित क्षेत्रमा बृहत् तटबन्ध, पुलहरू, कल्भर्ट, ड्याम निर्माण गरी जोखिम न्यूनिकरण गर्न सकिने |
| ✓ कृत्रिम ताल तथा पोखरीहरू निर्माण गरी पर्यावरणीय सन्तुलन कायम गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
|---|
| ✓ वातावरण संरक्षण गर्न नसके प्राकृतिक विपद्को उच्च जोखिम रहेको |
| ✓ पर्यावरणीय असन्तुलनका कारण जीवन कष्टकर हुन सक्ने |
| ✓ प्रदुषणको नकारात्मक असरहरू देखिन सक्ने |
| ✓ वातावरण सचेतना कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न कठिनाइ |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

"स्वच्छ, सफा र सुन्दर रामग्राम"

### लक्ष्य

वातावरणमैत्री नमूना Green Eco Zone को रूपमा विकास गर्ने

### उद्देश्यहरू

- ✓ जल, जमिन, वायू र ध्वनि प्रदुषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने ।
- ✓ सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरूलाई दिगो र वातावरणमैत्री बनाउने ।

### रणनीतिहरू

- ✓ वायुप्रदुषण नियन्त्रण गर्न क्रमशः सबै सडकहरू कालोपत्रे गर्दै जाने
- ✓ प्लास्टिक तथा टायर ट्युब जलाउने परिपाटीलाई पूर्णतः बन्देज गर्ने
- ✓ घरआँगन, टोल र सडक सफा राख्ने र सामुदायिक वा टोलस्तरमा नियमित सरसफाई अभियान सञ्चालन गर्ने
- ✓ पानीका मुहानहरू सफा राख्ने । त्यस्ता स्थानहरूमा मानवीय गतिविधि र छाडा पशुहरू नियन्त्रण गर्ने
- ✓ विकास निर्माणका ठूला कार्यक्रमहरू, खानी उत्खनन्, ढुङ्गा, गिट्टी बालुवा तथा माटो उत्खनन् आदि कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरशः पालना गर्ने
- ✓ ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थलहरूको एकीकृत संरक्षण योजना तयार गरी यस्ता क्षेत्रलाई सम्पदा क्षेत्र घोषणा गरी वातावरण अनुकूल दिगो विकास र संरक्षण गर्ने
- ✓ मरेका पशुचौपायाहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरू तोक्ने
- ✓ प्रत्येक घरमा खाना पकाउन प्रयोग हुने मुख्य इन्धनमा काठ दाउरा तथा गोबर गुइँठालाई विस्थापन गर्न वैकल्पिक उर्जा जस्तै गोबरग्याँस, वायोग्याँस, सौर्य तथा वायु उर्जा, सुधारिएको चुलो आदिको व्यवस्था गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिने
- ✓ प्रत्येक वडाका मानवीय गतिविधिहरू बढी भैरहने क्षेत्रमा अनिवार्य सार्वजनिक शौचालयको निर्माण गर्ने

- ✓ ठूला उद्योग, क्रसर, इँटाभट्टा जस्ता प्रदुषण बढाउने उद्योगलाई घना मानव बस्ती भएको इलाकामा स्थापना गर्न निषेध गर्ने। यस्ता उद्योगहरूलाई वातावरण प्रदुषण नियन्त्रणमा जिम्मेवार बनाई वातावरण संरक्षणका क्षेत्रमा शोधभर्ना स्वरूप लगानी गर्नुपर्ने प्रावधान बनाउने
- ✓ नगरपालिका भएर बग्ने खोला नालाको किनार लगायत भू-क्षय संवेदनशील क्षेत्रमा भू-क्षय, नदी कटान तथा पहिरो नियन्त्रण गर्ने योजना कार्यान्वयन गर्ने। यसो गर्दा जैविक इन्जिनियरिङलाई प्रविधिमा प्राथमिकता दिने
- ✓ प्रत्येक वडामा एक-एक वटा वडागत नमुना पार्कहरूको निर्माण गर्ने

## ३. वातावरण संरक्षणका लागि Logical Framework Approach (LFA)

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) वातावरण संरक्षण** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ वायु प्रदुषण नियन्त्रण गर्न इँट्टा, क्रसर तथा अन्य उद्योग सञ्चालनको लागि मापदण्ड तोक्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्न प्लाष्टिक झोला प्रतिबन्ध लगाउने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ पानीका स्रोत वरपर मानवीय गतिविधिमा निषेध गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ छाडा पशु चौपाया नियन्त्रण तथा दण्ड जरिवाना गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विद्यालय, स्वास्थ्य क्षेत्र र संवेदनशील क्षेत्र वरपर ध्वनि निषेधित क्षेत्र घोषणा गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ ठूला निर्माण कार्य, ढुङ्गा, गिट्टी, बालुवा तथा खानी उत्खनन्, क्रसर उद्योग सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्ने र त्यसलाई कडाइका साथ लागू गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ मरेका पशु, चौपाया व्यवस्थापन गर्न प्रत्येक वडामा स्थानहरू तोक्ने | | नगरपालिका | निजी क्षेत्र | नगरपालिका |
| ▪ खाना पकाउन प्रयोग हुने काठ दाउरा प्रतिस्थापन गर्न वैकल्पिक उर्जा जस्तैः वायो ग्याँस र सौर्य उर्जामा २५ प्रतिशत अनुदान दिने | ६०० | | | |
| ▪ बजार केन्द्र र जनघनत्व बढी भई मानवीय क्रियाकलाप बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गर्ने | ३०० | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ नदी किनारमा सञ्चालनमा रहेका ढुङ्गा, गिट्टी, क्रसर उद्योग आदिबाट उत्पन्न भएको प्रदुषणका कारण सामाजिक दायित्व अन्तर्गत सो क्षेत्रको मुख्य सडक खण्डको उपयुक्त स्थानहरूमा दायाँबायाँ वृक्षारोपण अनिवार्य गर्ने | ५० | | | |
| ▪ प्रत्येक वडामा हरित क्षेत्र निर्माणसँग एकीकृत गरी नमुना पार्कहरू बनाउने | १८० | | | |
| ▪ सम्पूर्ण सम्पदा क्षेत्र तथा धार्मिक मठ मन्दिरहरूमा वातावरणीय हिसाबले एकीकृत विकास गरी पर्यटन प्रबर्द्धन गर्ने | ३०० | | | |
| ▪ आगामी १५ वर्ष भित्र सम्पूर्ण सडकहरू कालोपत्रे वा स्तरोन्नती वा जैविक विधि अपनाई सम्पन्न गरी वायु प्रदुषण नियन्त्रण गर्ने | | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **१७३०** | | | |
| **वातावरण संरक्षणमा जम्मा बजेट** | | | | |

### अपेक्षित उपलब्धिहरू

- नगरपालिकावासीहरू वातावरणीय स्वास्थ्यको महत्व, वायु प्रदुषण, वन विनास, ओजोन तह विनासका साथै प्राकृतिक प्रकोपका मानवीय कारणहरू, तिनका असरहरू र प्रकोप रोकथामका उपायहरूका बारेमा सचेत र जानकार भएका हुनेछन् ।
- नगरपालिकाभरि जल, जमिन, वायु र ध्वनि प्रदुषण मापदण्ड लागु भएको हुनेछ ।
- हरेक वडामा कम्तीमा एक नमुना हरित क्षेत्रको निर्माण भएको हुनेछ ।
- राष्ट्रिय संरक्षण नीति अनुरूप वनस्पति र वन्यजन्तु संरक्षण र सङ्ख्या वृद्धि गर्ने कार्यक्रम लागु भएका हुनेछन् ।
- वायु प्रदुषण नगर्ने विद्युतीय सवारी साधनलाई प्रोत्साहित गर्न निश्चित प्रतिशत अनुदान दिइने छ ।
- जल, जमिन, वायू र ध्वनी प्रदुषण मापदण्ड लागू भएको

### सूचकहरू

| वातावरण संरक्षणका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ हरित क्षेत्रको संख्या | | | | |
| ▪ वातावरणीय मापदण्ड पूरा गरी Green Eco Zone घोषणा गरिएका स्थानको संख्या | | | | |
| ▪ वातावरणीय हिसाबले संवेदनशील मानिएका क्षेत्रहरूको संख्या (घटाउने) | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- वातावरण संरक्षण कार्यक्रम कार्यान्वयन पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण, वातावरमा सुधार, जोखिम न्यूनीकरण र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ८.२.४ जलवायु परिवर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापनको विद्यमान वस्तुगत अवस्था

### (क) जलवायु परिवर्तन

औद्योगिक राष्ट्रहरूले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, औद्योगिकीकरण, शहरीकरण, विकास निर्माण, जनसङ्ख्या वृद्धि, वनजङ्गल विनाश, रेफ्रिजेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्बन (CFC) जस्ता कारणले हरित गृह प्रभाव (Green House Effect) बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामी साम्रु छ। यसका साथै ओजोन तहको विनाशले मानवीय तथा वातावरणीय स्वास्थ्यमा विभिन्न प्रकारका रोग, महामारी, प्राकृतिक विपत्ति समेत निम्त्याएको छ। यसरी भूमण्डलीय तापक्रम वृद्धि तथा प्राकृतिक विपत्तिले जलवायु परिवर्तनमा प्रत्यक्ष प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यी तथ्यलाई मनन् गरी तयार पार्नुपर्ने हुन्छ। किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरू नै विकास सम्बन्धी मानवीय गतिविधिहरू हुन्। विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा वातावरण-मैत्री प्रविधि अपनाउने, वातावरण संरक्षण, प्रतिकार्य र पुनर्स्थापना कार्यक्रम तथा जलवायु परिवर्तन विरुद्ध अभियान सञ्चालन गरी कमभन्दा कम कार्बन उत्सर्जन गर्ने र बढी भन्दा बढी कार्बन उपभोग हुने वातावरण सिर्जना गरी जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्नु श्रेयस्कर हुन्छ। यस नगरपालिकामा जलवायु अनुकूलन सम्बन्धी खोला वरीपरी वृक्षारोपण, झरही खोलामा वृक्षारोपण, वडा नं. १०, १२ मा वृक्षारोपण कार्यक्रम, भलुही खोला तटबन्ध कार्यक्रम सञ्चालित गरिएका छन्।

### (ख) जल उत्पन्न प्रकोप तथा विपद् व्यवस्थापन

भौगोलिक जटिलताका कारणले समेत नेपाल प्राकृतिक प्रकोपका हिसाबले जोखिमयुक्त देश हो। नेपालको महालङ्गुर हिमश्रृङखला भूकम्पको फल्टलाइनमा पर्दछ। तसर्थ यो भूकम्पीय हिसाबले अति संवेदनशील क्षेत्रमा पर्दछ। यसबाहेक भूक्षय, बाढी, डढेलो, अतिवृष्टि, अनावृष्टि, सुख्खा, खडेरी जस्ता प्राकृतिक प्रकोपहरूले समेत बर्षेनी सयौँ मानिसहरूको ज्यान लिइरहेको छ। यो नगरपालिका समेत बाढी, हुरी, नदी कटान, आगलागी लगायतका प्राकृतिक प्रकोपका हिसाबले संवेदनशील अवस्थामा रहेको छ। तसर्थ यी प्रकोपहरू सामान्यतया पूर्णतः नियन्त्रण गर्न नसके तापनि यिनीहरूका प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी धनजनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। त्यसका लागि नगरपालिकाले निम्नानुसारका विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नुपर्दछ। नगरपालिकाका विभिन्न ठाउँहरूमा बाढी, हावाहुरी, खडेरी, डढेलो जल उत्पन्न तथा प्राकृतिक प्रकोप जोखिम रहेको छ।

### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | जलवायु परिवर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ शहरी क्षेत्रमा जस्तो वातावरण प्रदुषण कम भएको | |
| ✓ खोलानाला नजिक केही ठाउँमा तटबन्ध गरिएको | |
| ✓ केही मात्रामा भए पनि Culvert, पुल, Check Dam र प्राकृतिक Bio-Engineering Practice भएको | |

| |
|---|
| ✓ विपत् पिडीतलाई रेडक्रस र अन्य सहयोगी संस्थाबाट सहयोग प्राप्त भएको |
| ✓ सिँचाइको समस्या समाधान गर्न कुलो, नहर तथा पोखरीहरूको प्रयोग भएको |
| ✓ विभिन्न वडामा वृक्षारोपण कार्यक्रम गर्ने गरिएको |
| ✓ खाली जमिनमा वृक्षारोपण गरी वातावरण सन्तुलन गर्न सकिने |
| ✓ जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न गैर सरकारी संस्थाहरूसँग मिलेर अगाडि बढ्न सकिने |
| ✓ विपद् व्यवस्थापन कोष स्थापना रहेको |
| ✓ विपद् पीडितलाई सहयोगको व्यवस्था भई रहेको |
| ✓ विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना तयार हुन लागेको |
| ✓ आगलागी नियन्त्रणका लागि दमकलको व्यवस्था भएको |

| दुर्बल पक्षहरू |
|---|
| ✓ वर्षातमा झरही खोलाको बाढीले स्थानीयवासीलाई डुवान तथा कटान गरी दु:ख दिने गरेको |
| ✓ जलवायु परिवर्तनले अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि, जलवायु परिवर्तन, हरितगृह प्रभाव, मौसम परिवर्तन आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर (पात्रो) परिवर्तन हुन थालेको |
| ✓ बालीनाली उत्पादनमा नकारात्मक प्रभाव देखिएको |
| ✓ मुख्यतया: भिरालो क्षेत्र र नदी किनारहरुमा बाढी तथा कटानको समस्या भएको |
| ✓ बालीनालीमा रोग किराको समस्या देखिएको |
| ✓ वर्षेनी वर्षात्को समयमा नदी कटान तथा भू-क्षयको समस्या हुने गरेको |
| ✓ महामारी नियन्त्रण |
| ✓ बाली प्रकोप नियन्त्रण |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ जलवायु अनुकूलन कार्यक्रमलाई वैज्ञानिक तरिकाले लागु गर्न सकिने |
| ✓ विपद् व्यवस्थापन योजना तथा प्रतिकार्यका लागि स्थानीय सरकारले ठोस योजना निर्माण गर्न सक्ने |
| ✓ स्थानीय स्तरमा तथा विद्यालयहरूमा जलवायु परिर्वतनका बारेमा अन्तरक्रिया कार्यक्रम गर्न सकिने |
| ✓ विपद् व्यवस्थापनका बारेमा जनचेतना फैलाउन सकिने |

| चुनौती तथा जोखिमहरू |
|---|
| ✓ विपद् व्यवस्थापन तथा न्यूनीकरणका योजना लागू नगर्दा ठूलो जनधनको क्षती हुन सक्ने |
| ✓ दक्ष जनशक्तिको व्यवस्था नभएको |
| ✓ जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद् न्यूनीकरणका लागि ठोस योजना बनाई लागू गर्नुपर्ने |
| ✓ वृक्षारोपणका कार्यक्रमहरु प्रभावकारी हुन नसकेको |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षती न्यूनीकरण गर्ने

### लक्ष्य

विपद् जोखिम न्यूनिकरण तथा प्रतिकार्य योजना तत्काल लागू गरी पूर्णत कार्यान्वयन गर्ने

### उद्देश्यहरू

- ✓ भू-क्षय सम्बेदनशील क्षेत्र पहिचान गरी भू-क्षय नियन्त्रण गर्ने ।
- ✓ जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिने ।
- ✓ जलवायु अनुकूलका प्रभावकारी योजना निर्माण गरी लागू गर्ने ।
- ✓ जलवायु परिवर्तनले निम्त्याएका समस्याहरू सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ नगरपालिकामा आइपर्ने प्रमुख प्राकृतिक बिपत्तीहरूको पहिचान गरी एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्ने ।
- ✓ विपद् व्यवस्थापनको तयारीका लागि आवश्यक सामग्री तथा उपकरणको समयमै बन्दोवस्ती गर्ने ।
- ✓ विपद्को समयमा राहत र उद्धार कार्य गर्न सक्षम संयन्त्रको निर्माण गर्ने ।
- ✓ विपद्को समयमा भेला हुने स्थानको पहिचान गरी त्यस्ता खुल्ला स्थानहरूलाई आवश्यक पूर्वाधारयुक्त बनाउँदै लैजाने ।
- ✓ आकस्मिक उपचार, खाद्यान्न आपूर्ति तथा सुरक्षाको पूर्व तयारी गर्ने ।

### रणनीतिहरू

**विपद् पूर्व तयारी**

- ✓ वन क्षेत्रमा वन क्षेत्रको बिस्तार तथा वडागत तहमा हरित क्षेत्र कायम गरी कार्बन उपभोगको तह वृद्धि गर्ने
- ✓ वैकल्पिक र नवीकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने
- ✓ विद्युत उपभोगलाई वृद्धि गरी वैकल्पिक उर्जा उत्पादनमा लगानी गर्ने र घरेलु इन्धनको रूपमा काठदाउरा तथा गोबर गुइँठाको गरिने प्रयोग क्रमशः शुन्यमा झार्ने
- ✓ नगरपालिकामा जलवायु परिवर्तनले पारेका मुख्य-मुख्य प्रभावहरूको अध्ययन गर्न विज्ञको परामर्श लिने र ती प्रभावहरू यकिन गर्ने
- ✓ नकारात्मक प्रभाव न्यूनीकरणका लागि जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गर्ने
- ✓ जलवायु परिवर्तनले निम्त्याएका समस्याहरूको पहिचान गरी त्यस्ता समस्यासँग जुध्न स्थानीय तथा समुदाय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ नियमित रूपमा भैरहने प्राकृतिक प्रकोपको अध्ययन गरी प्रकोप पात्रो तयार गर्ने
- ✓ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पार्ने
- ✓ स्थानीय श्रोत र साधनमा आधारित भूकम्प प्रतिरोधी घर निर्माण गर्न स्थानीय डकर्मीहरूलाई अनिवार्य निशुल्क तालिम दिने
- ✓ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्न नगरपालिका स्तरमा विपद् व्यवस्थापन समितिको गठन गर्ने
- ✓ मूल समितिको मातहतमा रहने गरी वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने

- ✓ नगरपालिकामा उपलब्ध विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउन सक्ने सम्पूर्ण सरकारी, गैर सरकारी, सहकारी तथा निजी संस्था र सम्बन्धित अधिकारीहरूको यकिन गरी मूल समितिमा संलग्न गराउने
- ✓ समितिको नियमित बैठक आयोजना गर्ने
- ✓ समुदाय तथा विद्यालयहरूमा विपद् सामना गर्न नियमित तालिम र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा स्थानीय बासिन्दाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी नियमित तालिम तथा प्रशिक्षणको आयोजना गर्ने
- ✓ नगरपालिकामा आइ पर्न सक्ने मुख्य जोखिमको पूर्वानुमान र आँकलन गर्ने
- ✓ बेलाबेलामा उद्धार तथा विपद्बाट बच्ने उपायबारे पूर्वाभ्यासहरू सञ्चालन गर्ने
- ✓ उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गर्ने
- ✓ वडास्तरमा युवाहरू सम्मिलित विपद् प्रतिकार्य स्वयम्सेवक समूह निर्माण गरी नियमित तालिम प्रदान गर्ने
- ✓ जोखिमयुक्त क्षेत्रमा अनिवार्य बिमाको व्यवस्था गर्ने
- ✓ संक्रामक रोग तथा महामारीबाट बच्ने उपायहरूका बारेमा स्थानीय सञ्चार माध्यमहरूबाट जनचेतनामूलक सन्देश नियमित रूपमा प्रवाह गर्ने
- ✓ स्वास्थ्य सेवा, पिउने पानी, खाद्यान्न आपूर्ति प्रणालीलाई विपद्को बेला काम लाग्न सक्ने गरी ठीक अवस्थामा राख्ने
- ✓ प्रत्येक वडामा विपद्को बेला भेला हुने स्थानको तय गर्ने र त्यस्ता स्थानको सूची तयार गरी घोषणा गर्ने र साथै ती क्षेत्रहरूलाई पूर्वाधारयुक्त बनाउने
- ✓ नगरपालिकामा विपद व्यवस्थापन कोषको निर्माण गर्ने
- ✓ प्रत्येक वडामा निश्चित संख्यामा युवा विपद स्वयंसेवा दस्ता तयारी गरी नियमित तालिम सञ्चालन गर्ने
- ✓ भूकम्प प्रतिरोधी घरलाई मात्र निर्माण सम्पन्न प्रमाणपत्र दिने
- ✓ मापदण्ड नपुगेका घरहरूलाई निश्चित मापदण्ड पुरा गरी निर्माण वा पुननिर्माण गर्न समय प्रदान गर्ने
- ✓ इन्जिनियर तथा डकर्मीहरूलाई भूकम्प प्रतिरोधी घर निर्माण गर्न नियमित तालिम दिने
- ✓ प्रकोप संवेदनशीलताको आधारमा भू-उपयोग योजना तयार पार्ने
- ✓ प्राकृतिक प्रकोप जोखिमयुक्त क्षेत्रमा घर, विद्यालय, अस्पताल तथा अन्य बस्ती जस्ता पूर्वाधार निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्ने
- ✓ उद्धार टोली, उद्धार सामग्री र उपकरणलाई तम्तयार अवस्थामा राख्ने
- ✓ उद्धार सम्बन्धी तालिमहरू सञ्चालन गर्ने
- ✓ आकस्मिक स्वास्थ्य उपचारको उचित प्रबन्ध गर्ने
- ✓ प्राथमिक उपचार सामग्री, ज्याकेट, दमकल, एम्बुलेन्स आदिको प्रबन्ध गर्ने
- ✓ विपद् जोखिमयुक्त क्षेत्रहरूमा विपद् पूर्व सङ्केत दिने उपकरणहरू जडान गर्ने
- ✓ जोखिमयुक्त क्षेत्रहरूमा मानवीय गतिविधिहरू निषेध गर्ने
- ✓ सुरक्षा निकाय अन्तर्गत शसस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरीसँग समन्वय गरी विपद्को समयमा तम्तयार रहने संयन्त्र निर्माण गर्ने

**तत्कालीन उद्धार कार्य**

- ✓ प्राकृतिक विपद्का बेला विपद् व्यवस्थापन समितिका उपलब्ध पदाधिकारीहरूको आपत्कालीन बैठक बसी विपद्को क्षति तथा उद्धारको आवश्यकता आँकलन गरी तत्काल उद्धार टोली परिचालन गर्ने
- ✓ बाढी तथा डुबानमा हराएका, घरको भग्नावशेषमा पुरिएका, बगाएका, घाउ तथा चोटपटक लागेका, बढी जोखिममा रहेका घाइते, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरू, गर्भवती महिला, अशक्त र बिरामीहरूको उद्धारलाई प्राथमिकता दिई स्वास्थ्य उपचार तथा आकस्मिक कक्षसम्म पुऱ्याउने

- ✓ एम्बुलेन्स, दमकल लगायतका अन्य उद्धार सामग्रीहरूको परिचालन गर्ने
- ✓ अवस्था हेरेर आपत्कालीन अवस्थाको घोषणा गरी बाह्य सहयोग आह्वान गर्ने
- ✓ विपद् सम्बन्धी सूचना आदानप्रदान तथा प्रसारणका लागि स्थानीय सञ्चार माध्यमका प्रतिनिधिहरूलाई विपद् व्यवस्थापन समितिमा सम्मिलित गराउने र संचार माध्यामको सहयोग लिने
- ✓ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विपद् व्यवस्थापन टोलीको सहयोग लिने
- ✓ मूल सडक, पैदलमार्ग तथा आवतजावत अवरुद्ध भएका स्थानहरूमा तत्काल सडक आवागमन खुल्ला गर्ने । सो कार्यका लागि एक्स्काभेटर सहित संयन्त्र तयारी अवस्थामा राख्ने
- ✓ शवहरूको व्यवस्थापन गर्ने
- ✓ खाद्यान्न, पानी, औषधी, तत्ताकपडा, त्रिपालजस्ता अत्यावश्यक सामग्रीको प्रबन्ध गरी सर्वप्रथम बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, महिला तथा असहायहरूको उद्धार गरी प्राथमिकतामा राख्ने
- ✓ रक्त सञ्चार सेवाको प्रबन्ध गरी सुचारु राख्ने
- ✓ उद्धारकोषको व्यवस्था र स्थापना गर्ने र सहयोगको लागि सबैसँग अपिल गर्ने
- ✓ विपद्ग्रस्त क्षेत्रमा विभिन्न प्रकारका रोग तथा महामारी फैलिन सक्ने अवस्थालाई ख्याल राखी प्रतिकार्य तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ नागरिकहरूलाई थप विपद् आउन सक्ने अवस्थाबारे सचेत बनाउने

**विपद् पश्चात्**

- ✓ विभिन्न रोगव्याध तथा महामारी फैलन सक्ने जोखिमको पूर्वानुमान गरी जनचेतना फैलाउने
- ✓ महामारीको सामना गर्न आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा औषधीसहितको स्वास्थ्य उपचार टोलीको प्रबन्ध गर्ने
- ✓ सामुहिक भोजनको लागि भण्डारा (Common Mess) सञ्चालन गर्ने
- ✓ सुरक्षित पिउने पानी, खाद्यान्न, औषधी, कम्बल, त्रिपाल, भाँडाकुडा लगायत लत्ताकपडाको आपूर्तिको व्यवस्था मिलाउने
- ✓ मनो-सामाजिक परामर्श टोली परिचालन गर्ने
- ✓ आवास पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने
- ✓ भत्केका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी लगायत सार्वजनिक संरचनाहरूको पुनर्निर्माण तथा पुर्नस्थापना गर्ने
- ✓ पोषणयुक्त आहारको प्रबन्ध गरी बालबालिका, सुत्केरी, गर्भवती, बृद्धबृद्धा, अनाथ, अपाङ्गहरूलाई प्राथमिकता दिने
- ✓ अस्थायी प्रकृतिका सेवा केन्द्रहरूको व्यवस्था गर्ने
- ✓ अस्थायी शौचालयहरूको निर्माण गर्ने
- ✓ जनजीवन सामान्य हुँदै जाँदा विद्यालय सञ्चालन गर्न पहल गर्ने
- ✓ आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थामा ध्यान दिने

## ३. जलवायु परिवर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापनका लागि Logical Framework Approach (LFA)

कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ जलवायु परिवर्तनको असर अध्ययन गर्न विज्ञहरूसँग परामर्श लिने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ वैकल्पिक उर्जा र विद्युत् उर्जाको उपभोग वृद्धि गर्न नगरपालिकामा लघु जलविद्युत्को सम्भाव्यता अध्ययन र लगानीको वातावरण तयार पार्न अन्तरक्रिया गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विपद्को मुख्य असर सामना गर्न वडागत योजना तयार पार्ने | १२ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सम्भाव्य स्थलहरूमा विपद् पूर्वसङ्केत दिने उपकरणहरू जडान गर्न सम्भाव्यता अध्ययन गर्ने | ५० | | | |
| ▪ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्ने | ५ | | | |
| ▪ विपद् पश्चात् मनोवैज्ञानिक परामर्श दिन जनशक्ति तयार गरी परामर्श केन्द्र तथा समूह स्थापना गर्ने | ७५ | | | |
| ▪ प्रकोप संवेदनशीलताको आधारमा भू-उपयोग योजना तयार पार्ने | १५ | | | |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ जलवायु परिवर्तन अनुकूलन सम्बन्धी नियमित वडागत सचेतना र तालिम कार्यक्रम सञ्चालन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ समुदाय र विद्यालयहरूमा विपद्सँग सामना गर्न पूर्वाभ्यास तथा तालिमको आयोजना गर्ने | ७५ | | | |
| ▪ विपद् व्यवस्थापन समितिका सदस्यहरूको नियमित तालिम र प्रशिक्षण सञ्चालन गर्ने | ७५ | | | |
| ▪ भूकम्प प्रतिरोधी घर निर्माण गर्न डकर्मीलाई नियमित तालिम सञ्चालन गर्ने | ४५ | | | |
| ▪ भूकम्प प्रतिरोधी घर निर्माण गर्न डकर्मीलाई नियमित तालिम सञ्चालन गर्ने । | १५ | | | |
| **प्रचार, प्रशार तथा जनचेतनामूलक कार्यक्रम** | | | | |
| ▪ क्लिन, ग्रीन, नविकरण तथा वैकल्पिक उर्जाको प्रयोगकर्तालाई निश्चित मापदण्डका आधारमा अनुदान दिने | ४५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ जलवायू परिवर्तन प्रभाव न्यूनिकरण तथा अनुकूलन कार्यमा संलग्न उत्कृष्ट संघ, संस्था तथा व्यक्तिलाई वार्षिक रूपमा पुरस्कृत गर्ने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकाका प्राकृतिक प्रकोपको हिसाबले उच्च जोखिम क्षेत्ररूको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरूमा खतरा सङ्केतहरू राख्ने | १० | | | |
| ▪ आपत्कालीन उद्धार कोषको निर्माण गर्ने | १०० | | | |
| ▪ आपत्कालीन उद्धारका लागि सुरक्षा निकायसँग मिलेर विभिन्न स्थानमा हेलीप्याडको निर्माण गर्ने | ४५ | | | |
| ▪ विपद् व्यवस्थापन मूल समितिको नियमित वैठक सञ्चालन गरी पूर्व तयारीको मूल्याङ्कन गर्ने | ५ | | | |
| ▪ विपद् व्यवस्थापन वडागत समितिको नियमित बैठक सञ्चालन गरी पूर्व तयारीको मूल्याङ्कन गर्ने | ९० | | | |
| ▪ महामारीबाट बच्ने उपायबारे स्थानीय सञ्चार माध्यमबाट जनचेनतामूलक सन्देश नियमितरूपमा प्रसारण गर्ने | १५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ विपद्को बेला पिउने पानी, खाद्यान्न, औषद्योपचारको पूर्व तयारी गर्न संयन्त्र निर्माण गर्ने | ५० | | | |
| ▪ विपद्का बेला भेला हुने खुला स्थानहरू तय गरी पूर्वाधारयुक्त बनाउने | ५० | | | |
| ▪ विपद्, जोखिम तथा महामारीबाट बच्ने उपायबारे स्थानीय सञ्चार माध्यमबाट जनचेनतामूलक सन्देश नियमितरूपमा प्रसारण गर्ने । | १५ | | | |
| ▪ प्राकृतिक प्रकोप तथा विपद् जोखिमयुक्त क्षेत्रहरूमा घर तथा अन्य बसोबासका पूर्वाधारहरूको निर्माणलाई निरुत्साहित गर्ने । | | | | |
| ▪ घर तथा बस्ती निर्माण गर्नुभन्दा पहिले अनिवार्य रूपमा नक्सा पास, माटो परीक्षण तथा फिल्ड चेकजाँच गरेर मात्र गराउने कार्यको शुरुवात गर्ने । | | | | |
| ▪ विपद् सम्भावित क्षेत्रका प्रत्येक नागरिकको अनिवार्य बिमा योजना लागु गर्ने र विपन्न नागरिकको बिमा नगरपालिकाले गरिदिने | १५० | | | |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **१४६७** | | | |
| **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनमा जम्मा बजेट** | **१४६७** | | | |

## अपेक्षित उपलब्धिहरू

- नगरपालिकाभर रहेका प्राकृतिक प्रकोप संवेदनशील क्षेत्रको नक्शाङ्कन गरी प्रकोप नियन्त्रण कार्यक्रम लागु भएको हुनेछ ।
- वायु प्रदुषण, ओजोन तह विनाश जलवायु परिवर्तनले पारेका प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरूको अध्ययन गरी सुझाव पेश गर्न विज्ञहरूसँग परामर्श लिई जलवायु परिवर्तन अनुकूलन कार्यक्रम लागु भएको हुनेछ ।
- नगरपालिकामा आइपर्ने प्रमुख प्राकृतिक विपद्को पहिचान भएको हुनेछ ।
- एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना लागु भैसकेको हुनेछ ।
- सबै खाले प्राकृतिक विपद्लाई सामना गर्न सक्षम विपद् व्यवस्थापन संयन्त्रको विकास भैसकेको हुनेछ ।
- विपद्को समयमा भेला हुन उपयुक्त स्थानको पहिचान गरी जनसाधारणबीच घोषणा भैसकेका हुनेछन् ।

- विपद्को सामना गर्न समुदाय स्तरमा पूर्वाभ्यासका कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।
- आकस्मिक उपचार, खाद्यान्न लत्ताकपडा, भाँडाकुँडा आपूर्ति, आवास प्रबन्धजस्ता अत्यावश्यकीय आयामहरूको पूर्व तयारी भै-सकेको हुनेछ ।
- गाउँपालिकलाई आवश्यक पर्ने एम्बुलेन्स, दमकल र अन्य उद्धार सामग्रीहरूको प्रबन्ध भैसकेको हुनेछ ।
- आपत्कालीन उद्धारका लागि सुरक्षा निकायसँग मिलेर प्रत्येक वडामा कम्तिमा १-१ वटा हेलिप्याड निर्माण भएका हुनेछन् ।
- भू-क्षय संवेदनशील क्षेत्रको नक्साङ्कन भइ नित्रयन्त्रण कार्यक्रम लागू भएको हुनेछ ।
- विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार भई लागू भएको हुनेछ ।

### सूचकहरू

| जलवायु परिवर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापनका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ विपद्को बेला भेलाहुने स्थानको संख्या | | | | |
| ▪ दमकल संख्या | | | | |
| ▪ एक्सकाभेटर संख्या | | | | |
| ▪ भूकम्प प्रतिरोधी घरको संख्या | ७०.६% | | | |
| ▪ प्राकृतिक विपद्को कारण मृत्यु हुनेको संख्या प्रतिवर्ष (घटाउने) | ३ जना | | | |
| ▪ विपद् पूर्व संकेत दिने जडित उपकरणहरू संख्या | | | | |
| ▪ स्थानीय जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदाय स्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या (प.दि.वि.ल. १३.२.१) | | | | |
| ▪ जलवायु अनुकलका वनस्पति तथा बालीनालीको संख्या | | | | |
| ▪ जलवायु अनुकूलन सम्बन्धी शिक्षा समावेश गरेका विद्यालय संख्या | | | | |
| ▪ जलवायूका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | | | | |
| ▪ जलवायु परिवर्तन अनुकूलनमा तालिम प्राप्त व्यक्तिहरूमध्ये योजनाकार तथा विज्ञको संख्या | | | | |

### प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- जलवायु परिवर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापनका कार्यक्रम कार्यान्वयन पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै प्रकोप नियन्त्रण, जोखिम न्यूनीकारण र अन्य मानवीय गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ८.२.५ फोहरमैला व्यवस्थापनको विद्यमान वस्तुगत अवस्था

सफा, सुन्दर र स्वच्छ गाउँ सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । खासगरी परासी बजार क्षेत्रबाहेक अन्य क्षेत्रहरूमा शहरीकरणको सघनतामा वृद्धि नभएको र नगरपालिकाका अधिकांश स्थानहरू ग्रामीण परिवेशमा रहेकोले रामग्राम नगरपालिकामा अन्य सघन शहरी क्षेत्रमा जस्तो ठूलो परिमाणमा फोहरमैला उत्सर्जन हुँदैन र फोहर व्यवस्थापन मुख्य चुनौतिका रूपमा समेत रहेको छैन । तथापि व्यक्ति, परिवार, र समुदायस्तरमा सरसफाइ र फोहरमैला व्यवस्थापन अनिवार्य र महत्वपूर्ण विषयको रूपमा रहेको छ । साथै शहरीकरण, औद्योगिकीकरण र व्यापार व्यवसाय, जनसङ्ख्या वृद्धि र बसाईँसराइका कारणले भविश्यमा यो नगरपालिकाको वातावरणमा दवाव सिर्जना हुने कुरा निश्चित छ। यसका अलावा यो नगरपालिकामा हालसम्म पनि फोहरमैला व्यवस्थापनको ठोस योजना लागू नभएकोले व्यक्तिगत रूपमा स्वतस्फूर्त फोहर व्यवस्थापन गर्ने बाहेक अन्य वैज्ञानिक विधिहरूको प्रयोग गरिएको छैन । क्रमशः विकास भइरहेका शहर तथा बजार केन्द्रहरू वरपर फोहर फ्याँक्ने र आफ्नो घरआँगन बाहेक अन्यत्र सरसफाइ गर्ने कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन् ।

### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | फोहरमैला व्यवस्थापन |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ बजारको मुख्यकेन्द्र बुद्धचोकमा अत्याधुनिक सुविधासम्पन्न सार्वजनिक शौचालयको निर्माण गर्ने योजना रहेको | |
| ✓ सघन शहरी इलाकाहरूको विकास नभइसकेकोले फोहर व्यवस्थापन जटिल नभएको | |
| ✓ ल्याण्डफिल साइटबारे सम्भाव्यता अध्ययन गर्न सकिने | |
| ✓ बजार क्षेत्रमा फोहर व्यवस्थापन गर्न केही ठाउँमा कन्टेनरहरु राखिएका | |
| ✓ भलुही खोलामा तटबन्ध गरिएको | |
| ✓ वडा नं. ३ मा फोहर सङ्कलन गर्ने उद्देश्यले उपभोक्ता समिति गठन भएको | |
| ✓ फोहर न्यूनीकरण तथा व्यवस्थापन गर्न वडा नं. १५ फोहोरबाट वायोग्यास बनाउने प्लान्ट रहेको । | |

| दुर्बल पक्षहरू |
|---|
| ✓ अधिकांश सार्वजनिक स्थलमा शौचालय नभएको |
| ✓ फोहर व्यवस्थापन सम्बन्धी ठोस योजना नभएको |
| ✓ फोहर व्यवस्थापन सम्बन्धी जनचेतना अभाव रहेको |
| ✓ क्रमशः विकास भैरहेका ग्रामीण बजारहरूमा फोहर उत्सर्जनको व्यवस्थापन योजना नबनेको |
| ✓ सिसाजन्य र अन्य प्लाष्टिक फोहर जथाभावी फ्याँक्दा भू-प्रदुषण वृद्धि भई जीव तथा मानव स्वस्थ्यमा नकारात्मक प्रभाव पर्न थालेको |
| ✓ वर्षात्को पानीको व्यवस्थित निकास नभएको |
| ✓ पुनः प्रयोग गर्न सकिने फोहरको पुनः प्रयोग योजना नभएको |
| ✓ सम्पूर्ण सडकहरूमा नाला निर्माण हुन नसकेको |

| दुर्बल पक्षहरू |
| --- |
| ✓ प्लाष्टिकजन्य फोहर जलाउँदा वायु प्रदुषण हुने गरेको |
| ✓ फोहर व्यवस्थापनको लागि छुट्टै सम्भाव्यता अध्ययन नभएको |

| सम्भावना र अवसरहरू |
| --- |
| ✓ फोहोरमैला व्यवस्थापनलाई योजनाबद्ध तरीकाले समुदायमा जनचेतना वृद्धि गर्न सकिने |
| ✓ हालसम्म फोहर व्यवस्थापनको विषय जटिल भैनसकेकोले व्यवस्थित योजना बनाई दीर्घकालीन हिसाबले समस्या समाधान गर्न सकिने |
| ✓ ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन गरी फोहरमैला व्यवस्थापन गर्न सकिने |
| ✓ फोहरमैला व्यवस्थापन सम्बन्धी व्यापक जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गरी स्थानीयवासीलाई नै फोहर व्यवस्थापन गर्न प्रोत्साहन गर्नुपर्ने |
| ✓ पानीको प्राकृतिक बहाव अनुसार ढल निकासको व्यवस्था गर्न सकिने |
| ✓ ग्रामीण इलाका भएकोले कुहिने जैविक फोहरलाई कम्पोष्ट मलमा परिणत गर्न सकिने |
| ✓ फोहरमैला व्यवस्थापन समिति गठन गरी समितिलाई सक्रिय गराउने |
| ✓ वायो ग्याँस प्लान्टसँग सहकार्य गरी फोहर व्यवस्थापन गर्न सकिने । |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ फोहर व्यवस्थापनको ठोस योजना नबन्दा विशेष गरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबल जटिलता सिर्जना हुन सक्ने |
| ✓ फोहरको उचित व्यवस्थापन नहुँदा प्रदुषण वृद्धि भई विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने |
| ✓ सामुदायिक तथा व्यक्तिगत स्वास्थ्य जोखिममा पर्न सक्ने |
| ✓ फोहरका कारण नगरपालिकाको सौन्दर्यमा असर पर्न सक्ने |
| ✓ छरिएका बस्तीहरू भएकाले एकीकृत फोहर व्यवस्थापन गर्न जटिल |
| ✓ जनचेतनाको अभाव |
| ✓ पर्याप्त बजेट तथा ठोस योजनाको अभाव |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

| सोच |
| --- |
| स्वच्छ, सफा र सुन्दर नगरपालिकाको पहिचान निर्माण गर्ने |

| लक्ष्य |
| --- |
| सभ्य, सुसंस्कृत र पूर्ण सरसफाईयुक्त नगरपालिका निर्माण गर्ने |

| उद्देश्यहरू |
| --- |
| ✓ समुदायमा फोहर विर्सजनका प्रभावकारी विधिहरूको बारेमा जनचेतना फैलाउने र फोहर वर्गीकरण गर्न, कम्पोष्ट मल बनाउन र पुनर्प्रयोग गर्न प्रेरित गर्ने र नियमित तालिम सञ्चालन गर्ने |

- ✓ फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साइटको निर्माण गर्ने ।
- ✓ विकसित भैरहेका बजार केन्द्र क्षेत्रतर्फ सडक ढलको क्रमश निर्माण, मर्मत संभार र स्तरोन्नति गर्दै जाने ।
- ✓ प्रत्येक घरमा चर्पीको प्रयोग अनिवार्य गर्ने ।
- ✓ घरबाट निस्कने ढल व्यवस्थापन गर्न सेप्टिक ट्याङ्की वा भान्छाबाट निस्कने फोहरलाई करेसाबारीमा विर्सजन गर्न प्रोत्साहन गर्ने ।
- ✓ बजार केन्द्रहरूमा घरबाट निस्कने फोहर तथा ढल व्यवस्थापनका लागि नगरपालिकाले व्यवस्था गर्ने
- ✓ घर आँगन र टोल सफा राख्न समुदायस्तरमा व्यापक जनचेतनाका कार्यक्रम सञ्चालन गरी नियमित रूपमा सरसफाई अभियान सञ्चालन गर्ने ।

## रणनीतिहरू

- ✓ नगरपालिकाको उपयुक्त स्थानमा ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने
- ✓ घरघरमा फोहरलाई वर्गीकरण गरी कुहिने फोहरलाई कम्पोष्ट मलमा परिणत गर्ने
- ✓ नकुहिने फोहर, प्लाष्टिक, सिसाजन्य फोहरलाई संकलन तथा वर्गिकरण गर्ने
- ✓ **"नजाने फोहर, जाने मोहर"** कार्यक्रम सञ्चालन गरी फोहरलाई पुन: प्रयोग तथा प्रशोधन गर्ने
- ✓ फोहर सङ्कलन र व्यवस्थापनमा निजी क्षेत्रलाई आकर्षित गर्ने
- ✓ घरघरमा उत्पादन हुने फोहरलाई कम गर्न समुदाय स्तरमा तालिम सञ्चालन गर्ने
- ✓ प्रत्येक घरमा अनिवार्य चर्पीको प्रावधान लागू गरी चर्पी नभएका विपन्न घरपरिवारमा चर्पी निर्माणलाई प्रोत्साहन गर्न निश्चित प्रतिशत अनुदान दिने
- ✓ नगरपालिकाका बासिन्दालाई चर्पी निर्माण गर्न प्रोत्साहित गर्न निश्चित समय सीमाभित्र चर्पी निर्माण नगर्ने घरधुरीलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गराउने नीति अवलम्बन गर्ने
- ✓ भान्साबाट निस्कने तरल फोहरलाई करेसाबारीमा प्रयोग गर्न प्रोत्साहन गर्ने
- ✓ कुहिने फोहरको प्रयोग गरी बायोग्याँस निर्माणलाई प्रोत्साहन गर्न नगरपालिकामा एक फोहरबाट निर्मित नमुना बायोग्याँस प्लान्ट निर्माण गर्ने
- ✓ नगरपालिकालाई प्लाष्टिकमुक्त बनाउन अभियान सञ्चालन गर्ने
- ✓ प्रत्येक सार्वजनिक स्थल, विद्यालय, अस्पताल, हाटबजार, बसपार्क जस्ता धेरै मानिसहरू जम्मा हुने स्थानहरूमा फोहर फ्याँक्न डस्टविन वा फोहर खाल्डो र सार्वजनिक शौचालयको व्यवस्था गर्ने
- ✓ प्रत्येक वडामा नियमितरूपमा (प्रत्येक हप्ता) विद्यार्थी, शिक्षक, नगरपालिकाका कर्मचारीहरू र स्थानीयवासीको संलग्नतामा सरसफाई अभियान सञ्चालन गर्ने
- ✓ पानीका मुहान वरपर फोहर गर्नेलाई जरिवाना गर्ने
- ✓ मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाइ गर्न वडास्तरबाट कर्मचारीको व्यवस्था गर्ने। सो क्षेत्रको सरसफाई गरेवापत बजार क्षेत्रका घरधुरीहरूबाट कर्मचारी व्यवस्थापनका लागि सरसफाई शुल्क उठाउने
- ✓ व्यक्तिगत स्वास्थ्य र सरसफाइ सम्बन्धी वडास्तर र विद्यालयस्तरमा नियमित जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ डुबान क्षेत्रमा दीर्घकालीन जल निकास प्रणालीको प्रबन्ध गर्ने
- ✓ बस्ती छेउमा भएका उद्योगहरू क्रमश अन्यत्र सार्ने अथवा उद्योगधन्दाहरू भन्दा टाढा मानव बस्तीको विकास गर्ने

## ३. फोहरमैला व्यवस्थापनका लागि Logical Framework Approach

कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| (अ) फोहरमैला व्यवस्थापन | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **प्रचार, प्रशार तथा जनचेतनामूलक कार्यक्रम** | | | | |
| ▪ आवश्यकता र सम्भाव्यताको अध्ययन गरी प्रत्येक वडा वा टोलमा फोहोरमैला व्यवस्थापन समिति गठन गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ साबुनपानीले हात धुन विद्यालय र समुदायस्तरमा जनचेतना फैलाउने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ खुला क्षेत्र, पानीका स्रोत, कुलो, पैनी तथा नहरमा मलमुत्र त्याग गर्ने प्रवृत्तिलाई निषेध गरी रोक्न जनचेतना फैलाउने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ घनाबस्ती भएका क्षेत्रका सडकको नियमित सरसफाइका लागि नगरपालिकाले आवश्यकता अनुसार सफाई कर्मचारीको व्यवस्था गर्ने वा निजी क्षेत्रलाई संलग्न गराउने | ४५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ कुहिने फोहरबाट कम्पोष्ट मल बनाउने तरिका सिकाउने र यस बारे जनचेतना फैलाउन नगरपालिकाले एक तालिम प्राप्त टोलीलाई बस्ती बस्तीमा परिचालन गर्ने | १८० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक घरमा पानीसहितको चर्पीको व्यवस्था सुनिश्चित गर्न अति विपन्न परिवारलाई अनुदान दिएर अथवा नि:शुल्क रूपमा चर्पी बनाइदिने | ३०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ कुहिने फोहरको व्यवस्थापनका लागि नगरपालिकाले प्रत्येक घरमा नि:शुल्क रूपमा वा विशेष अनुदानमा कम्पोष्ट मल बनाउने किट वितरण गर्ने | ३०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ पशु गोठलाई सफा सुग्घर र स्वस्थकर राख्न पशुपालक कृषकहरूलाई तालिमको व्यवस्था गर्ने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ नगरपालिकाको पहलमा प्रत्येक वडाका विभिन्न स्थानमा सञ्चालित होटल तथा भोजनालयहरूको सरसफाई र गुणस्तरको अनुगमन गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ प्रत्येक वडामा कम्तिमा दुई वटा सफा र सुरक्षित पशु बधशाला निर्माण गरी सञ्चालन गर्न निजी क्षेत्रलाई सहभागी गराउने | १२० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ झिँगा, साङ्ला, लामखुट्टे जस्ता किटाणुहरूको प्रकोप नियन्त्रण गर्न नगरपालिका तथा वडा कार्यालयले आवश्यक कीटनाशक विषादी तथा विपन्न परिवारलाई झुलहरू निः शुल्क रूपमा वितरण गर्ने | १५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सडक छेउका नालीहरूको नियमित सरसफाई गर्न नगरपालिकाले प्रबन्ध गर्ने | १५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ कृषि उपज सङ्कलन र हाटबजार लाग्ने स्थलको नियमित सरसफाई गर्ने | ७५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ बजार क्षेत्रका सडकमा धुलो हटाउन कर्मचारी व्यवस्था गर्ने | ३०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ उद्योगधन्दाबाट निस्केको फोहरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्न उद्योगलाई जिम्मेवार बनाउन मापदण्ड निर्माण गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ मानव बस्ती छेउका पानी जम्ने खाडलहरू पुर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ समुदायलाई व्यापक रुपमा अभियानको रुपमा परिचालन गर्ने | | | | |
| ▪ खानेपानीका स्रोतहरू सफा र सुरक्षित राख्न अनुगमन कर्मचारीको व्यवस्था गर्ने | १५० | | | |
| ▪ सडक दुर्घटनामा परी मरेका घरपालुवा तथा जङ्गली जनावरलाई तुरुन्त व्यवस्थापन गर्न र सडक आवागमन सुचारु राख्न सडक अनुगमन कर्मचारीको व्यवस्था गर्ने | १५० | | | |
| ▪ घरायसी फोहरमैलाका कारण नवजात शिशु, बालबालिका, ज्येष्ठ नागरिक तथा सुत्केरी महिलामा पर्न सक्ने स्वास्थ्य असरका बारेमा जनचेतना फैलाउने | ४५ | | | |
| ▪ फोहरमैला व्यस्थापन र सरसफाइसम्बन्धी जनचेतना फैलाउन पोष्टर प्रकाशन गरी सार्वजनिक स्थानमा टाँस्ने | ७५ | | | |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ प्रत्येक विद्यालयले कम्तिमा वर्षको एक पटक फोहरमैला र यसको असर बारेमा जनचेतना विकास गर्न **'विद्यार्थीसँग चिकित्सक'** कार्यक्रम सञ्चालन गर्ने | १०० | | | |
| ▪ नगरपालिकाका वनहरूले कम्तिमा वर्षको २ पटक जनश्रमदानमा आधारित सडक सरसफाइ कार्यक्रम तथा नदी सरसफाई कार्यक्रम आयोजना गर्ने | ६० | | | |
| ▪ दसैं, तिहार, छठ, इद, मोहरम जस्ता विशेष चाडबाड तथा अवसरमा विद्यालयका विद्यार्थीहरूलाई मन्दिर, मस्जिद लगायतका धार्मिक स्थलहरूको सरसफाइ कार्यक्रममा सहभागी गराउने | ४५ | | | |
| ▪ प्रत्येक घरमा चर्पी निर्माण अनिवार्य गर्न विपन्न समुदायलाई २५ प्रतिशतसम्म अनुदान दिने | १,००० | | | |
| ▪ मुख्य बजार क्षेत्रहरूको फोहर तथा कवाडी सङ्कलन र व्यवस्थापन गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने | २ | | | |
| ▪ **"एक घर एक करेसाबारी"** अभियान अन्तर्गत वडा स्तरमा तालिम प्रदान गर्ने | ४५ | | | |
| ▪ प्रत्येक महिनाको अन्तिम शनिबार वडा स्तरमा विद्यार्थी, कर्मचारी र सर्वसाधारण सम्मिलित व्यापक सामुदायिक सरसफाई अभियान सञ्चालन गर्ने | ४० | | | |
| ▪ बजार क्षेत्रका सडकमा धुलो हटाउन कर्मचारी व्यवस्था गर्ने | ३०० | | | |
| ▪ सडकमा ढलको पानी छोडिदिने तथा फोहरमैला विसर्जन गर्नेहरुलाई पूर्ण रुपमा निरुत्साहित गर्न जरिवानाको व्यवस्था गर्ने | | | | |
| ▪ सडकमा गाईवस्तु बाँधेर फोहर गर्नेको तथ्याङ्क सङ्कलन गरी कानुनी कारवाही गर्ने | | | | |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **४२५७** | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यकालीन कार्यक्रमहरू** | | | | |
| ▪ जीर्ण अवस्थाका प्रदुषण बढाउने सवारी साधनलाई क्रमशः कडाइका साथ हटाउँदै जाने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ कम फोहर उत्सर्जन गर्न करेसाबारीमा फोहरलाई कम्पोष्ट मल बनाई प्रयोग गर्न तालिम सञ्चालन गर्ने | ६० | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ सार्वजनिक स्थल वरपर फोहर फ्याँक्न डस्टबिन, खाल्डो आदिको व्यवस्था गर्ने | १०० | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **१६०** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दीर्घकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नकुहिने (Non-biodegradable) फोहर व्यवस्थापनका लागि नगरपालिकाले प्रत्येक वडामा कन्टेनर राख्ने | ३०० | नगरपालिका | प्रदेश सरकार | नगरपालिका |
| ▪ प्रत्येक वडाका बस्तीहरूमा आवश्यकताका आधारमा ढलनिकासको व्यवस्था गर्ने | ३०० | नगरपालिका | प्रदेश | नगरपालिका |
| ▪ सडक धुलोको कारण हुने वायु प्रदुषण रोक्न मुख्य र व्यस्त सडकहरूको स्तरोन्नती गर्ने | | | | |
| ▪ प्रत्येक नगरपालिकाले सकेसम्म नगरपालिका स्तर वा वडा स्तरमा एकीकृत ढल निकास कार्ययोजना बनाई लागु गर्ने | १२० | | | |
| ▪ वर्षात्को पानी सङ्कलन गरी सरसफाईमा प्रयोग गर्न प्रत्येक वडामा एक एक वटा पानी ट्याङ्कीको निर्माण गर्ने | ६०० | | | |
| ▪ उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साइटको निर्माण गर्ने | १०० | | | |
| ▪ बस्ती छेउमा भएका उद्योगहरू क्रमश अन्यत्र सार्ने अथवा उद्योगधन्दाहरू भन्दा टाढा मानव बस्तीको विकास गर्ने | | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **१४२०** | | | |
| **फोहरमैला व्यवस्थापनमा जम्मा बजेट** | **५८३७** | | | |

### अपेक्षित उपलब्धिहरू

- वैज्ञानिक फोहर व्यवस्थापन प्रणालीको सुरुवात भई बस्ती सेरोफेरो र पर्यावरण स्वच्छ र सुन्दर हुनेछ ।
- उपयुक्त स्थानको पहिचान गरी ल्याण्डफिल साइटको निर्माण भैसकेको हुनेछ ।
- सम्पूर्ण मुख्य तथा सहायक सडकहरूमा नालाहरू निर्माण भैसकेका हुनेछन् ।

- प्रत्येक घरमा चर्पी निर्माण भइसकेका हुनेछन् ।
- बजार क्षेत्रहरूमा पर्याप्त सार्वजनिक शौचालयहरू निर्माण भएका हुनेछन् ।
- प्रमुख बजार क्षेत्रमा ढल निकासको प्रबन्ध भैसकेको हुनेछ ।
- गाउँ, टोल, सडक सफा गर्न समुदाय स्तरबाट नियमित कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।

### सूचकहरू

| फोहरमैला व्यवस्थापनका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ वैज्ञानिक फोहोर व्यवस्थापन प्रणालीमा समेटिएका घरधुरीको संख्या | ७७४ | | | |
| ▪ चर्पी नभएका घरधुरीको संख्या | २७२ | | | |
| ▪ ढलको सुविधा पुगेको परिवार संख्या | | | | |
| ▪ ल्यान्डफिल साइटको निर्माण सम्पन्न भएको | | | | |
| ▪ सार्वजनिक स्थलमा भएको कन्टेनरको संख्या | | | | |
| ▪ सार्वजनिक स्थलमा भएको डस्टविनको संख्या | | | | |
| ▪ वर्षातको पानी व्यवस्थित ढंगले निकास हुने नाला प्रणाली नभएका सडकको प्रतिशत | | | | |
| ▪ घरायसी फोहरलाई व्यवस्थित रूपले विसर्जन व्यवस्था नभएका परिवारको प्रतिशत | ९.२४% | | | |
| ▪ साबुन पानीसहितको हात धुने सुविधा लगायतका सुरक्षित तवरले व्यवस्थित गरिएका सरसफाई सेवाहरू प्रयोग गर्ने जनसंख्याको अनुपात (प्रतिशत) (प.दि.वि.ल. ६.२.१) | | | | |
| ▪ उन्नत/सुधारिएका सरसफाईसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरू अरुसँग साझेदारी गर्नुपर्दैन (प्रतिशत) (प.दि.वि.ल. ६.२.१.१) | | | | |
| ▪ शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प्रतिशत) (प.दि.वि.ल. ६.२.१.२) | ९७.६२% | | | |
| ▪ सरसफाई सुविधाबाट लाभान्वित जनसंख्या (Coverage) (प्रतिशत) (प.दि.वि.ल. ६.२.१.३) | | | | |

| फोहरमैला व्यवस्थापनका सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ ढल प्रणालीहरू/उपयुक्त एफएसएम (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार (प्रतिशत) (प.दि.वि.ल. ६.२.१.४) | ६२.०९% | | | |
| ▪ पानी तथा सरसफाईसँग सम्बन्धित आधिकारिक विकास सहायता (सरकारद्वारा समन्वयन गरिएको खर्चसम्बन्धी योजनाको भाग) (प.दि.वि.ल. ६.क.१) | | | | |

## प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिका बासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- फोहोरमैला व्यवस्थापन कार्यक्रम कार्यान्वयन पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै सफा सार्वजनिक स्थलहरू, स्वास्थ्यमा देखिएका सकारात्मक सुधारहरू र अन्य मानवीय गतिविधिहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

# परिच्छेद ९: संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन योजना

## ९.१ पृष्ठभूमि

दशकौं लामो राजनैतिक संक्रमण पश्चात् प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुरूप नगरपालिका एक प्रकारको स्वायत्त स्थानीय सरकार हो । अधिकार प्राप्तिका हिसाबले ठूलो राजनैतिक परिवर्तन पश्चात् प्राप्त संघीय व्यवस्थाले नगरपालिकालाई शक्ति सम्पन्न बनाएको छ । यद्यपि संघीयताको अभ्यास नवीन भएकोले यसको पूर्णरूपमा संस्थागत विकास नहुँदासम्म यसको विकासको लागि सम्बन्धित क्षेत्रहरू जागरूक हुनुपर्दछ । नगरपालिका विकास गुरूयोजनाले नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरूस्त तुल्याउन समग्र संस्थागत विकासको निम्न बमोजिम योजना तय गरेको छ ।

## ९.२ संस्थागत विकास सेवा प्रवाह तथा सुशासनका उपक्षेत्रगत योजनाहरू

### ९.२.१ संस्थागत विकास सेवा प्रवाह तथा सुशासनको विद्यमान वस्तुगत अवस्था

वास्तविक अर्थमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ । राज्यले लिएको नीति अनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचार शुन्यता, जनउत्तरदायी व्यवहार, शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा संघीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रवाह गरिने सेवा र सुविधा सहज तरिकाले पुऱ्याउन सकिन्छ ।

#### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन |
|---|---|
| सबल पक्षहरू | |
| ✓ नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्राप्त भएको | |
| ✓ जनादेश प्राप्त निर्वाचित जनप्रतिनिधिहरूले उत्साहका साथ काम गरिरहेको | |
| ✓ विभिन्न विषयगत शाखा प्रशाखाको व्यवस्था भएको | |
| ✓ न्यायिक समितिको व्यवस्था भएको | |
| ✓ सूचना प्रणालीको विकास भएको | |
| ✓ लेखा र राजश्व प्रशासन सञ्चालनार्थ विभिन्न सफ्टवेयरहरूको विकास भएको | |
| ✓ स्थानीय सरकारले भ्रष्टाचारशून्य प्रशासनको नीति लिएको | |
| ✓ कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था भएको | |
| ✓ आवश्यक नगरपालिका तथा वडा कार्यालय भवन निर्माण योजना बनेको | |
| ✓ स्थानीय जनशक्तिको परिचालन गरी योजना-आयोजनाहरूलाई कम खर्चिलो बनाउने नीति लिइएको | |
| ✓ व्यक्तिगत घटना दर्तालाई विद्युतीय सूचना प्रणालीमा लैजाने योजना भएको | |
| ✓ गुनासो तथा सुझाव सङ्कलनको व्यवस्था भएको | |

| |
|---|
| ✓ कार्य सम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने योजना भएको |
| ✓ सबै वडाहरूमा सूचना प्रविधिको समुचित व्यवस्था गर्ने योजना बनेको |
| ✓ युवा स्वरोजगारलाई प्राथमिकतामा राखिएको |
| ✓ सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको |
| ✓ ज्येष्ठ नागरिक, अपाङ्ग, दीर्घरोगी, सीमान्तकृत र विपन्न वर्गका बासिन्दााई विशेष सहयोगको व्यवस्था भएको |

| **दुर्बल पक्षहरू** |
|---|
| ✓ लामो राजनैतिक संक्रमणबाट हालसालै स्थापित नयाँ संघीय प्रणालीको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको |
| ✓ संघीयताको अभ्यास तथा अनुभव नभएको |
| ✓ स्थानीयवासीको राजनैतिक चेतनाको स्तर माथि उठी नसकेको |
| ✓ संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको |

| **सम्भावना र अवसरहरू** |
|---|
| ✓ नगरपालिका तथा मातहतका कार्यालयहरुमा क्षतिपुर्ति सहितको नागरिक बडापत्रको व्यवस्था गर्न सकिने |
| ✓ जनताप्रति उत्तरदायी हुने संस्कार विकास गर्न सकिने |
| ✓ नगरपालिका कार्यालय तथा वडा कार्यालयका कर्मचारीहरुको आचार संहिता बनाएर लागू गर्न सकिने |
| ✓ सबल पक्षमा उल्लेखित सम्पूर्ण आयामको आधारभूत तहबाट विकास गर्न सकिने |
| ✓ E-governance को सुरुवात गर्न सकिने |
| ✓ न्यायिक समितिलाई पूर्णता दिई आफ्नो अधिकार क्षेत्रभित्रका विवाद व्यवस्थापन गर्न सकिने |
| ✓ स्थानीय सरकार स्वायत्त भएका कारण नगरपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकता अनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास, योजना निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने |
| ✓ विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने |
| ✓ जनगुनासोलाई तत्काल संबोधन गरी जनताको मन जित्न सकिने |
| ✓ आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने |
| ✓ आवश्यकता अनुसार प्रहरी तथा सुरक्षा निकायको समन्वयमा व्यवस्थापन गर्न सकिने |
| ✓ सञ्चार माध्यम मार्फत् नगरपालिकाका काम र विकास निर्माणका योजना सुसूचित गर्न सकिने |
| ✓ बालश्रम र महिला हिंसा नियन्त्रणको योजना बनाई नियन्त्रण गर्न सकिने |
| ✓ वडा कार्यालयहरु तथा नगरपालिकाको भवन निर्माण गर्न जग्गा व्यवस्थापन र निर्माण कार्य अगाडि बढाउन सकिने |

| चुनौती तथा जोखिमहरू |
| --- |
| ✓ जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई संघीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने |
| ✓ भ्रष्टाचार वृद्धि हुन सक्ने |
| ✓ पूर्वाग्रहरहित न्याय प्रणाली विकास गर्नुपर्ने |
| ✓ राजश्व अपचलन हुन सक्ने |
| ✓ जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वयमा कठिनाई हुन सक्ने |
| ✓ जनउत्तरदायी शासन प्रणालीको विकास गर्नुपर्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

रामग्राम नगरपालिकाको सरोकार जनमुखी सरकार

### लक्ष्य

सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने

### उद्देश्यहरू

- ✓ असल शासन र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्ने ।
- ✓ सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।
- ✓ हरेक निर्णय प्रक्रियामा जनचाहनालाई केन्द्रमा राख्ने ।
- ✓ आर्थिक पारदर्शिता कायम गर्ने ।
- ✓ वित्तीय अनुशासन कायम गर्ने ।
- ✓ क्षतिपूर्ति सहितको नागरिक वडापत्र पूर्णतः कार्यान्वयन गर्ने ।
- ✓ नागरिक सुनुवाइ कार्यक्रमहरू नियमित आयोजना गर्ने ।
- ✓ स्थानीय न्यायिक समितिलाई सक्षम र प्रभावकारी बनाउने ।
- ✓ नगरपालिकाका सम्पूर्ण सरोकारवाला शाखाहरूबीच आपसी समन्वय कायम गर्ने ।
- ✓ संविधानले तय गरेका राज्यका नीतिहरू अन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने ।

### रणनीतिहरू

- ✓ आजको सूचना र सञ्चार प्रविधिको युगमा सूचना प्रविधिमा चुस्त जनशक्ति नहुँदा सेवा प्रवाह छिटो, छरितो र प्रभावकारी हुन नसक्ने भएकोले कर्मचारीहरूलाई आवश्यकताअनुसार सूचना प्रविधिमैत्री बनाउन नियमित तालिम तथा प्रशिक्षणहरू सञ्चालन गर्ने
- ✓ क्रमशः सेवा प्रवाहका सबै प्रणालीहरूलाई विद्युतीय सूचना प्रणाली र प्रविधितर्फ विकास गर्दै लैजाने
- ✓ नगरपालिकाको वेबसाइटलाई पूर्ण सूचनायुक्त र प्रभावकारी बनाई त्यसलाई अद्यावधिक गर्ने
- ✓ वडास्तरमा आवश्यकताअनुसार "घुम्ती स्थानीय सरकार कार्यक्रम" सञ्चालन गर्ने
- ✓ वडा र नगरपालिका केन्द्रलाई क्रमशः विद्युतीय सूचना प्रणालीमा जोड्ने
- ✓ क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई अक्षरशः कार्यान्वयन गर्ने

- ✓ नागरिक सुनुवाइका कार्यक्रमहरू नियमित गर्ने
- ✓ वृद्धवृद्धा, अपाङ्ग, अशक्त, असहाय, बालबालिका, दीर्घरोगी र सामाजिक सुरक्षा प्राप्त सेवाग्राहीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने संयन्त्र लागू गर्ने
- ✓ वडागत स्तरमा जनगुनासो सुनुवाइको प्रभावकारी संयन्त्र निर्माण गर्ने
- ✓ सम्पूर्ण वडा कार्यालय भवनहरूको निर्माण सम्पन्न गरी कम्प्युटर लगायतका सम्पूर्ण आधुनिक प्रविधिले सुविधासम्पन्न बनाउने
- ✓ कर शिक्षा कार्यक्रमलाई वडागतरूपमा नियमित सञ्चालन गर्ने
- ✓ कार्यक्रम तथा योजनाको प्राथमिकीकरण गर्दा वैज्ञानिक र आवश्यकताको सिद्धान्त अपनाई जनसहभागिता र जनचाहनाअनुरूप गर्ने
- ✓ गुनासो पेटिकाको पूर्ण कार्यान्वयन गर्ने
- ✓ पाँच लाखभन्दा माथिका विकास निर्माण योजना सञ्चालन गर्दा पारदर्शिता सुनिश्चित गर्न सार्वजनिक स्थलमा ब्यानर तथा बोर्ड राखी कार्यान्वयन गर्ने र सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण पश्चात् पारित गर्ने
- ✓ आन्तरिक लेखा परीक्षण प्रतिवेदन नियमित रूपमा सार्वजनिक गर्ने
- ✓ सार्वजनिक अभिलेख प्रणाली, घटना दर्ता तथा सेवा प्रवाहलाई विद्युतीय माध्यममा लगी प्रभावकारी बनाउने
- ✓ स्थानीय न्यायिक इजलासको स्थापना गरी न्यायिक समितिलाई सक्षम र प्रभावकारी बनाउन तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने
- ✓ स्थानीय न्यायिक समितिलाई प्रविधि तथा स्रोत साधनयुक्त बनाउने
- ✓ नगरपालिकाको नीतिबमोजिम चौमासिक रूपमा नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने। गुनासो बमोजिम सार्वजनिक प्रशासनमा सुधार गर्ने
- ✓ नगरपालिकाको समग्र वस्तुस्थिति अर्थात् पार्श्वचित्रलाई विद्युतीय सूचना प्रविधि अपनाई अद्यावधिक गर्ने
- ✓ कार्यसम्पादन मूल्याङ्कनका आधारमा राष्ट्रसेवक कर्मचारीमध्येबाट उत्कृष्टलाई वार्षिक रूपमा पुरस्कृत गर्ने
- ✓ आन्तरिक नियन्त्रण प्रणाली र कर्मचारी आचार संहिताको पूर्णतः पालना गर्ने गराउने
- ✓ स्थानीय सञ्चार माध्यम, रेडियो, टेलिभिजन मार्फत् नियमित कार्यक्रमहरू सञ्चालन गरी नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणको विषयमा नागरिकहरूलाई नियमित जानकारी गराउने
- ✓ सूचना अधिकारीलाई सक्रिय बनाउने
- ✓ नगरपालिकाका समग्र निर्णय प्रक्रियामा जनचाहना र आवश्यकता सम्बोधनलाई पहिलो प्राथमिकता दिने
- ✓ सार्वजनिक निजी साझेदारीलाई प्रबर्द्धन गरी विकास निर्माण र सेवा प्रवाहमा निजी क्षेत्रलाई सहभागी गराउने
- ✓ शासन र प्रशासन संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, विधिसम्मत र जनमैत्री बनाउने
- ✓ नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने (O and M Survey)

## ३. संस्थागत विकास सेवा प्रवाह तथा सुशासनको Logical Framework Approach (LFA)

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) सुशासन तथा संस्थागत विकास** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| **अध्ययन तथा परामर्श** | | | | |
| ▪ नगरपालिकाले सञ्चालन गरेका विकास निर्माण तथा प्रदान गरेका सेवा प्रवाहका बारेमा नियमितरूपमा सामाजिक परीक्षण र लैङ्गिक परीक्षण गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ चौमासिक रूपमा नागरिक सन्तुष्टि सर्वेक्षण सञ्चालन गर्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकाको पार्श्वचित्रलाई डिजिटल प्रविधि अपनाई अद्यावधिक गर्ने | २० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सार्वजनिक प्रशासन प्रणालीलाई प्रविधि मैत्री बनाउन आवश्यक Software खरिद गर्ने | ३० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिका केन्द्रमा डिजिटल सूचना पाटी Digital Display Board निर्माण गर्ने सुशासनवालामा सार्ने | २.५ | नगरपालिका | परामर्शदाता | आन्तरिक राजश्व तथा संघीय र प्रादेशिक अनुदान |
| **तालिम तथा अभिमुखीकरण कार्यक्रम** | | | | |
| ▪ न्यायिक इजलास स्थापना गरी न्यायिक समितिलाई नियमित तालिम र प्रशिक्षण दिने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सर्वोत्कृष्ट राष्ट्रसेवक कर्मचारी पुरस्कार कोष निर्माण गर्ने | १०० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सार्वजनिक निजी साझेदारीलाई प्रबर्द्धन गर्न नियमित अन्तरक्रिया गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नागरिक तथा सार्वजनिक सुनुवाइलाई व्यवस्थित र नियमित गर्न वार्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याउने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| ▪ पाँच लाखभन्दा माथिका सबै विकास योजना सञ्चालन गर्दा सार्वजनिक रूपमा व्यानर राखी सामाजिक परीक्षण पश्चात् अनुमोदन गर्ने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ आन्तरिक लेखा परीक्षण प्रतिवेदन नियमित रूपमा सार्वजनिक गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सार्वजनिक अभिलेख प्रणाली तथा घटना दर्तालाई डिजिटल प्रविधिमा लैजाने | २० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ आन्तरिक नियन्त्रण प्रणाली निर्माण गर्ने | १५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ आमसञ्चार माध्यमबाट नगरपालिकाको वस्तुस्थिति र सेवा प्रवाह तथा विकास निर्माण बारे जनसाधारणलाई सुसूचित गर्न नियमित रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने | ४५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ निजीक्षेत्रलाई आर्थिक क्षेत्रमा लगानी गर्न लगानी सम्मेलन आयोजना गर्ने | २० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **३०५** | | | |
| **१० वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ नगरपालिकाको सम्पूर्ण सार्वजनिक प्रशासन प्रणलीलाई पूर्ण प्रविधि मैत्री बनाउन कर्मचारीहरूलाई सूचना प्रविधिमा नियमित तालिम सञ्चालन गर्ने | २५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकाको वेबसाईटलाई प्रभावकारी बनाई e-Governance कार्यान्वयनमा ल्याउन पूर्ण र नियमित अद्यावधिक गर्ने | २० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सेवा प्रवाहलाई घरदैलोमा पुऱ्याउन सामाजिक सेवाग्राहीहरूलाई लक्षित गरी "घरदैलोमा स्थानीय सरकार" कार्यक्रम सञ्चालन गर्ने | ५० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सम्पूर्ण वडा र नगरपालिका केन्द्रलाई विद्युतीय सूचना प्रणालीमा जोड्ने | ६० | | | |
| ▪ क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई पूर्ण कार्यान्वयनमा ल्याउन जनगुनासो कक्षहरूको वडागत व्यवस्था गर्ने | १२० | | | |
| ▪ सम्पूर्ण वडा कार्यालय भवन निर्माण तथा मर्मत सम्भार सम्पन्न गरी आवश्यक पूर्वाधारयुक्त बनाउने | १,००० | | | |
| **१० वर्षे कार्यक्रमको जम्मा बजेट** | **१२७५** | | | |
| **सुशासन तथा संस्थागत विकासमा जम्मा बजेट** | **१५८०** | | | |

### अपेक्षित उपलब्धिहरू

- नगरपालिकामा असल शासनको नमूना स्थापित हुनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवाहरू सहज, छिटो, पारदर्शी, जवाफदेही र जनचाहना बमोजिम प्रवाह भएका हुनेछन्
- नगरपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवाहरू विद्युतीय माध्यमबाट प्रवाहित भएका हुनेछन् ।
- हरेक निर्णयहरू जनचासो र आवश्यकतालाई केन्द्रमा राखेर गरिएको हुनेछ ।
- आर्थिक पारदर्शिता कायम भएको हुनेछ ।
- वित्तीय अनुशासन कायम भएको हुनेछ ।
- नागरिक सुनुवाइका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भएका हुनेछन् ।
- स्थानीय न्यायिक समिति र इजलास न्याय सम्पादन र मेलमिलाप कार्यान्वयनमा सक्षम र प्रभावकारी हुनेछ ।
- सम्पूर्ण वडा कार्यालयहरू पूर्वाधारयुक्त हुनेछन ।
- **“घरदैलोमा घुम्ती स्थानीय सरकार”** कार्यक्रम कार्यान्वयनमा आउनेछ ।
- सेवा प्रवाह जनचाहना बमोजिम हुनेछ ।
- हरेक निर्णयहरू जनचासो र आवश्यकतालाई केन्द्रमा राखेर गरिएको हुनेछ ।
- आर्थिक पारदर्शिता कायम हुनेछ ।
- वित्तीय अनुशासन कायम हुनेछ ।
- क्षतिपूर्तिसहितको नागरिक वडापत्र अक्षरशः कार्यान्वयन हुनेछ ।
- नागरिक सुनुवाइका कार्यक्रमहरू नियमित सञ्चालन हुनेछन् ।
- स्थानीय इजलास न्याय सम्पादन र मेलमिलाप कार्यान्वयनमा सक्षम र प्रभावकारी हुनेछ ।
- असल शासनको प्रत्याभूति हुनेछ ।
- सम्पूर्ण वडा कार्यालयहरू पूर्वाधारयुक्त हुनेछन् ।
- “घरदैलोमा घुम्ती स्थानीय सरकार” कार्यक्रम कार्यान्वयनमा आउनेछ ।
- e-Governance लागू भई कार्यान्वयनमा आएको हुनेछ ।
- सार्वजनिक अभिलेख र घटना दर्ता डिजिटल प्रविधिमा आवद्ध भएको
- नगरपालिकाको वस्तुगत विवरण डिजिटल प्रविधियुक्त भएको
- सम्पूर्ण सेवाप्रवाह विद्युतीय सूचना प्रणालीमा आवद्ध भइसकेका

सूचकहरू

| संस्थागत विकास सेवा प्रवाह तथा सुशासनको सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ आफ्नै वडा कार्यालय भवन भएको वडाको संख्या | | | | |
| ▪ दर्ता हुन आएका जनगुनासो संख्या | | | | |
| ▪ संवोधन गरिएको गुनासाको संख्या | | | | |
| ▪ प्रत्येक वर्ष हुने सार्वजनिक तथा नागरिक सुनुवाइको संख्या | | | | |
| ▪ नागरिक सन्तुष्टि सर्वेक्षण संख्या | | | | |
| ▪ सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा आएका आयोजनाहरूको संख्या | | | | |
| ▪ प्रत्येक वर्ष कर्मचारीलाई प्रदान गरिने तालिमको संख्या | | | | |
| ▪ सेवा प्रवाह सम्बन्धी नागरिक सन्तुष्टि सर्वेक्षणमा संलग्न उत्तरदाताहरू मध्ये सकारात्मक उत्तर दिने उत्तरदाता (प्रतिशत बढाउँदै लैजाने) | | | | |
| ▪ आवश्यक परेको समयमा सार्वजनिक सूचनामा मेरो पहुँच राम्रो छ भन्ने ठान्ने जनसंख्याको प्रतिशत (नागरिक सर्वेक्षणबाट) | | | | |
| ▪ विगत १२ महिनाको अवधिमा सरकारी कर्मचारीसँग कम्तीमा एक पटक सम्पर्क भएका र उनीहरूलाई घूस दिएका वा सरकारी अधिकारीहरूद्वारा घूस माग गरिएका व्यक्तिहरूको संख्या (प.दि.वि.ल. १६.५.१) | | | | |
| ▪ भ्रष्टाचारका बारेमा जनता/मानिसहरूको धारणा (विगत १२ महिनामा घूस/उपहार दिन बाध्य हुनुपर्ने अवस्थाबाट कम्तीमा एक पटक गुज्रनुपरेका जनसंख्याको प्रतिशत) (भ्रष्टाचार सूचकाङ्क स्कोर-अङ्क) (प.दि.वि.ल. १६.५.१.१) | | | | |

प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट

- नगरबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट
- संस्थागत विकास सेवा प्रवाह तथा सुशासनमा भएको विकास पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै प्रशानिक कामकारवाहीमा छरितोपन, सेवा प्रभावमा आएको चुस्तता तथा समग्र कार्यसम्पादनमा भएको छरितोपन र अन्य संस्थागत सुधारका गतिविधिहरूबाट

## मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

### ९.२.२ राजश्व संकलन तथा परिचालनको विद्यमान वस्तुगत अवस्था

जनताले तिरेको करबाट राज्य सञ्चालन हुने सामान्य सिद्धान्त हो । तर जनताले प्रशस्त कर तिर्नका लागि आर्थिक क्रियाकलापहरूमा तीव्रता आउनु पर्दछ । आर्थिक क्रियाकलापहरूलाई तीव्रता दिन रोजगारीको सिर्जना, उत्पादन वृद्धि, बजारीकरण, निर्यात र उपभोक्ता बजारको प्रबर्द्धन गर्नुपर्दछ भने उद्योग र कलकारखानाहरू खुल्ने उपयुक्त वातावरण सिर्जना हुनुपर्दछ । नगरपालिकालाई आर्थिक रूपमा सम्पन्न बनाउन **"उत्पादनमुखी स्वरोजगार, रामग्रामको समृद्धिको आधार"** भन्ने मूल नारालाई साकार तुल्याउने नीतिअनुरूप राजश्व परिचालन र स्रोत अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।

### १. SWOT विश्लेषण

| SWOT विश्लेषण | राजश्व संकलन तथा परिचालन |
|---|---|
| **सबल पक्षहरू** | |
| ✓ राजश्व सङ्कलनको अधिकार स्थानीय सरकारमा निहित रहेको | |
| ✓ नगरपालिकाको वस्तुगत अवस्था र स्थानीय करदाताको कर तिर्ने क्षमता हेरेर कर प्रणाली लागू गर्न सकिने | |
| ✓ नगरपालिकाले कर तिर्ने प्रणाली र अभिलेखीकरणलाई सहज र सरल बनाउन डिजिटल प्रविधि अबलम्बन गर्ने नीति लिएको | |
| ✓ करको दायरा बढाउने तथा सबै प्रकारका व्यवसाय करलाई वैज्ञानिक तवरले लागू गर्ने नीति लिइएको | |
| ✓ राजश्व परिचालनको समग्र प्रणालीलाई पारदर्शी बनाउन नगरपालिकाको Website मा नियमित रूपमा राखी सार्वजनिक गर्ने योजना रहेको | |
| ✓ कर तिर्ने करदातालाई सम्मान र कर नतिर्नेलाई निरुत्साहित गर्ने नीति रहेको | |
| **दुर्बल पक्षहरू** | |
| ✓ राजश्व सङ्कलनको अवस्था कमजोर रहेको | |
| ✓ ग्रामीण भेग भएकोले करदाताहरूको आर्थिक स्थिति सबल नभएको | |
| ✓ आर्थिक क्रियाकलापहरूको क्षेत्र सीमित भएको | |
| ✓ ठूला करदाताहरू कम भएको | |
| ✓ सघन बजार केन्द्रहरूको विकास नभएको | |
| ✓ ठूला उद्योग तथा कलकारखानाहरूको स्थापना कम भएको | |
| ✓ राजश्व परिचालन प्रणालीको संस्थागत विकास भइनसकेको | |
| ✓ करदाताको पूर्ण अभिलेखीकरण नभएको | |
| ✓ करका स्रोतहरूको पूर्णरूपमा पहिचान नभएको | |
| **सम्भावना र अवसरहरू** | |
| ✓ आर्थिक क्रियाकलापहरूको बढोत्तरीका लागि उपयुक्त वातावरण निर्माण तथा समस्त पूर्वाधार विकास गर्न सकिने | |

| सम्भावना र अवसरहरू |
|---|
| ✓ उद्योग-कलकारखाना, व्यापार व्यवसाय तथा विकसित बजारकेन्द्रहरूको विकास गरी राजश्व सङ्कलनलाई विकास र बिस्तार गर्न सकिने |
| ✓ कर शिक्षा कार्यक्रम लागू गर्न सकिने |
| ✓ कर शिक्षा लागू गरी हरेक करदातालाई कर तिर्न प्रोत्साहन गर्न सकिने |
| ✓ कर प्रणालीलाई पारदर्शी बनाई करको पूर्ण सदुपयोग भई जनतालाई प्रत्यक्ष लाभ भएको सुनिश्चित गरी कर तिर्ने वातावरण निर्माण गर्न सकिने |
| ✓ स्थानीय अवस्था र वस्तुस्थितिको अध्ययन गरी सोही अनुरूप कर प्रणालीको विकास गर्न सकिने |

| चुनौती तथा जोखिमहरू |
|---|
| ✓ करदाताहरूलाई कर तिर्न उत्साहित बनाउनु पर्ने |
| ✓ कर प्रणालीलाई सहज, सरल र प्रभावकारी बनाउनु पर्ने |
| ✓ कर प्रणाली व्यवस्थित नहुँदा करदातामा निराशा उत्पन्न भई कर छल्ने प्रवृत्ति विकसित हुन सक्ने |
| ✓ कर तथा समग्र राजश्व प्रणाली चुस्त-दुरुस्त नहुँदा राजश्वको दुरूपयोग हुन सक्ने |

## २. सोच, लक्ष्य र उद्देश्यहरू

### सोच

प्रत्येक नागरिकलाई कर तिर्न उत्साहित बन्ने वातावरण निर्माण गर्ने

### लक्ष्य

राजश्व संकलन र परिचालनलाई पारदर्शी र प्रभावकारी बनाई करदाताको सम्मान गर्ने

### उद्देश्यहरू

- ✓ राजश्व सङ्कलन र परिचालनलाई प्रभावकारी बनाउने ।
- ✓ जनशक्ति विकासका लागि नियमित तालिम सञ्चालन गर्ने ।
- ✓ आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने ।
- ✓ लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने ।
- ✓ सामाजिक परीक्षणका कार्यक्रमहरू नियमित गर्ने ।

### रणनीतिहरू

- ✓ राजश्वका सम्भाव्य स्रोतहरूको अध्ययन गरी स्रोतको यकिन गर्ने । सार्वजनिक निजी साझेदारीलाई प्रबर्द्धन गर्न रणनीति बनाउने
- ✓ स्थानीय लगानीकर्ताहरूलाई उच्च महत्व दिई लगानीका क्षेत्र पहिचान गरी लगानी आकर्षित गर्ने
- ✓ नियमितरूपमा राष्ट्रिय तथा क्षेत्रीय स्तरको लगानी सम्मेलनको आयोजना गर्ने
- ✓ दातृ निकायलाई आकर्षित गर्न संघीय र प्रादेशिक सरकारहरूसँग समन्वय गर्ने
- ✓ संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक बजेटको पहल गर्ने
- ✓ नगरपालिका भित्र कानूनको परिधिमा रही सम्भाव्य करका दायरा बढाई सबै प्रकारका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने
- ✓ सम्पूर्ण व्यवसाय दर्ता अनिवार्य गरी सोको पूर्ण अभिलेख तयार पार्ने र त्यसलाई अद्यावधिक गर्ने

- ✓ करदाता विवरणलाई डिजिटल प्रविधिमा आवद्ध गरी प्रत्येक करदाताको विद्युतीय कर खाता (Smart Tax Account) बनाई लागू गर्ने
- ✓ **"व्यवसाय कर तिरौँ, विकास कार्यमा सरिक होऔँ"** भन्ने नारालाई सार्थक तुल्याउन अभियान सञ्चालन गर्ने
- ✓ कर भुक्तानीलाई थप व्यवस्थित बनाउन स्वचालित एस.एम.एस (SMS) प्रविधिबाट करदातालाई सूचना उपलब्ध गराउने व्यवस्था मिलाउने
- ✓ नगरपालिकाका ठूला करदाता पहिचान गरी सम्मान गर्ने
- ✓ महिला स्वावलम्बनका लागि महिलाको नाममा व्यवसाय दर्ता तथा नवीकरण गर्दा ५० प्रतिशत कर छुटको व्यवस्था गर्ने
- ✓ दलित, अपाङ्ग, सीमान्तकृत समुदायको सशक्तिकरणका लागि उनीहरूले सञ्चालन गर्ने उद्योग, कलकारखाना तथा व्यवसाय दर्ता गर्दा विशेष छुटको व्यवस्था गर्ने
- ✓ अस्थायी प्रकृतिका पार्किङ्ग, हाटबजार आदिबाट वडास्तरमा शुल्क उठाउन निजी क्षेत्रलाई परिचालन गर्ने
- ✓ नगरपालिकामा रहेका सार्वजनिक जग्गाहरूमा अस्थायी संरचनाहरू बनाई बहाल लगाउने र बहाल विटौरी कर उठाउने
- ✓ कर नतिर्ने परिपाटीलाई पूर्णरूपमा निरुत्साहित गर्न कर नतिर्ने नागरिकलाई नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाबाट वञ्चित गर्ने
- ✓ कर नतिर्ने निर्माण तथा अन्य कम्पनीहरूलाई कालोसूचीमा राखी उनीहरूको काम रोक्का गर्ने
- ✓ नगरपालिकाको मासिक आय र व्ययको विवरण प्रत्येक महिना नगरपालिकाको वेबसाइट मार्फत् सार्वजनिक गर्ने
- ✓ नगरपालिकाको भोगाधिकारमा रहेको सार्वजनिक सम्पत्तिहरूको सदुपयोग गरी ती सम्पत्तिलाई उत्पादनशील कार्यमा लगाई नियमित राजश्व सङ्कलनको माध्यम बनाउने
- ✓ करको दर कम गरी करको दायरा बढाउने र कर तिर्ने प्रणालीलाई सरल र सहज बनाउने
- ✓ वडागतरूपमा कर सङ्कलनको प्रबन्ध गर्ने
- ✓ सम्पदा क्षेत्र तथा प्रमुख पर्यटकीय क्षेत्र, पोखरी आदिको ठेक्का गरी आगन्तुकहरूबाट शुल्क उठाई राजश्व सङ्कलन तथा त्यस्ता क्षेत्रको व्यवस्थापन गर्ने

## ३. राजश्व संकलन तथा परिचालनको Logical Framework Approach (LFA)

### कार्यक्रमहरू

| कार्यक्रमहरू | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय/व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|
| **(अ) राजश्व परिचालन र श्रोत अभिवृद्धि** | | | | |
| **५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रमहरू** | | | | |
| ▪ राजश्व सम्भाव्यता तथा प्रक्षेपण अध्ययन गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ दातृ निकायलाई लगानीको लागि आकर्षण गर्न संघीय सरकारसँग समन्वय गरी अन्तरक्रिया आयोजना गर्ने | १० | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ सम्पूर्ण व्यवसायहरूको विद्युतीय अभिलेख राखी अद्यावधिक गर्न सफ्टवयेर जडान गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ करदातालाई स्वचालित SMS बाट सूचना प्रदान गर्ने व्यवस्था मिलाउने । | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ नगरपालिकाको भोगाधिकारमा रहेको जग्गाको लगत तयार गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| **५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **४५** | | | |
| **१५ वर्ष भित्र सम्पन्न गर्नुपर्ने मध्यमकालीन कार्यक्रमहरू** | | | | |
| ▪ वडागत रूपमा नियमित कर शिक्षा कार्यक्रम लागू गर्ने | ५ | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ विकास बजेटका लागि प्रदेश सरकारसँग नियमित समन्वय गर्ने | १५ | | | |
| ▪ ठूला करदातालाई वार्षिक रूपमा सम्मान गर्ने | ५ | | | |
| ▪ नगरपालिकाको भोगाधिकारमा रहेको घरजग्गामा अस्थायी संरचना निर्माण गरी हाटबजार सञ्चालन वा बहालमा दिने | | नगरपालिका | नगरपालिका | नगरपालिका |
| ▪ वडागत रूपमा कर सङ्कलन गर्ने संयन्त्र निर्माण गर्ने | १८ | | | |
| **१५ वर्षे कार्यक्रमको जम्मा बजेट** | **७४५** | | | |
| **राजश्व परिचालन र श्रोत अभिबृद्धिमा जम्मा बजेट** | **७९०** | | | |

## अपेक्षित उपलब्धिहरू

- क्षतिपूर्तिसहितको नागरिक वडापत्र अक्षरशः कार्यान्वयन हुनेछ ।
- राजश्व सङ्कलन र परिचालन चुस्त दुरुस्त हुनेछ ।
- सक्षम र ऊर्जाशील संस्थागत संयन्त्रको निर्माण हुनेछ ।
- आन्तरिक नियन्त्रण प्रणाली लागू हुनेछ ।
- लेखापरीक्षण प्रतिवेदन नियमित रूपमा सार्वजनिक भएको हुनेछ ।
- राज्यका अङ्गहरूको बीचमा आपसी समन्वय भई सेवा प्रवाह चुस्त, छिटो र सहजरूपमा भएको हुनेछ ।

## सूचकहरू

| राजश्व संकलन तथा परिचालनको सूचकहरू | आधार वर्ष २०७७ | वि.सं. २०८२ सम्म | वि.सं. २०८७ सम्म | वि.सं. २०९२ सम्म |
|---|---|---|---|---|
| ▪ करदातालाई स्वचालित SMS बाट सूचना दिने प्रणाली लागू भएको | | | | |
| ▪ वडागत रूपमा कर सङ्कलनको संयन्त्र विकास भएको | | | | |
| ▪ राजश्व सङ्कलनमा भएको वृद्धि (प्रतिशतमा) | | | | |
| ▪ नगरपालिकामा दर्ता भएका करदाता संख्या | | | | |
| ▪ कर नतिर्ने करदाताको सङ्ख्या (घटाउँदै लैजाने) | | | | |

## प्रमाणीकरणका आधारहरू

- नगरपालिका स्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट
- स्थलगत अवलोकनबाट
- नगरपालिकाबासीको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनबाट

- राजश्व संकलन तथा परिचालनमा भएको वृद्धि पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै विकास निर्माणमा परेको सकारात्मक प्रभाव, आन्तरिक आम्दानीमा बृद्धि र अन्य संस्थागत सुधारका गतिविधिहरूबाट

### मूलभूत मान्यता र जोखिम अनुमान

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

# अनुसूचिहरू

## अनुसूचि १ : विश्वका केही विकास मोडलहरूको तुलनात्मक अध्ययन

विश्वका विभिन्न राष्ट्रहरूको तुलनात्मक अध्ययन गर्दा दोस्रो विश्वयुद्धपछि मात्र धेरै देशले एउटै पुस्तामा नाटकीय आर्थिक उपलब्धि हासिल गरेको पाइन्छ। माइकल स्पेंस नामका नोबेल पुरस्कार विजेताको अध्यक्षतामा गठित एउटा चर्चित (Growth Commission Report) ग्रोथ कमिसन रिपोर्टमा १३ देशलाई उच्च सफलताको कोटीमा राखिएको छ। ती देशहरू – जापान, कोरिया, थाइल्यान्ड, मलेसिया, इन्डोनेसिया, सिंगापुर, ताइवान, चीन, हंगकंग, ब्राजिल, ओमान, माल्टा र बोस्टसवाना हुन्। यी मध्ये ९ देश एसियामै छन्। ती मुलुकले २५ वर्षसम्म ७ प्रतिशत भन्दा माथिको आर्थिक वृद्धि दर हासिल गरे। दिगो र उच्च आर्थिक वृद्धिदरले यी राष्ट्रहरूलाई आर्थिक रूपले निकै माथि उठायो। यी राष्ट्रहरूको अनुभवले के देखाउँछ भने, विकासको उच्च स्तर प्राप्तिका लागि ७ प्रतिशत आर्थिक वृद्धिदरले करिब १० वर्षसम्म निरन्तरता पाउने हो भने जीडीपी दुई गुना हुन्छ र यो २५ वर्ष सम्म निरन्तर गर्यो भने एक पुस्तामै आर्थिक कायापलट हुन जान्छ। सफल यी १३ देशका पछाडि ५ साझा कुरा छन् : त्यहाँको नेतृत्व र प्रशासन विकासप्रति प्रतिबद्ध थियो, निजी क्षेत्रलाई विश्व आर्थिक मञ्चमै व्यापार गर्न उतारियो, समस्टिगत आर्थिक स्थिरता कायम गरियो, उत्पादनशील साधन र स्रोतको बाँडफाँडको जिम्मा बजार अर्थतन्त्रलाई दिइयो र आन्तरिक लगानीका लागी नागरिक तहमा ठूलो बचत गराइयो (वाग्ले, २०१५)। संघीय शासन प्रणालीको शुरुआत पछि नेपालले द्रुततर आर्थिक विकासमा जोड दिएको छ। नेपालको नव निर्माण र द्रुततर विकासका लागि यी राष्ट्रहरूको अनुभव उपयोगि हुने भएकोले छोटो अवधिमा उच्चतम विकास हासिल गरेका केहि राष्ट्रको विकासको अनुभवलाई यहाँ उल्लेख गरिएको छ।

### (क) एसियन टाइगर्स (Asian Tigers)




सन् १९६० को दशकको सुरुसम्म दक्षिण कोरिया, सिङ्गापुर, ताइवान र हङ्कङ अविकसित क्षेत्रको रूपमा थिए। यी मध्ये दक्षिण कोरिया र सिङ्गापुर सार्वभौम राष्ट्र हुन्। हङ्कङ पहिले बेलायतको र हाल चीनको शासन अन्तर्गत रहेको छ तर यस भूभागलाई केही हदसम्म राजनीतिक स्वायत्तता प्राप्त छ। ताइवान भने चीनमा सन् १९४९ मा सकिएको कम्युनिस्ट र कोमिन्ताङ पार्टीबीचको गृहयुद्धमा पराजित भएर भागेको पक्षले शासन गर्न थालेपछि तत्कालीन चीनको नियन्त्रणबाट अलग भएको भूभाग हो। बेइजिङ र ताइवानमा रहेका सरकार दुवैले आफूमा १९४९ अघिको चीनको स्वामित्व रहेको दाबी गर्छन्। तर यी चार देशहरूले लगभग पचास वर्ष भित्र इतिहासमा कमै देखिने एकै पुस्तामा तेस्रो विश्वबाट पहिलो विश्वमा आर्थिक विकासको लामो फड्को मारेको इतिहास छ।

यी चार एसियाली टाइगर्सको विकासलाई बुझाउन माथिको चित्र उपयोगि हुन सक्छ जस्ले यो क्षेत्रको आर्थिक विकासको चरित्रलाई वुझ्न र यिनीहरूले अवलम्वन गरेको विकास मोडेलको सामान्य जानकारी लिन केही हदसम्म सघाउ पुयाउँदछ । भनिन्छ, आर्थिक विकासको मोडेलका प्रकारहरू विकास अर्थशास्त्रीहरूको सङ्ख्या जति नै छन् तर पनि यसलाई मूलतः रूपमा निम्न तीन समुहमा वर्गीकरण गरि विभाजन गर्न सकिन्छ ः बजार निर्देशित, हस्तक्षेपकारी र राज्य नियन्त्रित विकास मोडेल । विभिन्न राष्ट्रहरूले यी तिन मोडल वा आफ्नो देशको विशिष्ट परिस्थिति अनुकूल फरक प्रकारको विकास मोडेलको निर्माण गरि अघि वढिरहेका छन् ।

## (ख) दक्षिण कोरिया

दोस्रो विश्व युद्द पछि सन् १९४५ मा दक्षिण कोरिया जापानको शासनबाट स्वतन्त्र भयो । तर केही समयपछि नै ऊ अमेरिकाको नियन्त्रणमा आयो । त्यही समयमा भएको कोरियाली गृहयुद्धले यसको अवस्था अत्यन्त दयनीय अवस्थामा पु¥यायो । तीन वर्ष सम्म चलेको उक्त गृहयुद्धले दक्षिण कोरियाको तत्कालीन उत्पादन क्षेत्रको दुई तिहाइ हिस्सा नष्ट गराएको थियो । त्यो अवस्थादेखि हालको जी २० सम्मको दक्षिण कोरियाको उदय र विकासलाई मुख्यतः चार चरणमा वर्गीकरण गर्न सकिन्छ ।

दक्षिण कोरियाको विकासको सुरुवात त्यहाको प्रथम राष्ट्रपतिको कार्यकालबाट सुरु भएर पार्कको शासनको प्रारम्भसम्म भएको मान्न सकिन्छ । विकासको पहिलो चरणमा युद्धको विनासबाट उठ्नका लागि केहि विशेष कार्यक्रमहरूको छनौट गरिएको थियो । त्यो समयमा यहाको कुल राष्ट्रिय उत्पादनको १५.९५ प्रतिशत हिस्सा अमेरिकी सहायताले ओगट्ने गर्दथ्यो । यो हिस्सा सबैभन्दा उच्च सन् १९५७ मा २२.९५ प्रतिशत सम्म पुगेको थियो । यो समयमा कोरियाको विकास एकदमै धेरै मात्रामा अमेरिकी सहायतामा निर्भर थियो । यो अवधिमा सरकारले मजदुर सङ्गठनमाथि निषेध गर्नुका साथै उग्र कम्युनिस्ट विरोधी कार्यक्रमहरू सञ्चालन गर्दै मजदुरहरूको ज्यालादर सस्तो बनाउने निति अख्तियार गर्यो जसले औद्योगिक लगानीकर्तालाई प्रोत्साहित ग¥यो र तिव्रतर आर्थिक वृद्धिमा सहयोग पु¥यायो ।

पार्क चुङ्ग हीले सन् १९६१ मा कू गरे पछिको अवधिलाई दोस्रो चरणको सीमा मान्न सकिन्छ । यो चरण सामान्य खालको उद्योगको विस्तार र निर्यात केन्द्रित उद्योगको विकासमा केन्द्रित थियो । युद्धबाट तङ्ग्रिएको र अमेरिकी सहायता माथिको निर्भरता निक्कै कम भइसकेको यस अवस्थामा कोरियाली अर्थतन्त्रले आफ्नो सस्तो श्रमको उपभोग गरेर हल्का औद्योगिक सामग्री उत्पादन गर्न थाल्यो । यही अवधिमा दक्षिण कोरियाले बजार निर्देशित र अझ हस्तक्षेपकारी आर्थिक मोडेल छाडेर राज्य नियन्त्रित विकास मोडेल प्रयोग गर्न थालेको थियो । सन् १९६२ मा कोरिया सरकारले पहिलो पञ्च वर्षिय आर्थिक विकास योजना अगाडि सा¥यो जसले लगानी बढाउने, औद्योगिक संरचना निर्माण गर्ने र व्यापार सन्तुलन कायम गर्ने जस्ता स्पष्ट रूपमा बृहत अर्थशास्त्रीय विकास लक्ष्यहरू अगाडि सारियो जसले त्यहाँको अर्थतन्त्रमा आमुल सुधार ल्याउनुका साथै विकास प्रक्रियामा तिव्रता लियो ।

राष्ट्रपती पार्कका विभिन्न आर्थिक रणनीतिहरू मध्ये 'सेमाउल उन्दोङ' एक अत्यन्त सफल कार्यक्रम हो । गाउँको विकास भए मात्र देशको विकास हुन्छ भन्ने मान्यता राख्ने यो अभियानको मुख्य लक्ष्य गरीब जनतालाई धनी बनाउनु र गाउँको समग्र विकास गर्नु थियो । कोरियन भाषामा 'से' 'नयाँ', 'माउल' 'गाउँ' र 'उन्दोङ' भन्नाले 'अभियान' भन्ने बुझिन्छ । अथवा 'सेमाउल उन्दोङ भन्नाले नयाँ सामुदायिक अभियान भन्ने बुझिन्छ । यो अभियानको प्रर्वतक समाज सुधारक किम योङ की हुन् । उनले सन् १९६२ देखि यो

अभियान संचालन गर्दै आएका थिए । किमले **'काम नगर्ने भए खाना नै नखाउ'** भन्ने नाराका साथ यो अभियान सञ्चालन गरेका थिए । सेमाउल उन्दोङ सुख एवम् सम्वृद्धिका लागि सञ्चालन गरिएको एक अभियान हो जस्ले गरिबी निवारण गर्ने, सबैले राम्रो शिक्षा, खाना र लुगा लगाउन पाउने र सुरक्षित तथा सुविधाजनक घरमा बस्न पाउन भन्ने उद्देश्य राखेको थियो ।

किमको यो अभियानले 'ग्रामीण जनतालाई आत्मनिर्भर बनाउने र देशको बिकासमा टेवा पुर्याउँछ' भन्ने बुझेका दूरदर्शी सैनिक शासक पार्कजुङ हीले सबै जनतालाई यो अभियानमा सामेल हुन अव्हान गरे । उनले सन् १९७० अप्रिल २२ मा यो अभियानलाई सरकारी रणनीतिको रूपमा मान्यता दिए । सरकारी कार्यक्रमको मान्यता पाए पछि यो कार्यक्रमले नयाँ सामुदायिक अभियान सहित सहयोग र आत्मनिर्भरताको भावनाका साथ हाम्रो गाउँको सुधार र आधुनिकीकरण हामी आफैं गर्न सक्छौ भन्ने भावनालाई आत्मसात गर्दछ । कोरियालि सरकारले अभियानलाई कार्यान्वयनमा ल्याउदैं उन्नत गाउँ निर्माणको निम्ति 'दश परियोजना'को कार्यसम्पादन निर्देशिका जारी गरेर ३३ हजार २ सय ६७ गाउँमा लागु गर्दै सामुदायिक विकासका लागि जिन्सी सहायता दिन शुरु गरेको थियो । जसअन्तर्गत, सरकारले हरेक गाउँमा ३ सय ५५ बोरा सिमेन्ट र ५ सय केजी रड बाँड्न शुरु गर्‍यो । अर्कोतिर सरकारी कर्मचारी, विचारक, सामुदायिक अभियानका र निजी क्षेत्रका अगुवालाई तालिमको व्यवस्था गर्‍यो । कर्मचारीलाई भ्रष्टाचारी भावनाबाट टाढा रहन **'सुनलाई ढुंगा जस्तै देख'** लेखिएको 'हरियो टाई' वितरण गरिएको थियो । यो अभियानले नागरिकलाई समाजप्रति समर्पित हुने अगुवा नेतृत्व तयार पार्‍यो । यसैको शिक्षाले सदस्यहरूलाई स्वतःस्फूर्त जग्गादान, श्रमदान, सामग्री दान गर्ने उत्प्रेरणा प्रदान गर्‍यो । नयाँ सामुदायिक अभियान लागु भएका गाउँले जनताको आय विस्तारै बढ्न थाल्यो । यो क्रम ४ वर्ष पुग्दा ग्रामीण जनताको आय बढेर शहरी परिवारको आयभन्दा बढी हुन पुग्यो । यो कार्यक्मले गाउको विकास र स्वाधिन अर्थतन्त्रको निर्माणमा कोशे ढुगा सावित भयो (सम्बाहाम्फे, २०७४) ।

सन् १९७४ मा आइ पुग्दा शहरी भन्दा ग्रामीण जनाताको आय बढ्यो जस्को कारण के थियो भने सेमाउल उन्दोङ लागु भएको हरेक गाउँ वा इकाईमा कृषिमा आधारित एक सेमाउल उद्योग अनिवार्य खोल्नुपर्ने शर्त थियो । यस्ता उद्योगले गाउँको आय बढाउने काम गर्यो भने रोजगारीको अवसरहरूपनि प्रशस्तै सिर्जना गर्यो । उक्त अभियान शहरमा पनि लागु गरि औद्योगिक क्षेत्रहरूको विकास तीब्ररूपमा हुन गयो । शहर केन्द्रित उद्योगहरूको विकास हुँदा पनि सरकारले उद्योगको (Semi-product) सेमी प्रोडक्ट सम्बन्धी कम्पनीहरूबढी गाउँमै स्थापना गर्ने नीति लियो । यो नीतिले गाउँ र शहरलाई जोड्ने र गाउँको विकास र रोजगारीमा टेवा पुर्याउने काम गर्यो । सन् १९७० मा ८३ करोड डलर निर्यात गरेको कोरियाले यो अभियानको सफलताकै कारण सन् १९८० सम्म आइ पुग्दा कोरिया एक औद्योगिक राष्ट्रका रूपमा दर्ज हुन पुग्यो । त्यस्तै गरि १९८० मा १७ अर्ब डलरको उत्पादन निर्यात गर्यो । यो अभियान शतप्रतिशत सफल हुनको कारण, यसमा गाउँलाई ४० र ५० घरको सानो भन्दा सानो इकाइमा विभाजन गरियो र प्रत्येक निर्णायक कार्यक्रममा सबै घरका प्रतिनिधिलाई राय व्यक्त गर्ने सुविधा दिइयो । यो इकाइले जे चाहन्छ, त्यसैमा परियोजना सञ्चालन गर्ने गरियो । यस्तो इकाईले एकातिर समुदायमा भावनात्मक एकताको बिकास गर्यो भने अर्कोतिर निर्णय गरिएका योजनाहरूमा असन्तुष्टि र असहमति भन्ने प्रश्न नै उठ्न पाएन । यो अभियान सफल हुँदै गएपछि गाउँ ईकाईहरूले तर्जुमा गरेका परियोजनामा सरकारले ५० प्रतिशत ऋण, ३० प्रतिशत अनुदान र २० प्रतिशत समुदायको लगानी हुने व्यवस्था गर्यो । यो मोडेललाई केही वर्षमै राष्ट्रव्यापी गरियो । त्यस्तै अर्को महत्वपूर्ण कुरा, सरकारले समय सापेक्ष कृषीमा आधुनिकिकरण गर्यो । यसका लागि कृषी विज्ञलाई देशभर परिचालन गरेर कृषी तालिम प्रदान गरियो । यसले कृषिमा व्यापक आधुनिकीकरण गर्‍यो जसको कारण

अहिले कोरिया २ देखि ३ प्रतिशत कृषककै उत्पादनले खाद्यान्नमा आत्मनिर्भर बनेको छ । यो अभियान कुनै समय भोक, रोग र बेरोजगारीले तड्पिएका कोरियाली किसानका लागि सफलताको मन्त्र बन्यो (सम्बाहाम्फे, २०७४) । यो अभियानवाट नेपालले प्रशस्त शिक्षा लिन जरुरी देखिन्छ ।

त्यस्तै गरि उनले निर्यातबाट कमाइ भएको लगानी उच्च प्रविधिहरू र मेसिनहरूमा लगानी गरे । यी सामग्री अर्को चरणको विकासका लागि आवश्यक हुन्थ्यो । त्यस अतिरिक्त त्यो समयमा पार्कको सरकारले विदेशी सामग्रीहरूमा भन्सार कर बढाएर स्वदेशी उद्योगहरूलाई अनुदान दिएर ठूला उद्योग विकास गर्न सहयोग गरेको थियो । यसले दक्षिण कोरियालाई तेस्रो चरणमा ल्याइपुऱ्यायो । पार्कको दोस्रो पञ्च वर्षीय योजनामा यसको प्रत्यक्ष्य प्रभाव देख्न सकिन्छ । उनले ठूला र रासायनिक उद्योग खोल्नेलाई सहयोग गर्ने नीति लिए । यो चरण कोरियाको विकास चरणको सबैभन्दा लामो अवधि रह्यो । यो चरणमा वैदेशिक पूँजीमा नियन्त्रण भए पनि सरकारको निगरानीमा यसलाई भित्र्याइयो । यो अवधिमा निर्यात वार्षिक रूपमा ३५.२५ दरले वृद्धि भयो । सन् १९९० को दशकमा दक्षिण कोरियाली अर्थतन्त्रमा उलेख्य परिवर्तनहरू देखिए । यही समयमा देशले विकासको चौथो चरणमा आइपुग्यो । यो अवधि उच्च प्रविधिको उद्योगको रह्यो । सन् १९८८ मा द. कोरियाले गर्ने निर्यातमा १५.५ प्रतिशत हिस्सा मात्र उच्च प्रविधिको सामग्री हुन्थ्यो । त्यसपछिको हरेक वर्ष यसमा लगभग शत प्रतिशतले वृद्धि भएको छ । कोरियाली सामग्रीको अन्तर्राष्ट्रिय बजारमा बढेको माग र घरेलु उपभोगमा भएको उच्च वृद्धिका कारणले कोरियाले परिपक्व र सम्पन्न राज्यका रूपमा स्थिरता प्राप्त गऱ्यो । यसले कोरियाली समाजको हरेक तप्काको जीवन स्तर बढायो । कोरियाली इतिहासमा दोस्रोदेखि चौथो चरणसम्म स्थिर रूपमा उच्च आर्थिक वृद्धि देखियो । सन् १९६२ देखि १९९५ सम्म दक्षिण कोरियाले औषतमा वार्षिक १०५ प्रतिशत आर्थिक वृद्धि दर हासिल गऱ्यो (उप्रेती, २०७५) । यसर्थ , कोरियाली विकास मोडल विश्वकै उत्कृष्ट आर्थिक विकास मोडलको रूपमा स्थापित हुन पुग्यो ।

### (ग) सिङ्गापुर

विश्वको प्रमुख औद्योगिक देश सिङ्गापुर, चार एसियाली टाइगर्समा सबैभन्दा प्रजातान्त्रिक मुलुक हो । एक बेलायतीको कूटनीतिज्ञको शब्दमा ली क्वान युको अद्‌भूद नेतृत्वमा यो राज्यमा 'राजनीति हराएर' पूरै राज्य नै एक 'प्रशासनिक एकाई'मा बदलिएको थियो । सन् १९६५ मा मलेसियाबाट मन नलागी नलागी स्वतन्त्रता स्वीकारेपछि लीले सन् २०११ मा सन्यास नलिएसम्म सिङ्गापुरको राजनीतिलाई 'नरम निरंकुशता' सहित नियन्त्रणमा राखे । यो अवधिमा सिङ्गापुरले अभूतपूर्व आर्थिक विकास गर्नुको साथै विश्व रंगमन्चमा आफुलाई एक सम्वृद्धशाली राष्ट्रको रूपमा स्थापित गराउन सफलता हासिल गऱ्यो । सिङ्गापुरको विकासले दक्षिण कोरिया र ताइवानको भन्दा फरक बाटो लिएको छ । उसलाई युद्धबाट राज्यलाई पुनःनिर्माण गर्ने चुनौती थिएन तर यो सहरी राज्यले आफूसँग आफ्ना नागरिकलाई खुवाउन पुऱ्याउन सक्ने जमिनसमेत थिएन । राज्यका लागि आवश्यक खाद्दान्न र पानी समेत छिमेकी मुलुकवाट आयात गरेर आपुर्ती गर्ने सिङ्गापुरले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यलाई निर्यात मुखी सामानय उद्योगहरूको विकासलाई जोड दिने निति अख्तियार गऱ्यो । सिङ्गापुरले आफ्नो स्थानीय तहमा रहेको प्राविधिक र व्यवस्थापकीय ज्ञानको अभावलाई अन्तर्राष्ट्रिय संस्थाहरूलाई आकर्षित गरेर सरकारी अनुगमन सहित पूरा गयो । सन् १९७० को दशकसम्म सिङ्गापुरको अर्थतन्त्रको संरचनामा उलेख्य परिवर्तन आयो जस्ले निर्माण उद्योग र ठूला उद्योगहरूको स्थापनामा विशेष जोड दिएको थियो । कतिपय विद्वानहरूले यो परिवर्तनलाई चीनमा देङको सुधारपछि आएको परिवर्तनको विरुद्दमा चिनलाई चुनौती दिन थालिएको कदमको रूपमा उल्लेख गर्दछन ।

सन् २००० मा लि क्वान युको किताब 'फ्रम थर्ड वर्ल्ड टु फष्ट र द सिंगापुर स्टोरी १९६५( २००० (From third world to first: The Singapoore Story) प्रकाशित भयो । विश्व पुस्तक बजारमा 'वेष्टसेलर' रहँदै आएको यो किताबको प्रारम्भ गर्दै लि क्वान यु लेख्छन 'घर कसरी बनाउने, इन्जिन कसरी मर्मत गर्ने, किताब कसरी लेख्ने भनेर तपाई सिकाउने पुस्तकहरूपाइन्छन् । तर चाइना, ब्रिटिस इन्डिया र डच इस्ट इन्डिजबाट बाहिर छरिएर संकलित भएका आप्रवासीहरूले राष्ट्र कसरी निर्माण गर्ने, क्षेत्रीय व्यापारिक केन्द्रको पुरानो आर्थिक भूमिका गुमाएर मृतप्राय: बनिरहेका जनतालाई कसरी जिवन्त बनाउने भनेर सिकाउने पुस्तक मैले कतै देखिनँ ।' त्सैले यो किताबको लेख्ने आवश्यकता रहेको हो ।

यो किताबले मुलत निम्न २ वटा तथ्यहरूमा जोड दिएको छ ।

१. कुनै पनि राष्ट्र निर्माणको बनिबनाउ मोडेल हुँदैन । त्यो अरु कसैले सिकाउन सक्दैन । स्वयं त्यो देशका जनता वा नीति निर्माताले आफै पत्ता लगाउन सक्नु पर्दछ ।

२. राष्ट्र निर्माणको मोडेल तयार गर्दा मुख्य ३ वटा तत्वहरूलाइ हेर्नु पर्दछ र जनसंख्या संरचनाको ऐतिहासिकता, भूराजनीति र आर्थिक संभावना ।

पुस्तकको यो प्रारम्भीक वाक्यलाई उपसंहार खण्डको अर्को एक वाक्यसंग जोड्नु उचित हुन्छ । उनी लेख्छन 'हामी कामबाट सिक्थ्यौं, छिटटै सिक्थ्यौं । हाम्रो सफलताको एउटा मात्रै सुत्र थियो, कसरी चिजहरूलाई बढी कामकाजी बनाउने भनेर, तिनीहरूलाई अझ राम्रो कसरी बनाउने भनेर निरन्तर अध्ययन गर्थ्यौं । म कहिल्यै कुनै सिद्धान्तको बन्दी बनिनँ । मलाई कारण र यथार्थहरूले मात्र मार्गदर्शन गर्न सके, सिद्धान्तले हैन । कुनै पनि सिद्धान्त, योजना वा सोचले राम्रो काम गर्छ, गर्दैन भन्ने 'एसिड टेष्ट' (द्रूत जाँच ) गर्थें । यदि कुनै चिजले राम्रो काम गर्दैनथ्यो वा कमजोर परिणाम दिन्थ्यो भने त्यस्तो चिजमा म थप समय र स्रोत खर्चिन्नथें ।' (खतिवडा, २०७६)

सिङ्गापुरको आर्थिक सम्वृद्धिमा निम्न सिद्दान्तहरूको महत्वपुर्ण भूमिका रहेको पाइन्छ ।

**क. खुला वजार सिद्दान्त (Free Market Principles) :** सिङ्गापुरले पूँजिवादी आर्थिक सिद्धान्तलाई आफ्नो विकासको मुख्य सिद्धान्तको रूपमा अवलन्वन गरिरहेको छ । जस अर्न्तगत निम्न सिद्धान्तहरू पर्दछन ।

- श्रम वजारको व्यवस्थापन (Labor Market)
- उत्तरदायी कर्मचारीतन्त्र (Accountable Bureancracy)
- न्युन कर दर (Low Tax Rates)
- न्युन सरकारी खर्च (Government Expenditure)

**ख. समाजवादी सिद्दान्त (Socialistic Principles) :** सिङ्गापुरले समाजवादी आर्थिक सिद्धान्तलाई पनि त्यत्तिकै जोड दिएको छ जस अर्न्तगत निम्न सिद्धान्तहरू पर्दछन ।

- सार्वजनिक घरहरूको निर्माण (Public Housing)
- सार्वजनिक स्वास्थ्य सुविधा (Public Healthcare)

यी दुई सिद्धान्तहरूलाई अवलम्वन गर्दै सिङ्गापुरले विकासमा उच्च सफलता प्राप्त गरेको थियो । विकासको अन्तिम चरण उच्च प्रविधिको उद्योगको स्थापना सँगै अन्त्य भएको थिएन । बरु सिङ्गापुरलाई दक्षिणपूर्वी एसियाको आर्थिक र वित्तीय केन्द्रका रूपमा विकास गरेर अगाडि वढेको थियो । उच्च प्रविधिको उद्योगमा झैं व्यापार, आयात सुधार र वित्त सबैमा सीपयुक्त श्रमिकको आवश्यकता पर्छ । सिङ्गापुरको अवस्थिति र पछिल्लो समयको आर्थिक उदारीकरणले यी उच्च स्तरका उद्योगलाई निकै सहयोग गऱ्यो । यसले सिङ्गापुरलाई अन्ततः ताइवान र दक्षिण कोरियाजस्ता उच्च प्राविधिक राष्ट्रको समकक्षमा राखिदियो । राज्यको केन्द्रीय कोषले ठूलो उद्योगका लागि आवश्यक पूर्वाधार निर्माणमा गरेको सहयोग र ली क्वान युको आर्थिक र राजनीतिक दुवै क्षेत्रमा प्रभुत्वले गर्दा सिङ्गापुरको विकासमा सरकारको भूमिका सवैभन्दा महत्वपूर्ण देखिन्छ जसलाई नेपाल लगायत अन्य राष्ट्रहरूले पनि प्रेरक उदाहरणको रूपमा लिन सक्दछन् ।

## (घ) ताइवान र हङ्कङ

हाल चिनको स्वशासित क्षेत्रको रूपमा रहेको ताइवानको कथा पनि कोरियाको जस्तै छ । ताइवानको प्रारम्भ दक्षिण कोरियाको अवस्थाभन्दा दयनीय थियो । ताइवानको कथा पनि युद्धको समाप्तीबाटै सुरु हुन्छ । तर ताइवान आफै भने सो युद्धबाट त्यति प्रभावित भएको थिएन । चिनियाँ गृहयुद्ध मुख्य त मूलभूमि चीनमा लडिएको थियो । तथापि दोस्रो विश्वयुद्धसम्म यो पनि जापानको अधीनमा थियो । त्यो अवधिमा त्यहाँ कृषिमा केही सुधारका काम भएका थिए । त्यतिवेला सम्म यो टापु विशेष धान, उखु र भुइँकटर र केही कपडा उद्योगको अवस्थामा मात्र सिमित थियो । यसको साथै कृषि र माछापालनले यो भूगोलको कूल ग्राहस्थ उत्पादनको एक तिहाइ भाग ओगटने गर्दथ्यो ।

प्रारम्भमा च्याङ काइ सेकको सरकारले राज्यलाई अनुदानमा चलाउने खालको नीति लिएपछि सन् १९५० को दशकमा अमेरिकाले ताइवानलाई दिइरहेको अनुदान रोक्ने चेतावनी दियो । त्यसपछि राष्ट्रपति चियाङ र उनको कोमिन्ताङ पार्टीले कोरियाले लिएको जस्तो औद्योगिकीकरणको योजनाहरू अघि सारे । औद्योगिकीकरणले कृषिको कुल ग्राहस्थ उत्पादनमा रहेको योगदानलाई ७५ प्रतिशतमा मा झऱ्यो । कोरियामा जस्तै ताइवानले पनि प्रारम्भमा सामान्य खालको उद्योगमा विकास गऱ्यो । तर यहाँ भने कोरियामा भन्दा अलि लामो सयम सन् १९८० को दशकसम्म यी सामान्य खाले उद्योगहरूको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका रह्यो । त्यसपछि यहाँ ठूला उद्योगहरूको स्थापनाको सुरवात भयो । सुरुमा विशेषत स्टिल, विद्युतीय र पेट्रोलियम उत्पादनसम्बन्धी उद्योग खोलिए । ताइवानले वैदेशिक लगानी आकर्षणका लागि केही सरकारी उद्योगहरू निजीकरण गरेको भए पनि अधिकांश ठूला उद्योगहरू सरकारको नियन्त्रणमै राख्यो । च्याङले यिनै उद्योगहरूको बलमा चिनियाँ मूलभूमि पुनः कब्जा गर्ने सोचेका थिए ।

राज्यले अर्थतन्त्रमाथिको नियन्त्रण बलियो वनाउने निति लिएको थियो । वैदेशिक विनिमयमा नियन्त्रण, आयातमुखी उद्यमलाई सरकारी प्रोत्साहन गर्ने नीति, राज्य नियन्त्रित संस्थामार्फत नै कच्चा पदार्थको माग पुऱ्याउने जस्ता कदममार्फत सरकारले अर्थतन्त्रमा नियन्त्रण कायम गरिरहेको थियो । ताइवानले आफ्नो अर्थतन्त्रको परिपक्वता कोरियालेझैं उच्च प्राविधिक विकासमा पुगेर सम्पन्न गऱ्यो । सन् १९७० को दशकमा उच्च शिक्षित जनशक्तिको विकासको कारणले ताइवानको श्रमिकको ज्याला बढेको थियो । त्यसै अवधिमा चीनमा भएको आर्थिक विकास र त्यहाँको सस्तो श्रमको कारणले भएको उत्पादन सँग ताइवानले प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको सिर्जना भयो । त्यसपछि ताइवानले उच्च मूल्यका वस्तुको उत्पादन र सेवामा ध्यान स्थानान्तरण गऱ्यो । सरकारले मुख्यतः निर्यातमुखी आर्थिक संरचना, उच्च प्रविधि र उच्च सीपका उद्योगमा

स्तरोन्नति गर्ने निर्णय गऱ्यो । त्यसपछि ताइवानको पहिचान बनेको सूचना प्रविधि र सेमी कन्डक्टर जस्ता अन्य महत्वपूर्ण प्राविधिक उद्योगको विकासमा राज्यको भूमिका महत्वपूर्ण रह्यो । ताइवानले दुई विषय बाहेक लगभग कोरियाको विकास परिपथ नै पछ्याएको देखिन्छ । दक्षिण कोरियासँगको उसको पहिलो फरक सन् १९८० को दशकसम्म ताइवानको अर्थतन्त्रमा कपडा उद्योगजस्तो हलुका उद्योगको महत्वपूर्ण भूमिका देखिन्छ जुन कोरियाली अर्थतन्त्रमा छोटो समय मात्र रहेको थियो । त्यस्तै ताइवानको सन्दर्भमा अनुदान रोक्ने धम्की नआएसम्म नेतृत्व पहिलो चरणमा रमाइरहेको थियो जबकी द. कोरियामा नेतृत्व आफैले आत्मनिर्भर हुने रणनीति लिएको थियो । (उप्रेती, २०७५)

हङ्कङको विकास धेरै अर्थमा ताइवानको जस्तै रह्यो । बेलायतको अधिनमा रहेको हङ्कङ चीनको मातहतमा गएपनि हङ्कङको अर्थतन्त्र पुँजिवादी चरित्रको नै रहेको छ । त्यसो हुनुको पछाडि हङ्कङ अगाडि देखि नै औद्योगिकीकरणको चरणमा गएको थियो । अन्य तीन राष्ट्रहरूले सन् ६० को दशकमा विकास सुरु गरेका हुन् भने हङ्कङमा सन् १९५० को दशकमै विकास प्रारम्भ भइसकेको थियो । सिङ्गापुरसँगको अन्य समानतामा हङ्कङले पनि जग्गा अभावका कारण अन्न आयात गर्नुपर्थ्यो । उसलाई यसबाट भएको व्यापार असन्तुलनलाई सन्तुलनमा ल्याउनु थियो । त्यसका साथै अन्य राष्ट्रहरू जस्तै हङ्कङ पनि औद्योगिकीकरणको चरणपछि उच्च प्राविधिक विकास भन्दा व्यवसायिक केन्द्रका रूपमा विकास भयो (उप्रेती, २०७५) । हाल सम्म पनि हङ्कङ चिनको मातहतमा रहेको एक विश्व प्रसिद्ध औद्योगिक क्षेत्र र अन्तर्राष्ट्रिय वजारको रूपमा विश्व प्रसिद्ध रहेको छ ।

### (ङ) मलेसिया

उपनिवेश हुँदै स्वतन्त्रताको लडाई जितेर विकासको पथमा लम्किएको मलेसिया आजसम्म आइपुग्दा विश्वको ध्यान आकर्षित गर्ने देश बन्न सफल भएको छ । विदेशी लगानी भित्र्याएर बनेको मलेसियाले हालका दिनमा लाखौ विदेशी कामदारलाई रोजगारी दिएको छ र आर्थिक विकासमा थप शसक्त ढंगले लागिपरेको छ । व्यवस्थित सहरीकरण र सडक सञ्जाल, गगनचुम्बी भवन, स्वस्थ्य र हराभरा वातावरणका साथै राज्य सञ्चालनमा अपनाइएको 'सिस्टम'ले विश्वको ध्यान मलेसियातर्फ तानिएको छ । ४० वर्षको मेहनत र योजनाबद्ध सक्रियतामा तत्कालीन मलेसियन प्रधानमन्त्री महाथीर महम्मदले जसरी मलेसिया बनाउने काम गरे नेपालजस्ता विकासशि ल मुलुकमा पनि राजनीतिक इच्छाशक्ति हुने हो भने विकास गर्न कुनै कठीन हुने रहेनछ भन्ने बुझ्न सकिन्छ । आफ्नै विकासको मोडल, सभ्यता, इतिहास, संस्कृति, सहनसहन बोकेको मलेसियामा पर्याप्त पर्यटकीय स्थल रहेकै कारणले गर्दा बर्सेनी २५ मिलियनबढी पर्यटक मलेसिया पुग्ने गर्छन् । पर्यटकहरूको ओइरो लाग्ने मलेसियाको कूल ग्राहस्थ उत्पादनको महत्वपूर्ण हिस्सा पर्यटन क्षेत्रले ओगटेको छ । मलेसियाको विकास, तिव्रतम प्रगति र पर्यटन लोभ्याउने गन्तब्यले होटल व्यवसाय, स्थानिय उत्पादन र स्थानिय वजार निकै फस्टाएका छन् । (सिग्देल,२०१९)

नेपाल उद्योग वाणिज्य महासङ्घको आयोजना तथा नेपाल सरकारको सहआयोजनामा भर्खरै नेपाल बिजनेस कन्क्लेभ (Business conclave) सम्पन्न भएको छ । यस कनक्लेभको विशेषता भूतपूर्व मलेसियाली प्रधानमन्त्री महाथिरको सहभागिता एवं सम्मेलनमा उहाँले प्रस्तुत गर्नुभएको विकासको मोडेल नै रह्यो । आफ्नो प्रस्तुतिमा उहाँले दोस्रो विश्वयुद्धपछि उहाँको सरकारले सर्वप्रथम गरीब र धनीबीचको खाडल घटाउने योजना बनाएर भूमिहीनहरूको लागि भूमि वितरण कार्यक्रम अगाडि सारेको बताउँदै खेतीयोग्य जग्गाको कमीले यो कार्यक्रमले पूर्ण लक्ष्य प्राप्त गर्न नसकेकोले पुन सरकारले औद्योगीकरणको नीति अख्तियार गरेको

खुलासा गर्नुभएको थियो । त्यस बेला मलेसियासँग औद्योगीकरणको लागि अनुभव नभएकोले विदेशी लगानीकर्ताहरूलाई रोजगारी सिर्जना गर्ने खालको उद्योगहरूमा लगानी गर्न निम्त्याएको स्मरण गर्दै यसबाट रोजगारीमा आमजनताको पहुँच बढ्नुको साथै शिक्षित श्रमिक उत्पादन गर्न शिक्षामा लगानी बढाउनुपरेको थियो, जसबाट शिक्षित बेरोजगारीको समस्या समेत हल हुन पुगेको थियो । उहाँले आफ्नो सरकारले राजस्वभन्दा रोजगारी सिर्जनालाई प्रमुख लक्ष्य बनाई हिंडेकोले आज मलेसिया औद्योगिक मुलुकको पङ्तिमा उभिएको मन्तव्य व्यक्त गर्नुभएको थियो ।

तानाशाहको नाम दिइएका उनले मलेसियामा १९८१ देखि २००३ सम्म अर्थात् २२ वर्ष शासन गरे र यस अवधिमा मलेसियाको आर्थिक वृद्धिदर औसत १० प्रतिशत रह्यो भने जीवनस्तरमा २० गुणाले सुधार भयो । यस्तो कसरी भयो भन्नेबारे आफ्नो अनुभव सुनाउँदै उहाँले भन्नुभयो- मलेसियामा पनि १४ वटा पार्टी थिए । तर विकासको लागि राजनैतिक स्थिरता र व्यापार अनुकूल नीति नियमको आवश्यकता पर्दछ । हामीले यसलाई पूरा गर्दै गयौं र अन्तत देशको राजस्व बढ्न थाल्यो जसबाट हामीले आधारभूत आवश्यकता पूरा गर्दै सबै जनताको जीवनस्तर उकास्न सक्यौं । मलेसियाका डा. महाथिर मोहम्मदको योगदानलाई उच्च मुल्याङ्कन गर्दै मलेसियाली जनताले हालै ९५ वर्षको उमेरमा विश्वकै सबैभन्दा जेष्ठ प्रधानमन्त्रीमा निर्वाचित गराएका छन् । अन्तराष्ट्रिय जगतमा थुप्रै युग नायक छन जसले विकास, समृद्धि र सुशासनमा कोसेढुंगाका रूपमा आफूलाई स्थापित गराएर जनताको मानसपटलमा चिरस्थायी बास बस्न सफल भए । महाथिर मोहम्मदको लोकप्रियता कुनै वाद र सिद्धान्तको उपज होइन, गरिबी कायापलट गरेर विकसित मलेसिया बनाउन उनले खेलेको योगदानको परिणाम हो (गुप्ता, २०१४) ।

मलेसियाको हाल सन्चालित ११ औ पन्चवर्षिय योजनाले (२०१६-२०२०) समावेशिकरण, जनजिवनमा व्यापक सुधारको कार्यक्रम, आय र भौतिक पुर्वाधारमा जोड दिने र धनी गरिव विचको भिन्नता कमगर्ने निति अगडि सारेको छ । मलेशियाले वैदेशिक लगानी भित्र्याउने निति, प्रविधि र सुचना प्रसार गर्ने र मानविय पुँजिको अभिवृद्धि गर्ने कार्यक्रमहरूमार्फत द्रुततर विकास गर्ने लक्ष्यलाई प्राथमिकता साथ अघि सारेको छ । नेपालको लागि पनि यो मोडेल अत्यन्त उपयोगी हुन सक्ने सन्देश दिंदै नेपालले विकासको लक्ष्य निर्धारण गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिएर उपयुक्त र स्थायी वातावरण दिन सकेमा नेपालले पनि विकास गर्ने प्रचुर सम्भावना रहेको धारणा राख्नुभएको थियो । मलेसियाको यो उदाहरणवाट एक व्यक्तिको दुरदर्शि नितिले राष्ट्रको मुहार फेरिन सक्छ भन्ने शिक्षा लिन सकिन्छ ।

## (च) स्विजरल्याण्ड

जनसंख्या र क्षेत्रफलको आधारमा स्विजरल्याण्ड नेपाल भन्दा साँढे तिन गुणाले सानो देश हो । जन घनत्वको हिसाबले नेपाल र स्विजरल्याण्ड उस्तै देश हुन् । दुवै देशमा १ बर्ग किलोमिटरमा १९८ जना बसोबास गर्दछन । स्विजरल्याण्डमा ८४० मिटर देखि ४६३४ मिटर मात्र अग्ला ४५१ साना हिमालहरूछन् । प्रत्येक साना हिमालको पनि नामकरण गरिएको छ । यी सबै हिमालमा पर्यटकलाई खुल्ला गरिएको छ । हिमालमा धुवाँ रहित रेल र केबलकार संजालले सबै प्रकारका मानिसलाई भ्रमण गर्न सम्भब बनाएको छ । स्विजरल्याण्डमा बार्षिक पर्यटकको संख्या २ करोड छ र पर्यटनबाट मात्र रु ४० खर्ब भन्दा बढी आम्दानी हुने गरेको छ । नेपालमा पनि सबै चुचुरालाई नामाकरण गर्नु, पर्यटनका लागि खुला गर्नु , हिमालका निश्चीत उचाइ सम्म पर्यटन पुर्वाधारको विकास गर्न जरुरि छ, सयौं हिमाल हामी सँग छन् तर हालसम्म सम्पूर्ण हिम चुचुराहरूको नामाकरण गरिएको छैन र पर्यटनका लागि खुल्ला समेत गरिएको छैन ।

स्विजरल्याण्डको संघीय प्रणालीमा १३ वटा क्यान्टोन वा प्रदेशहरूछन् । असंलग्न पररास्ट्र नीति , कडा कानुन, द्रुत विकास, राष्ट्रिय सुरक्षा र राष्ट्रिय अर्थतन्त्र चाही स्विसहरूको राजनीतिक प्राथमिकतामा पर्दछन । स्विजरल्यान्डको सफल संघीय प्रयोगले के देखाउँछ भने राज्य बलियो हुनको निम्ति त्यस राज्यका जनता बलियो हुनुपर्ने रहेछ । जनता बलियो हुन तीनवटा कुरामा राज्यले जनतालाई हेरेको हुनुपर्छ स् **जनताको स्वास्थ्य, सामाजिक सुरक्षा र शिक्षा** । स्विजरल्याण्डले यी तिनै कुराहरूमा जोड दिने गरेको छ र यी तिनै कुरामा जनतालाई सुविधा दिने राष्ट्रहरूको अग्र पङ्तीमा पर्दछ । स्विसहरू आफुले गरेको काममा कर तिर्छन । आफुले बनाएको नियमलाई कडाइका साथ पालन गर्छन ।

स्विजरल्याण्ड नेपाल जस्तै भू(परिवेष्ठित मुलुक हो । मुख्य आयश्रोत पर्यटन र कृषि नै हो । उन्नत कृषिबाट उत्पादित वस्तु र गाईको दुध यहाँको आम्दानीको मुख्य मेरुदण्ड हो । हुनत यहाँको बैकिङ्ग कारोबार अर्थतन्त्रको अर्को महत्वपूर्ण पाटो हो तर सन १८४८मा संघीय संबिधान बनेदेखिको इतिहासको अध्ययनबाट के देखिन्छ भने संघीयताको सफल प्रयोगले स्विजरल्याण्ड यत्तिको बलियो भएको हो । स्विजरल्याण्डको शासन प्रणाली विश्वमा अनौठो मानिन्छ जहा ७ वटा संघका प्रमुखहरूले आलोपालो सरकार चलाउँछन । विभिन्न देशहरूको औपचारिक प्रतिनिधित्वमा भने उनीहरू राज्यको प्रतिनिधिको रूपमा गएका हुन्छन । कुनै पनि निर्णय लिँदा जनताको मतको कदर हुन्छ । ५० हजार हस्ताक्षर लिएर कुनै नागरिकले संविधानमा भएका कुरा फेर्न चाह्यो भने चुनाब गरिन्छ । हरेक संघको आफ्नै संसद, न्यायपालिका र प्रणाली छ । सम्प्रभुत्ता सबैको सहमतिको बिन्दु हो । जर्मन, इटालीयन , फ्रेन्च र अल्पसंख्यक रोमन भाषा भाषीलाई राज्यले मान्यता दिएको छ । संघीय प्रदेशहरूमा आफ्नै भाषा चल्छन । यसर्थ, स्विजरल्याण्डलाइ सबै हिसावले अनुकरणिय राष्ट मानिन्छ । ( इनेप्लिज,२०७३)

स्विजरल्याण्डलाइ विश्वको नमुना राष्ट्र बन्न सघाउ पुऱ्याउने केहि मुख्य कारकतत्वहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ ।

१. क्षेत्रफलमा सानो आकार (Small Size)
२. वास्तविक प्रजातन्त्र (Genuine Democracy)
३. विकेन्द्रीकरणको राम्रो अभ्यास (Decentralization)
४. प्राथमिकता प्राप्त क्षेत्रमा विशेष सहुलियत दिने नितिहरू(Subsidiary Principle)
५. गैर व्यावसायिक नेताहरू(Non-Professional Politicians)
६. पुँजि र वौद्धिक क्षेत्रका लागि सुरक्षित स्थान (Safe Haven for Capital and Brainpower)
७. मध्यम वर्गिय मानसिकता (Middle-Class Mentality)
८. शिक्षामा विशेष जोड (Educational Priority)

यी विभिन्न कारकतत्वहरूले स्विजरल्याण्डको विकास प्रक्रियामा निकै सघाउ पुयाएका छन जुन नेपाल जस्तो भर्खर विकास पथमा अघि वढिरहेको राष्ट्रका लागि अनुकरणिय हुन सक्दछ ।

## (छ) चीनको विकास मोडेल

सन् १९७८ मा देङ सियाओपिङ नेतृत्वमा आएपछिका चार दशकयता चीनले आफूलाई विश्व आर्थिक शक्ती (Power house) को रूपमा विकसित गरेको छ। साथै यसले विश्वव्यापी अर्थतन्त्र र भूराजनीतिमा समेत महत्वपूर्ण परिवर्तन ल्याएको छ। चीनमा आर्थिक सुधार गर्ने कामको सुरुआत कृषि क्षेत्रबाट गरियो। राज्यको नियन्त्रण केही खुकुलो बनाइयो र दोहोरो ट्र्याक मूल्य संयन्त्रको माध्यमबाट किसानहरूलाई बजार सहुलियत

प्रदान गरियो। किसानहरूले आफ्नो प्रभावकारिता र उत्पादकत्व बढाएर यस सुधारप्रति सकारात्मक प्रतिक्रिया दिए। त्यसपछि अन्य क्षेत्रमा पनि थप सुधारका कार्य विस्तार हुँदै गयो। (Township and Village Enterprises) टाउनसिप एन्ड भिलेज इन्टरप्राइजेज (टिभइएस) भनिने हाइब्रिड खालको स्वामित्वको माध्यमबाट गैरकृषि क्षेत्रमा सहुलियत प्रदान गरियो। सहरतिर सुधार फैलिएसँगै राज्यका उद्योगहरूले थप एकाधिकार प्राप्त गरे र यसले उनीहरूलाई उद्यमी बन्न थप प्रेरित बनायो। लगानी गर्न र आर्थिक वृद्धि बढाउन प्रान्त तथा स्थानीय निकायहरूका लागि विभिन्न सहुलियतहरूको व्यवस्था गरिएको थियो। सन् १९९० को दशकताका स्पेसल आर्थिक जोन (एसइजेडएस) को वृद्धिले चीनलाई विश्व अर्थतन्त्रमा समायोजन हुन निर्णायक भूमिका निर्वाह गऱ्यो। (रोड्रिक, २०७५)

देङ सिआओपिङले चीनमा आर्थिक क्रान्ति शुरू गरेको सन् २०१८ मा ४० वर्ष पूरा भएको छ। त्यसलाई उनले चीनको दोस्रो क्रान्ति भन्ने गर्दथे उक्त आर्थिक सुधारपछि चीन विश्व अर्थतन्त्रमा दह्रो रूपमा प्रवेश गर्यो। आजको मितिमा चीन विश्वको त्यस्तो देश भएको छ जोसँग सबैभन्दा बढी विदेशी मुद्रा सञ्चिति अर्थात् ३.१२ खर्ब डलर छ। चिनको हालको आर्थिक विकासको गतिलाई निम्न तथ्यहरूले पुष्टि गर्दछ।

- कुल गार्हस्थ उत्पादन (११ खर्ब डलर) को मामिलामा चीन विश्वको दोस्रो ठूलो देश हो।
- प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्ने चीन विश्वको तेस्रो ठूलो देश हो।
- देङ सिआओपिङले सन् १९७८ मा आर्थिक सुधारका कदम चाल्दा विश्व अर्थतन्त्रमा चीनको हिस्सा जम्मा १.८ प्रतिशत थियो जुन सन् २०१७ मा आएर त्यो हिस्सा १८.२ प्रतिशत पुगेको छ।
- चीन अब केवल एउटा उदीयमान अर्थतन्त्र मात्रै रहेन, बरू १५ औं र १६ औं शताब्दीताका विश्व अर्थतन्त्रमा करिब ३० प्रतिशत आफ्नो हिस्सा भएको अवस्थातर्फ उन्मुख भइरहेको राष्ट्र हो।

चीनलाई शक्तिशाली बनाउने नेताहरूमा माओत्से तुङ, देङ सिआओपिङ र वर्तमान राष्ट्रपति सी जिनपिङको नाम आउँछ। देङ सिआओपिङ नेतृत्वमा भएको आर्थिक क्रान्तिको ४० वर्षपछि चीन एक पटक फेरि एउटा दह्रो नेतृत्व पाएर अघि बढिरहेको छ। सी जिनपिङ देशको अर्थतन्त्रलाई अझ प्रभावशाली बनाउन उत्पादनको क्षेत्रमा चीनलाई 'महाशक्ति' बनाउन चाहन्छन्। सी जिनपिङले देङ सिआओपिङका उदारीकरणका नीतिहरूलाई अगाडि बढाइरहेका छन जसमा आर्थिक सुधार लगायतका कदम समेटिएका छन्। चिनियाँ सफलताको कथा दोस्रो विश्व युद्धपछिको एउटा देशको विकासको कथामा मात्रै सीमित छैन। बरू त्यो एउटा नियन्त्रित अर्थतन्त्रबाट मुक्त र उदारीकरणमा आएको परिवर्तनको पनि कथा हो। विश्वका कैयौं देशले पनि चीनले अवलम्बन गरेको परिवर्तनलाई अपनाए। तर लोभलाग्दो सफलता चीनले मात्रै हासिल गऱ्यो। चीनले घरेलु अर्थतन्त्रमा क्रमिक सुधारको प्रक्रिया थाल्यो न कि बजारलाई आफ्नो अर्थतन्त्र सुम्पिदियो। सुधार ल्याउने क्रममा उसले कहाँ विदेशी लगानी गर्ने र कहाँ नगर्ने कुराको निर्क्योल गऱ्यो जसका लागि उसले विशेष आर्थिक क्षेत्रहरूको निर्माण गऱ्यो र त्यसका लागि उसले दक्षिणी तटीय प्रान्तहरूलाई रोज्यो। देङ सिआओपिङले कम्युनिष्ट समाजवादी राजनीतिक माहोलमा ठोस परिवर्तनको जग बसाले जसले विश्वमा समाजवादी अर्थतन्त्रको साख जोगाउन सघाउ पुयायो।

चिनियाँ लेखक युकोन ख्वाङ आफ्नो पुस्तक 'क्र्याकिङ द चाइना कनन्ड्रमः ह्वाइ कन्भेन्सनल इकोनोमिक विज्डम इज रंग' मा लेखेका छन् (देङ सिआओपिङ एक महान् सुधारक मात्रै थिएनन धैर्य नभएका व्यक्ति पनि थिए। देङ सिआओपिङले शुरू गरेको सामाजिक आर्थिक सुधारको दृष्टान्त मानव इतिहासमा अन्यत्र भेटिँदैन। यसले चिनको आर्थिक जिवनमा निम्न परिवर्तन ल्यायो।

- सन् १९७८ देखि २०१६ को बीचमा चीनको जीडीपीमा ३,२३० प्रतिशतले वृद्धि भएको छ।

- यसबीचमा ७० करोड मानिसहरू गरिबीको रेखाबाट माथि उठे भने ३८.५ करोड मानिसहरू मध्यवर्गका रूपमा उकासिए ।
- चीनको वैदेशिक व्यापार साढे १७ हजार प्रतिशतले बढ्यो भने सन् २०१५ सम्म चीन विदेशी व्यापारमा अगुवाको रूपमा उदायो ।
- सन् १९७८ मा चीनले वर्षभरि गर्ने व्यापार अहिले दुई दिनमै गर्छ ।
- देङ सिआओपिङले चिनियाँ कम्युनिष्ट पार्टीलाई सामूहिक नेतृत्वमा लगेर चीनमा सामाजिक ( आर्थिक परिवर्तनको प्रक्रियामा तीव्रता दिए । (बि.बि.सी. २०१८)

अर्थतन्त्रको बजार नेतृत्व स्थापित गराउनु र बाहिरी स्वतन्त्रता बढाउनु नै चीनको यस्ता सुधार पछाडिका प्रमुख कारणहरूहुन। तर, अन्तर्राष्ट्रिय व्यापार र निजी लगानीमा चीनको हिस्सा बढे पनि यसमा राज्य क्षेत्रको हिस्सा भने तुलनात्मक रूपले खुम्चियो। यसका लागि आर्थिक विविधीकरण र पुनर्गठन शृंखलाबद्ध औद्योगिक नीतिका माध्यमबाट प्रवर्द्धन गरियो। विदेशी लगानीकर्तालाई घरेलु कम्पनीसँग संयुक्त उद्यममा आबद्ध हुन लगाइयो र स्थानीय योगदान (Input) को प्रयोग बढाउन लगाइयो। यसबाट विनिमय दर र अन्तर्राष्ट्रिय वित्तीय प्रवाह केही हदसम्म नियन्त्रित रह्यो। (रोड्रिक, २०७५)

यी सबैको माध्यमबाट चिनियाँ नेतृत्वले कुनै पनि सिद्धान्तको पालना गरेन र आफ्नै विशिष्टताबाट चलाइरह्यो। चिनियाँ आर्थिक सुधार न कम्युनिस्ट शिक्षा न त कुनै स्वतन्त्र बजार विश्वासबाट निर्देशित थियो। यदि नीतिनिर्माताहरूले कुनै एक महत्वपूर्ण सिद्धान्त अपनाउँछन् भने त्यसलाई पक्कै पनि 'व्यावहारिक प्रयोगात्मकता' भन्न सकिन्छ। यो देङ.को लोकप्रिय भनाइ हो। उनले भनेका छन् **'बिरालोको रङ्गले कुनै पनि फरक पार्दैन, फरक उसले मुसो समात्न सक्यो कि सकेन भन्ने कुराले पार्छ।'** चिनियाँ अनुभवको विलक्षणतालाई हेर्ने हो भने यस्ले विकसित र विकासोन्मुख दुबै राष्ट्रहरूलाई आर्थिक विकासका लागि महत्वपुर्ण शिक्षा प्रदान गर्दछ । अधिकांश पश्चिमा राष्ट्रमा बजारमाथिको निर्भरता र आर्थिक उदारीकरणका फाइदाहरू प्रस्तुत गर्न चीन सफल बनेको छ। सैद्धान्तिक रूपले चीनले राज्य नेतृत्ववाला आर्थिक मोडलको अर्न्तनिहित श्रेष्ठतालाई पुष्टि मात्र होइन स्थापित समेत गरेको छ र बजार केन्द्रित पश्चिमा सिद्धान्तको रडाको लाइ चुनौती दिइरहेको छ । नेपाल जस्तो समाजवाद उन्मुख राष्ट्रका लागि चिनको आर्थिक विकास अनुकरणिय मात्र होइन चिनको आर्थिक र प्राविधिक विकासको प्रभाववाट पनि नेपालले प्रसस्त फाइदा लिन सक्नु पर्दछ जुन अहिले नेपालमा चलेको वहस पनि हो ।

### (ज) विकासको भारतिय मोडेल (केरला र गुजरात)

कुनै पनि राष्ट्रलाई समृद्ध बनाउन राज्यले आर्थिक वृद्धि (Economic growth) र कल्याणकारी राज्यका अवधारणालाई आत्मसात गर्नुपर्दछ । यी दुवै मोडललाई एकीकृत र सन्तुलित ढंगले प्रयोग गरेमा सफलता हासिल गर्न सकिन्छ भन्ने दृष्टान्त भारतका केरला र गुजरात विकास मोडलबाट स्पष्ट हुन्छ । सन् १९७० को दशकमा केरला राज्यमा अभ्यास भएको विकास मोडेललाई केरला विकास मोडेल भनिन्छ । यो मोडेलले अराजक आर्थिक वृद्धि विकास मोडल विपरीत आम जनताको शिक्षा, जनस्वास्थ्य र सेवाका न्यायोचित वितरणमा जोड दिन्छ । यही विकास मोडेलको कारण केरलामा छोटो अवधिमै तीव्र रूपमा सामाजिक विकास

भयो। त्यसबाट त्यहाँका अधिक निम्न र मध्यम वर्गीय जनता लाभान्वित भएको तर्क दिगो विकासका अध्येताहरूदावी गर्छन् ।

हाल प्रधानमन्त्रीका रूपमा भारतलाई नेतृत्व दिइरहेका मोदीले गुजरातमा लागु गरेको विकासको मोडेलका आधारमा 'मोदिनोमिक्स' शब्द नै निर्माण भएको छ। भारतीय जनता पार्टीको वेवसाइटमै लेखिएको छ - 'गुजरात मोडलको भिजन भनेको पूर्ण रोजगारी, कम महंगाई, ज्यादा कमाइ, तीव्र गतिको आर्थिक विकास, गुणस्तरीय शिक्षा, सुरक्षा र उत्कृष्ट जीवनस्तर हो।' प्रधानमन्त्री मोदी सन् २००१ देखि २०१४ सम्म गुजरातका मुख्यमन्त्री थिए। मोदीले गुजरातमा सडक, उर्जा र पानी आपूर्ति जस्ता आधारभूत सुविधाहरूमा धेरै नै लगानी गरे। भारतको ग्रामीण विकास मन्त्रालयकाअनुसार सन् २००० देखि २०१२ सम्ममा गुजरातमा झण्डै तीन हजार ग्रामीण सडक परियोजनाहरूपूरा भएको थियो।

यसबाहेक सन् २००४ र २००५ तथा सन् २०१३ र २०१४ को बीचको अवधिमा प्रतिब्यक्ति उपलब्ध बिजुलीमा ४१ प्रतिशतले बृद्धि भएको छ। गुजरातले सन् २०१२ देखि अतिरिक्त बिजुली उत्पादन गरिरहेको छ । १८ हजार गाउँहरूग्रिडसँग जोडिएका छन्। यस बखत गुजरातको औसत जिडिपी (सन् २००० देखि २०१०सम्म) ९.८ प्रतिशत रह्यो जसबेला पूरै भारतको औसत विकास दर ७.७ प्रतिशत मात्र थियो। गुजरातमा मोदीले इ ( गवर्नेन्सलाई प्रभावकारी बनाए जसबाट प्रदेशमा भ्रष्टाचारमा कमी आयो। गुजरात मोडलले सुशासनका पक्षमा रहेको एक 'तटस्थ विचार' का रूपमा ख्याती कमाएको छ। गुजरात सरकारले सुशासन कायम गरेकोमा धेरै पटक अवार्ड समेत जितिसकेको छ । अक्सफोर्डबाट प्रकाशित किताब 'ग्रोथ अर डेवलपमेन्ट ह्विच वे इज गुजरात गोइङ'मा उल्लेख भएअनुसार गुजरातले आर्थिक विकासका लागि यस्तो नीति बनाएको छ कि अब जुनसुकै सरकार आए पनि गुजरातको सम्बृद्धिमा असर पर्दैन।

लगानीका लागि गुजरातमा परमिट लाइसेन्स तथा पर्यावरणसँग जोडिएका औपचारिकताहरूपूरा गर्न कानुनी अड्चनहरूराखिँदैन। लगानीकर्ताहरूलाई आकर्षित गर्ने र मनोबल बढाउने कुरामा मोदीले कुनै कसर बाँकी राखेनन्। पश्चिम बंगालमा लामो समयदेखि बिबादका बीच संचालनमा रहेको टाटा मोटर्सको नानो कार प्लान्ट सन् २००८ मा पश्चिम बंगालबाट गुजरातको साणन्दमा सारियो । पश्चिम बंगालको सरकारले जग्गाको मामिला सुल्झाउन नसक्दा जनताको बिरोध थेग्न नसकेर प्लान्ट नै बन्द गर्नुपर्यो तर गुजरातमा अहिले फोर्डले पनि प्लान्ट सुरु गरिसकेको छ । मोदीले फोर्ड, सुजुकी तथा टाटा जस्ता ठूला कम्पनीहरूलाई गुजरातमा प्लान्ट लगाउने अनुमति दिएर अटो म्यानुफ्याक्चरिङ इन्डस्ट्रीमार्फत गुजरातमा पर्याप्त अवसर भित्र्याएका छन् ।

हालसम्म पनि गुजरात भारतको सबैभन्दा औद्योगिकृत राज्य हो । पश्चिमी तटमा रहेको फाइदा पनि यसले उठाइरहेको छ । भारतको जनसंख्याको ५ प्रतिशत आवादी रहेको गुजरातमा देशको कुल क्षेत्रफलको ६ प्रतिशत जमीन छ । पानी नपर्ने समस्या भोग्ने गुजरातमा खेती गर्न त्यति सहज छैन तर पनि भारतको कुल निर्यातको २२ प्रतिशत गुजरातबाटै हुन्छ। हाल गुजरातको जिडिपी ७.६ प्रतिशत छ। लामो तटक्षेत्रका कारण अन्तर्राष्ट्रिय ब्यापार धेरै नै सुगम छ। भारतको एक तिहाइ समुद्री जहाज गुजरातकै तट भएर जाने गर्छ। सन् २०१० देखि नै गुजरातले ४३ हजार ८४८ मिलियन युनिट बिजुली उत्पादन गर्न थालेको हो। गुजरातमा ४० हजार ७९३ मिलियन युनिट माग रहेकोमा बाँकी रहेको बिजुली उसले अन्य १२ राज्यहरूलाई बेच्न थालेको छ। त्यस्तै भारतमा कुल ३.८ प्रतिशत बेरोजगारी दर रहेकोमा गुजरात राज्यमा सबैभन्दा न्यून १ प्रतिशत

मात्र बेरोजगारी दर रहेको श्रम ब्यूरोको प्रतिवेदनमा उल्लेख छ (Bizmandu, 2018)। भारतको गुजरात र केरला मोडलले पुँजिवादी र समाजवादी चरित्रलाई अवलम्वन गरेको छ जुन नेपाल लगायत अरु देश र राज्यका लागि पनि अनुकरणीय रहेको छ ।

## (झ) रुवान्डाली मोडेल

हरियो जंगल र पहाडले घेरिएको पूर्वी मध्यअफ्रिकी मुलुक रुवान्डा सन् १९९० तिर तत्कालीन सरकारद्वारा 'प्रायोजित' जनसंहारका कारण जातीय द्वन्द्वबाट ग्रस्थ थियो जुन विस्तारै पुनर्स्थापनातर्फ अघि वढिरहेको छ । सन् १९९० देखि उसले आर्थिक विकासमा ठुलो फड्को मारेको छ । त्यहाँ जातीय टुत्सीहरू र हुटुहरूबीच दंगा हुँदा सय दिनमै आठ लाखभन्दा बढीको हुटु समुदायको वर्चस्व रहेको सुरक्षा निकायद्वारा हत्या गरिएको विभिन्न अन्तराष्ट्रिय संस्थाहरूको प्रतिवेदनमा उल्लेख छ । जातीय द्वन्द्व र तनावको प्रमुख कारण अल्पसंख्यक टुत्सी र बहुसंख्यक हुटुबीच जारी परम्परागत असमानतालाई मानिएको छ । आज त्यहाँ सबैखाले द्वन्द्वको समाधान भई विकास निर्माण र आर्थिक क्षेत्रमा ऐतिहासिक प्रगति भइरहेका छन् । त्यसैले द्वन्द्वमा फसेका र द्वन्द्वपछिका राज्य र सरकारले गर्नुपर्ने कामका लागि रुवान्डालाई उदाहरणका रूपमा लिने गरिएको छ । रुवान्डाले वर्षौंदेखिको द्वन्द्वमा मलहम लगाउन आफ्नै स्रोत र साधनको पहिचान मात्रै गरेन, त्यसको उपयोग गरी मुलुकलाई समृद्ध बनाउने उत्कट चाहनाका साथ अघि बढिरहेको छ । त्यसै क्रममा उसले कफी र चिया उत्पादन गरी आफ्नो अर्थव्यवस्थाको पुनर्निर्माणमा जुटेको छ । यी दुई उत्पादनहरू त्यहाँका प्रमुख निर्यात वस्तुमा दरिएका छन् । रुवान्डाको ऐतिहासिक विकास को सफलता यसले अख्तियार गरेको विकास र सकारात्मक आर्थिक नीति नै हो जसले त्यहाँ गरिबी र असमानता घटाउन सहयोग पुगेको छ ।

२३ वर्षअघि त्यहाँको अर्थव्यवस्था तहसनहस थियो । खासगरी, सन् १९९४ मा टुत्सीविरुद्ध मच्चाइएको नरसंहारपछि अधिकांश सेवा र सुविधाहरू ठप्प थिए । करिब १० लाख मानिसको ज्यान र हजारौंलाई विस्थापित हुने गरी भएको जनसंहार अघि र पछि रुवान्डाको वृद्धिदर ऋणात्मक अवस्थामा पुगेको थियो । तर, आज विश्वका तीव्र गतिमा बढ्दो अर्थतन्त्र भएको मुलुकमा रुवान्डाले आफूलाई उभ्याउन सफल भएको छ । सन् १९९४ मा मुलुकको वृद्धिदर ऋणात्मक (-११ दशमलव ४ प्रतिशत) रहेकोमा सन् २०१४ मा ७ प्रतिशत र सन् २०१५ मा ६ दशमलव ९ प्रतिशतमा पुगेको थियो । यो वृद्धिदर र आर्थिक छलाङको कारण पुनर्निर्माण, निर्यात प्रवर्द्धन, ऊर्जा विकास र समावेशी वित्त हुन् । यिनै विषयलाई आफ्नो विकासको मोडल बनाएर रुवान्डा छोटो समयमै अन्य मुलुकका लागि नमुना बनेको हो । खासगरी नरसंहारको समाप्तिसँगै मुलुकले सुरु गरेको पुनर्जागरण र रूपान्तरणको अभियानले उसलाई ऐतिहासिक सफलताको शिखरमा पुर्यायो । यसले सन् २०१२ को अन्त्यसम्मको एक दशकमा आफ्नो वार्षिक आर्थिक वृद्धिदर ८ प्रतिशतमा पुर्यायो । यो दर विश्वव्यापी र अफ्रिका महादेशभरिकै सबैभन्दा उच्च रह्यो । यसमा उसको बलियो आर्थिक आधार, नीति तथा कार्यक्रमहरूको कारणले नै हो । विशेषगरी 'ग्रासरुट' स्तरमा सवावेशी विकासको नितिले रवान्डालाइ आफ्नो लक्ष्यमा पुग्न सफल बनायो । मुलुकले आर्थिक विकास र गरिबी निवारण रणनीतिका साथ अघि बढ्दै सन् २०१८ सम्ममा वार्षिक रूपमा कृषि क्षेत्रमा दुई लाख रोजगारी सिर्जना गर्ने जनाएको छ । अनाज उत्पादनमा वृद्धि गर्नेलगायतका पहल उसले धेरै पहिले सुरु गरिसकेको थियो । फलस्वरूप दुई दशकमै विकासलाई उत्कर्षमा पुर्याउन ऊ सफल भयो । सन् २०१३ मा प्रतिव्यक्ति आय ६४४ अमेरिकी डलर रहेकोमा सन् २०१८ सम्ममा १२ सय अमेरिकी डलर पुर्याउने लक्ष्यरहेको छ । यसैगरी, निजी क्षेत्रको

लगानी जीडीपीको १५.४ पुर्याउने लक्ष्य पनि उसले लिएको छ । उसले वार्षिक वृद्धिदर ११.५ हासिल गरेको छ । सेवा क्षेत्र, उद्योग र कृषिलगायत अन्य क्षेत्रमा पनि राम्रो प्रगति गरेको छ । यसैगरी रुवान्डाले आफ्नो निर्यात प्रवर्द्धन गर्दै सन् २०१८ सम्ममा २८ प्रतिशत निर्यात बढाउने र थप ५६३ मेगावाट विद्युत् उत्पादन गरी ७० प्रतिशत घरधुरीलाई विद्युत् सेवा दिने अठोटका साथ अघि बढेको छ । वित्त विकास र वित्तीय सेवामा सुधारले वित्तीय क्षेत्रमा द्रुतगतिमा वृद्धि भइरहेको छ । फलस्वरूप जनसंख्या वृद्धिका बाबजुद मुलुकमा गरिबी न्यूनीकरण भैरहेको अवस्थामा छ । बैंकिङ क्षेत्र स्थिर र राम्ररी पूँजीकृत भएको स्थितिमा छ (यादव,२०७३) । रुवान्डाको यो तरक्कीले नेपाल जस्तो विकासोन्मुख राष्ट्रका लागि उदाहरण प्रस्तुत गर्दछ जसलाई नेपालले शिक्षाको रूपमा लिनू पर्दछ ।

## (ञ) इथियोपियाली मोडेल

विश्वकै सबैभन्दा बढी जनसंख्या भएको भूपरिवेष्टित मुलुक इथियोपिया अफ्रिका महादेशमा नाइजेरिया पछिको दोस्रो ठुलो जनसंख्या भएको देश हो । ८० भन्दा बढी भाषा बोलिने र संस्कृतिको धनी इथियोपियाको अवस्था रुवान्डाबाट अलि फरक भए पनि विभिन्न संकटका बाबजुद विकासमा यसले फड्को मारेको छ । पूँजीगत परियोजनामा पनि खासगरी आधारभूत संरचनामा रकम खर्चिरहेको रुवान्डाले निकै छोटो अवधिमा 'डाइभर अफ बुम' को अवस्थामा ऊ पुगेको छ । यसको मुख्य कारण त्यहाँको सरकार आफैं होइन, सरकारद्वारा सञ्चालित कम्पनी मार्फत विकास, निर्माण र संरचनामा खर्च गरिएकोले हो । सरकारले औद्योगिक पार्कदेखि चिनी कारखाना र पावर लाइन तिनै संस्थामार्फत बनाउने गरेको छ । खासगरी कमर्सियल बैंक अफ इथियोपिया, इथियो टेलिकम र इथियोपिया इलेक्ट्रिक पावरले त्यहाँको पूँजीगत लगानीमा ७० प्रतिशत योगदान पुयाएका छन । विश्व बैंकद्वारा सन् २०१६ मा प्रकासित 'इथियोपियाज ग्रेट रन र दि ग्रेट एसिलेरेसन एन्ड हाउ टु पेस इट' (Ethiopia's great runthe growth acceleration and how to pace it) ले उल्लेख गरेअनुसार, इथियोपिया सन् २००० यता विश्वको सातौं तीव्र आर्थिक वृद्धिदर भएको मुलुक हो । सन् १९८१ देखि १९९२ सम्म उसको जीडीपी जम्मा ०.५ प्रतिशत रहेकोमा सन् १९९३-२००४ सम्मको अवधिमा यो ११ प्रतिशतमा पुग्यो, जुन चीन अथवा भारतभन्दा धेरै राम्रो हो । सन् २००० मा इथियोपिया विश्वकै सबैभन्दा दोस्रो गरिब राष्ट्र थियो तर आज उसलाई विश्वकै दोस्रो अर्थतन्त्र भएको मुलुक चीनसँग तुलना गर्न थालिएको छ । यसप्रकारको उपलब्धि प्राप्त गर्नुमा आधारभूत संरचनामा उसको ठूलो लगानी प्रमुख कारण हो ।

इथियोपियाको विद्युत् विकास, रेल कनेक्टिभिटी र अन्तरप्रदेशीय राजमार्ग संघीय सरकारले बनाइरहेको छ जसले कृषि र अन्य विकास निर्माणका साथै हलुका वस्तु उत्पादनतिर पनि त्यतिकै जोड दिएको छ । चीन या पूर्वी एसियाली मोडेलविपरीत इथियोपिया आफ्नो अत्यन्तै बलियो पूँजी नियन्त्रणमार्फत 'ओभरभ्यालु' मुद्रा कायम राख्न सफल छ । यसका लागि उसले प्रिमियम डलरमा ग्रहण गर्छ । जसले गर्दा कम्पनीहरूलाई स्थानीय इथियोपियाली मूल्य कम भए पनि सामान निर्यात गर्न सजिलो छ । आयातकर्ता जोसुकै भए पनि उनीहरूका लागि सजिलो वातावरण छ, त्यहाँ । उदाहरणका लागि फूल निर्यातकर्ताले पनि उपभोग्य वस्तु आयात गर्न डलरसम्म आफ्नो पहुँचको उपयोग गर्न पाउँछन् । यो उसको प्रबन्धकीय या प्रविधि क्षेत्रको पहिलो विशेषज्ञता हुन सक्छ । त्यहाँका बैंकहरूलाई मुद्रास्फीतिको दरभन्दा तल झर्दा पनि ऋण निकासा गर्न त्यहाँ निर्देशन दिने गरिन्छ । आश्चर्यको कुरा त के छ भने धनको भुक्तानी गर्न त्यहाँ ऋणको माग बढ्दो छ । पोर्टफोलियो लगानीकर्ता (पूँजी बजारमा गर्ने लगानीकर्ता) हरू र विदेशी बैंकहरूप्रति त्यहाँको सरकारको

एक खालको वैचारिक भिन्नता छ । विदेशी 'पोर्टफोलियो लगानी' भन्दा आन्तरिक स्रोत र साधनको प्रयोग रकम जुटाउनका लागि उसले गर्ने गरेको छ । त्यसैले त उसले केन्याको 'आईपीओ टेलिकम' को लगानी मुलुकमा भित्र्याउनुको साटो सरकारी स्वामित्वमा रहेको दूरसञ्चारको एकाधिकारबाटै लाभ लिन उद्यत देखिन्छ ।

राज्यको स्पस्ट दिशा, एकाधिकार, विनिमय र मूल्य नियन्त्रणमा केन्द्रित इथियोपियाले जमिन, श्रम, लजिस्टिक, ऋण र विद्युतमाथि केन्द्रित भएर अघि बढ्न पाँच वर्षे योजना निमार्ण गरि विकास प्रक्रियालाई निरन्तरता दिइरहेको छ । इथियोपिया विश्व व्यापार संगठन (डब्लूटीओ) मा छैन र आईएमएफको सहयोग पनि उसले लिएको छैन । अफ्रिकाको सिंह (दी हर्न अफ अफ्रिका) भनेर समेत चिनिने इथियोपिया ५० वर्षयताकै सबैभन्दा ठूलो खडेरीको चपेटामा पर्यो तर त्यसलाइ कुशलता पुर्वक समाधान गर्न खाद्यान्न जम्मा गर्ने राष्ट्रिय नीति अघि सारियो । एक अर्ब अमेरिकी डलर सहयोगमा ७ सय ३५ मिलियन अमेरिकी डलर उसले आफ्नै लगानी गर्यो, जुन रकम उसको कुल जीडीपीको ६१.६४ अर्ब अमेरिकी डरलको १० प्रतिशत हो । इथियोपियाले गरेको यो प्रगती लाइ आत्मसात गरेको भए भूकम्प पीडितहरूको पुनस्थापना गर्न र द्रुततर आर्थिक विकास गर्न नेपाललाइ सजिलो हुने देखिन्छ (यादव,२०७३) ।

माथि उल्लेखित विश्वका केहि देशहरूको विकास मोडलहरूको अलावा चिली, क्युवा, दक्षिण अफ्रीका, भुटान लगायतका अन्य देशहरूको मोडल पनि अनुकरणिय रहेका छन । यी विभिन्न विकास मोडलहरूको तुलनात्मक अध्ययनले के देखाउछ भने विश्वका विभिन्न राष्ट्रका आफ्नै मौलिक विकासका ढाँचाहरू रहेका छन जसलाई ति राष्ट्रहरूले आप्नो विशिष्ट परिवेशमा निर्माण गरेका थिए । नेपालको सन्दर्भमा विकास मोडलको निर्माण गर्दा भारत र चिनको सन्निकटता, भुपरिवेष्ठित परिवेश, प्राकृतिक साधनको दोहन निति, भौतिक पुर्वाधारको आवश्यकता, जलस्रोतको पर्याप्तता, पर्यटकीय क्षेत्रहरूको विकास आदिमा ध्यान दिन जरुरि देखिन्छ । विकासको मार्गमा अग्रसर हुदै गरेको वर्तमान अवस्थामा नेपालले यी राष्ट्रहरूबाट शिक्षा लिन जरुरि रहेको छ । केन्द्र देखि स्थानिय तह सम्मका निकायहरूले यी मोडलहरूको अध्ययन गरि आपनो लागि उपयुक्त मोडल कुन हो पहिचान गरि भावी नीति र कार्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## अनुसुचि २ : नमुना नगरपालिकाका प्रस्तावित मानकहरू

**भू-उपयोग**

- वैज्ञानिक भू-उपयोग योजना निर्माण भई पूर्णता कार्यान्वयन भएको

**आवास**

- सम्पूर्ण नागरिकलाई सुरक्षित आवासको प्रत्याभूती भएको

**सडक**

- प्रत्येक वडा केन्द्रबाट नगरपालिका केन्द्र जोड्ने साथै नगरपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणाली, जिल्ला सदरमुकाम र अन्य प्रमुख शहर, बजार केन्द्रसँग जोड्ने राष्ट्रिय मापदण्ड अनुसारका सडकहरू भएका

**यातायात**

- आवश्यक रुटहरूसहित सुरक्षित, सुलभ र सहज सार्वजनिक यातायातको व्यवस्था भएको

**खानेपानी**

- सम्पूर्ण नागरिकलाई स्वच्छ र सुरक्षित पिउने पानीको प्रबन्ध भएको

**सिँचाई**

- सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुगेको

**ऊर्जा**

- प्रत्येक घरपरिवारमा विद्युत्, सोलार वा अन्य वैकल्पिक ऊर्जाको प्रबन्ध भएको

**सञ्चार**

- प्रत्येक घरपरिवारमा फोन तथा इन्टरनेटको पहुँच भएको

**कृषि**

- सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुगेको
- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्णत कृषिमा सदुपयोग भएको
- स्थानीय कृषि उपजमा आत्मनिर्भर भएको
- रैथाने प्रजातिका बालीनालीमा नमूना क्षेत्रको रुपमा विकास भएको
- वैज्ञानिक भण्डारण प्रणालीको व्यवस्था भएको
- कृषि विमाको सुविधा भएको
- वैज्ञानिक कृषि प्रणाली कार्यान्वयनमा आएको
- कृषि सामग्री र औजारहरुको सुलभ उपलब्धता भएको

**पर्यटन**

- सम्पूर्ण पर्यटकिय क्षेत्रको गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको
- पर्यटकिय पूर्वाधार अन्तर्गत यातायात, होटल, लज, सुरक्षा, स्वास्थ्य, संचार, आतिथ्य, परिकार मेनुहरु र विशेष पर्यटकिय क्रियाकलापहरुको प्रबन्ध भएको
- नगरपालिकाको वार्षिक आर्थिक क्रियाकलापमा पर्यटन क्षेत्रले कम्तिमा १० प्रतिशत योगदान पुऱ्याएको

**उद्योग**

- प्रत्येक वडामा कम्तिमा एक स्थानीय कच्चा पदार्थमा आधारित मझौला उद्योगको स्थापना भएको
- नगरपालिकामा कम्तिमा एक ठूलो स्तरको उद्योगको स्थापना भएको
- स्थानीय उद्योगहरुले नगरपालिकाको कम्तिमा १५ प्रतिशत रोजगारीको हिस्सा ओगटेको

- नगरपालिकाको वार्षिक आर्थिक क्रियाकलापमा उद्योग क्षेत्रले कम्तिमा १५ प्रतिशत योगदान पुऱ्याएको

### व्यापार तथा वाणिज्य

- नगरपालिकाको आयातभन्दा निर्यातको आकार ठूलो रहेको
- प्रत्येक वडामा आम नागरिकलाई आवश्यक आधारभूत किनमेल गर्न पर्याप्त स्थानीय बजारहरुको विकास भएको
- नगरपालिकाको वार्षिक आर्थिक क्रियाकलापमा व्यापार तथा वाणिज्य क्षेत्रले कम्तिमा २० प्रतिशत योगदान पुऱ्याएको
- नगरपालिकास्थित मुख्य बजारकेन्द्रहरुबाट निकटका ठूला बजारहरुसम्म राष्ट्रिय मापदण्डअनुरुपका पक्की सडकहरुको पहुँच भएको

### बैङ्क वित्तीय संस्था तथा सहकारी

- प्रत्येक घरपरिवारको बढीमा एक घण्टाको पैदलयात्रामा बैंकसम्म पहुँच रहेको
- प्रत्येक घरपरिवारको घरमुली वा सदस्यको बैंक खाता रहेको
- प्रत्येक घरपरिवारको एक वा अर्को प्रकारको सहकारीमा पहुँच रहेको

### शिक्षा

- शतप्रतिशत साक्षरता रहेको
- शतप्रतिशत बालबालिका विद्यालय भर्ना भएका
- विद्यालय छाड्ने दर शून्यमा झरेको
- बालअधिकार र मानव अधिकार प्रत्याभूत भएको

### स्वास्थ्य

- आधारभूत स्वास्थ्य सुविधासहितको अस्पतालमा सम्पूर्ण नागरिकको पहुँच भएको
- शतप्रतिशत गर्भवती महिलाहरूलाई सुरक्षित मातृत्व प्रत्याभूत गरिएको
- पूर्णखोपयुक्त नगरपालिका भएको
- बालपोषण सुनिश्चित भएको
- सम्पूर्ण नागरिकको अनिवार्य स्वास्थ्य बिमा गरिएको

### संस्कृति

- वार्षिक सांस्कृतिक पात्रो निर्माण गरी त्यसको पूर्णत : कार्यान्वयन भएको
- मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने प्रबन्ध भएको

### सामाजिक सुरक्षा

- सम्पूर्ण नागरिकको सामाजिक सुरक्षा प्रत्याभूत गरिएको
- सबै प्रकारका सामाजिक विभेदको अन्त्य भएको
- प्रत्येक वडामा कम्तीमा एक ज्येष्ठ नागरिक सत्सङ् केन्द्र रहेको
- नगरपालिकामा कम्तीमा एक बालगृह रहेको
- नगरपालिकामा कम्तीमा एक महिला सुरक्षा गृह रहेको

### शान्ति सुरक्षा

- शान्ति सुरक्षा तथा अमनचयनको पूर्ण प्रत्याभूती भएको
- के तपाईं आफू बसेको स्थान वरपर पूर्णत सुरक्षित महशुस गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा कम्तीमा ९० प्रतिशत सकारात्मक जवाफ आउने गरेको

### खेलकुद

- प्रत्येक वडामा आधारभूत पूर्वाधारयुक्त एक खेलकुद मैदान तथा व्यायामशाला रहेको

### मनोरञ्जन

- एक वडा एक पार्क, बालउद्यान (Fun Park) र समग्र नगरपालिकामा एक सांस्कृतिक केन्द्र, सिनेमा घर, नाट्यशाला, संगीत विद्यालय तथा नाचघर भएको

### शवदाह स्थल तथा चिहान व्यवस्थापन

- प्रत्येक वडामा स्थानिय समुदायहरुको संस्कार अनुरुपका शवदाह स्थल तथा चिहान क्षेत्र (मरनघाट वा मरनडाँडा) को उचित प्रबन्ध भएको

### वन

- कम्तीमा ४० प्रतिशत भू-भाग वन जङ्गल तथा हरित क्षेत्रले ओगटेको

### जलाधार

- सम्पूर्ण पानीका मुहानहरूको संरक्षण भएको

### वातावरण

- सम्पूर्ण विकासका क्रियाकलापहरू दिगो विकासका अवधारणा अनुरुप सञ्चालन भएका

### जलवायू

- जल तथा वायूको न्यूनतम गुणस्तर कायम राख्न स्थानीय तहबाट लागू गर्न सकिने वायू तथा जल संरक्षणमैत्री कार्यक्रमहरु लागू भएको

### सरसफाई तथा फोहर मैला व्यवस्थापन

- प्रत्येक घरधुरीमा उत्र्सजित फोहोर व्यवस्थापन गर्न एक वा अर्को प्रकारले वैज्ञानिक फोहर व्यवस्थापन प्रणाली कार्यान्वयन भएको

### विपद् व्यवस्थापन

- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण भई पूर्णत: कार्यान्वयनमा आएको

### सुशासन तथा संस्थागत विकास

- भ्रष्ट्राचारमुक्त असल शासनको प्रत्याभूती भएको
- क्षतिपूर्तिसहितको नागरिक बडापत्र पूर्ण कार्यान्वयनमा आएको
- प्रत्येक वर्ष कम्तीमा एक पटक कर्मचारीहरुको प्रत्यक्ष वृत्ति विकास सम्बन्धी तालिमहरु संचालन हुने गरेको
- प्रत्येक वर्षमा कम्तीमा एक पटक सरकारी सेवा प्रवाहमा नागरिक सन्तुष्टि सर्वेक्षण हुने गरेको
- e-Governance लागु भएको

### राजश्व

- नागरिक स्तरमा हुने प्रत्येक व्यक्तिगत तथा संस्थागत आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई त्यसको पूर्ण अभिलेखिकरण गरिएको

# अनुसूची ३ : विकास योजना प्राथमिकिकरण

## विकास योजना प्राथमिकीकरण गर्दा अवलम्बन गर्नु पर्ने आधारहरू

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि नगरपालिका वा स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुनेगरी निम्नानुसार गर्नुपर्दछ ।

सामान्यतया कुनैपनि कार्यक्रमलाई प्राथमिकताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिन्छ ।

### १= 'अति उत्तम" – ३ अंक

"अति उत्तम" तह अन्तर्गत कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **प्रत्यक्ष र उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा आवागमनमा निकै कठिनता छ र सडकको स्तरोन्नति गर्ने कार्यक्रमले आवागमनलाई प्रत्यक्ष र उल्लेखनीय प्रभाव पार्दछ भने सो कार्यक्रम कार्यान्वयनका हिसाबले पहिलो प्राथमिकता तथा अति उत्तम वर्गमा पर्दछ । यस प्रकारका कार्यक्रममा सो शिर्षक अन्तर्गत विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी रकम पर्न आउँछ ।

### २. "उत्तम" – २ अंक

"उत्तम" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **अप्रत्यक्ष तर उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा धार्मिक तथा अन्धविश्वासले सामाजिक कुरीति र जटिलता सिर्जना गरेको छ भने विद्यालय खोली शिक्षाको विकास गर्दा सामाजिक जटिलता न्यून गर्न अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउँछ । यस प्रकारको कार्यक्रम प्राथमिकताको हिसाबले दोस्रो प्राथमिकतामा पर्दछ भने यसलाई उत्तम मानी २ अंक प्रदान गर्नुपर्दछ । यस प्रकारको कार्यक्रममा समेत सम्बन्धित शिर्षक मध्ये ५० प्रतिशत भन्दा बढी बजेट विनियोजन हुन्छ ।

### ३. "सामान्य" –१ अंक

"सामान्य" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **सामान्य वा कम** मात्र योगदान दिन्छ भने सो कार्यक्रममा विनियोजित रकम मध्ये ५० प्रतिशत भन्दा कम रकम मात्र छुट्याइन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकताको आधारमा तेस्रो तहमा पर्दछ भने त्यसलाई १ अंक दिनुपर्दछ ।

### ४. "न्यून" - ० अंक

"न्यून" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **न्यून वा योगदान नै नपुऱ्याउने** हुन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकतामा पर्दैन तसर्थ यसलाई शुन्य अंक प्रदान गरिन्छ ।

यसरी कार्यक्रम प्राथमिकिकरण गर्दा विषय क्षेत्रगत विकास कार्यक्रम तथा उपक्षेत्रहरूका प्रत्येक कार्यक्रमहरूको मूल्याङ्कन गरी चार तहमा विभाजन गर्न सकिन्छ । अर्थात् उदाहरणको लागि भौतिक पूर्वाधार

अन्तर्गत कुनै निश्चित स्थानदेखि अर्को स्थान जोड्न सडकको स्तरोन्नति गर्दा सो सडकले स्थानीयबासीको तत्कालीन वा दीर्घकालीन प्रमुख समस्या वा मागलाई कुन तहबाट सम्बोधन गर्न सक्छ भनी मुल्याङ्कन गर्नुपर्दछ । त्यसोगर्दा सो कार्यक्रम

अति उत्तम भए ⟶ पहिलो प्राथमिकता

उत्तम भए ⟶ दोस्रो प्राथमिकता

सामान्य भए ⟶ तेस्रो प्राथमिकता

न्यून भए ⟶ प्राथमिकतामा नपर्ने हुन्छ ।

एवम रीतले प्रत्येक विषयगत क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई तोकिएको लक्ष्य हासिल गर्न कस्तो प्रकारको योगदान पुऱ्याउँछ भनी मूल्याङ्कन गर्दा माथि उल्लेखित तहहरूमा विभाजन गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ । यसकासाथै अन्य आधारमा :

(१) चालु वार्षिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक उद्देश्य वृद्धिको लक्ष्य प्राप्तिमा कुन तहको योगदान पुऱ्याउँछ ?

(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(३) जनसहभागिता सुनिश्चित गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(४) समावेशीकरणमा कुन तहको योगदान पुऱ्याउँछ ?

(५) यदि सञ्चालित आयोजनाहरू छन् भने पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारीको अवस्था हेरी कुन तहको योगदान पुऱ्याउँछ ?

यसरी यी प्रश्नहरूले गर्दा कस्तो उत्तर आउँछ सोको आधारमा कार्यक्रमलाई माथि उल्लेखित

"अति उत्तम"

"उत्तम"

"सामान्य" र

"न्यून" तहमा विभाजन गरी प्राथमिकता निर्धारण गर्न सकिन्छ साथै स्थानीय विकास गुरुयोजनाको मूल लक्ष्य स्थानीयबासीका आधारभूत आवश्यकता सम्बोधन गरी क्रमश: उच्च विकासतर्फ लम्कनु पर्ने भएकाले कार्यक्रम तय गर्दा वडास्तरमा निम्न बमोजिम गर्नुपर्दछ ।

## वडा तहका योजना छनौट तथा प्राथमिकीकरण

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मद्दत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ । वडा तहअन्तर्गतका बस्ती र टोल स्तरको आयोजनाहरू छनौट गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ ।

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ ।

(ख) प्रत्येक वडाले वडा भित्रका बस्ती र टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत् जानकारी गराउनु पर्नेछ ।

(ग) नगरपालिका /नगरपालिका अन्तर्गतका वडाअन्तर्गत रहेका बस्ती/टोलको भेलामार्फत् बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने बस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्नुपर्ने हुन्छ।

(घ) बस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने हुन्छ।

(ङ) बस्ती/टोल भित्रका क्रियाशील सामुदायिक सस्थाहरू (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लव र सञ्जाल, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरूलाई पनि सहभागी गराउनु पर्ने हुन्छ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरूको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरूको छनौट गर्नुपर्नेछ । यसरी बस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरूको सूची संयोजकले लिखित रूपमा तयार गरि वडा समितिमा पेश गर्नुपर्ने हुन्छ।

वडा समितिहरूले टोल/बस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरूलाई विषयक्षेत्रअनुसार समूहकृत गरिन्छ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले बस्ती टोलबाट प्राप्त योजनाहरूमध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरूको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने हुन्छ ।

वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरू छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरू वडा समितिको बजेट सीमा भित्र रही औचित्यको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने गाउँस्तरीय महत्वपूर्ण आयोजनाहरू भएमा वडा समितिले नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरू र दिगो विकास लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ बिशेष ध्यान दिनुपर्ने हुन्छ। यसरी छनौट भएका योजनाहरूको प्राथमिकीकरणका साथ नगरपालिकामा पठाउनुपर्ने हुन्छ ।

## अनुसूची ४ - दिगो विकासका लक्ष्यहरू

### दिगो विकास

नेपाल स्थित संयुक्त राष्ट्र संघको कार्यालयले सन् २०३० सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि सरकार, नागरिक समाज, समुदाय र अन्य सरोकारवालसँग मिलेर काम गरिरहेको छ ।

दिगो विकास लक्ष्य एउटा विश्वव्यापी सम्झौता हो जसले सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ ।

दिगो विकास १७ लक्ष्य तथा १६९ सहायक लक्ष्यहरू दिगो विकासका लागि एजेण्डा २०३० को एउटा भाग हो, जुन संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरू सम्मिलित सेप्टेम्बर २०१५ को ऐतिहासिक राष्ट्रसंघीय साधारण सभाको शिखर सम्मेलनले परित गरेर जनवरी १, २०१६ देखि लागू गरेको छ । विश्वभरका राष्ट्रिय सरकारहरू तथा लाखौं नागरिकहरूलाई एउटै थलोमा ल्याई यी महत्वाकांक्षी कार्यसूचीमा व्यापक छलफल र परामर्श गरी यो दिगो विकास लक्ष्यहरू तय गरिएका हुन् ।

### दिगो विकास लक्ष्यका पाँच स्तम्भ

**१. पृथ्वी :** पृथ्वीमा रहेका प्राकृतिक साधन स्रोत र वातावरण भावी पुस्ताका लागि संरक्षण गर्ने ।
**२. मानव :** सबै प्रकारका गरिबी र भोकमारीको अन्त्य गर्ने र मर्यादा एवम् समानता कायम गर्ने ।
**३. समृद्धि :** प्रकृतिसँग सामञ्जस्ता कायम गर्दै समृद्ध र समुन्नत जीवनको सुनिश्चित गर्ने ।
**४. शान्ति :** शान्तिपूर्ण, न्यायसंगत र समावेशी समाजको निर्माण गर्ने ।
**५. साझेदारी :** सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका ऐजेण्डाहरूको कार्यान्वयन गर्ने ।



## दिगो विकासका लक्ष्यहरू

१. सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।

२. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।

३. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने ।

४. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने ।

५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।

६. सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

७. सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।

८. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।

९. उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।

१०. मुलुक भित्र तथा मुलुकहरूबीच असमानता घटाउने ।

११. शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने ।

१२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।

१३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने ।

१४. दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने ।

१५. स्थानीय पर्यावरणीयको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।

१६. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने ।

१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

## अनुसूची ५ : अनुगमन तथा मूल्याङ्कन

### क) अनुगमन

विकास योजनाको कार्यान्वयन समयमै सम्पन्न गर्न र आयोजनाको लक्ष्य, उद्देश्य प्राप्त गर्न विकास आयोजनाको प्रभावकारी अनुगमन आवश्यक पर्दछ ।

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ, छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ, छैन भनी विभिन्न तहमा व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो । कुनैपनि कार्यक्रम आयोजनाको पहिचानको चरणदेखि कार्यान्वयन सम्पन्न भई सञ्चालन अवधिमा समेत अनुगमन गरिरहनु पर्छ । यसरी विभिन्न चरणमा गरिने अनुगमनबाट प्राप्त भएका नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकताअनुरूप सुधार गर्दै जानुपर्ने हुन्छ ।

यसो भएमा मात्र विकास आयोजनाले गति लिई समयमै सम्पन्न गर्न मद्दत पुग्न जानेछ र विकासको लक्ष्य हासिल गर्न सकिने छ ।

**अनुगमन २ प्रकारले गर्न सकिने छ :**

१. आयोजना स्थलमै गएर योजनाको क्रियाकलाप बारेमा जानकारी लिने गरी गरिने अनुगमन ।

२. आयोजनाको क्रियाकलापको प्रगति विवरण माग्ने र प्राप्त गरी गरिने अनुगमन ।

तर दुवै प्रकारका अनुगमनमा देखिएका समस्याको समाधान गर्न तत्कालै आवश्यक कदम चल्नु पर्दछ नत्र अनुगमनको कुनै औचित्य रहदैन ।

अनुगमनका क्रममा योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा निम्न कुराहरूको विश्लेषण गरिन्छ ।

- स्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समय तालिकाअनुसार भए नभएको
- अपेक्षित प्रतिफलहरूसमयमै र लागत प्रभावकारी रूपमा हाँसिल भए नभएको
- कार्यान्वयन क्षमता के कस्ता छन् ?
- के कस्ता समस्या र बाधा व्यवधानहरूदेखिएका छन् र तिनको समाधानका निम्ति के-कस्ता उपायहरूअवलम्बन गर्नुपर्छ ?

अनुगमनका क्रममा उपर्युक्त पक्षहरूको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क विवरणहरूसङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गरिन्छ । यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्वपूर्ण सहयोग पुग्दछ । अनुगमनका लागि कार्यान्वयन योजना, आयोजना विवरण तालिका, जिम्मेवारी तालिका आदि दस्तावेजको उपयोग गरिन्छ ।

### अनुगमन प्रणालीको छनौट तथा निर्धारण

अनुगमन प्रणाली प्रचलित सोच तालिका (Log Frame) का आधारमा स्थापित गर्न सकिन्छ । स्थानीय तहले आफ्नो विशिष्टता र प्राविधिक क्षमताका आधारमा यस्तो विधि अपनाउन सक्छन् । यस्तो विस्तृत विधि राष्ट्रिय योजना आयोगबाट प्रबर्द्धित **राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा** हेर्न सकिन्छ ।

स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध वस्तुगत तथ्याङ्कको आधारमा मौलिक रूपमा अनुगमन प्रणाली अवलम्बन गर्न सक्दछन् । साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आबद्ध हुने खालको अनुगमन सूचना प्रणाली स्थापना गर्नुपर्ने हुन्छ ।

अनुगमन योजना बनाउँदा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क, दिगो विकास लक्ष्यका सूचकहरूलाई स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचकहरूस्थापित गरी अनुगमन गर्ने र सोको प्रतिवेदन गर्नुपर्ने हुन्छ ।

स्थानीय तहको आफ्नो क्षेत्रभित्र क्रियाशील गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र स्थानीय तहको अनुगमन प्रणालीमा त्यस्ता कार्यहरूको पनि अनुगमन गर्ने व्यवस्था मिलाउनु गर्नुपर्ने हुन्छ ।

## अनुगमन तह

आवधिक योजनाको लक्ष्य, उद्देश्य र कार्यक्रम तहमा गरिने अनुगमन पद्धति तलको तालिकामा उल्लेख गरिएको छ ।

## आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| लक्ष्य | परेको प्रभाव | • कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले आवधिक योजनाको अन्त्यमा<br>• कार्यपालिकाद्वारा आवधिक योजनाको मध्यकालमा | • प्रभाव तहको<br>• असर तहको<br>• जनभावनामा परिवर्तन | • संघ, प्रदेश र स्थानीय तहको वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू<br>• स्थलगत अनुगमन<br>• वार्षिक कार्ययोजनाहरूको प्रगति |
| परिणाम | देखिने असर<br>• उत्पादकत्वमा परिवर्तन<br>• सडक पहुँच आदि | • कार्यपालिका र गाउँ/गाउँ कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति<br>• वार्षिक | • परिणाम तहको<br>• प्रतिशत वृद्धि | • सहभागितामूलक<br>• नतिजामूलक अनुगमन खाकाअनुसार<br>• नमूना सर्वेक्षण गर्ने |
| योजना | निर्मित परिणामहरू<br>• कक्षा सञ्चालन<br>• उत्पादन परिमाण<br>• सडक विस्तार<br>• स्वास्थ्य केन्द्र भवन निर्माण | • गाउँ र गाउँ कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति, शाखा कार्यालयहरूर प्रमुख प्रशासकीय अधिकृत।<br>• चौमासिक/वार्षिक | • परिणाम तहको<br>• सङ्ख्यात्मक वृद्धि | • नतिजामूलक अनुगमन खाकाअनुसार<br>• स्थलगत अनुगमन<br>• सार्वजनिक परिक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ |

### लक्ष्य तह

| लक्ष्य | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| “शिक्षा तथा स्वास्थ्य सेवाको समुचित विकास गरी समुदायको आर्थिक अवस्थामा सुधार ल्याउने ।”<br>“उद्योग र व्यापार फस्टाउन आवश्यक पूर्वाधारका लागि भूउपयोग योजना गर्दै समुदायको सहभागितामा गाउँ सूरक्षा व्यवस्था सुदृढ बनाउने । ” | • स्थानीय स्वास्थ्य केन्द्रहरूमा प्राथमिक स्वास्थ्यजन्य रोगीको सङ्ख्यामा कमी<br>• भूउपयोग योजना तयारी एवम् कार्यान्वयन आरम्भ<br>• लगानीका योजना संख्यामा आएको सकारात्मक परिवर्तन | | |

### योजना तह

| परिणाम तह | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| सहरी शैक्षिक सुधार योजना | • प्राथमिक तहमा भर्ना दरमा वृद्धि<br>• फोहरमैला वर्गीकरण लागु<br>• निर्वाचनमा बदर मतको सङ्ख्यामा कमी | | |
| मासुजन्य पदार्थ उपभोग वृद्धि योजना | • तरकार, अन्डा र मासुको स्थानीय बजारमा बिक्री वृद्धि<br>• कुखुरा व्यवसाय सङ्ख्या वृद्धि<br>• मासुजन्य जीव आयात वृद्धि | | |

### ख) मूल्याङ्कन

योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र योजनाको कार्यान्वयनबाट योजनाबाट फाइदा पाउने अपेक्षित जनताले उपर्युक्त रूपमा फाइदा पायो पाएन भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ । आवधिक योजना विभिन्न आयोजनाहरूको समष्टि पनि हो त्यसैले यो आफैंमा एक बृहद् कार्यक्रम समेत हो । यस मध्यमकालीन योजनाको मध्यावधि र पूर्ण अवधिको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९४ अनुसार नगरपालिका तथा नगरपालिकाले योजनाको मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ ।

योजनाको मध्यमकालीन अवधिमा मूल्याङ्कन गर्दा निम्न कुरालाई ध्यानमा राखी मूल्याङ्कन विश्लेषण गर्नुपर्ने हुन्छः

- लक्ष्य र उद्देश्य हासिल गर्न उन्मुख रहे/नरहेको
- लगानी योजनाअनुरूप वार्षिक लगानीहरूनिर्देशित रहे/नरहेको
- उपलब्धिका लागि लक्ष्य लगायत कार्यक्रमहरूको परिमार्जन गर्नुपर्ने आवश्यकता रहे, नरहेको आदि ।

योजना अवधिको अन्त्यमा निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको मूल्याङ्कन अन्तिमा रूपमा तेश्रो पक्षबाट गर्नु/गराउनु पर्ने हुन्छ। अनुगमन तथा मूल्याङ्कन र तर्कपूर्ण खाकासम्बन्धी विस्तृत व्यवस्थापनका लागि मार्गदर्शन राष्ट्रिय योजना आयोगबाट जारी गरिएको **अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन**लाई पनि उपयोग गर्न सकिने छ ।

- 

# अनुसूची ६ : रामग्राम नगरपालिका वडास्तरका विषयक्षेत्रगत कार्यक्रमहरूको विवरण

## (क) भौतिक पूर्वाधार विकास कार्यक्रमहरू

### क. भू-उपयोग

| क्र.सं. | माग गरिएको कार्यक्रम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक जग्गामा वृक्षरोपण | वडा नं. १ | |
| २ | सार्वजनिक भवन निर्माण | वडा नं. १ सन्डा | |
| ३ | वृक्षारोपण | वडा नं. ४, झरही खोला वरिपरि<br>वडा नं. ७, उजैनी | |
| ४ | Children Park | वडा नं. ५, महेशपुर चोक<br>वडा नं. ८, बगैंचा टोल | |
| ५ | Vehicle Parking | वडा नं. ५, बुद्ध चोक (अदालत अगाडि) | |
| ६ | सामाजिक वन बनाउने | वडा नं. ६ | |
| ७ | झरही नदीको वरिपरि तटबन्ध निर्माण | वडा नं. ७, उजैनी | |
| ८ | देउखाको झलुही खोलामा तटवन्ध | वडा नं. ७, देउखा | |
| ९ | खेल मैदान | वडा नं. ८, लोहशडा | |
| १० | पर्याप्त मात्रामा मल, विउ विजनको व्यवस्था | वडा नं. ९ | |
| ११ | खोला क्षेत्र सुधार | वडा नं. ११ | |
| १२ | खानीपाकड पिक्निक स्थल बनाउने | वडानं. ११ | |
| १३ | रानीपाकड मैदानलाई रंगशाला बनाउने | वडा नं. ११ | |
| १४ | कुनवार हस्पिटल बनाउने माग | वडा नं. १२ कुनवार | |
| १५ | पाडाटिकरमा सरकारी अस्पताल र सरकारी विद्यालय निर्माण | वडा नं. १३ पाडाटिकर | |
| १६ | क्रिकेट मैदान | वडा नं. १४ औचावल | |
| १७ | भलिवल मैदान | वडा नं. १४ अमलोड | |
| १८ | शिव मन्दिर, कोटइमाइ | वडा नं. १४ औचावल | |
| १९ | शिव मन्दिर,कोटइमाइ | वडा नं. १४ अमरोट | |
| २० | धर्मशाला | वडा नं. १५ घिनहा (३) | |
| २१ | खेल मैदान (सबै टोलमा) | वडा नं. १५ ननई (१), डिगोल (१), सुक्रौली (१), घिनहा राम जानकी मन्दिर (१) | |
| २२ | आवश्यक कृषि विउ विजन मलखाद अनुदान समयमै उपलब्ध गराइनुपर्ने | वडा नं. १७, वडा कार्यालय | |
| २३ | चक्ला बन्दी कार्यक्रम | वडा नं. १७, सबै टोल | |
| २४ | वडा कार्यालय भवन, सामुदायिक भवन, गाउँशाला (कुटी मन्दिरमा) | वडा नं. १५ | |

## ख. आवास तथा सार्वजनिक निर्माण

| क्र.सं. | माग गरिएको कार्यक्रम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक भवन | वडा नं. १ सन्डा | |
| २ | सामुदायिक भवन | वडा नं. ३, ओमशान्ति<br>वडा नं. ६, जय दुर्गा टोल | |
| ३ | भूमिहीन तथा आवासको पहुँच नपुगेका वर्ग/समुदायलाई आवश्यक आवस निर्माण | वडा नं. ४, ठाँउ पहिचान गरेर | |
| ४ | वडा भेला भवन निमार्ण | वडा नं. ५ | |
| ५ | दुर्गा मन्दिर | वडा नं. ५, ड्राईभर टोल | |
| ६ | सभा गृह | वडा नं. ५, महेशपुर चोक | |
| ७ | वृद्धा आश्रम, अनाथालय, अपाङ्ग अबचभ अभलतचभ | वडा नं. ६, जय दुर्गा टोल | |
| ८ | सभाहल | वडा नं. ७, उजैनी | |
| ९ | बहुउद्देश्यी महिला सभाहल | वडा नं. ७, बुद्धचोक | |
| १० | ट्रष्ट निर्माण, हेल्पोष्टको भवनमा | वडा नं. ७, | |
| ११ | भेटघाट गर्ने स्थल | वडा नं. ८, बैकुण्ठ, लाहशडा, उनवच, घमश्यामपुर | |
| १२ | Childern park | वडा नं. ८, लोहशडा | |
| १३ | पुस्तकालय | वडा नं. ८, | |
| १४ | भूमिहिन तथा सिमान्तकृत समुदायको लागि अति आवश्यक आवासको व्यवस्था | वडा नं. ९ | |
| १५ | चौतारा निर्माण | वडा नं. ११ रानीपाकड | |
| १६ | गाउँको मन्दिर (थारु समुदाय) निर्माण | वडानं. ११ रानीपाकड | |
| १७ | शिव मन्दिर व्यवस्थापन | वडा नं. ११ जम्वाड | |
| १८ | सिमान्तकृत तथा भूमि विहिन | वडा नं. १२ | |
| १९ | समुदायको लागि आवश्यक आवास तथा भूमी व्यवस्था | वडा नं. १२ | |
| २० | ढल निकास सहितको व्यवस्थित शहर निर्माण तथा भूमिहीन समुदायलाई आवश्यक आवासको व्यवस्था | वडा नं. १३ | |
| २१ | प्रतिक्षालय | वडा नं. १४, सबै गाउँमा | |
| २२ | सामुहिक भवन | वडा नं. १४, अहिरौली | |
| २३ | श्री जनता मा.वि.मा कम्पाउण्ड वाल निर्माण<br>(क) व्यवस्थित पुस्तकालय<br>(ख) फर्निचर | वडा नं. १५ सुक्रौली | |

| क्र.सं. | माग गरिएको कार्यक्रम | ठेगाना | कैफियत |
|---|---|---|---|
| | (ग) खानेपानी<br>(घ) ११ र १२ संचालनका लागि शिक्षक (२)<br>सार्वजनिक निर्माण | | |
| २४ | राम जानकी मन्दिर | वडा नं. १५, डिगवा | |
| २५ | सुक्रौली सामुदायिक सिकाई केन्द्र | वडा नं. १५, सुक्रौली | |
| २६ | कलवरी चर्च | वडा नं. १५, ननई | |
| २७ | शिव मन्दिर | वडा नं. १५, ननई | |
| २८ | भूमिहीन तथा सिमान्तकृत समुदायको लागि आवश्यक आवासको निर्माण | वडा नं. १७, ठाउँ पहिचान गरेर | |
| २९ | गरिव, सिमान्तकृत तथा लोपोन्मुख समुदायको लागी आवश्यक आवासको व्यवस्था तथा संरक्षण | आवश्यक ठाँउ पहिचान गरेर, वडा नं. ७ | |
| ३० | व्यवस्थीत ढल तथा आवास लागु गरी व्यवस्थित शहर निर्माण गर्ने | आवश्यक ठाँउ पहिचान गरेर, वडा नं. ७ | |
| ३१ | आवास क्षेत्र घोषणा, ढल निकास तथा व्यवस्थित सहर विकास | वडा नं. ३ | |
| ३२ | व्यवस्थित सहरी विकास तथा ढल निकास | वडा नं ९ | |
| ३३ | गरिब तथा सिमान्तकृत जनसमुदायको लागि आवासको व्यवस्था | वडा नं. १०, १२, १६, १८ ठाउँ पहिचान गरेर | |
| ३४ | सिमान्तकृत तथा भूमिहिन र लोपोन्मुख तथा पिछडीएको वर्गको लागि आवश्यक आवास निर्माण व्यवस्थित ढल, निकास सहितको शहर निर्माण | वडा नं. १३, ठाउँ पहिचान गरेर | |
| ३५ | गरिब तथा अशक्त परिवारलाई भवन निर्माण | वडा नं. १५ | |
| ३६ | बजार व्यवस्थापन गरी ट्रस्ट निर्माण गर्नुपर्ने | १७, पट्खौली | |
| ३७ | ढल निकास | १७, सबै टोलमा | |

## ग. सडक

| क्र.सं. | माग गरिएको कार्यक्रम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सडक कालोपत्रे गर्नुपर्ने | वडा नं. १, वडा नं. ३, वडा नं. ५, वडा नं. ६ | |
| २ | ढल निकास | वडा नं. १ | |
| ३ | पुरानो सवै सडकलाई स्तरोन्नती गर्नुपर्ने साथै आवश्यक चौडा बनाइनुपर्ने | वडा नं. १, वडा नं. ३, वडा नं. ४, | |
| ४ | रोडको छेउमा रुख रोप्ने | वडा नं. ५, | |
| ५ | राम जानकी टोल विकास भित्र बाटो निर्माण | वडा नं. ७, | |

| क्र.सं. | माग गरिएको कार्यक्रम | ठेगाना | कैफियत |
|---|---|---|---|
| ६ | पुरानो सडकहरुलाई आवश्यक मात्रामा चौडा तथा स्तरोन्नती गर्नुपर्ने | वडा नं. ९ | |
| ७ | सबै टोलको लागि कृषि सडक | वडा नं. ९ | |
| ८ | कुमार पासीको घरदेखि राजमन कोहोरीको घरसम्म नयाँ सडक निर्माण १ कि.मी. | वडा नं. ९ | |
| ९ | मुख्य सडक कालो पत्रे गर्ने | वडा नं. १४, १५ | |
| १० | कोटही मार्ग सडक देवगाउको बाटोदेखि कोटही माहीको मन्दिरसम्म (१कि.मी.) | वडा नं. १७ | |
| ११ | कृषि सडक विस्तार (कबरस्थानदेखि पिडरासम्म) | वडा नं १७ | |
| १२ | पुरानो कृषि सडक भएको सम्पूर्ण टोलमा मर्मत तथा स्तरनोन्नती गर्नुपर्ने | वडा नं. १७ | |
| १३ | राम लखनको घरदेखि विरेन्द्र कुर्मीको खेतसम्मको सडकलाई कृषि सडकको रुपमा निर्माण गर्ने | वडा नं. १७ | |
| १४ | बैरीहवावाट चन्द्रगाडी जाने बाटो कालोपत्रे गर्ने | वडा नं. ४ | |
| १५ | शिवमन्दिर देखी विन्देश्वरीको घरसम्म स्तरोन्नती तथा पिच | वडा नं. ७ | |
| १६ | मघवलिया देखि रामग्राम १६ जमुनिया जोड्ने सडक (२ कि.मी.) | वडा नं. ९ | |
| १७ | राष्ट्रिय मा.वि. सडक पालीनन्दन गा.पा. वडानं ६ सनही जोड्ने (२.५ कि.मी.) | वडा नं. ९ | |
| १८ | ललितपुरदेखि सन्तपुर कृषि बाटो (१.५ कि.मी.) | वडा नं ९ | |
| १९ | उत्तर मधवलिया सम्म नयाँ सडक (३ कि.मी.) | वडा नं. ९ | |
| २० | हाल सञ्चालित सबै प्रकारका बाटो घाटो चौडा तथा फराकिलो बनाई आवश्यक पूर्वाधारको व्यवस्था | वडा नं. १३ | |
| २१ | नयाँ टोलदेखि (बरारी)सरस्वती प्रा.वि.सम्म कालोपत्र, शिवकुटी मार्ग श्रीकान्त बानियाको घरदेखि शिवकुटीसम्म कालोपत्र तथा ढल निकास | वडा नं. १७ | |
| २२ | शिवमार्ग शिवमन्दिरदेखि भलुही नदीसम्म कालोपत्रे तथा पक्की पुल निर्माण, पिदुरा मार्ग चक्करधवा देखि पिडुरा खोलासम्म पिच कालो पर्ने तथा पुल निर्माण | वाड नं. १७ | |
| २३ | आदर्श मा.वि. (राजेन्द्र तिवारीको खेतदेखि परौरियार घरसम्म कालोपत्रे, खैरहवा खोलामा पुल निर्माण | वडा नं.१७ | |

**पुल पुलेसा**

| क्र. सं. | पुल तथा झोलुङ्गे पुलको नाम | ठेगाना (जोडिने वडाहरु वा मुख्य केन्द्रहरू) | लम्बाइ (कि.मी.) | चौडाइ (मी.) | कैफियत |
|---|---|---|---|---|---|
| **वडा नं. १** | | | | | |
| १ | सवटिकर पक्की पुल | परासी भूमही | ५०० मि. | १२ मि. | माग |
| २ | वावु टोल पक्की पुल | सुनवल, बडेरा राजमार्ग | ५० मि. | १२ मि. | माग |
| **वडा नं. २** | | | | | |
| १ | रमेश यादवको घर-कारागार | २ र १२ | १०० मी. | ३५ फि | प्रस्तावित |
| **वडा नं. १०** | | | | | |
| **१** | घोला खोला पुल | १५, १६ | १०० मि. | १२ मि. | माग |
| **वडा नं. ११** | | | | | |
| १ | रानी पाकड पुल | ११, सनुवोल १६ | १०० मि. | ३५ फि. | माग |
| **वडा नं. १३** | | | | | |
| १ | पाडाटिकर पक्की पुल | जावा, दङगीया | १५० मि. | १ मि. | माग |
| २ | सिमानगढ पक्की पुल | बैकुण्ठपुर हुलाकी मार्ग | १५० मि. | १० मि. | माग |
| ३ | पिडुरा पक्की पुल | सरावल गा.पा. | | | माग |
| ४ | झरही पक्की पुल | सरावल गा.पा. | | | माग |

**यातायातका प्रस्तावित रुटहरू**

- बुद्धचोक देखी मालटोलसम्म
- संगमटोल देखी घोडपाली सम्म
- लक्ष्मीनारायण टोल देखी घोडपाली सम्म
- सुनवल देखि बुद्ध चोक
- भुमाइ देखि बुद्ध चोक
- महेशपुर देखी परासी
- भैरहवा देखी परासी बुद्ध चोक
- पोखरापाली चोक - सुनवल
- पोखरापाली - बन्चरीया
- दुर्गा मन्दिर – हुलाकी हाइवे
- परासी देखी रामग्राम स्तुप सम्म
- उजैनी देखी देउगाउँ

- देवगाउ बैरिहवा टोल
- बगैंचा टोल-उनवच, चम्किपुर, लोहशडा, घमश्यामपुर हुँदै बैकुण्ठ पुर देखि परासी
- क्याम्पस रोड (क्याम्पस देखि पालीनन्दन गा.पा. सम्म)
- विष्णुपुरा देखि परासीसम्म
- मंभरिया चोकदेखि रगरगंज
- लक्ष्मीपुरदेखि जमुनिया सडकखण्ड
- हकुई देखि ४ नं. वडा (बैरिहवा सम्म)
- लक्ष्मीपुरदेखि १६ नं. वडा हकुई चोकसम्म
- लक्ष्मीपुरदेखि रामखण्ड खोलासम्म (कृषि बाटो)
- लङकहवा देखि हकुई सम्म (कृषि बाटो)
- हाइवेदेखि लक्ष्मीपुरसम्म (कृषि बाटो)
- लक्ष्मीपुर सडकखण्ड मर्मत तथा विस्ता अति आवश्यक
- नदवादेखि लङकहवासम्म (कृषि बाटो)
- बनीरहेको कलभट देखि रानीपाकड हुँदै Highway जाने
- कसिया देखि जमुवाडसम्म (कुलो छेउ बाटो)
- हुलाकी सडक कुनवार बड्का टोल हुँदै खोला
- जमुनार सिमानादेखि जावा सिमानासम्म
- सुनवलदेखि हुलाकी बाटोसम्म
- मंगलबारे बजारदेखि रामराम ६ सम्म
- भुसुनापुरदेखि परासीसम्म
- अम्हवा-पजरकट्टी, घिनहा-बन्जरिया, डिघवल,ननई, परासी
- घिनहा, सुक्रौली, परासी
- अमहादेखि सुनवलसम्म
- हकुईदेखि पाली नन्दनको ६ नं. सम्म
- सबुनीदेखि पूर्व कृषि बाटो माजरिया १० सम्म
- बकेनवादेखि तुरियासम्म
- बकेनवादेखि त्रिलोकपुरसम्म
- बकेना बस्ती सडक
- लालपरियदेखि रुपन्देही
- लालपरिदेखि तुरियासम्म
- हकुई चोकदेखि रामग्राम १० जोड्ने
- हकुई चोकदेखि नन्दनलाल जोड्ने

- पुरानो हकुइको वाइपास सडक
- हकुई ४ नं. नन्दन कृषि सडक जोड्ने
- हाइवेदेखि तनावा कोटाहीमाही पाल्हनन्दन जाने पणरी गाउँ
- तनवादेखि रामग्राम १० देखि हकुहीसम्म
- अमहादेखि चम्कीपुरसम्म
- हुलाकी देखि तरकुलासम्म
- धरमपुरदेखि सुनवल
- धरमपुरदेखि काठमाण्डौं सम्म
- धरमपुरदेखि भगवानपुर
- धरमपुरदेखि अमहासम्म

**बसपार्क**

| क्र. स. | प्रस्तावित बसपार्कको नाम | ठेगाना | क्षेत्रफल ( हेक्टर/विगाह) | अनुमानित क्षमता |
|---|---|---|---|---|
| १ | सण्डा | वडा नं. १ | २ विघा | २० वटा |
| २ | सवटिकर | वडा नं. १ | १.५ विघा | १५ वटा |
| ३ | हाट बजार आसपास | वडा नं. २, परासी | ३ विघा | ५० वटा |
| ४ | लोकतान्त्रीक टोल बसपार्क | वडा नं. ३, लोकतान्त्रीक टोल | १.५ विघा | १० |
| ५ | घोडपाली बसपार्क | वडा नं. ३, घोडपाली | २ विघा | १५ |
| ६ | पोखरापाली | वडा नं. ६, पोखरापाली | १० कठ्ठा | १० |
| ७ | रामग्राम स्तुप (बसपार्क) | वडा नं. ७, उजैनी | १ विगाह | ३० वटा |
| ८ | देउरहवा | वडा नं. ७, देउखा | १ विगाह | ३० वटा |
| ९ | बगौंचा टोल | वडा नं. ८, बगौंचा टोल | १ हेक्टर | १० |
| १० | जोकवार बस विसाउने | ९, जोकवार | | |
| ११ | बैरवा बस बिसाउने | ९, वैरवा | | |
| १२ | कर्मैनी बसपार्क (प्रस्तावित) | ९, कर्मैनी | २ | |
| १३ | मंझरिया चोक बसपार्क | १०, मंझरिया | २ कट्ठा | १० |
| १४ | रगरजन्ज बसपार्क | १०, रगरगञ्ज | ३ कट्ठा | १५ |
| १५ | लक्ष्मीपुर बसपार्क | १०, लक्ष्मीपुर | १ कट्ठा | ८ |
| १६ | नगरपालिका कार्यालय अगाडि | वडा नं. १२ | ५ विघा | १०० |
| १७ | पचगावा | वडा नं. १२ | ८ विघा | २५० |
| १८ | बैरीहवा क्षेत्रमा बसपार्क | वडा नं. १३ बैरीहवा | १० विघा | ५०० |

| क. स. | प्रस्तावित बसपार्कको नाम | ठेगाना | क्षेत्रफल ( हेक्टर/विगाह) | अनुमानित क्षमता |
|---|---|---|---|---|
| १९ | मंगलबारे | वडा नं. १४ मंगरबारे श्रीमगर | १० कट्ठा | ५० |
| २० | डाहीनहवा स्कुल | डाहीनहवा | १० कट्ठा | ५० |
| २१ | घिनहा | वडा नं. १५ घिनहा | ५ विघा | १० |
| २२ | हकुई बसपार्क | वडा नं. १६, हकुई | ४ कट्ठा | १२ वटा |
| २३ | अमहा चोक वसपार्क | वडा नं. १६ अमहा | २ विघा | ५ |
| २४ | पट्खौली | वडा नं.१७ पट्खौली | २० विघा | २० |
| २५ | पिपरहिया | वडा नं. १७ पिपरहीया | | २५ |
| २६ | कोरिहाडाँडा | १८, पण्डितपुर | ५ कट्ठा | १० |
| २७ | बन्जरिया | १८, बन्जरिया | ५ कट्ठा | ५ |

**यात्रु प्रतिक्षालय (चालु र प्रस्तावित)**

| क.स. | ठेगाना | क्षमता (यात्रु सङ्ख्या) | कैफियत |
|---|---|---|---|
| १ | हाट बजारमा, वडा नं. २ | ४० जना | माग |
| २ | माल टोल वडा नं. ३ | ५० जना | माग |
| ३ | संगमपथ वडा नं. ३ | २० जना | माग |
| ४ | आदर्श टोल वडा नं. ३ | १७ जना | माग |
| ५ | जीतपुर वडा नं. ४ | २० जना | माग |
| ६ | बुद्ध टोल, वडा नं. ४ | २० जना | माग |
| ८ | सुरजपुर, वडा नं. ४ | २० जना | माग |
| ९ | केरावली, वडा नं. ४ | २० जना | माग |
| १० | चन्द्रगढी, वडा नं. ४ | २० जना | माग |
| ११ | बुद्धचोक , वडा नं. ५ | ३० जना | माग |
| १२ | महेशपुरा चोक, वडा नं. ५ | २० जना | माग |
| १३ | by pass chowk, वडा नं. ५ | ३० जना | माग |
| १४ | भरही खोला छेउमा, वडा नं. ५ | ५० जना | माग |
| १५ | हुलाकी मार्ग, वडा नं. ६ | २० जना | माग |
| १६ | वाइपार्स, वडा नं. ६ | ३० जना | माग |
| १७ | पोखरापाली (वेदीचोक), वडा नं. ६ | ५० जना | माग |
| १८ | रामखण्डा पुल अगाडि, वडा नं. ६ | ३० जना | माग |
| १९ | औचाहवल जाने बाटो (शान्ति चोक), वडा नं. ६ | ३० जना | माग |
| २० | एस.के. मिल अगाडि (दुर्गा टोल), वडा नं. ६ | ३० जना | माग |
| २१ | उजैनी, वडा नं. ७ | ३० | माग |

| क्र.स. | ठेगाना | क्षमता (यात्रु सङ्ख्या) | कैफियत |
|---|---|---|---|
| २२ | देउरवा, वडा नं. ७ | ३० | माग |
| २३ | नौदिहवा वडा नं. ७ | २० | माग |
| २४ | बगैंचा टोल वडा नं. ८ | २० | माग |
| २५ | उनवच वडा नं. ८ | २० | माग |
| २६ | चम्किपुर वडा नं. ८ | २० | माग |
| २७ | लोहशडा वडा नं. ८ | २० | माग |
| २८ | घमश्यामपुर वडा नं. ८ | २० | माग |
| २९ | बैकुण्ठ पुर वडा नं. ८ | २० | माग |
| ३० | जोकवार | २० | माग |
| ३१ | पिपरहिया | २० | माग |
| ३२ | कर्मैनी | २५ | माग |
| ३३ | लक्ष्मीपुर चोक | ५० | माग |
| ३४ | जमुनिया चोक | ३० | माग |
| ३५ | मंझरिया चोक | १०० | माग |
| ३६ | शान्तिचौर | १० | चालु |
| ३७ | शान्तिचौर चोक | १०० | माग |
| ३८ | पचगावा | ५० | माग |
| ३९ | कुनवार (ठूलो कुनवार) | ५० | माग |
| ४० | जमुवार बाटो | ५० | माग |
| ४१ | पाडाटिकर माहामाया चोक | ३० | माग |
| ४२ | सिमानगढ र महामायाको चोकमा | २० | माग |
| ४३ | अमरौट | ३० | माग |
| ४४ | हाइवे- सुक्रौली | २० | चालु |
| ४५ | घिनहा (३) | ३० | माग |
| ४६ | नदीया टोल | ३० | माग |
| ४७ | डिघवल (२) | ३० | माग |
| ४८ | ननई | ३० | माग |
| ४९ | सुक्रौली (२) | ३० | माग |
| ५० | अमहा चौराह | २० | माग |
| ५१ | त्रिलोकपुर चौराह | ५० | माग |
| ५२ | नन्दन ताल | ३० | माग |
| ५३ | देवगाउँ | २० | माग |
| ५४ | गोइनिहवा सडक(सन्जय यादवको घरनजिक) | ३० | माग |
| ५५ | बन्जरिया ट्रान्सफर्मर | २० | माग |
| ५६ | पण्डितपुर, मिलनचोक | २० | माग |

| क.स. | ठेगाना | क्षमता (यात्रु सङ्ख्या) | कैफियत |
|---|---|---|---|
| ५७ | धरमपुर (मंगलबारे बजार) | २५ | माग |
| ५८ | धरमपुर (शुक्रबारे बजार) | २५ | माग |
| ५९ | धरमपुर (मन्दिरटोल) | २० | माग |
| ६० | बनगाउँ भट्ट चोक | २० | माग |

